३०३

भक्तपुर

मासिक

Bhaktapur Monthly

मङ्सिर २०७८

ISSN 2705-4454

9 772705 445004



लक्ष्मीनरसिंहको मूर्ति

- 'पूँजीवादी झिलिमिली र प्रचारबाजीबाट जोगिऔँ'
- एमसीसीको विरोध आवश्यक
- सङ्घीयतामा स्थानीय तह र त्यसका चुनौतीहरू
- भक्तपुर नपाबाट गहुँ र आलुको बीउ वितरण
- जनताको हितमा काम गर्न ऐन कानुन बाधक छ भने कानुन फेर्न वा संशोधन गर्न सकिन्छ
- किम इल सङको शताब्दीका साथ
- म्यारी क्युरी
- प्रजग कोरियामाथिको नाकाबन्दी हटाउन अब विलम्ब नगरौँ !
- सी-बाइडेन वार्ता: व्यवहारमा रूपान्तरण हेर्ने प्रतिक्षामा अन्तर्राष्ट्रिय समुदाय
- भक्तपुर नपाको गतिविधि

नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीलगायत भक्तपुर नपाको आयोजना र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्राविधिक सहयोगमा सामुदायिक स्वास्थ्य तथा घरदैलो नर्सिङ सेवाको अभिमुखीकरण कार्यक्रममा (मङ्सिर ५ गते)

भक्तपुर नपाले भक्तपुर नगर क्षेत्रभित्रका १० ओटै पडाका कृषक समूहलाई गहुँ र आलुको बीउ वितरण कार्यक्रम (कार्तिक २८ गते)

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

भक्तपुर

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l{ #(★cÆ !★g]; ≠!$@★lj=; ≠@)&*d#; / ★A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंवज्जार

डेस्कटप : धनलक्ष्मी त्याल

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘न्याय गर्नमा ढिलो गर्नु अन्याय हो ।’ - लेंड

यस अङ्कमा

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
१)	एमसीसी सम्झौता खारेज नभएसम्म सङ्घर्ष आवश्यक	प्रेम सुवाल	३
२)	जनताको हितमा काम गर्न ऐन कानुन बाधक छ भने कानुन फेर्न वा संशोधन गर्न सकिन्छ	सुनिल प्रजापति	५
३)	किसान आन्दोलनको जित र सञ्चारमाध्यमको हार	पी. साइनाथ	७
४)	संरा अमेरिकाले एउटा सहयोग योजनाबाट क्षेत्रीय अन्तरसम्बन्धको अवमूल्यन गर्न सक्दैन	वाङ यि	१०
५)	हो चि मिन्हको ‘जेल डायरी’ : पृथक कविता	समा	१३
६)	भक्तपुरबारे ‘कान्तिपुर’ र ‘श्रमिक’ को सम्पादकीय	-	१६
७)	सङ्घीयतामा स्थानीय तह र त्यसका चुनौतीहरू	सुनिल प्रजापति	१८
८)	शिक्षामन्त्री देबेन्द्र पौडेललाई खुल्लापत्र	विवेक	२०
९)	किम इल सङको संस्मरण ‘शताब्दीका साथ’	अनु. नीरज	२३
१०)	धौभडेल वंशको कुलमणि हर्षनारायण धौभडेल	ओम धौभडेल	२७
११)	म्यारी क्युरी : एक साहसिक महिला	राजेन्द्र बहादुर कायष्ठ	३०
१२)	अनुकरणीय ख्वप मोडेल	डा.ध्रुवबहादुर खड्का	३६
१३)	इमानदारिता र नैतिकता नभएको व्यक्तिलाई सिफारिस दिन नहुने	कुशल	३८
१४)	ख्वप अस्पताल : हिजो, आज र भोलि	राजेन्द्र हाडा	४१
१५)	प्रजग कोरियामाथिको नाकाबन्दी हटाउन अब विलम्ब नगरौँ !	टम फाउडी	४३
१६)	दमनको सामना गर्दै रूसी कम्युनिस्टहरू, पुरानो सन्तुलन तोडिँदै	फ्रेड वेयर	४४
१७)	भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय	-	४८
१८)	नर्सिङ कलेज सञ्चालनबारे शिक्षामन्त्री पौडेलको ध्यानाकर्षण	-	५५
१९)	सांस्कृतिक प्रतियोगिता गर्न सांस्कृतिक गुरुहरूको भेला	-	५५
२०)	भक्तपुर नगरपालिकाबाट गहुँ र आलुको बीउ वितरण	-	५६
२१)	एक महिने हस्तकला सामग्री बनाउने तालिम	-	५९
२२)	घरदैलो नर्सिङ सेवाबारे अभिमुखीकरण	-	६०
२०)	जनप्रतिनिधि र विद्यार्थीहरूबीच अन्तरसंवाद	-	६२
२१)	इन्जिनियरिङ कलेजको वार्षिक उत्सव सम्पन्न	-	६९
२२)	‘पूँजीवादी झिलिमिली र प्रचारबाजीबाट जोगिऔँ’	-	७३
२३)	१०४ औँ महान् अक्टोबर समाजवादी क्रान्ति दिवसमा प्रवचन	-	७५
२४)	अध्यक्ष बिजुक्छेँबाट खोह दिप ध्वाखा र छिपा ताँ उद्घाटन	-	७७
२५)	राजनीतिक स्थिति तथा न्यायपालिकामा देखिएको सङ्कटबारे विचार गोष्ठी	-	८१
२६)	सी-बाइडेन वार्ता: व्यवहारमा रूपान्तरण हेर्ने प्रतिक्षामा अन्तर्राष्ट्रिय समुदाय	-	८७
२७)	भारतमा विवादित कृषि कानुन फिर्ता, किसानहरूको ठूलो जित	-	८८
२८)	‘भक्तपुर’ मासिक (वर्ष ३८ को विषय सूची)	-	१०१
२४)	अति भयो पूर्वाग्रह (सम्पादकको पृष्ठ)	-	१०८

साथमा - नेपालमा कोरोना-१९/बसिबियालो-२२/थाहा पापइराखौँ-३५/लसकुस नृत्यया म्ये-कान्छा बासुकला-४७/विश्वमा कोभिड-१९ को स्थिति-९०/ख्वप अस्पतालको २०७८ कार्तिक को रिपोर्ट-९२/हाम्रो स्वास्थ्य-९४/ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (२५)-९५/केटाकेटीको लागि-९८/ Sketches From Nipal–Henry Ambros Oldfield (66)-९९/रङ्गीन पृष्ठ- क-घ ।

भक्तपुर नपाले पुन:निर्माण थालेको ग:हितिस्थित लक्ष्मीनरसिंह मन्दिर - भत्काउनुअघिको (बायाँ) र पुरानो (चित्रको दायाँछेउ) ।

एमसीसीको विरोध जारी छ

एमसीसी सम्झौता खारेज नभएसम्म सङ्घर्ष आवश्यक

– प्रेम सुवाल,
नेमकिपा सचिव एवम् सांसद

नेपाल संवत् ११४२ को नयाँ वर्षको अवसरमा शुभकामना दिन चाहन्छु ।

भाषा, साहित्य, कला, लवाइ-खवाइ, बोली-व्यवहार सबै मानिसको संस्कृति हो, मानव सभ्यताको विकासको श्रृङ्खला हो । जनताको साहित्यमा अन्धविश्वास र निराशाभन्दा पनि आशाको आह्वान हुनु जरुरी छ ।

प्रा. माणिकलाल श्रेष्ठका अनुसार राणा प्रधानमन्त्री चन्द्रशमशेरले भारतका राजा विक्रमादित्यको नामबाट आएको विक्रम संवत् पनि नेपालमा सुरु गरेको र अर्का राणा प्रम जुद्धशमशेरले नेपाल संवत् हटाएर विक्रम संवत् मात्र चलाएको हो ।

सन् १९५५ मा नेपाल संयुक्त राष्ट्र सङ्घमा सदस्य भएको बेला नेपालभाषाको रञ्जना लिपी पेश गरिएको थियो । त्यसबेला संयुक्त राष्ट्र सङ्घमा देवनागरी लिपी भारतले पेश गरिसकेको थियो ।

नेपालमा १२३ जाति र १२५ भाषाभन्दा बढी भएको तथ्याङ्क छ । सरकारमा गएकाहरूले हाम्रा सबै भाषाभाषीहरूको समान संरक्षण नगरेको हुँदा कतिपय जातिको भाषा लोप हुँदैछ ।

मास्टर जगतसुन्दर मल्लले मातृभाषाबाट पठनपाठन भए छिट्टै शिक्षा पाउनेमा जोड दिनुभयो र राणा शासनले प्रतिबन्ध लगाए पनि उहाँ नेपालभाषामा शिक्षा प्रचार गर्न लाग्नुभयो । यसकारण, उहाँको त्याग, तपस्या र बलिदानको सम्झना गर्दै प्रत्येक वर्ष उहाँलाई सम्मान गर्दैछौँ ।

बहुदल र गणतन्त्रमा पनि सरकारमा गएकाहरूको कार्यशैली पञ्चायत र राणाको जस्तै छ । ख्वप विश्वविद्यालयको विधेयक र सल्लाघारीको १०८ रोपनी जग्गाको लागि हामीले आवाज उठाएको १४ वर्ष भयो । तर, अहिलेसम्म अनुमति दिइएन ।

भक्तपुरमा आउने खानेपानीको मुहान बिगार्न वागेश्वरीको भङ्गेरी डाँडाको वनविनाश गरी रग्वी खेल मैदान बनाइँदैछ । चाँगुनारायण मन्दिर र बस्ती पहिरो जाने गरी बालुवा उत्खनन गराई क्रिकेट मैदान बनाइँदैछ । यी जनविरोधी र सम्पदा मास्ने कामलाई सरकारले अविलम्ब रोक्नु जरुरी छ ।

काठमाडौँ उपत्यकामा निजी प्लटिङसँगै बसोबास गर्नेहरू उपत्यका बाहिरबाट ओइरिएको हुँदा यहाँ ध्वनि, धुवाँ, धूलो, रसायन प्रदूषण बढ्दो छ । यसकारण, यहाँका बासिन्दा श्वासप्रश्वास र दमको रोगबाट निस्सासिएर मृत्यु हुने जोखिम बढ्दो छ । सरकारले देशको सन्तुलित विकास गर्नु आवश्यक छ । सरकारमा गएका पार्टी र नेताहरूले इमानदारीपूर्वक काम नगरेको हुँदा देशको सन्तुलित विकास नभएको हो । स्थानीय तहले आफ्नो आवश्यकताअनुसारको स-साना आवास विकास गरी देशको सन्तुलित विकास गर्नु जरुरी छ ।

निजी प्लटिङ गराउन, डोजर टिपर चलाउन दिइँदा जतातते पहिरो र डुबान बढ्यो । चीनले २०-२० लाख जनसङ्ख्याको सानो सहर विकास गर्दैछ । नेपालमा काठमाडौँ उपत्यकामै करोडौँ जनसङ्ख्या बसाल्नु गलत हो ।

परमादेशबाट प्रम नियुक्ति गरिँदा प्रधानन्यायाधीशसमेतले मन्त्री र राजनीतिक नियुक्तिमा भागबन्डा माग्यो । हामीले असोज २२ गतेको संसद्मै यो भागबन्डाको विरोध गऱ्यौँ । यसमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँगै भागबन्डा दिने गठबन्धन दलका नेताहरू प्रम देउवा, माओवादीका पुष्पकमल दाहाल, एकीकृत

समाजवादीका माधवकुमार नेपाल, जसपाका उपेन्द्र यादव र बाबुराम भट्टराई पनि दोषी छन् ।

एमसीसी सम्झौताबारे कोही पनि दुविधामा पर्नु जरुरी छैन । यो हिन्द-प्रशान्त क्षेत्रमा अमेरिकी साम्राज्यवादको सैन्य गठबन्धन हो । एसियामा युद्ध गराउने र हतियार व्यापार गर्ने यो अमेरिकी रणनीति हो ।

साम्राज्यवादीहरू प्रजातन्त्र र मानवअधिकारको नाममा बाँकी संसारका स्वाधीन देशहरूलाई एकापसमा द्वन्द्वमा फसाएर आफ्ना कठपुतली सरकार बनाउँदैछन् । यसको नेतृत्व अमेरिकी साम्राज्यवादले गर्दैछ ।

नेपालका उद्योगी-व्यापारीहरूको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्सले देशघाती एमसीसी सम्झौता पारित गर्न दबाब दिएको देशको हितमा छैन । अन्य उद्योगी-व्यापारीहरूले देशघाती एमसीसी सम्झौताको विरोध गर्नु आवश्यक छ । देशलाई खरानी हुनबाट जोगाउनु प्रत्येक नागरिकको कर्तव्य हो ।

यो सम्झौताको समर्थन नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक मुकेशराज काफ्ले, अमेरिकाको लागि पूर्वराजदूत शङ्कर शर्मा, पूर्वअर्थसचिव रामेश्वर खनाल, गोरखापत्रका पूर्वसल्लाहकार सम्पादक गोपाल खनालले पनि गर्दैछन् । एमसीसी सम्झौताको समर्थन गर्नेहरू देशभक्त होइनन् ।

नेपाल विद्युत् प्राधिकरणमा काफ्लेको कार्यकालमा देशमा १८ घण्टा लोडसेडिङ थियो भने भारतीय एकाधिकार पूँजी लगानी भएका उद्योगहरूले चौबिसै घण्टा बिजुली पाएका थिए । गोपाल खनालले लिम्पियाधुरा नेपालको नक्सामै नभएको हुँदा दाबी गर्न नमिल्ने देशघाती तर्क गरेका थिए ।

एमसीसी सम्झौताको दफा ४.२ मा एमसीसीले सहायक उपाध्यक्षलाई एसिया, प्यासिफिक, युरोप, ल्याटिन अमेरिकाको लागि अतिरिक्त प्रतिनिधिको रूपमा नियुक्त गर्ने प्रावधान हिन्द-प्रशान्त क्षेत्रको अमेरिकी सैन्य गठबन्धन बनाउने नै हो ।

सम्झौताको दफा ६.८ मा सम्झौताको क्रियाकलापबाट कुनै पनि हानि, नोक्सानी, मृत्यु भएमा नेपालले दाबी नगर्ने र सम्झौताको दफा ७.१ मा प्रस्तुत सम्झौता र नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता लागू हुने प्रावधानले नेपाललाई अमेरिकी साम्राज्यवादको नवउपनिवेश बनाउँछ ।

सम्झौताको अनुसूची ५ (क) मा सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना पेश गर्ने र त्यस्तो योजनामा भारतले समर्थन गरेको हुनुपर्ने प्रावधान नेपाललाई अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद दुवैको नवउपनिवेश बनाउने र नेपाललाई भारतको प्रदेशजस्तै बनाउने हो ।

सम्झौताको अनुसूची १ मा नेपालको विद्युत् प्रसारण लाइन काठमाडौँ, हेटौँडा, दमौली, बुटवल हुँदै भारतीय सीमासम्म जोड्ने प्रावधान नेपालको बिजुली भारतहुँदै सिङ्गापुरसम्म लैजाने र नेपाललाई अँध्यारोमै राख्ने हो । यो सम्झौताको विरोधमा देशको ६०-७० ठाउँमा नेमकिपा र यसका जनवर्गीय सङ्गठन युवा-विद्यार्थीको जुलुस र सभा भयो । यो सम्झौता खारेज नभएसम्म हाम्रो सङ्घर्ष चालू हुनेछ । यो सङ्घर्षमा सबैको सहभागिता जरुरी छ ।

(नेपाल संवत् ११४२ नयाँ वर्षको अवसरमा नेपालभाषा साहित्य त:मुंज्याद्वारा आयोजित न्याली र सभा तथा विविधभाषा साहित्य सम्मेलनको सभामा २०७८ कार्तिक १९ गते नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् सांसद प्रेम सुवालले राख्नुभएको मन्तव्यको सार - सं.)

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

मन्तव्य

जनताको हितमा काम गर्न ऐन कानुन बाधक छ भने कानुन फेर्न वा संशोधन गर्न सकिन्छ

– सुनिल प्रजापति

प्रमुख अतिथि तथा अतिथिज्यूहरू,

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २० औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १३ औँ वार्षिकोत्सव मनाउन पाउँदा हामी अत्यन्त हर्षित छौँ। यी कलेजहरू स्थापना कालदेखि आजको स्थितिसम्म ल्याइपुऱ्याउन भक्तपुरका जनता, पूर्व र वर्तमान जनप्रतिनिधि, प्राध्यापक, कर्मचारी, अविभावक र विद्यार्थीहरूको महत्त्वपूर्ण योगदान छ। कलेजहरूको प्रगतिको निम्ति प्रत्यक्ष र परोक्षरूपमा योगदान गर्नुहुने तमाम सहयोगी हातहरूलाई आजको यो महत्त्वपूर्ण अवसरमा हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछौँ। साथै यी कलेजबाट इन्जिनियरिङ डिग्री प्राप्त गर्नु भएका सम्पूर्ण विद्यार्थी भाइ बहिनीहरूलाई हार्दिक बधाइ दिन चाहन्छौँ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले आजको दिनसम्म आइपुग्न निकै चुनौतीहरूको सामना गर्नुपऱ्यो। जनताको कर र परिश्रमले स्थापना भएका यी कलेजहरूले देशभरका जनताका छोराछोरीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन्। २०५६ सालमा भक्तपुर नगरपालिकाले ख्वप उमाविको जगबाट सुरु गरेको शैक्षिक अभियानमा आज २ ओटा इन्जिनियरिङ कलेजसहित सातओटा शैक्षिक संस्थाहरू जोडिएका छन्। नगरपालिकाबाट सञ्चालित कलेजहरूमा हाल देशको विभिन्न जिल्लाका ६ हजारभन्दा बढी विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्दैछन्। शिक्षाको माध्यमबाट देशभरका विद्यार्थीहरूको सेवा गर्ने अवसर पाउनु हामी सम्पूर्ण नगरवासीहरूको निम्ति खुशीको कुरा हो।

देशमा सङ्घीयता लागू भएपछि जनताले शिक्षामा परिवर्तनको आशा गरेका थिए। सबै पालिकाहरूले विद्यालय र कलेजहरू खोल्ने र शिक्षामा जनताको सहज पहुँचको आशा गर्नु स्वभाविक पनि थियो। त्यसको ठिक विपरीत लामो समयदेखि सञ्चालित कलेजहरूलाई समेत विभिन्न बहानामा सरकारकै तर्फबाट दुःख दिने र प्रगतिमा बाधा पुऱ्याउने कामहरू भइरहेका छन्। यसको उदाहरण ख्वप कलेज अफ इन्जिनियरिङ नै छ। २०७४ सालमा त्रिभुवन विश्वविद्यालयबाट ख्वप कलेज अफ इन्जिनियरिङमा कम्प्युटर इन्जिनियरिङको लागि ४० सिटको अध्यापन स्वीकृति प्राप्त भयो। हामीले नियमानुसार कक्षाहरू सञ्चालन गर्दै लग्यौँ। तर इन्जिनियरिङ काउन्सिलले

विभिन्न बहानामा स्वीकृति दिएन। कहिले काउन्सिल त कहिले मन्त्रालय गरी प्रस्ताव मन्त्रिपरिषद्सम्म पुऱ्याउन अढाइ वर्षसम्म धाउनुपऱ्यो। त्यो बेलाको अवस्थालाई हेर्दा पञ्चायती व्यवस्थालाईसमेत बिर्साउने खालको थियो। कलेजमा एउटा नयाँ विषय थप्न नयाँ कलेजको अनुमति लिनुभन्दा गाह्रो अनुभव भयो। के हामीले पञ्चायती निरङ्कुशताको विरुद्ध लडेर बहुदलीय व्यवस्था र गणतन्त्र यस्तै अवस्था ल्याउन स्थापना गरेका थियौँ ? हामीले कस्ता सांसद, मन्त्री र शिक्षाका पदाधिकारीहरू बनायौँ ? इन्जिनियरिङ काउन्सिलको काम पनि भौतिक पूर्वाधार मन्त्रालयले गर्ने कस्ता कानून बनायौँ ? आज जिम्मेवार पदाधिकारीहरू सामु प्रश्न गर्न मनलाग्यो।

हो, अहिले ख्वप बहुउद्देश्यीय अध्ययन संस्थानमा पनि त्यस्तै समस्या छ। २०६० सालदेखि सीटीईभीटीबाट सम्बन्धन प्राप्तगरी हरेक वर्ष ४० जना नर्स र ४८ जना ओभरसियरको नियमित कक्षा सञ्चालन गर्दै आएकोमा यो वर्ष शिक्षा मन्त्रालयले अवरोध गऱ्यो। चिकित्सा शिक्षा ऐनमा नर्सिङ कक्षा सञ्चालन गर्ने संस्थाको आफ्नै एक सय बेडको अस्पताल हुनुपर्ने उल्लेख भएको भन्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नर्सिङतर्फ

भर्ना रोक्ने निर्णय गऱ्यो । हामीले तत्काल शिक्षामन्त्री देवेन्द्र पौडेलको ध्यानाकर्षण गऱ्यौं । नगरपालिकाले २५ बेडको स्वीकृति प्राप्त गरी सञ्चालित ख्वप अस्पताल अहिले १०० बेड पुऱ्याउने तयारी गरिरहेको र हाल अस्पतालमा १४ जना विशेषज्ञ, २० जना मेडिकल अफिसर गरी ३४ जना डाक्टर र २९ जना नर्सहरूद्वारा जनतालाई उपचार सेवा प्रदान गरिरहेको जानकारी दियौं । उक्त अस्पतालमा दैनिक ५ सयदेखि ६ सयसम्म बिरामी परीक्षण हुने गरेको स्पष्ट पाऱ्यौं । त्यसबाहेक नगरभित्र सञ्चालित सरकारी अस्पतालहरू भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलगायतका अस्पतालहरूमा नर्सिङका विद्यार्थीहरूलाई प्रयोगात्मक कक्षाहरू सञ्चालनगरी हरेक वर्ष उत्कृष्ट नतिजा ल्याइरहेको पनि अवगत गरायौं । जनताको समस्याप्रति शिक्षा मन्त्रीज्यू गम्भीर भएको पाएनौं । माओवादीको तर्फबाट शिक्षामन्त्री भएका देवेन्द्र पौडेलले चिकित्सा शिक्षा ऐनलाई देखाएर नर्सिङमा भर्ना रोक्ने जुन काम गर्नुभयो त्यो शिक्षा मन्त्रालयको जनविरोधी र आपत्तिजनक काम हो । हामी यही मञ्चबाट उक्त भर्ना खोल्न शिक्षामन्त्रीलगायत सरोकारवाला सबै पक्षलाई आग्रह गर्छौं ।

नेपालको संविधानले समाजवादउन्मुख राज्य व्यवस्था अङ्गीकार गरेको छ । समाजवादमा शिक्षा र स्वास्थ्य उपचार निःशुल्क हुन्छ । तर नेपालको वर्तमान सरकारले शिक्षालाई व्यापारीकरण गरिरहेको छ । नेता, मन्त्री, सांसदहरूले करोडौं र अर्बौं लगानी गरेर विद्यालय, कलेज, विश्वविद्यालयजस्ता शैक्षिक संस्थाहरू र अस्पतालहरू खोलेकै कारण सामुदायिकलाई बेवास्ता गरिएको हो । तिनीहरू शिक्षा र स्वास्थ्यलाई सेवाभन्दा व्यापारिक वस्तुमा परिणत गर्दैछन् ।

सामुदायिक विद्यालय, कलेज, विश्वविद्यालय तथा अस्पतालहरू असफल पार्ने काम निजी सञ्चालकहरूले गर्दैछन् । ती शिक्षा र स्वास्थ्यको व्यापार गर्नेहरू नै अहिले ऐन कानुन बनाउने प्रतिनिधिसभा, प्रदेशसभामा पुगेका छन् । आफ्नो सम्पत्ति संरक्षण गर्न र थप नाफा कमाउनका लागि सामुदायिक संस्थाहरूलाई नियन्त्रण गर्ने कानुनहरू बनाउँदैछन् ।

आफूलाई 'कम्युनिष्ट' दाबी गर्ने माओवादी पार्टीका शिक्षामन्त्री हुनुहुन्छ । जनताको हितमा काम गर्न ऐन कानुन बाधक छ भने कानुन फेर्न वा संशोधन गर्न किन सक्नुहुन्न ? नेता, मन्त्री र सांसदहरू जनताका सेवकभन्दा नाफाको लागि काम गर्ने व्यापारीजस्ता बनेका छन् ।

भक्तपुर नगरपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर गरिब विद्यार्थीहरूका लागि रु. ५ लाखसम्म शैक्षिक ऋण, गरिब तथा जेहेनदार विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृतिलगायत विषय पढ्ने विद्यार्थीहरूको लागि पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै समाजवादउन्मुख काम गर्दै आएको छ ।

उपस्थित प्राध्यापक र विद्यार्थी भाइ बहिनीहरू,

भक्तपुर नगरपालिकाबाट सञ्चालित सबै कलेजहरू जनताका कलेजहरू हुन् । जनताको कर र परिश्रमबाट निर्मित यी कलेजहरूको एउटै उद्देश्य शिक्षाको माध्यमबाट समाजमा परिवर्तन ल्याउने तथा समाजलाई सभ्य र सुसंस्कृत बनाउने हो । यी दुइओटै इन्जिनियरिङ कलेजहरूको उद्देश्य पनि देशका लागि चाहिने दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नु हो । तपाइँले सिकेको ज्ञान र सीप यही देशमा प्रयोग गरेर देशलाई विकास पथमा अगाडि बढाएको सुन्न पाएमा हामी धेरै खुशी हुनेछौं । भर्खर इन्जिनियरिङमा स्नातक डिग्री हासिल गर्नुभएका भाइ बहिनीहरूबाट जनताले यस्ता धेरै कुराको आशा गरेका हुन्छन् । तपाइँहरू देशको कुना काप्चामा पुगेर दक्ष जन शक्तिको रूपमा काम गरेको हेर्ने यहाँका जनताको चाहना छ । दैनिकजसो छापाहरूमा आइरहने समाचारहरूले हामीलाई सशङ्कित पनि बनाइ रहेका छन् । केही दिन अघि भोजपुरको कावा खोलामा निर्माणाधिन पुल भत्केको समाचार आयो । रु.५ करोड खर्चेर ८० वर्ष टिक्ने दाबी गरिएको उक्त पुल प्राविधिक कमजोरीबाटै भत्केको बताइएको छ । देश भर हेर्ने हो भने त यस्ता घटनाहरू कति छन् कति ? हिसाबगरी साध्य छैन । पुल भत्केको, पीच गरेको छोटो समयमै पीच उप्केको, सडक बिग्रेको, समयमा संरचना तयार नभएका जस्ता हरेक घटनामा प्राविधिकहरूको नाम जोडिएकै हुन्छ । हाम्रा प्राविधिकहरूबाट गलत काम गरेर पैसाको लागि देशै बेच्न तयार हुने ठेकेदारलाई पोस्ने काम नहोस् । हामी यही चाहन्छौं ।

पैसाको लोभमा गलत काम गर्ने प्राविधिकहरू देशमा थुप्रै छन् । हामी आशा गर्छौं, आर्थिक अनियमिततामा हाम्रा कलेजका विद्यार्थीहरूको नाम कहिल्यै सुन्नुपर्ने छैन । 'अख्तियारमा इन्जिनियर राख्ने ठाउँ छैन' भन्ने समाचार आयो । ठेकेदारसँग मिलेर केही पैसाको निम्ति नराम्रो काम गऱ्यो भने त्यो तपाइँ कै निम्ति पनि राम्रो हुनेछैन । देशका विकास प्राविधिकहरूको हातमा छ । छिटै धनी हुन खोज्दा देशको करोडौं, अर्बौंको सम्पत्तिमा क्षति पुग्छ । तपाइँको सानो कमजोरीले कलेजको बदनाम हुन सक्छ । कलेजसँग भक्तपुर नगरपालिका जोडिएको छ । नगरपालिकामा नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू हुनुहुन्छ । उहाँहरूसँग पनि तपाइँ जोडिनु भएको छ । हाम्रा कलेजहरूको नाम अहिले देशभर नमुनाको रूपमा लिइरहेका छन् । एक प्राविधिकको रूपमा तपाइँहरूले अझ यो कलेजको नाम उच्च राख्ने आशा गर्दछु ।

धन्यवाद !

(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २० औं र ख्वप कलेज अफ इन्जिनियरिङको १३ औं वार्षिक उत्सव कार्यक्रममा मङ्सिर १५ गते व्यक्त मन्तव्य)

किसान आन्दोलनको जित र सञ्चारमाध्यमको हार



पी. साइनाथ

भारतमा तीन कृषि कानुनलाई यसकारण फिर्ता लिइएको होइन कि प्रधानमन्त्रीले भनेझैँ 'केही किसानहरूलाई विश्वास दिलाउनमा विफल भए', बरु यसकारण फिर्ता लिइयो किनभने कैयौँ किसान ती कानुनको विरोधमा दृढताका साथ उभिइरहे। सरकारसमर्थक कायर सञ्चारमाध्यम भने किसानहरूको विरोधमा धारणा बनाउँदै उनीहरूको सङ्घर्ष र तागतलाई कम आँकिरहे।

भारतीय किसानहरूले निकै ठूलो धैर्यका साथ लोकतान्त्रिक र शान्तिपूर्ण तवरले एक वर्षदेखि विरोध प्रदर्शन गरिरहे, जसलाई सारा विश्वले देखेको छ। तर, त्यसलाई व्यापारिक सञ्चारमाध्यमहरूले खुलारूपमा स्वीकार गर्न सकेका छैनन्। किसान आन्दोलनलाई कोरोना महामारीको चरममा पनि निकै व्यवस्थित ढङ्गले निरन्तरता दिइयो। त्यसैले पनि निकै ठूलो जित मिलेको हो।

यो यस्तो जित हो, जसले विरासतलाई अगाडि बढाउँछ। आदिवासी र दलित समुदायसमेत सबै समुदायका पुरुष र महिला किसानहरूले यस देशको स्वतन्त्रता सङ्ग्राममा महत्त्वपूर्ण भूमिका निभाए र हाम्रो स्वतन्त्रताको ७५ औँ वर्षमा दिल्लीका सीमाहरूमा किसानहरूमा त्यस महान् सङ्घर्षको भावनालाई फेरि दोहोऱ्याए।

प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गरेका छन् कि सरकार कृषि कानुनबाट पछाडि हटिरहेको छ र २९ नोभेम्बरदेखि सुरु हुने संसद्को आगामी हिउँदे अधिवेशनमा त्यसलाई फिर्ता लिन गइरहेको छ। उनको भनाइ छ कि उनको सर्वोत्तम प्रयासहरूको बाबजुद पनि किसानहरूलाई मनाउन विफल भएपछि यस्तो गरेका हुन्। उनका शब्दहरूमा ध्यान देऔँ, मात्र एक वर्गलाई यो स्वीकार गराउन सकेनन् कि किसानहरूले अस्वीकार गरेका कृषि कानुन वास्तवमा उनीहरूका लागि राम्रो थियो। तर, यस ऐतिहासिक सङ्घर्षको क्रममा ६०० भन्दा बढी किसानहरूको ज्यान गएको सम्बन्धमा उनले एक शब्द उच्चारण गर्न आवश्यक ठानेनन्। उनले स्पष्ट पारिदिए कि कानुनहरूको उज्यालो पक्ष देख्नका लागि किसानहरूको त्यस वर्गलाई कुशलतापूर्वक सम्झाउन नसक्नु उनको विफलता हो। कुनै पनि विफलता कानुनसित जोडिएका छैनन् र उनको सरकारले कसरी ती कानुनहरूलाई ठीक महामारीको बीच किसानहरूमाथि थोपिदिए।

ज-जसले मोदीको बोली र मोदी सरकारको आकर्षणद्वारा गरिएको बहकाइलाई अस्वीकार गरिदिए, किसानहरूलाई पहिले 'खालिस्तानी', 'देशद्रोही', 'किसानहरूको भेष धारण गरेका नक्कली किसान' आदि भनेर बदनाम गरियो। अहिले तिनै किसानलाई 'किसानहरूको एक वर्ग' को नामले बोलाउन थालिएको छ। प्रश्न यो छकि किसानहरूले किन ती कानुन अस्वीकार गरे ? सरकारको किसानहरूलाई मनाउने तरिका के थियो ? आफ्नो गुनासोलाई लिएर राजधानी आएका किसानहरूलाई दिल्लीमा प्रवेश नै नदिनु सम्झाउने तरिका थियो ? सडकमा ठूल्ठूलो खाडल खनेर र काँडेतारले घेरेर बाटो छेक्नु सम्झाउने अर्को तरिका थियो ? किसानहरूको शिविरलाई सानो जेलमा परिणत गरेर सरकारले सम्झाउन खोजेको थियो ? आफ्नो दरबारी सञ्चारमाध्यमको प्रयोग गरी हरेक दिन किसानहरूलाई बदनाम गर्नु सम्झाउने कोसिस थियो ? आफ्नो सरकारका एक मन्त्रीको गाडी मन्त्रीकै छोरालाई चलाउन दिएर उत्तर प्रदेशको लखिमपुर खिरीमा प्रदर्शनकारी किसानहरूमाथि चढाउनु किसानहरूलाई सम्झाउनु थियो ? के यही हो सरकारको किसानहरूलाई सम्झाउने तरिका ? यदि यही नै सरकारको सर्वोत्तम प्रयास र तपस्या थिए भने हामी त्यस्तो प्रयास र तपस्या अरू बढी देख्न चाहन्नौँ।

प्रधानमन्त्री मोदीले २०२१ मा मात्र कम्तीमा सात विदेश यात्राहरू गरिसकेका छन्। तर, उनको निवासबाट केही किलोमिटरको दूरीमा दिल्लीका द्वारहरूमा बसिरहेका किसानहरूसित एक पटक भेट गर्नका लागि थोरै समय पनि मिलेन। जबकि किसानहरूको पीडा देशका हरेक ठाउँका मानिसले महसुस गरे। यदि प्रधानमन्त्रीले एक दुई पटक किसानहरूसित भेटेका भए उनले दाबी गरेजस्तै किसानहरूलाई सम्झाउने

बुझाउने, उनीहरूमा विश्वास जगाउने र उनीहरूका शङ्काहरूको निवारण गर्ने दिशामा इमानदार प्रयास हुने थियो ।

भारतीय किसानहरूको वर्तमान आन्दोलनलाई पहिलो महिनादेखि नै सरकारसमर्थक सञ्चारमाध्यम र अन्य मानिसहरूले घेरा हालेका थिए र सोधेका थिए, **किसानहरू कहिलेसम्म आन्दोलनमा बसिरहनसक्छन् ?** निरन्तर एक वर्षभन्दा लामो अवधि आन्दोलन चालु राखेर किसानहरूले उनीहरूको प्रश्नको जवाफ दिएका छन् । तर, हामीलाई थाहा छ किसानहरूको यो सानदार जित अहिलेलाई पहिलो पाइलामात्र हो । तीन कृषि कानुनहरू फिर्ता लिनुको अर्थ हो – अहिलेका लागि किसानहरूको गर्दनमाथि राखिएको व्यापारी जगतको खुट्टा हटाउनु । तर, न्यूनतम समर्थन मूल्य र सरकारी खरिददेखि लिएर आर्थिक नीतिहरू जस्ता निकै ठूला विषय एवम् किसानहरूका अन्य समस्याहरूको एक ठूलो भारीको समाधानको मागको सम्बोधन बाँकी नै छ ।

टेलिभिजनहरूमा एङ्करहरू हामीलाई बताउँछन् – कृषि कानुनका सम्बन्धमा मोदी सरकारले आफ्नो कदम पछाडि फर्काउनुमा जरुर त्यसको सम्बन्ध केही महिनापछि फेब्रुअरीमा हुन गइरहेको विधानसभा चुनावहरूसित छ । तर, त्यही सञ्चारमाध्यमहरू नोभेम्बरको पहिलो हप्ता भएको विधानसभाहरूको २९ स्थान, ३ ओटा लोकसभाको क्षेत्रको उपचुनावको परिणामको महत्त्वबारे केही पनि बताउन असफल रहे । त्यसै समयको अगाडिपछाडि अखबारका सम्पादकीय पढ्नुहोस् र हेर्नुहोस् कि टेलिभिजन च्यानलहरूमा विश्लेषणका लागि के स्वीकृत गरिएका थिए ।

अखबारका सम्पादकीयहरूमा सामान्यतया उपचुनाव जितेका सत्तारूढ दलहरूको कुरा गरिएको छ, स्थानीय स्तरमा केही आक्रोशको कुरा गरिएको छ (त्यो आक्रोश मात्र भाजपाविरुद्ध थिएन ।) र अरू पनि केही व्यर्थ चर्चा छ । केही सम्पादकीयहरूमा जरूर ती चुनावका परिणामहरूलाई प्रभावित गर्ने कारणहरूको उल्लेख गरिएको थियो – ती कारण किसान आन्दोलन र कोभिड–१९ को लहरमा सरकारको कुप्रबन्ध थिए ।

प्रधानमन्त्री मोदीको नोभेम्बर १९ को घोषणाले देखाउँछ कि उनले कमसे कम र अन्तमा ती दुई कारणहरूको महत्त्वलाई राम्ररी बुझिसकेका छन् । उनले बुझेका छन् कि **जुन जुन राज्यमा किसान आन्दोलन उग्र छन् त्यहाँ ठूलो हार मिलेको छ** । तर, सरकारसमर्थक सञ्चारमाध्यमहरू आफ्ना दर्शक र पाठकहरूलाई रटाइरहेका छन् कि किसान आन्दोलन मात्र पञ्जाब र हरियाणामा थियो राजस्थान र हिमाचलजस्ता राज्य उनीहरूको विश्लेषणको भाग बन्न सकेन । हामीले अन्तिमपल्ट कहिले राजस्थानका दुई निर्वाचन क्षेत्रहरूमा भाजपा या सङ्घ परिवारका कुनै इकाई /सङ्गठनहरू तेस्रो र चौथो स्थानमा मात्र आएको देखेका थियौँ ? फेरि हिमाचल प्रदेशमा मिलेको ठूलो हारलाई नै लिऔँ ! त्यहाँ भाजपाले तीनवटै विधानसभा क्षेत्रमा र एक लोकसभा संसदीय क्षेत्रमा हाऱ्यो ।

हरियाणामा आन्दोलनकारी किसानहरूले त्यहाँका सीएम (मुख्यमन्त्री) देखि लिएर डीएम (डिस्ट्रिक्ट मजिस्ट्रेट) सम्म पूरै सरकारीतन्त्र भाजपाको प्रचारका लागि मात्र काम गरिरहेको आरोप लगाए । भारतीय राष्ट्रिय काङ्ग्रेसले भने मूर्खता देखाउँदै किसानहरूको आन्दोलनको पक्ष लिँदै भाजपाबाट राजीनामा गरेका अभय चौटालाको विरुद्ध उम्मेदवार उठाइदियो । केन्द्रीय मन्त्रीहरूले पूरै तागत लगाउँदा पनि त्यहाँ भाजपा हाऱ्यो । काङ्ग्रेसका उम्मेदवारको जमानत जफत भयो तर त्यसले

चौटालाको जितको मतान्तरलाई केही कम गर्नमात्र सफल भयो। चौटाला भाजपा उम्मेदवारसित ६ हजारभन्दा बढी मतान्तरले जित हासिल गर्न सफल रहे।

विधानसभाको उपचुनाव भएका तीनओटै राज्यहरूमा किसान आन्दोलनको प्रभाव महसुस गरियो र व्यापारिक जगतका गिद्धहरूको विपरीत प्रधानमन्त्रीले त्यस प्रभावलाई बुझिसकेका छन्। पश्चिमी उत्तर प्रदेशमा ती विरोध प्रदर्शनको प्रभावले उनलाई त्यस्तो बोध भएको हो। त्यसमा लखिमपुर खिरीमा भयानक हत्याका कारण भएको आत्मघाती नोक्सान पनि सामेल थिए र अबदेखि सायद ९० दिनभित्र त्यस राज्यमा पनि चुनाव हुन गइरहेको छ।

२०२२ सम्ममा किसानहरूको आय दुगुना गर्ने प्रधानमन्त्रीको वाचा के भयो ? राष्ट्रिय नमुना सर्वेक्षण २०१८-१९ को ७७ औँ प्रतिवेदनले किसानहरूका बालीको खेतीबाट हुने आयको भागमा गिरावट भएको देखाएको छ। सबै मिलाएर किसानको आय दुगुना हुनु त बिर्सि नै दिऔँ, खेती-किसानीले वास्तविक आयमा पनि शुद्ध गिरावट भएको देखाएको छ।

किसान आन्दोलनले वास्तवमा कानुनहरू फिर्ता गराउने माग पूरा गराउनमा दृढताको परिचय दिएको मात्र होइन त्यसभन्दा पनि धेरै ठूलो काम गरेको छ। **उनीहरूको सङ्घर्षले देशको राजनीतिलाई गहिराइसम्म प्रभावित गरेको छ** जस्तो कि २०१४ मा भयो। कानुनहरूको फिर्ता कृषिसम्बन्धी सङ्कटको अन्त कदापि पनि होइन। यो त ती सङ्कटसम्बन्धी ठूलो मुद्दामाथि लडाइँको एक नयाँ चरणको सुरुआत मात्र हो।

किसान आन्दोलन लामो समयदेखि चलिरहेको हो र विशेष रूपमा २०१८ देखि बलियो भएर उठेको हो। जब महाराष्ट्रका आदिवासी किसानहरूले आफ्नो समस्यालाई लिएर नासिकदेखि मुम्बईसम्म १८२ किलोमिटर सडकमा पैदल मार्च गरेर देशलाई उत्तेजित पारिदिएका थिए। त्यतिबेला पनि सरकारसमर्थक व्यापारिक प्रचारमाध्यमहरूले ती किसानहरूलाई 'अर्बन नक्सल' भनेर बदनाम गर्ने र अनेक अनर्गल प्रचारबाजी गरेका थिए। उनीहरूलाई सरकारले किसान नै मानेको थिएन तर ती किसानहरूको मार्चले उनीहरूको निन्दा गर्नेहरूलाई पराजित गरिदिएको थियो। आज भारतमा किसानहरूको जुन जित भएको छ,ए त्यसमा ती मानिसहरू समावेश छैनन् जसलाई व्यापारिक सञ्चारमाध्यमले किसानको रूपमा चिनाएका छन्। पहिलेदेखि नै चर्चाहरू भइरहेका छन् कि कृषि कानुनहरूमा मोदी सरकारको पछाडि हटाईको धूर्ततापूर्ण रणनीतिले कसरी उत्तर प्रदेश र पञ्जाबका विधानसभा निर्वाचनमा महत्त्वपूर्ण प्रभाव पार्नेछ। पञ्जाबमा पूर्वमुख्यमन्त्री क्याप्टेन अमरिन्दर सिंहले काङ्ग्रेसबाट राजीनामा दिएर मोदीसित सम्झौता गरेर बनाएको योजनाअनुसार जित मिल्ने सपना पेश गरेका छन्। यसले त्यहाँको चुनावी तस्बिरलाई बदलिदिनेछ तर त्यसले सङ्घर्षमा भाग लिएका हजारौँ लाखौँ किसानको जित हुनेछैन। पञ्जाबमा भाजपा र सङ्घ परिवारका उम्मेदवारहरूको जित फेरि पनि वर्षौं आन्दोलन गरेका, मुटु जम्ने अति चिसो, चर्को गर्मी र त्यसपछि भीषण वर्षा झेलेर सङ्घर्षलाई निरन्तरता दिएका र मोदी तथा उनको दास सञ्चारमाध्यमहरूको घिनलाग्दा व्यवहार र दुष्प्रचारको सामना गरेका किसान योद्धाहरूको हार हुनेछ।

आन्दोलनकारी किसानहरूले प्राप्त गरेको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भनेको त देशको अन्य क्षेत्रमा पनि प्रतिरोधको आवाजहरूलाई प्रेरित गर्नु, आफ्ना आलोचकहरूलाई जेलमा राखिदिने र प्रताडित गर्ने, गैरकानुनी गतिविधि (रोकथाम) अधिनियमअनुसार पत्रकारहरू र सामान्य नागरिकहरूलाई खुलेआम पक्राउ गरी जेलमा कोच्ने एवम् आर्थिक अपराधको लागि स्वतन्त्र सञ्चारमाध्यमहरूको आवाजलाई कुल्चने सरकारको विरोध गरिरहन जरुरी छ भन्ने सन्देश प्रसार नै हो। त्यसैले यो जित मात्र किसानहरूको होइन। यो जित त नागरिक स्वतन्त्रता र मानव अधिकारका लडाइँहरूको जित पनि हो। यो **साँचो अर्थमा भारतीय लोकतन्त्रको जित हो।**

(पी. साइनाथ भारतका एक वरिष्ठ पत्रकार तथा पिपुल्स आर्काइभ अफ रूरल इन्डिया नामको वेवसाइटका संस्थापक सम्पादक हुन्।)

अनुवाद : प्रकाश

संरा अमेरिकाले एउटा सहयोग योजनाबाट क्षेत्रीय अन्तरसम्बन्धको अवमूल्यन गर्न सक्दैन

• वाङ यि

नेपाल भ्रमणमा रहेका अमेरिकी अधिकारीले काठमाडौँलाई ५० करोड डलरको अनुदान सहायता सम्झौता अनुमोदन गर्न दबाब दिएका छन् । यो सहायता नेपालमा तीव्र विरोधका कारण बारम्बार स्थगित हुँदै आएको छ । मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) लाई अनुमोदन गर्न नेपालका शीर्ष नेताहरूलाई मनाउन अमेरिकाका दक्षिण तथा मध्य-एसियाली मामिलाका सहायक विदेशमन्त्री डोनाल्ड लु र दक्षिण तथा मध्यएसियाली मामिलाका लागि अमेरिकी उपसहायक विदेशमन्त्री केली किडरलिङ गत साता नेपाल आएका थिए । एमसीसी सम्झौतामा नेपाल सरकार र अमेरिकी वैदेशिक सहायता निकायले सन् २०१७ मा हस्ताक्षर गरेका थिए । अमेरिकाले नेपालको पूर्वाधार आयोजना निर्माण र सडक मर्मत सम्भारलाई प्रवर्द्धन गर्न ५० करोड डलर राशीको सहयोग प्रदान गर्ने योजना बनाएको छ । यद्यपि अमेरिकी अधिकारी काठमाडौँ आउनुभन्दा दुई साताअघि नै नेपालको संसद्ले फेरि पनि एमसीसीको अनुमोदन प्रक्रियालाई स्थगित गरेको छ । दक्षिण एसियाली मुलुक नेपालले स्थानीय विकासमा सहयोग पुऱ्याउने उद्देश्यले अमेरिकाले खन्याएको अकुत धनराशी भएको र धेरै फाइदा हुने जस्तो देखिने सम्झौतामाथि किन बारम्बार अवरोध गर्दै आएको छ ? किनभने, **अमेरिकी सरकारको सहयोगसँग जोडेको राजनीतिक उद्देश्यले नेपालमा कडा विरोध एवं तीव्र मत विभाजन** गराएको छ ।

सम्झौताको दफा ७.१ मा भनिएको छ **'पक्षहरूले यो सम्झौता लागू भएपछि यो सम्झौता नेपालको घरेलु कानुनमाथि हाबी हुनेछ भनेर बुझ्नेछन्'** अर्थात् एमसीसी सम्झौता नेपालको घरेलु कानुनभन्दा माथि छ र यसले भूपरिवेष्टित मुलुकको सार्वभौमसत्तालाई गम्भीर रूपमा उल्लङ्घन गर्छ । तसर्थ, यो सन्धिले नेपालमा कडा प्रतिक्रिया उत्पन्न गराउनु अचम्मको विषय होइन ।

अमेरिकी अधिकारीले पहिलोपटक काठमाडौँमा योजना पेस गर्दा उनीहरूले आफ्नो भूराजनीतिक लेखाजोखा लुकाउने प्रयास गरेका थिएनन् । **नेपाल भ्रमणमा आएका वरिष्ठ अमेरिकी अधिकारीले एमसीसी सम्झौता चीनलाई नियन्त्रण एवं नियमन गर्ने उद्देश्यले बनेको हिन्द-प्रशान्त रणनीति** (Indo-Pacific strategy) **को हिस्सा भएको स्पष्ट पारेका थिए**, जसले नेपालभित्र गम्भीर मत विभाजन निम्त्याएको थियो ।

विकासोन्मुख देशलाई गरिबी उन्मूलनमा मद्दत गर्ने उद्देश्यले मात्रै अघि बढाइयो भने ५० करोड डलरको सहायता परियोजना कार्यान्वयन हुनसक्छ । तर, अमेरिकाले स्वभावतः नेपालको सार्वभौमसत्ताको सम्मान गर्दैन । **बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) को प्रभाव रोक्न वासिङ्टन सहायता योजनालाई एक संयन्त्रको रूपमा मात्र प्रयोग गर्न चाहन्छ ।** एमसीसी सम्झौतामा उच्चस्तरको राजनीतिक हस्तक्षेप भए पनि देशको संसद्ले स्वीकार गर्ने सम्भावना रहेको नेपालको घरेलु राजनीतिसँग परिचित धेरै विश्लेषक बताउँछन् । नेपालको संसद्ले सन्धि अनुमोदन गरे पनि दक्षिण एसियाली मुलुक नेपालले क्षेत्रीय अन्तरसम्बन्धलाई कमजोर पार्ने अमेरिकी अभियानमा सामेल हुनेछ भन्ने अर्थचाहिँ दिँदैन । नेपालको तटस्थता वास्तवमा विभिन्न पक्षबाट फाइदा लिन सहयोगी ठहरिन सक्छ । नेपाल तटस्थ रहने र वासिङ्टनको भूराजनीतिक खेलको गोटी नहुने राजनीतिक विश्लेषकहरू बताउँछन् ।

डोनाल्ड ट्रम्प प्रशासन सत्तामा आएदेखि अमेरिकाले चीनको उदयलाई रोक्न आफ्नो हिन्द-प्रशान्त रणनीतिमा थप एसियाली देशलाई समाहित गराउन हरसम्भव प्रयास गरिरहेको छ । नेपालका सञ्चारमाध्यममा केही अमेरिका समर्थक राजनीतिज्ञ र केही चीनविरोधीहरू हुनु स्वाभाविक र अपरिहार्य पनि हो । तर, हालैका वर्षमा नेपाल र चीनबीचको सम्बन्ध घनिष्ट र बलियो बनेको छ, जुन नेपालको आफ्नै राष्ट्रिय हित र आर्थिक विकाससँग मेल खान्छ ।

सन् २०१७ मा आधिकारिक रूपमा बिआरआईमा नेपाल सामेल भएपछि नेपालको अर्थतन्त्रले बिआरआईले प्रदान गरेका वास्तविक लाभहरू हासिल गरेको छ । यदि अमेरिकाले ५० करोड डलरको सहायता परियोजनाबाट स्थापित बिआरआई सहयोग ढाँचालाई कमजोर पार्ने विषयमा जोड दिन्छ भने यो सहयोग असफल हुनेछ । नेपाल र अन्य देशमा बिआरआईलाई अगाडि बढाउन चीन पक्कै पनि बढी सक्रिय हुनेछ ।

यदि अमेरिकाले वास्तवमा एमसीसी सम्झौतालाई नेपाललाई नियन्त्रण गर्न र काठमाडौँलाई चीनसँग भिड्न बाध्य पार्नुको सट्टा नेपालको विकासमा सहयोग गर्न चाहन्छ भने वासिङ्टनले नेपालको चिन्तालाई ध्यानमा राखेर सम्झौतामा आवश्यक परिमार्जन गरेर सहयोग परियोजनालाई क्षेत्रीय अन्तरसम्बन्धसँग एकीकृत गर्नुपर्छ ।

(US can't undermine regional interconnection with an aid project to Nepal By Wang Yi, Nov 23, 2021)

(लेखक ग्लोबल टाइम्सका रिपोर्टर हुनुहुन्छ)

देशघाती एमसीसीविरुद्ध नेमकिपाको अभियान जारी छ

देशघाती एमसीसीविरुद्ध नेपाल मजदुर किसान पार्टीले विभिन्न मिति र जिल्लामा जारी विरोध प्रदर्शनका केही झलकहरू

b]lv

wfl8a

sflnsf]

uf]vf

DofUbL

ndhª

sf:sl

kjf

तस्बिर स्रोत : अनलाइनमजदुर

afUnª

नयाँ 'ओमिक्रोन' चिन्ताजनक

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले दक्षिण अफ्रिकामा पत्ता लागेको नयाँ कोभिड-१९ संस्करण B.1.1.529 लाई ओमिक्रोन (Omicron) नाम दिएको छ । कोरोना भाइरसको भर्खरै पत्तालागेको भेरियन्ट चिन्ताको विषय हो । यसमा अन्य डरलाग्दो भेरियन्टहरूको बारेमा विज्ञानले थाहापाएको भन्दा धेरै उत्परिवर्तनहरू छन् ।

विश्व स्वास्थ्य सङ्गठनले यो नयाँ संस्करणलाई अत्यन्तै चिन्ताजनक रूपमा लिँदै उक्त टिप्पणी गरेको छ । हाल प्रयुक्त कोरोनाभाइरस खोपहरू नयाँ कोभिड-१९ संस्करणविरूद्ध कम प्रभावकारी हुनसक्ने पनि जनाइएको छ । नयाँ भेरियन्ट 'डेल्टा' स्ट्रेनभन्दा पनि बढी सङ्क्रामक हुनसक्ने प्रक्षेपण गरिएको छ ।

कोभिडको नयाँ भेरियन्ट 'ओमिक्रोन' भारतलगायत ३० मुलुकमा फैलिइसकेको समाचार प्रकाशमा आएको छ ।

ओमिक्रोनबारे डा. शेरबहादुर पुनले लेखेका छन्- हाल उपलब्ध अधिकांश खोप कोरोनाको स्पाइक जीनलाई नै लक्षित गरेर विकास गरिएका छन् । तर खोप लगाएपछि बनेका एन्टिबडीले स्पाइक जीनमा अत्यधिक स्वरूप परिवर्तन भए त्यसको पहिचान गरी निष्क्रिय पार्न सक्ने सम्भावना कम हुनेछ । अर्थात्, खोपको हाल स्थापित प्रभावकारिताको स्तर खस्कन सक्ने सम्भावना रहन्छ ।

नेपालमा दोस्रो लहरको कारक मानिएको डेल्टा भेरियन्टले खोप लगाएकाहरूमा जटिल अवस्था ल्याएर अस्पतालको सघन उपचार कक्षसम्म ल्याएको लगभग देखिएन । अर्थात् अधिकांश बिरामीहरू खोप नलगाएकाहरू नै थिए । तसर्थ कुनै परीक्षण वा अनुसन्धानबिना खोपले पूर्ण रूपमा कामै गर्दैन भन्नु तर्क संगत देखिँदैन ।

नेपालमा मुख्यतया दुई नाकाबाट 'ओमिक्रोन भेरियन्ट' प्रवेश गर्ने सम्भावना देखिन्छ । एक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भने अर्को नेपाल-भारत खुला सीमाना । विगतमा पनि यी दुई नाकाबाट कोरोना भाइरस नेपाल भित्रिएको अनुभव छ ।

त्यस्तै, नेपालमा राजनीतिक जमघट बढ्दै जाँदा कोरोनाको जोखिम पनि बढ्दै गइरहेको छ । डेल्टा भेरियन्टले उचाइ लिनुभन्दा अगाडि पनि यस्तै ठूल्ठूला राजनीतिक जमघट/सभा सम्मेलन भएका थिए ।

आजको मितिसम्म 'ओमिक्रोन भेरियन्ट' बारेमा तथ्य कम, अनुमान बढी हुँदै आइरहेका छन् ।

हो चि मिन्हको 'जेल डायरी' : पृथक कविता

सभा

साम्राज्यवादविरोधी सङ्घर्षका अथक योद्धाका रूपमा विश्वले स्मरण गर्ने एक नेताको नाम हो, हो चि मिन्ह। विश्वका कुनाकाप्चामा उठेका देशभक्तिपूर्ण आन्दोलनमा ऊर्जाको स्रोत नै हो, कामरेड हो। नेता हो चि मिन्ह विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा सदा सम्झिइने व्यक्तित्व हुनुहुन्छ। भियतनामी जनतालाई फ्रान्सेली तथा जापानी उपनिवेशको दलदलबाट उठ्न नेतृत्व गर्ने, अमेरिकी साम्राज्यवादको थिलथिलोविरुद्ध सङ्घर्षको आँधीबेहरी खडा गर्न अग्रमोर्चामा उभिने का. हो चि मिन्हको क्रान्तिकारी भावना यो विश्वलाई अझ जरुरी छ। युरोप, अफ्रिकी महादेशदेखि एसियासम्मका देशहरूमा फ्रान्सेली, जापानी उपनिवेशवादको पराकाष्ठा देख्नुभएका हो चि मिन्हले आफ्नो जीवनलाई अन्तर्राष्ट्रिय सर्वहारा जनताको मुक्तियुद्धमा समर्पण गर्नुभयो। विशेषतः रूसी अक्टोबर समाजवादी क्रान्तिबाट प्रभावित हुनुहुन्थ्यो का. हो। भियतनामी जनतामात्रको मुक्ति का. होको जीवनलक्ष्य थिएन। संसारका उत्पीडित तथा शोषित जनताको मुक्तिका निम्ति का. होले जीवनपर्यन्त सङ्घर्ष गर्नुभयो।

उहाँले उत्तर भियतनाममा सन् १९४५ देखि १९५५ सम्म प्रधानमन्त्रीको जिम्मेवारीमा रहेर जनताको सेवा गर्नुभयो। दक्षिण भियतनाममा प्रतिक्रान्तिकारी गतिविधि अद्यापि थियो। प्रतिक्रियावादीहरूविरुद्ध निरन्तर सङ्घर्ष जारी थियो। भूमि जोडिएको चीनमा उठेको जापानी उपनिवेशवादविरोधी आन्दोलन र अध्यक्ष माओको नेतृत्वमा भएको समाजवादी आन्दोलनबाट उहाँ प्रभावित हुनुहुन्थ्यो। भियतनामको मुक्ति सङ्घर्ष चिनियाँ कम्युनिस्ट पार्टीको सहयोगमा सम्भव भएको थियो।

सन् १९४९ मा चीनमा समाजवादी क्रान्ति सफल भएको हो। त्यसअघि अध्यक्ष माओको नेतृत्वमा जापानी उपनिवेशवाद र राष्ट्रिय प्रतिक्रियावादी च्याङ्काई सेकविरुद्ध सङ्घर्ष जारी थियो। सन् १९४२ अगस्तको समय थियो, भियतनाममा युद्धको दोस्रो वर्षको करिब अन्तिम समय, हिन्दचीनमा जापानीहरूले हस्तक्षेप गरेको समय थियो। त्यही समय चीन-भियतनामको सिमानामा हिँडिरहेका, अत्यन्त सरल लवाईमा

देखिएका ५०-५५ वर्षीय एक मानिसले च्याङ्काई सेक सेनाको ध्यान तान्छ। यो अन्जान मानिसको बाहिरी स्वरूपका स-साना पक्षहरूले उनी साधारण मानिस त पक्कै होइनन् भन्ने लागेर सोधपुछ गर्छ। 'म चोङछीङमा केही अधिकारीहरूसँग भेटका लागि आएको हुँ।' भन्ने जवाफ आउँछ। च्याङ्काई सेक सेनाका निम्ति अपरिचित ती मानिस नेता हो चि मिन्ह हुनुहुन्थ्यो। सेनालाई हो चि मिन्ह को हुनुहुन्छ भन्ने थाहा थिएन तर भियतनामका एक देशभक्त हुनुहुन्छ भन्ने थाहा थियो। चोङछिङमा महत्त्वपूर्ण चिनियाँ अधिकारीहरू भेट्न हिँडेको भन्ने वाक्य उहाँ समातिनका लागि काफि थियो, त्यो समय उहाँलाई एक जासुसको आरोपमा जेलमा राखियो। उहाँलाई सन् १९४२ अगस्त २९ का दिन क्वाङ्सी जेलमा राखियो। च्याङ्काई सेकले हो चि मिन्हलाई सन् १९४३ सेप्टेम्बर १० सम्म करिब १४ महिना आफ्नो बन्दी बनायो। त्यही समयावधिमा जेलभित्र का. होका कविताहरू जन्मिए, जेल जीवन अनुभवका कविताहरू। परम्परागत चिनियाँ भाषामा लिखित ती कविताहरूको सङ्ग्रह नै **'जेल डायरी'** हो। कविताहरूले जेलभित्रको सङ्घर्षमात्र बोल्दैन नेता होको व्यक्तित्व, स्वभाव र एउटा असल मानिसलाई पनि चिनाउँछ। जेलभित्र सुरुमा आफ्नो भाषामा कविताहरू लेख्दा उहाँमाथि गार्डले शङ्का गरेपछि उहाँले चिनियाँ भाषामा लेख्न थाल्नुभएको हो। प्राकृतिक सुन्दरताको वर्णनसँगै जेलभित्रको



अवस्था सतहमा ल्याउने कविताहरू सरस छन् ।

जेल डायरीले का. होलाई एक कविको रूपमा चिनाउँछ । कविताहरूमा कतै व्यङ्ग्य छ त कतै आशाका किरणहरू, कतै यातनाको पराकाष्ठा छ त कतै सङ्घर्ष र क्रान्तिप्रतिको दृढविश्वास, कतै अन्याय र अत्याचारको विरुद्ध कलमको चर्को स्वर । चिनियाँ भाषाका कविताहरूलाई सुरुमा भियतनामी भाषामा भाषान्तरण गरी सन् १९६० मै प्रकाशित गरिएको थियो । त्यसपछि अङ्ग्रेजी, फ्रान्सेली, रूसी, जर्मनी, हङ्गेरियाली, हिन्दी र अन्य थुप्रै भाषामा प्रकाशित गरिएको छ । **'जेल डायरी' विश्वमै सबैभन्दा बढी भाषामा छापिएको र पढ्न रूचाइएको पुस्तकमध्ये एक हो ।**

डायरीको सुरुआतमै उहाँ लेख्नुहुन्छ – 'कविता म त्यति लेख्ने गर्दिनँ तर यो वनभित्र म अरू के गर्न सक्छु ? यी लामा दिनहरू कविता कोरेर काट्छु । स्वतन्त्रताको पर्खाइमा कविताले सघाउला !

उहाँलाई सुरुमा जियाङ्सी जिल्ला जेलमा लगियो त्यहाँबाट कुनै कारणबिना नानिङ सारियो । त्यहाँबाट पनि क्वेलिन पठाइयो । त्यतिले नपुगेर फेरि लिउसऊ जेलमा हालियो । एक ठाउँबाट अर्को ठाउँमा सार्दा उहाँलाई हात खुट्टा बाँधेर लगिन्थ्यो । खुला आकाशमा सेता बादलहरू काला बादल लखेट्दै गरेको बेला पृथ्वीमा एउटा स्वतन्त्र मानिस कैदी बन्न परेको यथार्थ कावितामा छ । जीवनको बाटो कठिन छ – यो उहाँको अनुभव हो । पहाडहरू उक्लँदा गान्हो हुन्थ्यो तर त्यहाँ बाघहरूले पनि भेट्टाउन सकेन । समथर जमिनमा मानिसहरूको माझमा आइपुग्दा, म जेलभित्र हुत्याइएँ भनी लेख्नुभएको छ ।

जेलभित्रको खाना रातो खैरो एक कचौरा भात मात्र दिइन्थ्यो । न तरकारी न नुन न कुनै सूप । हरेक रात भोक निल्नु बाध्यता थियो । जेलको खानाभन्दा बरु पेटभरी पानी र प्रकाश खान पाए बाँचिन्थ्यो कि भन्ने लाग्थ्यो । जेलभित्र चेस खेल्न सिक्नुभयो । रातमा जुन उहाँको साथी बन्यो । हात खुट्टा बाँधिएपनि आँखा, कान खुला थिए । चराचुरुङ्गीको आवाजले उहाँलाई ऊर्जा मिल्थ्यो । फोहोरको डङ्गुर नजिक, शौचालयको छेवैमा सुत्ने कसरी ? उहाँ आफ्नो एउटा खुट्टा सिक्रीले बाँधिएकोमा खुसी व्यक्त गर्नुहुन्थ्यो । ताकि फोहोरको डङ्गुर नजिक लडेर नसुति घाम कुर्न सकियोस् । जेलबाट जेलसम्म सार्दा १३ ओटा जिल्लाहरू लगियो । उहाँले अप्ठ्यारा र कठिनाइका पहाडहरू छिचोल्नुभयो । आफूलाई सम्हाल्नुभयो –'गृष्मको चिसो र अन्धकारबिना वसन्तको न्यानो र शोभायमान समय सम्भव छैन ।'

आफ्नो दाँत झर्दा फुरेको कविता व्यङ्ग्यात्मक छ । बाटोमा लेखिएका कवितामा वसन्त गाइएको छ । चराहरूको गीत, फूलहरूको सुगन्ध छ । हातहरू बाँधिए पनि प्रकृतिसँगको अन्तरक्रियाले उहाँलाई एक्लो अनुभूतिबाट टाढा राख्यो । नानिङको हिँडाइमा गार्डले काँधमा बङ्गुर बोकेको थियो र उहाँलाई क्रुरतापूर्वक घिसार्दै लगिएको थियो । एकजना मानिसलाई बङ्गुरलाई भन्दा तल्लोस्तरको व्यवहार गरिएको थियो । स्वतन्त्रता र मुक्तिबिना मानिसले पशुभन्दा तल्लोस्तरको जीवन भोग्नुपर्ने यथार्थ तस्बिर कवितामा छ । संसारमा दुःख र असुविधाका लाखौँ कारण छन् । स्वतन्त्रता खोसिनुभन्दा ठूलो कारण अरू हुनसक्दैन भनी लेख्नुहुन्छ का. हो । नानिङ जेलमा खाना भनेकै माड थियो । पेटलाई बिसन्चो बनाउने माड । जेलमा एक जुवाडे मर्छ, मृत्युको कारण भोक थियो ।

जेलभित्रका अनिँदा रातहरूको कथा छ कविताहरूमा । विदेशी भूमिमा कैदी हुनुपर्दाको अत्यासलाग्दो समयको बेदना पनि छ । तर, सत्य के हो भने लाख कठिनाइहरूले मान्छेलाई चम्किलो हिरा बनाउँछ । एउटा बिहान जरूर आउनेछ र जेलभित्र घामका किरणले प्रवेश पाउनेछ । कुहिरो हट्नेछ । आकाशलाई महसुस गरी जीवनको अनुभूति प्राप्त हुनेछ । कैदीहरूको मुहारमा साँच्चैको मुस्कान आउनेछ भन्ने विश्वास पनि कवितामा छ ।

१४ नोभेम्बरमा नानिङ प्रेस रिपोर्ट पढेर भियतनामको विषयमा जानकारी प्राप्त हुन्छ । 'मेरो देशमा जतातते दासताभन्दा

मृत्यु स्वीकार्य हुन्छ। मेरो देशमा फेरि सङ्घर्षको झन्डा गौरवपूर्वक फहराइएको छ। यस्तो समयमा एक बन्दी भइरहनु कति दुःखद छ। युद्ध र सङ्घर्षको मैदानमा हुनुपर्ने म कैदी बन्नुपर्ने कति दुःखद छ। म चाहन्छु, चाँडै स्वतन्त्र होऊँ, यो बन्दीगृहबाट।' उहाँले जीवनका कोसेढुङ्गाहरूलाई कवितामा सम्झनुभएको छ।

सधैँभरि क्रुर जेलर मात्रै थिएनन् जेलभित्र। जेलर प्रमुख मिस्टर मोजस्ता मान्छेहरू पनि थिए जसले बन्दीहरूलाई राम्रो खाना दिन आफ्नै पैसा खर्चन्थे। राम्रो निद्रा दिन ओछ्यानहरू जुटाइदिन्थे। मिस्टर मोहरूलाई का. होले सम्झिनुभएको छ।

जेलभित्र बस्न नसकेर भाग्नेहरू पनि थिए। भाग्न असफल हुनेले 'रामधुलाई' भेट्थ्यो। जेलभित्र ४ महिना बिताइसक्दा का. हो समीक्षा गर्नुहुन्छ – 'मैले चार महिनामा अभाव बाँचें, मिठो निद्रा कहिल्यै परेन। लगाएको लुगा फेर्न पाइनँ, नुहाउनु त परको कुरा। एउटा दाँत झऱ्यो, कपाल खौरिएँ। खटिरा र कन्याइएका दागले शरीर ढाक्यो। म अत्यन्त भोकाएको कालो र पातलो राक्षसजस्तो देखिएँ। भौतिकरूपले मलाई सारै गाऱ्हो थियो तर मेरो भावना अलिकति पनि कमजोर बनेन। म एक इन्च पनि डगमगाइनँ।'

'स्वतन्त्रताबिना मानिसको जीवन नर्क बन्छ।' उहाँले जेलभित्रको अनुभवलाई एक वाक्यमा लेख्नुभयो। जाडो सकियो वर्षात्को समय आयो त्यसले पनि बिदा माग्यो। तर, कैदीहरूलाई मौसम बदलिनुको के अर्थ ? एकजना कैदीमात्र स्वतन्त्रता र मुक्तिको सपना देख्छ। उहाँ लेख्नुहुन्छ – 'गत वर्षको गृष्ममा म स्वतन्त्र भएको थिएँ। यो गृष्ममा मलाई जेलभित्र कैदी बनाइएको छ।' जेलको आँगनमा पनि हिँड्ने छुट कहाँ थियो। एक समय हिँड्न दिइयो, गेटमा राइफल बोकेका सिपाहीहरू तैनाथ थिए। खुला आकाश देख्न पाइएको थियो। जुन देख्न पाइएको थियो त्यही समय उहाँ लेख्नुहुन्छ – 'मेरो मन कोसौँ टाढाको मेरो देशमा यात्रा गर्छ। दुःखका बादलहरूले मेरा सपनाहरूलाई छोप्न खोजिरहन्छन्। एकजना सरल मान्छे वर्षौँदेखि विदेशी जन्जिरभित्र छ। जब आँखाबाट आँसु झर्न खोज्छ। म कविता लेख्न बस्छु।'

एकदिन साँच्चैको सफा मौसम आउँछ। यो त प्रकृतिको नियम नै हो। फूलहरू फुलेको, हावा सुगन्ध लिई बहेको, आकाश खुलेको, चराहरूले गीत गाएको सुन्दर मौसम आएको थियो। मान्छेको मुटु खुसीले प्रफुल्लित बनेको र विश्वलाई नै खुसी बनाएको मौसम। दुःखपछि सुख कठिनाइपछि सफलता अवश्यम्भावी हो, प्रकृतिको नियम हो। आखिर का. हो सेप्टेम्बर १०, १९४३ का दिन जेलबाट रिहा हुनुभयो। 'नारकीय' जीवनबाट उन्मुक्ति मिल्यो।

लामो समय भोक सहेर, अनिँदो बसेर, जाडो सहेर, ज्वरो र खोकीको सामना गरेर, ५० औँ किलोमिटर हिँडेर पनि ओठमा एक मिठो मुस्कान लिएर १४ महिना का. हो जेलभित्र बस्नुभयो। जीवनप्रतिको विश्वास, असत्यको हार र सत्यको विजय हुने विश्वासले उहाँलाई सम्पूर्ण कठिन समयमा ऊर्जा दियो। तत्कालीन समयमा चिनियाँ बन्दीगृह या जेलभित्रको नारकीय अवस्था, दुःख, भ्रष्टाचार, रोगविरुद्ध कविताले विद्रोह बोलेको छ। एकजना देशभक्तलाई डाँका, लुटेरा, ड्रग्स माफिया, अफिमको दुर्व्यसनी, चोरहरूको बीचमा राखिएको थियो। यद्यपि, त्यसलाई जीवन अनुभवको रूपमा कवितामार्फत लेख्नुभएको छ।

युद्धको समयमा बन्दी हुनुपर्दा योद्धालाई कसरी दुःख हुन्छ ? त्यसमाथि जेलरहरूको अपमान सहिनसक्नु थियो। चीनमा च्याङ्काई सेकहरूको बर्बरता अनुभव गर्नुभएका का. हो का कविताहरूमा अनुभव र भोगाइ मात्रै छैन। त्यो कालखण्डको शब्दचित्र छ, इतिहास छ। लामा लामा आत्मवृत्तान्त र जीवनीहरूले भन्दा छोटोमा नेता हो चिनाउने कविता सङ्ग्रह अर्थात् डायरी हो – 'जेल डायरी'। का. हो को सरल, शालिन, बौद्धिक र क्रान्तिकारी व्यक्तित्व कविताहरूमा भेट्न सकिन्छ। निकै पठनीय 'जेल डायरी' चीनमा क्रान्तिपूर्व च्याङ्काई सेकको बर्बरता अनुभव गर्न सहयोगी छ। नेता हो चिन्न मद्दत गर्छ। साथै, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको सम्बन्ध (भियतनाम–चीन) बारे बुझ्न सघाउँछ। त्यसकारण, 'जेल डायरी' पठनीय तथा सङ्ग्रहणीय छ।

स्रोत : मजदुर दैनिक

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

भक्तपुरबारे "कान्तिपुर" र "श्रमिक" को सम्पादकीय

भक्तपुरको आफ्नोपन

८० वर्षे जर्मन सम्पदाविद् निल्स गुत्सो लगभग ५० वर्ष नेपालमा बिताएर यो साता घर फर्कंदै छन्। विशेषतः भक्तपुर नगरको वास्तुकलाको अध्ययन गरेका उनले फर्कने बेला सुनाए, 'भक्तपुर संसारकै ठूलो लाइभ-म्युजियम (जीवित सङ्ग्रहालय) हो।' एउटा प्राज्ञको यस्तो प्रशंसाले सहर जोगाउने भक्तपुरवासीको सामूहिक प्रयत्नलाई हौसला मिलेको छ।

शताब्दीयौं पुरानो इतिहास भएका असङ्ख्य मूर्त-अमूर्त सम्पदाले समृद्ध एउटा सहरले मौलिकपन जोगाइराख्नु पक्कै चानचुने कुरा होइन। सभ्यता र सम्पदा जगेर्ना गर्नमा भक्तपुर अनुपम उदाहरण रहिआएको छ, यस अर्थमा भक्तपुर नेपालका अरू नगरका निम्ति पनि साँच्चिकै अनुकरणीय छ।

भक्तपुर नगरमा दुई हजार वर्षदेखि मानव बसोबास रहेको इतिहासविद्को तर्क छ। लिखित दस्ताबेजअनुसारै पनि आठौं शताब्दीमा यसको स्थापना भैसकेको देखिन्छ। सामान्यतया सहर जति पुरानो भयो, संस्कृति-सम्पदामा त्यत्तिकै सम्पन्न हुन्छ, खालि त्यसलाई जोगाएर राखिएको हुनुपर्छ। यसको एउटा असली उदाहरण भक्तपुर हो। यहाँका मठमन्दिर, सत्तल, पार्टी, चैत्य, विहार, ढुङ्गेधारा र तिनका खाँबा, झ्याल, भित्तामा कुँदिएका कलात्मक आकृतिले भक्तपुर सहरले बाँचेको समय र समाजको चेत अभिव्यक्त गर्छन्।

जुजु धौ, भादगाउँले टोपी, हस्तकला, काष्ठकला र माटोका भाँडाकुँडादेखि बिस्केट जात्रासम्मले भक्तपुरलाई आज देश-विदेशमा चिनाइरहेका छन्। सहरको भित्री भागमा अवस्थित ५५ झ्याले दरबार, स्वर्णद्वार, टौमढी र दत्तात्रय पर्यटकमाझ विशेष आकर्षणका रूपमा रहिआएका छन्। यस अतिरिक्त कैयौं अमूर्त सम्पदाले पनि यो सहरलाई विशेष बनाइरहेका छन्। यहाँ अझै २ सय हाराहारीमा सङ्गीत र नाट्य समूह छन्, जो नियमितजसो प्रदर्शन गर्छन्। यही विशेषताबारे प्राज्ञ जगदीशशमशेर राणाले 'नाचगानको राजधानी : भक्तपुर' शीर्षक कृति नै लेखेका छन्, जसले पनि यो नगरको चिनारी उजिल्याएको छ।

यो नगरका हरेक जात्रा, पर्व र मठमन्दिरका आ-आफ्नै किंवदन्ती छन्, जसमा तत्कालीन परिवेश र शैली प्रतिविम्बित छन्। नेवारी समाज र जीवनशैली यहाँका साँघुरा गल्लीहरूमा उसै गरी सुरक्षित छन्। घाम उदाउने बेला मन्दिर हिँडिरहेका नगरवासी दिउँसो खेतमा कृषिकर्ममा तल्लीन भैरहेको देखिनु पनि यहाँको एउटा खास चिनारीझैं लाग्छ। घरआँगन र बाटोघाटोमाझमै कतै काष्ठकलाका काम भैरहेका देखिन्छन्, कतै प्रस्तर त कतै माटोका कला। अनि, बर्सेनि अर्थात् निश्चित अन्तरालमा दोहोरिरहने जात्रा, उत्सवजस्ता विभिन्न गतिविधिमा लिच्छविकालीन र मल्लकालीन समय झल्किरहेको हुन्छ। यही अर्थमा गुत्सोजस्ता जानकारले भक्तपुरलाई 'लाइभ म्युजियम' भनेका हुन्।

हनुमन्ते खोलाले घेरिएको भक्तपुर नगर एक समय भारत र तिब्बतबीचको व्यापारिक मार्ग थियो। १२-१५ औं शताब्दीसम्म नेपाल मण्डलकै राजधानी रहेको यो सहर पृथ्वीनारायण शाहको राज्यविस्तार अघिसम्म उपत्यकाका तीनमध्ये एक राज्य थियो। उति बेलै नगरमा खानेपानी व्यवस्थापनदेखि नगरवासीको मनोरञ्जनसम्मका विषयमा ध्यान दिइएको थियो। ढुङ्गेधारामा प्रयोग भएको प्राचीन प्रविधि; इनार, कुवा, धारा सरसफाइ गर्ने सिथिनखः पर्व; डुबलीको व्यवस्था; जात्रा तथा पर्व यसैका केही उदाहरण हुन्।

प्राचीन सहरीकरणसँग जोडिएका कति विशेषताहरू केही हदसम्म भए पनि जोगिएरै रहनु नै आजको भक्तपुरको विशेषता हो। यसका निम्ति नेवारी समाजभित्रको सामाजिक-धार्मिक संस्था, गुठीको महत्त्वपूर्ण भूमिकाको प्रशंसा गर्नैपर्छ। यसबाट जात्रा, पर्व वा सम्पदा संरक्षणका लागि चाहिने अर्थ र सामुदायिक सहभागिता सुनिश्चित हुँदै आएको छ। त्यसमाथि भक्तपुर नगरपालिका र यहाँ क्रियाशील नेपाल मजदुर किसान पार्टीको सम्पदा संरक्षणमैत्री कार्यशैलीले पनि नगरलाई 'लाइभ म्युजियम' बनाइरहेको भन्न आनाकानी गर्नुपर्दैन।

सन् १९७४-८७ सम्म जर्मनीको आर्थिक सहयोगमा भक्तपुर विकास परियोजना सञ्चालनमा आएको थियो। १३ वर्षसम्म चलेको यस कार्यक्रमले भक्तपुरका पुराना मठमन्दिर र सम्पदाको जीर्णोद्धार, कालोपत्र भएको भक्तपुरको भित्री बस्तीमा इँटा छाप्ने र भक्तपुरभरका घरहरूमा धारा-चर्पी बनाउने काम गरेको थियो। त्यति बेलादेखि 'पुजारी मठ' को जीर्णोद्धारसहितका सामाजिक संरक्षण-संवर्द्धनका काममा गुत्सो लागिपर्दै आएका थिए। यसै गरी थुप्रै विदेशी विज्ञले भक्तपुरका मूर्त-अमूर्त सम्पदाको अभिलेखीकरण गर्न सघाएका छन्।

सिल्भियाँ लेभी, ब्रायन हड्सन, हेनरी एम्ब्रोस ओडफिल्ड, केपी चट्टोपाध्याय, गोत्च हार्टमुलर, योर्कबारलगायतले नेवारी समाजको सांस्कृतिक-सामाजिक संरचनाको विवरण बटुलेका थिए। अर्का जर्मन अध्येता गर्टमैथियस वेगनरले २०४० सालतिर भक्तपुरको साङ्गीतिक परम्परा विशेषतः धिमेबाजाबारे गहन अध्ययन गरेका थिए, जो पछि काठमाडौं विश्वविद्यालयका 'इथ्नो-म्युजिकोलोजी' विभागका संस्थापक पनि भए। यिनै कारण पनि यहाँको सम्पदा-संस्कृति जगेर्नामा टेवा पुगेको छ।

२०४६ पछि भक्तपुर नगरपालिकाले विदेशी पर्यटकबाट पैसा उठाउन थाल्यो, जसलाई यिनै सम्पदा संरक्षणमा खर्च गर्न थालियो। जर्मनीले २०७२ सालको महाभूकम्पले क्षति पुऱ्याएका सम्पदाको पुनर्निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो तर नगरपालिकाले नै उपभोक्ता समितिमार्फत आफ्नै खर्चमा स्थानीय

ज्ञान र सीप भएकाहरूलाई यसमा खटाइरहेको छ ।

पछिल्लो समय निजी आवास पनि परम्परागत शैलीमा बनाउने प्रचलनजस्तै बसेको छ । भिँगटीका छाना हराए पनि आवरणमै देखिने गरी इँटाको गारो र कलात्मक झ्यालको प्रचलन फेरि ब्युँतिएको जस्तो देखिन्छ । मौलिक शिल्पमा घर बनाउनेलाई नगरपालिकाले केही सहुलियत दिइरहेको छ, यसले पनि सहरको चरित्र र आवरणलाई केही हदसम्म बचाएको छ ।

प्राचीन सहरलाई उस्तै अवस्थामा राख्न प्रविधि तथा सहरवासीका रहनसहनमा आएको परिवर्तन चुनौती बनिरहेको छ । त्यसो त, सहर कहिल्यै स्थिर रहँदैन पनि । यसको परम्परा र मौलिकता समयक्रमसँगै परिवर्तन भइरहेका हुन्छन् । तैपनि हरेक सहरको आफ्नै मूल मौलिक चरित्र हुन्छ, त्यसलाई कुन हदसम्म कसरी जोगाइराख्ने भन्ने विषय हरेक समयका शासक या सम्बन्धित निकाय र नेतृत्वको विवेकमा भर पर्छ ।

यसमा पनि स्थानीयवासी र निकाय सक्रिय भए भने सहरको मौलिक पक्ष जोगाउन सकिँदो रहेछ भन्ने गतिलो उदाहरण हो– भक्तपुर । नेपालका अन्य सहरले पनि यसैगरी आफ्नोपनको खोजी गर्न सिक्नुपर्छ ।

कान्तिपुर दैनिक, कार्तिक २२, २०७८

'जीवित सङ्ग्रहालय' को नयाँ पुस्ता कस्तो होला ?

२२ कार्तिकको दिन 'कान्तिपुर' दैनिकले 'भक्तपुरको आफ्नोपन' शीर्षकमा सम्पादकीय लेख्यो । उपत्यकाका सहरबस्ती र बाहिरी जिल्लामा समेत भक्तपुरबारे कुराकानी र छलफल भइरहेको पाइन्छ ।

निल्स गुत्सो भक्तपुरको वास्तुकला, संस्कृति तथा सम्पदाको जानकार एक नाउँ चलेका जर्मन नागरिक हुन् । 'भक्तपुर विकास परियोजना' (जर्मन प्रोजेक्ट) सँग संलग्न हाकमुलर, वेगनरलगायत अन्य प्राविधिक तथा विशेषज्ञहरूले आ-आफ्नो जानकारी तथा सिपअनुसारको मेहनत गरेकोबारे धेरै मानिस जानकार छन् । उहाँहरू नेपालीमात्र होइन नेवारी भाषाका जानकार हुनुहुन्थ्यो ।

निश्चय पनि भक्तपुरको इतिहास र संस्कृतिबारे उल्लिखित विदेशी लेखकहरूले नेपालका नयाँ पुस्तालाई पनि शिक्षित गराउँदै आउनुभएको छ । विद्वान र विदुषीहरू आफ्नो अध्ययन तथा अनुसन्धानप्रति गौरव गर्ने अवसर पाउँछन् । उहाँहरू एकपछि अर्को पुस्ताबाट सम्मानित पनि भइरहनुहुनेछ । बौद्धिक जगतको निम्ति यही नै सन्तोषको विषय हो र सबभन्दा राम्रो पुरस्कार हो ।

२०-२५ वर्ष अगाडि भक्तपुरमा संस्कृतिविद्, प्राविधिक र विद्वानहरूको एक अन्तर्राष्ट्रिय गोष्ठी भएको थियो । त्यस गोष्ठीमा भक्तपुर 'एक जीवित सङ्ग्रहालय' को रूपमा मूल्याङ्कन भएको थियो । गोष्ठीमा भक्तपुरलाई विश्व सम्पदाको एक अङ्गको रूपमा स्वीकार गरिएको थियो । भक्तपुरमा सयौँ वर्षदेखि ढुङ्गेधारा, पाटीपौवा र मठ-मन्दिरहरू संरक्षित छन् । यहाँ नाच-गान र बाजा-गाजा आज पनि चालु छ । प्राचीन जीवन शैली आज पनि जीवित छ तर यो परिवर्तनउन्मुख पनि छ ।

जानकारहरू भक्तपुरको आजको पुस्ताको अगाडि प्रश्न गर्छन्– पाँचतले देवल, भैरवनाथ मन्दिर, लाय्कू (दरबार स्क्वायर) को ५५ झ्याल दरबार, ढुङ्गाका मन्दिरहरू, तलेजु मन्दिर आदि पुर्खाका कोसेली हुन् । नयाँ पुस्ताले थप के गऱ्यौ भन्ने प्रश्नको उत्तर पनि नयाँ पुस्ताले दिएका छन् –

दुइटा ख्वप इन्जिनियरिङ कलेज, स्नातकोत्तरसम्म पढाउने विज्ञान र मानविकी विषयको एउटा कलेज र जुनियर इन्जिनियरिङ कलेज, ख्वप अस्पताल र नर्सिङ कलेज, बालोद्यानहरू, शारीरिक व्यायामशालाहरू आदि भक्तपुरमा सञ्चालित छन् ।

जर्मन विकास परियोजनाले निर्माण गरेको इनाचो-हनुमानघाट ढलको उपचार पोखरी ३० वर्षदेखि बन्द छ । सरकारको ढल शाखा नै यसको जिम्मेवारी लिने संस्था हो । कमलविनायक, लिवाली र तुमचो डुगुरेमा भक्तपुर नगरपालिकाले आवास योजना सम्पन्न गरेको छ । व्यासी क्षेत्रको नयाँ आवास योजना पनि नगरपालिकाबाटै सम्पन्न हुँदै छ ।

अहिले भक्तपुरको हरेक वडामा सालाखाला २०-२५ जना इन्जिनियरहरू छन् । सरकारले १० वर्ष अगाडि नै ख्वप विश्वविद्यालयको स्वीकृति दिएको भए १० लाख रुपियाँले चिकित्साशास्त्र पढाउने मेडिकल कलेज सञ्चालन भइसकेको हुन्थ्यो र भक्तपुरमा हरेक वडामा १०-१५ जना चिकित्सक भइसक्ने थियो, हरेक घरमा एकएक जना स्वास्थ्यकर्मी हुन्थ्यो । तिनीहरूले दुर्गम र आवश्यक गाउँ र सहरमा गई जनताको सेवा गरिरहेका हुन्थे ।

१५ वर्षसम्म स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि खाली नभएको भए देशमा रिसर्चर (अनुसन्धान गर्ने विद्वानहरू) को पहिलो अध्ययन केन्द्रको रूपमा पुस्तकालय स्थापना हुन्थ्यो । त्यो पुस्तकालय नयाँ पुस्ताले निर्माण गरेको स्मारक हुन्थ्यो । त्यसबाट देशका विविध भाषा र साहित्यको सेवा गरिरहेको हुन्थ्यो । अनि एउटा नाचघर तथा एक स्वयम्चालित सभाभवन बनिसकेको हुन्थ्यो ।

ठाउँ-ठाउँमा ढल र उपचार पोखरीको बन्दोबस्तले नगरको वातावरण प्रदूषित हुनेछैन, उपत्यका नगर विकासको हस्तक्षेप र पानीको स्रोतहरूमा विकासको नाउँमा 'डोजर आतङ्क' लाई रोक्नु जरुरी छ । भक्तपुर नगरपालिकाभित्रका सहकारी संस्थाहरूको योगदानबाट कृषिको विकास, स-साना हस्तकला उद्योग र विभिन्न विदेशी भाषाको नयाँ पुस्तालाई अध्ययन गराउने कार्यमा ठूलो योगदान हुनेछ ।

श्रमिक साप्ताहिक, २०७८ कार्तिक २३

सङ्घीयतामा स्थानीय तह र त्यसका चुनौतीहरु

सुनिल प्रजापति,
प्रमुख, भक्तपुर नगरपालिका

नेपालको संविधान २०७२ लागू भएसँगै नेपालमा सङ्घीयता कार्यान्वयनमा आएको हो । संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो क्षेत्रभित्र स्वायत्ता र स्वतन्त्र हैसियत प्रदान गरेको छ । सङ्घको ३५, प्रदेशको २१ र स्थानीय तहको २२ तथा साझा सूचीमा २५ ओटा अधिकारहरू संविधानमा व्यवस्था गरिएको छ । संविधानमा उल्लेखित एकल अधिकारबारे सङ्घ, प्रदेश र स्थानीय तहहरूले आ-आफ्नो अनुकूलतामा कानुन बनाई कार्यान्वयन गर्नसक्छन् । स्थानीय तहहरूले आवश्यकताअनुसार विभिन्न कानुनहरू निर्माण गरी कार्यान्वयनमा पनि ल्याइसकेका छन् । नेपालको राजनैतिक इतिहासमा स्थानीय तहको अधिकार संविधानमै उल्लेख गरी अधिकारसम्पन्न बनाइएको यो पहिलो पटक हो ।

संविधानले अधिकार प्रदान गरे पनि सङ्घ सरकारको नेतृत्वमा बस्ने उच्च पदाधिकारीहरू प्रदेश र स्थानीय तहलाई दिइएको अधिकारसमेत कुण्ठित पार्ने प्रयास गर्दैछन् । संविधान कार्यान्वनसँगै विगत एकात्मक राज्य संरचनामा कायम रहेका जिल्लास्तरीय सबै इकाइहरू खारेज गरी ती अधिकारहरू स्थानीय तहको मातहतमा सञ्चालनमा आउनुपर्ने थियो । तर **सङ्घ सरकारले सङ्घीय इकाइलाई जीवन्त बनाउन खोजेको मात्रै होइन झन् झन् बलियो बनाउने तयारी गर्दैछ ।**

संविधानको अनुसूची ८ अनुसार मा.वि. तहसम्मको **शिक्षाको एकल अधिकार स्थानीय तहको** हो । कतिपय स्थानीय तहले शिक्षा ऐन निर्माण गरी त्यसको कार्यान्वयनसमेत गर्दै आएको छ । तर सङ्घ सरकारले **संविधानमै नभएको जिल्ला शिक्षा समन्वय एकाइ** गठन गरेर कक्षा ९ देखिमाथि सङ्घले नै अधिकार दाबी गर्दै एसईईको परीक्षादेखि सबै व्यवस्थापन गर्दै आएको छ । मा.वि. तहसम्मको शिक्षकहरूलाई तलब स्थानीय तहले खुवाउने र ती शिक्षकहरूमाथि नियन्त्रण सङ्घबाट हुँदै आएको छ । यो स्थानीय तहको अधिकारमाथि नियन्त्रणको एक नमुना हो ।

संविधानले जिल्ला प्रशासन कार्यालयको कल्पना गरेको छैन । संविधानमा प्रदेश प्रहरीको व्यवस्था छ । तर आवश्यक ऐन नियमको अभावमा अहिले जिल्लाको प्रमुख जिल्ला अधिकारीको नियन्त्रणमा प्रहरी परिचालन भइरहेको छ । प्रदेश गृहमन्त्रीको मातहतमा कुनै सुरक्षा निकाय बन्न सकेको छैन । **प्रदेश मुख्यमन्त्री केन्द्रको प्रधानमन्त्रीझैं शक्तिशाली हुनुपर्ने**मा केन्द्रको आदेश निर्देशन पालना गर्ने मूर्तिजस्ता भएका छन् । यसर्थ अहिले प्रदेशको औचित्यतामाथि नै प्रश्न उठेको छ ।

योजना छनौट र कार्यान्वयनमा स्थानीय तहको भूमिका गौण बनाइएको छ । सशर्त बजेटको नाउँमा स्थानीय तहको योजना छनौट गर्ने अधिकार केन्द्रले तानेको छ । केन्द्रलाई स्थानीय तहको आवश्यकता थाहा हुँदैन । केही प्रशासकहरूलाई चाकरी गरेको भरमा केन्द्रले योजना छनौट गर्ने विगतकै निरन्तरता छ । स्थानीय तह जनताको नजिक बसेर कामगर्ने जनप्रतिनिधिमूलक संस्था भएको हुँदा कूल बजेटको ५० प्रतिशतभन्दा बढी स्थानीय तहमा पठाउनु आवश्यक छ । जनप्रतिनिधिहरूले स्थानीय जनतासँग छलफलगरी आवश्यकतालाई प्राथमिकतामा राखेर विकास निर्माणको कार्यलाई अगाडि बढाउन पाएमा सङ्घीयता विगतको तुलनामा जनताको हितमा रहेको जनताले अनुभूत गर्न पाउने छन् ।

अचम्मको कुरा के छ भने सङ्घीयता कार्यान्वयमा आएको ५ वर्ष बितिसक्दा पनि **खानेपानी, नगर विकास, उपत्यका विकास प्राधिकरण, कृषि, पुरातत्त्वजस्ता संरचनाहरू यथावत् नै छन् ।** ती सबै संरचनाहरूले सङ्घको निर्देशनमा काम गर्दैछन् । उपत्यकालगायत धेरै ठाउँका सांस्कृतिक सम्पदाहरूको उचित संरक्षण हुन नसक्नुमा पुरातत्त्व विभाग स्थानीय तह अन्तरगत नहुनु पनि हो । यस्ता कारणहरूले सङ्घ सरकार स्थानीय तहलाई अधिकार दिनै नचाहेको प्रमाणित गर्दछ ।

१० वर्षमा नेपाललाई स्वीट्जरल्याण्ड बनाउने दाबी गर्ने माओवादीहरू पटक-पटक सरकारमा पुगे । तिनीहरूले स्वीट्जरल्याण्ड त के नेपालको अस्तित्व नै सङ्कटमा पार्ने काम गरे । अहिले तिनीहरू आफ्नै अस्तित्वको लडाइँ लडिरहेका छन् । राजनैतिक नैतिकता, इमानदारिता सबथोक छोडेर अहिले राजनीतिमा जे पनि सम्भव छ भन्नेजस्तो अनैतिक र अराजनैतिक गतिविधि गर्दैछन् । **माओवादीहरूले विचार र सिद्धान्तको कुरा गर्नै छाडेका छन् ।** तिनीहरूसँग पूँजीवादी सरकारमा जाने र पदको प्रलोभन देखाई कार्यकर्तालाई पार्टीमा टिकाइराख्नु बाहेक अर्को कुनै विकल्प बाँकी छैन ।

सङ्घीयताको नाउँमा विगतमा श्री ५ को सरकारले विकेन्द्रीकरणको नारा लगाउँदै गाउँपालिकासम्मलाई आफ्नै निर्देशनमा चलाएझैं अहिले **सङ्घीयताको प्रचार गर्दै सबै अधिकार केन्द्रमै केन्द्रित** गरिँदैछ । सङ्घीयताको चर्को नारा लगाउने माओवादीले यथार्थ नबुझेका भने होइनन् । नेकपा नाउँबाट आफै संलग्न दुईतिहाइको सरकारले प्रदेश र स्थानीयको

अधिकार एक एक गरी खोसिँदासमेत तिनीहरू चुप छन् । पद र पैसाको निम्ति निरन्तर लडिरहेका माओवादीहरू स्थानीयको अधिकार केन्द्रमा तान्न खोज्दा पनि एक शब्द बोलेका छैनन् । सबै अधिकार केन्द्रीकृत गर्ने मनसाय हो भने सङ्घीयता लागू गर्नु आवश्यकै थिएन । **सङ्घीयताको अर्थ अधिकार विकेन्द्रीकरण हो ।** गाउँ गाउँसम्म अधिकार प्रत्यायोजन गर्नु नै सङ्घीयता हो । स्थानीय तह बलियो भए लोकतन्त्र बलियो हुन्छ । यही आधारमा नेपालको संविधान निर्माण भएको हो तर, सरकारमा बस्ने दलहरूले सङ्घीयताको मर्मअनुसार काम नगरेका मात्रै होइनन् सिधै सङ्घीयता र संविधानविपरीत कार्य गर्दैछन् ।

स्थानीय तहले कर्मचारी राख्न नपाउने यो कस्तो सङ्घीयता हो ? प्रमुख प्रशासकीय अधिकृत सङ्घले खटाउने, अन्य सबै कर्मचारीहरू प्रदेश लोकसेवाले नियुक्त गर्ने, स्थानीय तहले ती कर्मचारीहरूको भरमा काम गर्नुपर्ने यस्तो अवस्थामा कसरी सुशासनको आशा गर्न सकिन्छ ? स्थानीय स्वायत्त शासन ऐन २०५५ ले प्रशासकीय अधिकृतबाहेक कर्मचारीहरूको स्थायी, अस्थायी र करारमा नियुक्ति तथा बढुवाको अधिकार स्थानीय तहलाई दिएको थियो । **सङ्घीयता कार्यान्वनपछि स्थानीय तहको कर्मचारी सम्बन्धी अधिकार खोसिएको छ ।** कतिपय स्थानीय तहले सङ्घले पठाएको कर्मचारीलाई हाजिर गराउन अस्वीकार गरे । सङ्घले पठाएको कर्मचारी नलिएमा बजेट रोक्ने, कटौती गर्नेजस्ता अनेक चेतावनीपूर्ण पत्राचार गरिएको मात्रै होइन बजेट काटेर पठाउनेसमेत गरेको पनि पाइएको छ ।

विगतमा स्थापित संरचनाहरू खारेजीको सट्टा सबै प्रदेशहरूमा सङ्घका विभिन्न कार्यालयहरू खोलिँदैछ । प्रदेश र स्थानीय तहलाई संविधानले दिएको अधिकार समेत सङ्घले विभिन्न रूपमा प्रयोग गर्ने कोसिस गरिँदैछ । सङ्घ सरकारमा जाने मन्त्रीहरू 'स्थानीय तहले शिक्षा र स्वास्थ्यको जिम्मा लिनै सक्दैनन्' भनेर सार्वजनिक अभिव्यक्ति दिएर हिँडेका छन् भने एमाले अध्यक्ष प्रधानमन्त्री खड्गप्रसाद ओलीले प्रधानमन्त्री रहेको बेला 'प्रदेश र स्थानीय तहलाई सङ्घका इकाइमात्र भएको' पटक-पटक सार्वजनिक अभिव्यक्ति दिएका थिए । संविधानविपरीतका यस्ता अभिव्यक्तिहरू आपत्तिजनक छन् ।

संविधानको भावना एकातिर शासक दलका नेताहरूको सोच र व्यवहार अर्कोतिर भएर शासन चलिरहेको छ । सङ्घीयतामा सबैभन्दा बलियो र भरपर्दो स्थानीय तह हुनुपर्नेमा अहिले निकै नै अन्यौल र अस्पष्ट भइरहेको छ । संविधानप्रदत्त अधिकारलाई कुनै पनि बहानामा नियन्त्रण गर्न खोज्नु असंवैधानिक काम हो । असंवैधानिक काम गरेर आफ्नो व्यक्तिगत इच्छा प्राप्त गर्ने र राज्यलाई अप्ठेरो पार्ने छुट कसैलाई पनि छैन ।

(२०७८।५।१४)

नेपालमा कोरोना सङ्क्रमण

मङ्सिर १५ गते

परीक्षण प्रयोगशाला : १०२ (सरकारी- ५९ / निजी- ४३)
परीक्षण सङ्ख्या : ४६,३३,४७९
सरकारी- २५,५७,५०५/ निजी- २०,७५,९७४
खोप लगाउने जम्मा: १,८५,४५,०९२
पहिलो- १,००,३०,४०८/ दोस्रो- ८५,१४,६८४
कूल सङ्क्रमित : ८,२१,३६६
निको भएका सङ्ख्या : ८,०३,१६८
मृत्यु भएको सङ्ख्या : ११५२९

प्रदेशगत सङ्क्रमित विवरण (कार्तिक १६ - मङ्सिर १५ गते)

प्रदेश	पुरुष	महिला	जम्मा
प्रदेश नं. १	७३६	५५१	१,२८७
प्रदेश नं. २	२७९	५९	३३८
बागमती	२,५३१	२,१०८	४६३९
गण्डकी	५२३	३८५	९०८
लुम्बिनी	५१५	३५९	८७४
कर्णाली	४४	१७	६१
सुदूरपश्चिम	१६६	८२	२४८
जम्मा	४,७९४	३,५६१	८,३५५

उमेरअनुसार सङ्क्रमित

उमेर	पुरुष	महिला	जम्मा
० देखि १०	११३४१	८१७०	१९५११
११ देखि २०	३२७९५	२३८८१	५६६७६
।२१ देखि ३०	११२३२४	८४४२३	१९६७४७
३१ देखि ४०	१२२८०७	७७८२८	२००६३५
४१ देखि ५०	८६२०५	५४३३४	१४०५३९
५१ देखि ६०	६१३२१	४१२०१	१०२५२२
६१ देखि ७०	३३५२२	२४५२८	५८०५०
७१ देखि ८०	१६८८२	१३२१८	३०१००
८० भन्दा माथि	७३८८	५५९७	१२९८५
जम्मा	४८४५८५	३३३१८०	८१७७६५

काठमाडौं उपत्यका सङ्क्रमित विवरण (मङ्सिर १५ गते)

जिल्ला	पुरुष	महिला	जम्मा	निको	मृत्यु
काठमाडौं	१४६,१४६	१०६,५७७	२५२,७२३	२४९९६१	२२२४
ललितपुर	२६,९६७	२३,४०१	५०३६८	४९१३४	६९७
भक्तपुर	१६,३५०	१३,७१८	३००६८	२०१६८	४३५
जम्मा	१८९,४६३	१४३६९६	३३३१५९	३१९२६३	३३५६

स्रोत : स्वास्थ्य मन्त्रालय (इन्टरनेट)

शिक्षामन्त्री देवेन्द्र पौडेललाई खुल्लापत्र

विवेक

माननीय शिक्षा मन्त्रीजी,
लाल सलाम ।

तपाइँसँग भेटघाट र पत्राचार नभएको पनि धेरै भयो । हामी आ–आफ्नो काममा व्यस्त रह्यौँ र पत्र लेख्नेसमेत फुर्सद भएन । धेरै समयपछि आज तपाइँको नाउँमा पत्र लेख्दैछु ।

हामीबीचको सम्बन्ध दशकौँ लामो छ । माओवादी नेतृत्वमा सशस्त्र सङ्घर्ष हुँदादेखि तपाइँ र हामीबीच प्रत्यक्ष र परोक्ष रूपमा सम्बध रहिआएको छ । कहिले कहीँ वैचारिक बहस र छलफलको क्रममा माओवादीको गलत कार्यशैलीलाई लिएर आलोचना गर्दा तपाइँ आफ्नो पार्टी नीतिको बचाउ गर्दै सिंहझैँ गर्जेको मैले बिर्सेको छैन । तपाइँ र म फरक फरक राजनैतिक दलमा आबद्ध भए पनि हाम्रो गन्तव्य समाजवाद नै रहेकोमा भने दुईमत छैन । माओवादीलाई अराजकतावादी र माओवादी सशस्त्र सङ्घर्षलाई 'भारत निर्देशित' आन्दोलन भनेर आलोचना गर्दा तपाइँ त 'खाउँला झैँ' आक्रामक रूपमा प्रस्तुत हुने दृश्य आज पनि मैले झलझली सम्झिरहेको छु ।

आज झण्डै डेढ दशकपछि माओवादी के हो र माओवादीका नेताहरू को कहाँबाट सञ्चालित छन् भन्ने घामझैँ छर्लङ्ग भयो । खैर, यो राजनीतिक विषयबारे छलफल पछि नै गरौँला । आज तपाइँसँग शिक्षाकै बारे छलफल गर्न चाहन्छु ।

मन्त्रीजी, तपाइँ भर्खरै शिक्षामन्त्री नियुक्त हुनुभयो । मित्र मन्त्री नियुक्त भएकोमा खुशी नहुने त कुरै भएन । झण्डै दुई तिहाइको आफ्नै दलको नेतृत्वको सरकार गिराएर अहिले नेकाको नेतृत्वमा सरकारको शिक्षामन्त्री हुनुभयो । 'स्वतन्त्र' न्यायपालिका प्रमुखलाई समेत सरकार र संवैधानिक नियुक्तिमा 'अंशबण्डा' गरेझैँ भाग लगाएर संविधानकै गलत व्याख्याबाट यो सरकार गठन भएको भन्ने जनताको निष्कर्ष छ । प्रधानन्यायाधीशविरुद्ध इजलास बहिष्कार, न्यायपालिका परिसरमा नाराबाजी, धर्ना–जुलुस भइरहेका छन् भने हजारौँ जनताले न्यायको लागि सर्वोच्च अदालत भवन हेरिरहेका छन् । करोडौँ जनताले त्यसको मूल्य चुकाउँदैछन् ।

एमाले सरकार विस्थापित गरेर गठन भएको सरकारले छोटो समयमा राम्रो काम गरेर जनताको विश्वास जित्ने धेरैको आशा थियो । शिक्षाको जिम्मेवारी पाएको तपाइँले देशको लागि केही गरेर देखाउने यो महत्त्वपूर्ण अवसर पनि हो । 'हुटिट्याउँको खुट्टैदेखि चाल पाइन्छ' भन्नेझैँ तपाइँका निर्णयहरूले जनताको हितमा काम गर्ने त कुरै छाडौँ, भइरहेको काम नबिगारेमा त्यही ठूलो भन्नुपर्ने जस्तो लाग्यो ।

२०७८ मङ्सिर ८ गते 'गोरखापत्र' मा प्रकाशित शिक्षा मन्त्रालयको सूचनामा मेरो ध्यान गयो । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नाम त्यसमा उल्लेख थिएन । सूचीमा नाम उल्लेख नभएका संस्थाहरूले नर्सिङका विद्यार्थी भर्ना लिन नपाउने व्यहोरा पढेर म छक्क परेँ । सूचीमा अर्बौँ रूपैयाँ लगानी गरेर निजी मेडिकल कलेज सञ्चालन गरिरहेकाहरूको नाम देखेँ, दोहोऱ्याइ–तेहोऱ्याइ पढेँ । तपाइँको पार्टी र नेताहरूको लगानी भएका शिक्षण संस्थाको नाममा मेरो आँखा टक्क अड्यो । के भएर हो कुन्नी मेरो आँखा त्यहीँ मात्र गएर अडिरहन्छ । सूचना पढिरहँदा 'कम्युनिष्ट'शिक्षामन्त्री तपाइँकोअनुहार र नर्स पढेर भविष्यमा बिरामीको सेवा गर्ने सपना बोकेर कलेज भर्ना नभई बसेका सयौँ छात्राहरूको अनुहार मेरो मानसपटलमा फिल्मको रिल झैँ घुम्न थाल्यो । त्यो दिन मैले केही गर्न सकिन्न ।

मन्त्रीजी, २०६० सालदेखि नै भक्तपुर नगरपालिकाले नर्सिङ कक्षा सञ्चालन गर्दै हरेक वर्ष ४० जना स्टाफ नर्स उत्पादन गर्दै आएको हो । सस्तो र गुणस्तरीय शिक्षाका कारण अहिलेसम्म ख्वपबाट उत्पादित जनशक्ति बेरोजगार हुनुपरेको हाम्रो जानकारीमा छैन । कामदार वर्गका सन्तानहरूलाई सस्तोमा नर्सिङ पढाउँदै आएकोलाई रोक्नु तपाइँको कस्तो बहादुरी र क्रान्तिकारी काम हो ?

तपाइँको मन्त्रिस्तरीय गलत निर्णयबारे सङ्घीय सांसद प्रेम सुवालको नेतृत्वमा प्रतिनिधिमण्डल तपाइँको ध्यानाकर्षण गर्न पुगेको समाचारपत्रमा पढ्ने अवसर पनि

पाएँ । म खुशी भएँ, भक्तपुरका जनप्रतिनिधिहरूको जनताको कामप्रतिको जिम्मेवारीबोध देखेर । तर एकैछिनमा तपाइँको जवाफ सुनेर खिन्न भएँ । तपाइँले चिकित्सा शिक्षा ऐनमा 'आफ्नै १०० बेडको अस्पताल भएकाहरूलाई मात्र नर्सिङ कलेज खोल्न दिने व्यवस्था भएको' जवाफ दिनुभएको रहेछ । कानुन निर्माण हुनुभन्दा अघिदेखि सञ्चालित नर्सिङ कलेजको भर्ना बन्द गर्न तपाइँले केही अप्ठेरो महसुस गर्नु भएन । सामुदायिक कलेजहरू बन्द भएमा निजी कलेज सञ्चालकहरू रातारात मालामाल हुने कुरा हिसाब गरेरै निर्णय गर्नुभएको होला भन्ने अनुमान गर्न मलाई गाह्रो भएन ।

ऐनकै कुरा गर्ने हो भने चिकित्सा शिक्षा ऐनमा स्नातक र प्रमाणपत्र तह एउटै शिक्षण संस्थाले सञ्चालन गर्न नपाउने पनि व्यवस्था छ । त्रिवि, पूर्वाञ्चल र काठमाडौँ विश्वविद्यालयबाट सम्बन्धन लिएर स्नातक पठनपाठन गर्दै आएका कलेजहरूले पनि पीसीएल भर्ना लिने अनुमति पाएका छन् । के यो सिधै ऐन विपरीत भएन र ? कानून पनि भक्तपुर नपालाई मात्रै लागू हुने अरू ठूला निजी अस्पताल सञ्चालकहरूलाई लागू नहुने भन्ने हुन्छ र ? यो तपाइँको सरासर पक्षपातपूर्ण र पूर्वाग्रही काम नभए अरू के हो ?

मैले भनिरहनु पर्दैन नेपाल समाजवादउन्मुख राज्य हो । समाजवादमा शिक्षा र स्वास्थ्यको सम्पूर्ण जिम्मेवारी राज्यको हुन्छ । हामी आज त्यो स्थितिमा पुगेका छैनौँ तापनि शिक्षा र स्वास्थ्यमा राज्यको स्वामित्व बढाउँदै लाने नेपालको विशेषता बन्नुपर्थ्यो । सामुदायिक कलेजहरू बन्द गरेर निजी कलेजहरू पोस्ने तपाइँको जनविरोधी काम हो । यदि तपाइँले निर्णय सच्याउनुभएन भने शिक्षा मन्त्रालयको पछिल्लो निर्णयले त तपाइँ शैक्षिक व्यापारीहरूकै घेरामा रहेको प्रमाणित गर्दछ । नेमकिपाका जनप्रतिनिधिहरूले सामुदायिक शिक्षण संस्थाहरू खोलेर हजारौँ जनताका छोराछोरीहरूलाई उच्च शिक्षा पढ्ने अवसर दिइरहेको बारे मन्त्रीजी जानकार नै हुनुहुन्छ ।

सरकारमा जानु भनेको पार्टीको घोषणापत्र कार्यान्वयन गर्नको लागि हो । यदि त्यसको लागि कानुन बाधक छ भने त्यसलाई खारेज गर्ने, संशोधन गर्ने वा नयाँ निर्माण गरेर अगाडि बढ्ने हो । २०७४ सालको सङ्घीय निर्वाचनमा माओवादीले सार्वजनिक गरेको घोषणापत्र तपाइँले निर्वाचनपछि कति पटक पल्टाउनु भयो ? तपाइँको घोषणापत्रमा प्रत्येक निर्वाचन क्षेत्रमा कमसेकम एकओटा बहुउद्देश्यीय विद्यालय स्थापना गरिनेछ' (पेज ४३) उल्लेख छ । दशकौँ अघिदेखि सञ्चालित बहुउद्देश्यीय शिक्षण संस्था रोक्ने निर्णय तपाइँको पार्टी घोषणापत्रसित कसरी मेल खान्छ ?

सङ्घीयता कार्यान्वयनसँगै स्थानीय तहहरू विगतको तुलनामा अधिकार सम्पन्न छन् । स्थानीय तहलाई नै बहुउद्देश्यीय प्राविधिक शिक्षालय खोल्ने अधिकार प्रदान गरेमा देशमा धेरै प्राविधिक विद्यालयहरू हुनेछन् । जनताका छोराछोरीहरूले सीपमूलक शिक्षा हासिल गर्ने अवसर पाउनेछन् । त्यसले देशमा बेरोजगारीका सङ्ख्या घटाउन मद्दत गर्नेछ भने विदेशमा जाने युवाहरूको सङ्ख्यामा कमी ल्याउनेछ । आफ्नो ज्ञान र सीप स्वदेशमा प्रयोग गर्ने अवसर पाए घर परिवार छोडेर को युवा विदेश जान्छ ? यसतर्फ मन्त्रीजीले ध्यान दिने आशा गर्छु ।

शिक्षाको निम्ति सामान्यतया देशको कुल बजेटको २० प्रतिशतभन्दा बढी राख्ने प्रचलन छ । तर नेपालमा बजेट प्रतिशत झन् झन् घटाउँदै लगेको छ । वर्तमान गठबन्धन सरकारले जम्मा १०.९१ प्रतिशत मात्रै विनियोजन गऱ्यो । जबकि यसअघिको अर्थमन्त्री विष्णु पौडेलले १०.९३ प्रतिशत अर्थात् १ खर्ब ८० अर्ब विनियोजन गरेका थिए । पौडेलले भन्दा २ अर्ब बजेट घटाएकोमा पनि वर्तमान अर्थमन्त्रीको चर्को आलोचना भयो । हुन पनि पार्टीको चुनावी घोषणापत्रमा माओवादीले राज्यको कुल बजेटको २० प्रतिशत शिक्षामा लगानी गरिनेछ (पेज ४३) भनी उल्लेख गरेको छ । खोइ तपाइँको घोषणापत्रअनुरूपको काम ? के तपाइँ शिक्षामन्त्री बन्नु राज्यबाट भत्ता र सुविधा खान मात्रै हो ? जनतालाई चित्तबुझ्दो जवाफ दिनुपर्छ ।

मन्त्रीजी, भक्तपुरको शिक्षाबारे केही जानकारीको लागि पनि म यहाँ लेख्दैछु । भक्तपुर देशकै सानो आकारको नगरपालिकामध्ये पर्छ । शिशुस्याहारदेखि कलेज तहसम्म स्थानीय तहले शैक्षिक संस्थाहरू सञ्चालन गरेर सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने भक्तपुर नगरपालिका मात्रै हो । २०५६ सालमा ख्वप उमाविबाट सुरु भएको शैक्षिक अभियान अझै निरन्तर जारी छ । ख्वप कलेज (२०५८), ख्वप इन्जिनियरिङ कलेज (२०५८), ख्वप बुहप्राविधिक अध्ययन संस्थान (२०६०), ख्वप कलेज अफ इन्जिनियरिङ (२०६५), शारदा कलेज र शारदा मावि/कलेज (२०७०) मा गरी कूल ६००० भन्दा बढी विद्यार्थीहरू पढ्छन् । २ ओटा इन्जिनियरिङ कलेजबाट हरेक वर्ष ४३२ जना इन्जिनियरहरू उत्पादन हुन्छ, ४० जना नर्स, ४८ जना ओभरसियर, एमए, एमएस्सी, एमएडलगायत विभिन्न विषयहरूमा स्नातकोत्तर तहसम्म पढाइ हुन्छ । ख्वप इन्जिनियरिङ कलेजलाई पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमध्ये उत्कृष्ट कलेज मानिन्छ भने त्रिविबाट सम्बन्धन प्राप्त ख्वप कलेज अफ इन्जिनियरिङ पनि देशमा प्रतिष्ठित कलेजमा गनिन्छ । ती कलेजहरूमा भर्नाका लागि देशभरका विद्यार्थीहरूको उच्च

प्रतिस्पर्धा हुन्छ । ४३२ स्थानको लागि हरेक वर्ष २००० भन्दा बढी विद्यार्थीले आवेदन दिने गरेको तथ्याङ्क छ । इन्जिनियरिङ क्षेत्रमा स्नातकोत्तर कक्षा सुरु गर्ने ख्वप इन्जिनियरिङ कलेज नेपालको पहिलो कलेज भन्न पाउँदा गर्व लाग्छ । पछि भूकम्पसम्बन्धी स्नातकोत्तर नेपाल सरकारले पनि सुरु गऱ्यो भने अहिले पनि 'अर्बान डिजाइन एण्ड कन्जरभेसन' को स्नातकोत्तर कक्षा ख्वप इन्जिनियरिङ कलेजमा मात्रै छ ।

हो, भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी गरिरहेको छ । नेपाल मजदुर किसान पार्टीका सांसदहरूले संसदमा पटक पटक ख्वप विश्वविद्यालयको विधेयकबारे बोल्नुभएको समाचारहरूमा सुन्ने गरेको छु । भक्तपुर नगरपालिकाले मेडिकल कलेज सञ्चालन गरेर जनताका छोराछोरीलाई रु.१५ लाखमै चिकित्सक उत्पादन गर्ने सार्वजनिक गर्दै आएको छ । चिकित्सा शिक्षालाई व्यापारीकरण गरेर वर्षको अर्बौं सम्पत्ति कमाइरहेकाहरू किन भक्तपुर नपालाई खोल्न दिन्छन् र ? विभिन्न बहानामा ख्वप विश्वविद्यालयको विधेयक अड्काइरहेको छ । मन्त्रीजीले त्यस विधेयक अगाडि बढाउने आशा गर्दछु ।

गरिब विद्यार्थीहरूको लागि रु. ५ लाखसम्म शैक्षिक ऋण, करोडौं रूपैयाँ बराबरको छात्रवृत्तिको व्यवस्थाको साथै इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा पढ्ने नगरवासीहरूको निम्ति उच्च शिक्षामा पूर्ण छात्रवृत्तिको व्यवस्था र स्थानीय पाठ्यक्रम कक्षा १ देखि ८ सम्म बनाई लागू गर्ने पहिलो नगरपालिका पनि भक्तपुर नै हो । यहाँका जनप्रतिनिधिहरूले शैक्षिक विकासको निम्ति गरेका काम कति लेखुँ । स्मरणीय छ, उहाँहरू सबै नेमकिपाका जनप्रतिनिधिहरू हुनुहुन्छ । तपाइँ शिक्षामन्त्रीले भक्तपुर नगरपालिकाले गरेको काममध्ये केही काम मात्रै गरेरै देखाउनुभयो भने पनि काम गरी खाने वर्गका छोराछोरीहरूले सजिलै उच्च शिक्षा हासिल गर्ने अवसर पाउनेछन् । नेमकिपाको नाम लिने बित्तिकै 'सानो' पार्टी भन्ने तपाइँलाई लाग्यो होला । एक मित्रको हैसियतले राम्रो कामको सिको गर्न आग्रह गरेको मात्रै हो ।

पत्र लेख्दै जाँदा लामो भयो । तपाइँसँग देशको शैक्षिक विकासको बारे छलफल गर्न त मन छ तर मन्त्रीजीहरूको सबैसँग बसेर छलफल गर्ने फुर्सद हुँदैन । पत्रमा लेखिएको कुरा तपाइँलाई तीतो लाग्नसक्छ । तपाइँ माओवादी पार्टीको एक जिम्मेवार नेता पनि भएकोले मित्रको सुझावलाई आत्मसात गर्ने आशा गर्दछु । बाँकी अर्को पत्रमा लेख्छु । धन्यवाद !

उही तपाइँको मित्र

सुमन

बासिबियाँलो

lrqsf]tn lb0Psfh:tj]j:tx¿ sxfl5sxfl5g\



Pp6]h:tf]b]lvP klg b0{rqdf s]xL k|/s 5g\,k]nf kf/] lrgf] nufpgxf]\ (चित्र : इन्टरनेट)

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

किम इल सङको संस्मरण

शताब्दीका साथ -१३-



पानीघट्टको आवाज

भाग-९ । परिच्छेद ७ (ख)

क्वान योङ ब्योकले त्यो घरमा बसेर चाङबाई काउन्टीमा पार्टी गतिविधि परिचालन गर्थे ।

मेरा कमरेडहरूले किम से उनको उपनाम 'तासिफु' राखेका थिए । 'तासिफु' चिनियाँ शब्द हो र यसको अर्थ भान्छे भन्ने लाग्छ । उपनामअनुसार नै उनको घरमा धेरै सङ्ख्यामा पाहुना लागिरहन्थ्यो । उनको घरको भात पकाउने कसौडी सामान्य कसौडीभन्दा पाँच गुणाले ठूलो थियो । त्यो ठूलो कसौडीमा भात पकाउँदा चाक्लो पन्युले चलाइन्थ्यो । त्यही बडेमाको पन्युले सबै पाहुनालाई भात पस्किन्थ्यो । पाहुना धेरै हुँदा किम से उन आफै लुगाको बाहुला माथि सारेर भान्छाको काममा महिलाहरूलाई मद्दत गर्न अघि सर्थे । त्यत्तिबेला उनी पसिनाले निथ्रुक्कै भिजेका हुन्थे । हिउँले उनका पाइताला खाएकोले उनलाई हिँड्न सजिलो थिएन । तर, उनी अन्नका भारी बोकेर एकै दिनमा पनि धेरै पटक पानीघट्ट भने पुगिरहन्थे ।

पाहुनासँग उनी प्रायश: ख्यालठट्टा गरिरहन्थे । 'मेरो कुर्कुचामात्र सद्दे भएका भए म जतिसुकै बुढो भए पनि गुरिल्ला सेनाको टोली नेता बन्ने थिएँ', उनी भन्थे ।

जोताहा किसान हुनुको नाताले उनी हरेक दिन आफ्नो घरमा रहेको अन्न कसौडीभरि पकाएर राजनीतिक कार्यकर्ताहरूलाई खुवाउँथे । त्यसक्रममा कति दिन त उनी आफू भने भोकै बस्नुपर्थ्यो ।

क्रान्तिप्रति चाङबाईका जनताले देखाएको यो इमानदारिता वास्तवमै विशिष्ट खालको थियो । उनीहरूले उत्साहप्रद रूपमा क्रान्तिकारी सेनालाई मद्दत गरे । कतिले आफ्नो श्रीसम्पत्तिसमेत बेचेर क्रान्तिमा योगदान पुऱ्याए । उस्तै परिस्थिति आइपरे उनीहरू आफ्नो ज्यान दिन पनि पछि परेनन् ।

सन् १९३७ को मे महिनामा एउटा अचम्मको घटना भयो । इर्डाओगाङको सडकमा एउटा बालक र महिलाको शव फेला पऱ्यो । पक्राउ पर्नुअघि तिनी महिला आफ्नो घरमा घाइते गुरिल्ला सिपाहींहरूको गोप्य रूपमा स्याहारसुसार गर्थिन् । जापानी सेनाका एक जना सशस्त्र सिपाहींले तिनी महिला र उनले स्वास्थ्य स्याहार गर्दै आएकी एकजना घाइते पुरुष गुरिल्ला सिपाहींलाई मुक्का हाने । अनि दुवैलाई जापानीहरूको चौकीमा लिएर गए । उनी कडा स्वभावकी महिला थिइन् । घरबाट जाँदा उनले आफ्नो छातीमा एउटा छुरा लुकाएर लगेकी रहिछिन् । बाटोमा जाँदै गर्दा उनले त्यही छुराले जापानी सिपाहींको अनुहारमा प्रहार गरेर उसले कम्मरमा भिरेको पेस्टोल खोसिन् । उनले यति गर्दैगर्दा सँगै गएका घाइते गुरिल्ला सिपाहीं भाग्न सफल भए । गुरिल्ला लडाकु भागेर नदेखिने नहुञ्जेलसम्म बहादुर महिलाले आफ्नो हातको पेस्टोलले जापानी सिपाहींतिर ताकेर झण्डै आधा घण्टा हलचल नगरी उभिइन् । होशमा आएपछि जापानी सिपाहींले महिलामाथि मुक्का हानेर पेस्टोल खोस्यो । अनि निर्दयीपूर्वक महिला र उनको बच्चालाई छुराले घोचेर मारयो ।

केही समयपछि यो घटनाबारे सर्वसाधारण जनताले थाहा पाए । एक रात उनीहरूको लास बेपत्ता भयो । जापानी सिपाहींले लास बेपत्ता हुनुलाई कुनै ठूलै दुर्घटना भएजस्तो गरी हल्ला फैलाए । उनीहरूका गुप्तचरहरूले चौबीसै घण्टा ती लासमाथि निगरानी राखेको साक्षी त भगवान् नै मात्र होला । इर्डाओगाङ र वरपरको क्रान्तिकारी सङ्गठनले उपयुक्त समय आउने बित्तिक्कै विजुली वेगमा ती लासको सदगत गऱ्यो ।

चाङबाई काउन्टीमा एउटा गाउँ छ- चुचियादोङ । त्यो गाउँबाट धेरैजना विख्यात क्रान्तिकारीहरू जन्मे । 'चक्कु बुढा' नामले चिनिएका किम ज्योङ सोक पनि त्यो गाउँमा लडेका थिए । माथि चर्चा गरिएकी महिलाले जस्तै चक्कु बुढाले पनि आफूलाई बाँधिएको डोरी चक्कुले काटेर उनलाई गिरफ्तार गरेर लाँदै गरेको जापानी सिपाहींमाथि हमला गरेका थिए । गुरिल्ला सेनामा सामेल भएर टोली नेताको जिम्मेवारीमा रहँदा उनका सहयोद्धा कमरेडहरूले उनलाई 'चक्कु बुढा' भनी नाम जुराइदिए । त्यही बेलादेखि उनी त्यही नामबाट सर्वत्र चिनिए । जीवनका अन्तिम वर्ष उनले प्योङयाङमा बिताएका थिए । त्यहाँ उनी बस्ने घरका केटाकेटीहरूले समेत उनलाई 'चक्कु बुढा' भनी सम्बोधन गर्थे ।

दु:खको कुरा छुरा बोक्ने महिलाको नाम भने हामीले थाहा पाउन सकेनौँ । उनको सहायताबाट भाग्न सफल गुरिल्ला

सिपाहीं आफ्नो टोलीमा फर्कन सकेनन् ।

एक दिन मैले चुचियादोङको भूमिगत सङ्गठनका सदस्य बुढो जि पोङ फलको जिम्मामा दुईजना बिरामी मानिस छोडेको थिएँ । दुईजनामध्ये एकजना किम ञ्योङ वन थिए । उनी आन्द्राको समस्याबाट पीडित थिए । अर्को एकजनाको नाम मैले बिर्सें । उनी पनि घाइते थिए । दुई महिनासम्म दुवैजना बिरामीहरूको बुढो जिले निकै मिहिनेतका साथ स्याहार गरे । तर, शत्रुको 'दण्डात्मक' कारबाहीमा उनको हत्या भयो ।

शत्रुले उनको गाउँमा हमला गर्दा क्रान्तिकारी सेनाका बिरामी सिपाहींहरूलाई पहाडमा सुरक्षित रूपमा लुकाउने बन्दोबस्त गरे । उनी आफू भने गाउँबाट भागेनन् । शत्रु आएको थाहा पाएर पनि उनी आफ्नै घरमा बसिरहे किनभने आफ्नो घर रित्तो देखे क्रान्तिकारी सेनाका सिपाहींहरूलाई शत्रुले पहाडको कुनाकाप्चामा धुइँपत्ताल खोज्ने कुरा उनलाई थाहा थियो ।

शत्रुले क्रान्तिकारी सिपाहींहरू कहाँ छन् भनी सूचनाको लागि बुढा जिलाई यातना दियो । तर, उनले सिधै आफूलाई केही थाहा नभएको जवाफ फर्काए । शत्रुले उनको मुखैमा निर्ममतापूर्वक छालाको पेटी वर्षायो । तत्कालै उनको मुखबाट रगतको धारा बग्यो । शत्रुले जतिसुकै यातना दिए पनि उनी टसमस भएनन् । बरु उनले बलियो गरी आफ्नो मुख बन्द गरे ।

शत्रुले खाल्डो खनेर उनलाई जिउँदै गाड्ने डर देखायो । उनको निधारमा पेस्टोल तेर्स्याएर घाइते सिपाहींहरू लुकेको ठाउँ देखाए पैसा इनाम दिने, नदेखाए खाल्डोमा पुर्ने धम्की दिए । तर, बुढो जिको मुखबाट एक शब्द पनि चुहेन । रिसले बहुलाएका जापानी सिपाहींहरूले उनलाई गोली हानेर खाल्डोमा पुरिदियो । मर्ने अवस्थामा अन्तिम श्वास तान्दै बुढो मान्छेले आफ्ना गाउँलेहरूलाई एउटा साधारण आग्रह गरे, 'हाम्रो सेनालाई दिलोज्यानले मद्दत गर्नु होला । त्यसपछि मात्र नयाँ समाजको उदय हुनेछ ।'

उनको यो अन्तिम क्षणलाई समयान्तरमा 'चुचियादोङ घटना' भनिन थालियो । धेरै दिनपछि किम ञ्योङ वनले भनेर मात्र मैले उनको हत्याको खबर थाहा पाएँ ।

खेत जोतेर जीविकोपार्जन गरिरहेको साधारण र बेदाग जीवन बिताइरहेका एकजना असल किसान मृत्युशय्यामा कसरी त्यत्ति सौम्य रहन सक्छन् ? आफूलाई मारेर पुर्न ठीक्क पारेको खोल्डोसामू उभिएर जीवनको अन्तिम क्षणमा उनले आफ्नो मुहारमा कसरी चमक ल्याउन सकेका होलान् ? उनी कसरी एकजना वीरजस्तै गरी उभिन सकेका होलान् ?

मृत्युको मुखमा पुगेर उनले नयाँ संसार बनाउने अभियानलाई गतिवान बनाउन हाम्रो सेनालाई इमानदारीका साथ मद्दत गर्नुपर्ने अन्तिम शब्दले एकजना व्यक्तिको निम्ति आस्था कति महत्त्वपूर्ण हुँदो रहेछ र आफ्नो विश्वासबाट मानिसले कति ठूलो शक्ति आर्जन गर्न सक्दो रहेछ भन्ने कुरा हामीलाई देखाएको छ ।

ठूलठूला चुनौती र जोखिम मोलेर पनि चाङबाई काउन्टीका जनताले क्रान्तिकारी सेनालाई मद्दत गरे, आफ्नो जीवन बलिदान गरे । तर उनीहरूले कहिल्यै पनि कुनै प्रतिफलको आशा गरेनन् । देशको मुक्तिपछि उनीहरू कसैले पनि आफ्नो लागि केही मागेनन्, खोजेनन् ।

देशको मुक्तिपछि श्रीमती ञ्योम पो बाइ आफ्ना केटाकेटी लिएर हेसान गए । उनले दस वर्षभन्दा लामो समयसम्म हामीलाई आफू त्यहाँ बसिरहेको जानकारी समेत दिइनन् ।

सन् १९५८ मा मात्र म ञ्याङगाङ प्रान्तमा स्थलगत निरीक्षण भ्रमणको क्रममा उनी हेसानमा बसिरहेको थाहा पाएँ । मैले उनलाई रेलमार्ग स्टेसनमा भेटेको थिएँ । उनको कपाल सेतै फुलिसकेको थियो ।

'आमा ! तपाईँको छोरो जोङ गन र श्रीमान ईश्वरको प्रिय भइसक्नुभयो ।...तपाइँका फुलेका कपाल देख्न...'

मैले थप केही भन्न सकिनँ । क्रान्तिकारी सेनालाई मद्दत गरेको भन्दै प्रहरीले उनका श्रीमान काङ इन हङलाई निर्मम यातना दिँदा रगत छादेर उनको निधन भएको थियो ।

उनले मलाई गमलङ्ग अङ्गालोमा बेरिन् र भक्कानिएर रोइन् ।

उनका खस्रा हात छाम्दै मैले गहिरो विस्मातका साथ भनें, 'बितेका दिनमा म धेरै पटक तपाईँको घरमा आफ्नै घरजस्तो गरी बारम्बार आइरहें । हाम्रो देश मुक्त भएको दस वर्ष बितिसक्यो । तपाईँले मलाई एकपटक पनि सम्झनुभएन, किन ? यो त अति भएन र ! तपाईँले के मलाई एउटा चिट्ठी पनि लेख्ने विचार गर्नुभएन ?'

'जनरल ! म प्योङयाङमा आएर तपाईँलाई भेट्न व्यग्र थिइनें भन्ने कुरामा तपाईँ कसरी विश्वास गर्न सक्नुहुन्छ ? तर, तपाईँलाई त्यहाँ भेट्न चाहने मान्छे ममात्र त नहोला नि । हामी सबै तपाईँलाई भेट्न आए तपाईँ निकै व्यस्त हुनुहुनेछ । अनि त्यसरी सरकार कसरी चल्न सक्छ र ?'

हामीलाई देख्ने बित्तिक्कै आफूले खुट्टामा लगाएको जुत्ता खसेको चाल नपाउने गरी हत्तारिएर गाउँ पस्ने बाटोमा आउने चाङबाईका समर्पित जनता मुक्त भएपछि आफ्नो देशमा फर्के र चुपचाप शान्त जीवनयापन गर्दै बसे । उनीहरूले क्रान्तिको निम्ति आफूले गरेको योगदानबारे संसारलाई भन्दै हिँड्नुपर्ने आवश्यकता ठानेनन् ।

त्यसको केही समयपछि मैले श्रीमती ञ्योमलाई प्योङयाङमा बोलाएँ र तेदोङ नदी किनाराको सुन्दर स्थानमा उनको निम्ति एउटा घरको व्यवस्था गरें ।

जापानविरोधी क्रान्तिका दिनहरूमा आफ्नो रगत दिएर मद्दत गरेका चाङबाईका सबै जनताको भावना त्यत्ति

जीवन्त थियो ।

मैले माथि पनि थोरै उल्लेख गरिसकेको छु, सन् १९३७ को ग्रीष्मयाममा किम से उन स्वदेश फर्किए । उनी उनहङ, पोचोन, मुसान र सोङजीन (किमचैक) घुमेर भूमिगत सङ्गठन विस्तार गरे र गुरिल्ला सेनालाई मद्दत गर्ने परिस्थिति बनाए ।

पछि उनी तुमेन गए र त्यहाँ गोरुगाडामा भारी बोक्ने मान्छेको भेषमा भूमिगत गतिविधि सञ्चालन गरे । देश मुक्त नहुँदासम्म उनले त्यही कामलाई निरन्तरता दिए । आश्चर्यको कुरा त के थियो भने उनका खुट्टा लुला थिए । तथापि, उनी कोही पनि सक्षम व्यक्तिभन्दा कति पनि कम थिएनन् । भूमिगत गतिविधि सञ्चालन गर्न उनी आफ्ना कमजोर खुट्टाकै बलमा धेरै ठाउँमा पुग्थे । तर, उनी आफूले गरेका कामबारे उति चर्चा गर्दैनथे । उनका कामबारे हामीले धेरैपछि मात्र जानकारी पायौँ । उनका योगदानले इतिहासकारहरूको ध्यानाकर्षण गऱ्यो ।

किम से उन एक्लैमात्र किन यति भद्र थिए त !

पश्चिम जिआन्दाओका अधिकांश जनता ती दिनहरूमा पितृभूमि पुनःस्थापना सङ्गठनका सदस्यहरू थिए । आजको शब्दमा भन्नुपर्दा उनीहरू नसुनिएका नायकहरू र सम्मानित व्यक्तित्वहरू हुन् ।

जनक्रान्तिकारी सेना र जनताबीचको सम्बन्ध विच्छेद गर्न शत्रुले गाउँहरूलाई बन्द शिविरमा रूपान्तरण गरेका थिए । गाउँका सिमानामा किल्लाहरू बनाएर गुरिल्ला सेनालाई सहायताका बाटा बन्द गर्न खोजेका थिए । गाउँको वरपर माटोका पर्खालका बनाएर तार जाली लगाएका थिए । तर, यति गर्दा पनि पश्चिम जिआन्दाओका मानिसहरूको दिमाग भने शत्रुले बन्द गर्न सकेनन् । पेक्डु पर्वत उक्लिन उनीहरूलाई कसैले रोक्न सकेन । आत्मरक्षा टोलीका प्रमुख बनेका शिविर बनाइएका गाउँहरूका मुखिया र गाउँको प्रवेशद्वारको हेरचाह गर्ने मानिसहरू नै सबै हाम्रै मान्छेहरू थिए । त्यसकारण शत्रुले शिविर बनाएका गाउँबारे गर्ने गरेका हल्लाबाजी सबै बेतुकका थिए ।

पूर्वी मञ्चुरियाको आधार क्षेत्रभन्दा पेक्डुसानको आधार क्षेत्र मानिसको बसोबास भएको ठाउँभन्दा टाढा थियो । यद्यपि, पूर्वी मञ्चुरियाको आधारक्षेत्रभन्दा पेक्डुसानको आधारक्षेत्रमा जनक्रान्तिकारी सेना र जनताबीचको सम्बन्ध बलियो र आपसमा हार्दिक थियो भनिन्छ । तिनै जनताप्रतिको भरोसामा हामीले पेक्डु पर्वतलाई कोरियाली क्रान्तिको नयाँ रणनीतिक आधार बनाउने निर्णय त्यसअर्थमा सही ठहरियो । पेक्डुसान आधारक्षेत्रका जनता बेदाग देशभक्ति समर्पणभावले ओतप्रोत थिए । जनक्रान्तिकारी सेनाप्रति उनीहरूको दिमाग पवित्र थियो । गुरिल्ला सहायता अभियानमार्फत् ती जनताले हामीले अपेक्षा र कल्पना गरेभन्दा धेरै गुणाले शत्रुलाई ऱ्याखऱ्याख्ती पार्थे ।

सेनालाई सहयोग गर्ने क्रान्तिकारी परम्परा र त्यो परम्परालाई समृद्ध बनाउने उदाहरण प्रस्तुत गर्ने उनीहरू वास्तवमै साहसिला जनता थिए । सबै तह र तप्काका जनता–युवा र वृद्ध, पुरुष र महिला, सिङ्गो गाउँ र सबै घरपरिवार सामेल भएर समग्र राष्ट्रिय अभियानको रूपमा त्यो अभियान विकास भएको थियो । उनीहरूको त्यो अभियानको सहयोगबाट हामी शत्रुविरुद्ध कठिनभन्दा कठिन युद्धहरूमा पनि विजयी बन्न सफल भयौँ ।

पश्चिम जिआन्दाओको विशाल क्षेत्रमा फैलिएको जनक्रान्तिकारी सेनालाई समर्थन गर्ने अभियानले मलाई फेरि एकपल्ट सङ्गठित जनतामा विशाल शक्ति हुने कुरामा विश्वस्त बनायो । टारमा रहेको एउटा गाउँ होस् वा तीन किसान घरपरिवारमात्र बस्ने सानो उपत्यका किन नहोस्, जहाँ पनि सङ्गठन बनेकै हुन्थ्यो । ती गाउँहरूमा कुनै पनि बेला हामी आउँदै गरेको खबर पठाए गाउँलेहरू ओछ्यान छोडेरै जनताका सिपाहींको लागि खाना पकाउनतिर लाग्थे । जनक्रान्तिकारी सेना गाउँबाट चार किलोमिटर टाढा पुग्दा उनीहरू आफ्नो गाउँमा तातो खाना खुवाउन पकाइतिर लाग्थे ।

हामीले पठाएको छोटो समयको खबरकै भरमा पनि पश्चिम जिआन्दाओका जनता पेक्डु पर्वतमा उक्लिन र पहाडको टुप्पामा उभिएर कोरियाको स्वाधीनताको निम्ति नारा लगाउन तयार हुन्थे । उनीहरू हाम्रो निर्देशनको शब्दशः पालना गर्थे किनभने सन् १९३६ को शरदयाममा त्यहाँका जनता त्यसरी कस्सिलो सङ्गठनमा एकढिक्का भइसकेका थिए ।

एउटा कोरियाली उखान छ– मोतीका दानालाई धागोमा उनेपछि मात्र त्यो गहना बन्छ । पश्चिम जिआन्दाओका सबै महिला र पुरुष त्यस्तै मोतीका दाना थिए । पितृभूमि पुनःस्थापना सङ्गठनका एकाइहरूले पश्चिम जिआन्दाओलाई आफ्नो प्रभाव क्षेत्र बनाएको थियो र ती सबै मोतीका दानालाई बहुमूल्य बनाएको थियो ।

यदि उनीहरू हाम्रो सङ्गठनमा आबद्ध नभएको भए उनीहरूको अवस्था के हुने थियो ? ती मोतीका दाना शत्रुका हातमा पर्थे र एक–एक गर्दै माटोमा बिलाएर जाने थिए । एकजना व्यक्तिमात्र जतिसुकै देशभक्त भए पनि ऊ एक्लैले के नै पो गर्न सक्छ र ?

मैले सधैं भन्ने गरेको छु, 'क्रान्तिकारीहरूको सबभन्दा ठूलो सम्पत्ति भनेकै सङ्गठन हो । स्वाधीनताको चाहना राख्ने जुनसुकै देशका क्रान्तिकारी र जनताको निम्ति पनि सङ्गठनको महत्त्व कदापि पनि उपेक्षा गर्न सकिन्न । समय परिवर्तन भए पनि सङ्गठनको भूमिका कहिल्यै कम हुँदैन । न त क्रान्तिको सफलतापछि सङ्गठनमा आबद्ध जनतालाई नै उपेक्षा गर्न मिल्छ । सत्तामाथि जित हासिल गर्न, सत्ता प्राप्त गरिसकेपछि राज्य निर्माण र क्रान्तिको निरन्तरताको निम्ति, कम्युनिस्ट समाज

स्थापनापछि र यो समाज निर्माणमा सफलता प्राप्त गरिसकेपछि पनि जनतालाई सङ्गठित बनाउन अत्यन्त महत्त्वपूर्ण हुन्छ। जसरी क्रान्तिको कुनै सीमा हुँदैन, जनतालाई सङ्गठित बनाउनुको पनि कुनै अन्त्य हुँदैन। यो नै सामाजिक विकासको शरीरविज्ञान हो। विकसित समाज बनाउन चाहने सबै जनताले ठूलो महत्त्व दिनुपर्ने यो सूत्र हो।'

हामी अहिले व्यापक जनसमुदायलाई सङ्गठनमा आबद्ध गर्न मिहिनेत गरिरहेका छौँ। कम्युनिस्ट समाज निर्माण भइसकेपछि पनि हामी यो कामलाई निरन्तरता दिइरहनेछौँ। त्यसका साथै हामी हाम्रो भूमिमा सदाबहार समृद्ध र स्वाधीन समाज बनाउने छौँ। जनताको सङ्गठित प्रयासमा हाम्रो मातृभूमि र प्रणालीलाई बलियो किल्ला बनाउने छौँ।

सन् १९४० दसकको सुरुवातमा तथाकथित 'जापान र सोभियत सङ्घबीच असल छिमेकीको नीति' को नाममा जापानी साम्राज्यवादले संसारलाई झुक्यायो। हाम्रो सङ्घर्ष दबाउन उनीहरूले कोरियाली कम्युनिस्टहरू एक्लिएको भनी हल्लाबाजी गरे। हिटलरले नेतृत्त्व गरेको जर्मनीले जब मस्कोतिर आउने बाटाका सबै तगारालाई पन्छाउँदै 'वियोगपूर्ण समाप्ति' बारे कुरा गर्दै थियो, तब मैले वाङछिङ र चाइबाईका पानी घट्टको सम्झनाबाट आफूलाई उर्जाशील र आत्मविश्वासले पूर्ण बनाएको थिएँ।

आफूलाई संसारकै सबभन्दा शक्तिशाली भनी धाक लगाउने संरा अमेरिकी साम्राज्यवाद र उसका सहयोगी देशका सेनाविरुद्धको युद्धका कष्टसाध्य दिनहरूमा मैले चाङबाईका पानीघट्टहरू सम्झँदै भविष्यको विजयप्रति विश्वास अक्षुण्ण राखेको थिएँ। पानीघट्टको आवाज सम्झेर म विजयप्रति विश्वस्त बनेको कुरा सुनेर कतिपय मानिस आश्चर्यमा पर्न सक्छन्। तर, वास्तविकता यही नै हो।

चाङबाईका गाउँहरूमा आउनेजाने क्रममा त्यहाँका पानीघट्टहरूबाट निसृत जनताको अपार माया, हामीप्रतिको अगाढ विश्वास म प्रष्टै अनुभव गर्न सक्छु। हाम्रो लागि उनीहरू मृत्युको सामना गर्न समेत तयार हुन्थे।

एक पटक घुमघामको क्रममा म रि कुक रोसँगै तोङ्नो नदी (जाङजा नदी) को किनारै किनार टहल्दै थिएँ। कुराकानीको क्रममा मैले उनलाई चाङबाईका पानीघट्टका कुरा सुनाएँ। मैले उनलाई चाङबाईका जनताले पानीघट्टमा अन्न पिनेर हामीलाई पठाएकाले नै पेक्डु पर्वतमा बसेर लड्दै गर्दा हामी कहिल्यै भोकै बस्नु नपरेको कुरा दोहोऱ्याई-तेहोऱ्याई सुनाइरहेँ। शत्रुले गाउँहरू पूरै जलाए पनि र पानीघट्टहरू नष्ट गरे पनि त्यहाँ पानीघट्टका आवाज कहिल्यै पनि बन्द भएन। हामीले जनतामाथि विश्वास गरे र उनीहरूको सहायतामा काम गरे, जस्तोसुकै शक्तिशाली शत्रुलाई पनि पराजित गर्न सक्छौँ। मैले बग्दै गरेको नदीलाई देखाउँदै यति विशाल नदी त्यत्तिकै खेर गइरहेको कुरा सुनाएँ। ती दिनहरूमा चाङबाईका कोरियाली जनताले स-साना खोल्सामा पनि पानीघट्ट बनाएर तिनको प्रभावकारी प्रयोग गर्ने गरेको सुनाएँ। हामीले युद्धपछि ती नदीहरूमा बाँध बाँधेर ठूला जलविद्युत् केन्द्र बनाउनुपर्ने विषयमा रि कुक रोसँग सल्लाह गरेँ।

जापानविरोधी सशस्त्र सङ्घर्षको क्रममा बनेको जनताको सेनालाई सहयोग गर्ने तथा सेना र जनताबीचको एकताको परम्परा महान् पितृभूमि मुक्ति युद्धको बेलामा अझ अक्षुण्ण र बलियो बन्यो। संसारकै 'सबभन्दा बलियो शक्ति' विरुद्ध हाम्रो भर्खरको नवोदित गणतन्त्रको विजयको जस सबै जनता र सेना एवम् जनताबीचको एकतालाई जान्छ। शत्रुको सेना विशुद्ध सैनिक शक्तिमात्र हो भने हाम्रो शक्ति जनताको शक्ति पनि हो।

हाम्रो पार्टीको मार्गनिर्देशनमा आज पनि यो भव्य परम्परा सम्मानका साथ अघि बढिरहेको छ।

आज 'हाम्रो गाउँ-हाम्रो चौकी' र 'हाम्रो चौकी-हाम्रो गाउँ' जस्ता अभियान हाम्रो देशका कुनाकाप्चासम्म चुस्त तरिकाबाट सञ्चालन भइरहेका छन्। यी अभियानमा जनताले सेनालाई र सेनालाई जनताले मद्दत गर्ने गर्छन्। देशभरका कलकारखाना, प्रतिष्ठान, कृषि फार्म, आवासीय क्षेत्र र विद्यालयहरूमा यो अभियान तीव्रगतिमा लोकप्रिय बनेको छ। विशेषतः कोरियाली जनसेनाको सर्वोच्च कमान्डरमा कमरेड किम जङ इल बनेयता यो अभियानले व्यापकता पाएको छ।

सेना र जनताबीचको यस्तो सम्बन्ध कोरियाको लागि ठूलो गौरवको स्रोत हो। यस्तो गौरव कुनै पनि देशको सेना निर्माणको इतिहासमा भेटाउन मुस्किल छ। सेना र जनताको एकतामा आधारित यो शक्तिले पोषाएका हामी कुनै पनि शत्रुको मोलमोलाइ र धम्कीसामू झुक्दैनौँ।

एकमनको एकता एवम् सेना र जनताबीचको मिलन नै कोरियाली क्रान्तिमा प्राप्त सबभन्दा ठूलो सफलता हो भन्ने मलाई लाग्छ।

जापानविरोधी महान् युद्धको क्रममा मैले सुनेको पानीघट्टको आवाज अझै पनि मेरा कानमा गुञ्जायमान हुने गरेको छ। त्यो आवाजसँगै मेरो आँखासामू चाङबाईका धेरै जनताका अनुहार खेल्न थाल्छन्। उनीहरूमध्ये कति जना फासीको तख्तामा झुण्ड्याइए ! कतिले जेलको चिसो कोठामा प्राण त्यागे ! गुरिल्ला सेनालाई सहायता सामग्री पुऱ्याउने क्रममा हिउँले छोपिएको पेक्डु पर्वतमा कति जना चिसोले कठ्याङ्ग्रिएर मरे !

म उनीहरू सबैको सम्मानमा शिर निहुराउन चाहन्छु। उनीहरूका त्याग र समर्पण सम्झेर आभारले भरिएको मेरो मुटु धक्क फुल्ने गर्छ।

नेपाली अनुवादः नीरज

धौभडेल वंशको कुलमणि हर्षनारायण धौभडेल

ओम धौभडेल

भक्तपुर नगरमा रहेका थुप्रै थरहरूमा धौभारी पनि एक हो । जसलाई धौभडेल पनि भनिन्छ । भक्तपुरको टौमढी, गहिटी, बोलाछँमा मुख्य बसोबास रहेका धौभारीहरू काठमाण्डौँ, पाटनदेखि खोटाङ लगायतका विभिन्न स्थानहरूमा बसोबास रहेको छ ।

धौभडेल अर्थात् दहीको भण्डारे, धौ-दही र भडेल भण्डारी भन्ने बुझिन्छ । विशेषगरी नेपालभाषामा थर पछि 'ल' शब्दको उचारण वा प्रयोग भएको हुँदैन । जस्तै सुवाल नभई 'सुव' मात्र हो । दुवाल नभई 'दुव', 'दुवा' मात्र हो । त्यस्तै धौभडेल पनि नेपालभाषाको शब्द धौभारीको अनुवादमा नेपालीमा हुनगएको मात्र हो । धौभारी कुनै थर नभई तत्कालीन समयमा तलेजुभित्र विभिन्न काम गर्ने एक रकमी भएको देखिन्छ । भक्तपुर तलेजुभित्र तथा दरबार भित्र विभिन्न पूजापर्व, भोज भतेरका समारोहमा हुने भोज भतेरलाई व्यवस्थित गर्न तत्कालीन समयमा भोजमा राख्ने परिकारहरूको व्यवस्था गर्न रकमीहरूको व्यवस्था गरिएको हुन्थ्यो । राजा जितामित्र मल्लले आफू र आफ्ना परिवारका सदस्यहरू र भारदारहरूले दीक्षा लिएको समयमा राख्न लगाएको धरपौ तथा राजा रणजित मल्ल युवराज छँदा भएको शुभ ब्रतबन्ध तथा शुभ विवाहको धरपौहरूबाट त्यसबेला भोजमा दही राख्ने व्यक्तिलाई 'धवया भदिल' भन्ने गरेको देखिन्छ ।

यही धौभडेल कुलमा जन्मेका एक प्रातःपुर्खा हर्षनारायण धौभडेल यस वंशकै कुलपुरुषको रूपमा रहेका छन् । रामकृष्ण मणिका माहिलो पुत्रको रूपमा धौभडेल वंशमा जन्मेका हर्षनारायण धौभडेल कुलकै प्रथम कुलमणिको रूपमा प्रख्यात छन् । त्यही भएर आजसम्म उनको नाम धौभडेल वंशमा आदर पूर्वक लिने गर्दछन् ।

उनको जन्म गाःहितिस्थित दुगंछँमा भएको हो । पिता रामकृष्ण मणि र खयरगोलिनी माताबाट द्वितीय पुत्रको रूपमा वि.सं. १८६१ मा हर्षनारायणको जन्म भएको थियो । उनी जवान भएपछि आफ्नो बलबुता र बुद्धिले धेरै प्रख्यात बने । निरङ्कुश राणाहरूको शोषण अत्याचारको बाबजुद पनि उनी आफै एक शासकको हैसियतमा पुगेको देखिन्छ । आफ्ना पिता पितामहले शुरु गरेको व्यापार व्यवसायबाट जोडेको अकुत सम्पत्तिमध्ये केही मात्र छोराहरूलाई बाँडिदिइ बाँकी देवदेवीको पूजाआजा, धर्मकर्म गर्न गुथि स्थापनागरी कीर्तिको रूपमा राखे । आफ्ना पुर्खाहरू मल्ल भएपनि शाहवंशको उदय पछि आफ्नो जात, सम्पत्ति सबै त्यागी बाहिर बस्नपरेको अवस्थामा आफ्ना पुर्खाहरूको इज्जत र गौरव पुनः कायम गर्न उनी सफल भए । त्यतिमात्र होइन, आफ्ना पुर्वजहरूले बाँच्नको लागि अपनाएको बाध्यात्मक चुनौतीलाई पछि अन्य विरोधीहरूले जातले बाहेक गर्न खोज्दा सबैलाई जवाफ दिनेसक्ने एउटै व्यक्ति हर्षनारायण बने । आज धौभडेलहरू जति सम्मानित एवम् गौरवशाली इतिहास बोकेर अगाडि बढिरहन सफल भएको छ, यसको पछाडि एउटै कारण पुर्वज हर्षनारायण धौभडेल बनेका छन् ।

उनले आफ्नो जीवनकालमा भक्तपुरको कला संस्कृति बचाउन ठूलो योगदान गर्ने क्रममा आफूले आर्जन गरेको ५-६ सय रोपनी जग्गा जमिनहरू विभिन्न देवदेवीहरूको पूजापर्व, जात्रा गुथि चलाउन आयस्ताको रूपमा निजी गुथिमा राखेको देखिन्छ । जसमा हर्षमुक्तेश्वर शिवालय गुथि, नवदुर्गा नाचगुथि, आरती बाल्ने गुथि, नागपन्चमी, शिवरात्री, भुसारां जस्ता पूजापर्वहरू पर्दछन् । त्यस्तै आफ्ना पुर्वजहरू जस्तै आसाराम, जयकृष्ण मणि, रामकृष्ण मणि, आदिको पालादेखि चल्दै आएको तलेजुको सिलौत्ये रकमी थने गरुडनारायणको दुरुगुथि, आगको पूजापर्व, थकाली श्राद्ध, परदेशी भिसीं द्यः कहाँ आरती बाल्ने गुथि, पलाँती पुन्ही, चाँसु पुन्ही जस्ता गुथिहरूलाई व्यवस्थित पार्ने कामगरे ।

यसै क्रमले उनले विश्वप्रसिद्ध पाँचतले मन्दिर र भैरवनाथ मन्दिर समिप बनेको ऐतिहासिक तथा वास्तुकलाले महत्त्वपूर्ण प्रसिद्ध पुबहा प्राप्तगरी धौभडेलहरूको गुमेको श्रीसम्पत्ति प्राप्त गर्न सम्भव भयो । शुरुमा मल्ल राजाहरूको बासस्थान रहेको यो भवन रणजित मल्लले आफ्ना सातमध्ये एक राजकुमारलाई दिएकोमा पछि पृथ्वीनारायण शाहको पालामा उक्त राजकुमारबाट खोसेर एकजना ब्राह्मणलाई दिएको मानिन्छ । पछि उनै ब्राह्मणबाट हर्षनारायणले खरिद गरेको देखिन्छ । भनिन्छ, यो वहालको ठिक सामुन्ने भैरव र बेतालको मन्दिर छ । यसमध्ये भैरवको वाहन बेताल प्रायःगरी सानो बालकको भेषमा यो घरमा आई साऱ्है दुखदिने गर्दथ्यो । बेतालको यो हरकतले ब्राह्मण दिक्क भई भवन बेच्नलाग्दा हर्षनारायणले थाहापाई किनेको भन्ने सुन्न पाइन्छ । जुन भवन आजसम्म धौभडेलहरूको शान भएर बसेको छ । यो भवनको माथिल्लो तलासम्म घोडामा बसेर जान मिल्नेगरी भऱ्याङको व्यवस्था गरेको छ । ने.सं. ९७५ मा तत्कालीन बडाहाकिम धिरशमशेरले तलेजुभित्र सुन्धारामा पानी आउनेगरी ऐतिहासिक

राजकुलोको मर्मत गर्न लगाउँदा हर्षनारायणले तलेजुमा आउने पानीको एकभाग पुबहाभित्र स्थापना गरिएको एक कलात्मक पूर्वाभिमुख धारामा आउने व्यवस्था गरिदिएका थिए। यो पूर्वाभिमुख धारा सापारुमा भक्तपुरमा मुखधुने नौ धारामध्ये एक धारामा गनिन्छ।

पुबहा विश्वप्रसिद्ध डाःतापोल्हँ र भैरवनाथको सम्मुख एउटा अति नै भव्य कलाकृति एवम् वास्तुले भरिएको बहा हो। यो बहा विश्वप्रसिद्ध डाःतापोल्हँ मन्दिर बनाउनुभन्दा अगाडि जगतप्रकाश मल्लको पालामा नै भइसकेको देखिन्छ। त्यसबेला यो ठाउँ डाःतापुल भन्ने एउटा वास्तुरहेको र त्यस ठाउँ नजिक बनेको यो बहा (घर) पुलु बहाबाट प्रसिद्ध रहेको देखिन्छ। यसमध्ये राजा जगतप्रकाश मल्लको समयमा नै पुलबहा रहेको तथ्य त्यसबेला राजकुमार अर्थात् जगतप्रकाश मल्लका कान्छा छोरा उग्र मल्लको विवाहमा लेखिएको धरपौबाट थाहा पाउन सकिन्छ। ने.सं. ७९३ भाद्रपद शुदी ९ को दिन उग्र मल्लको विवाह हुँदा भक्तपुरका ठाउँ ठाउँबाट नाच ल्याई देखाउँदा राजा पुलु बहामा बसी हेरेको थाहा हुन्छ। त्यस्तै उनकै पनाति राजा भुपतिन्द्र मल्लको पालामा समेत यो पुलबहाको उल्लेख भएको पाइन्छ। ने.सं. ८२२ मा डाःतापोल्हँ मन्दिर बनाउँदा राजा भुपतिन्द्र मल्ल यही पुलुबहाको सझँयामा बसी १५० मोट खर्च दिएको अर्को एउटा धरपौमा उल्लेख छ। यसबाट यो बहा मल्ल राजाहरू रहन नै बनाएको हो भन्ने स्पष्ट हुन्छ। त्यसबाहेक

xif{0]Zj/ lzjfno

यो बहाको वास्तु शैली, कलात्मक सझ्याँ, विमान झ्या, ढोका, झ्याङग, घर भित्रको चोक आदिले पनि यसैको सङ्केत गर्दछ। पूर्व-पश्चिम दुइनाले, उत्तर-दक्षिण दुईनाले यो आयताकार बहाको उत्तरपूर्व कुनामा विस्का जात्राको क्रममा योसिंख्योमा योसीं द्यः उठाइसकेपछि पोडेहरूले एउटा राँगो काटी त्यसको टाउको बाजा बजाउँदै यहाँ ल्याइराख्ने गर्दछ। त्यसअघि योसीं द्यः उठाउनलाई यही पुलुबहा मुनीबाट भाजंखचा योसींख्योमा लानु पर्दछ। यस सम्बन्धमा एउटा किंवदन्ती पनि छ। यसबाट पनि यो ठाउँमा लिच्छविकालमै कुनै महत्त्वपूर्ण दरबार भएको अनुमान गर्नसकिन्छ। जुन पछिल्ला मल्ल राजाहरूले बहाल बनाएको हुनसक्छ। यता पृथ्वीनारायण शाहले काठमाण्डौँ उपत्यका विजय गरिसकेपछि यो बहा पुरोहित ब्राह्मणहरूलाई दिएको अनुमान छ। यही बहाल पछि ब्राह्मणहरूबाट धौभडेलहरूको निजी सम्पत्ति बनेको हो। जे होस्, पुबहा टौमढी टोलको ऐतिहासिकता बोकेको एउटा सम्पदा हो, वास्तु हो। यो यहाँको शोभा अनि महत्त्व बोकेको सम्पदा हो।

इतिहासको एक पाना

धौभडेलहरूको कुलमणिको रूपमा देखिएका हर्षनारायण धौभडेलको सन्दर्भमा एउटा कुरा यहाँ उल्लेख गर्नैपर्ने हुन्छ। तत्कालीन भक्तपुरका बडाहाकिम धिर शम्शेरसँग हर्षनारायण धौभडेलको घनिष्ठ मैत्री रहेको अवस्थामा भक्तपुर तलेजु भवानीभित्र परम्परादेखि चल्दै आएको पूजापर्वलाई आवश्यक सरसामान उपलब्ध गराउने जिम्मा हर्षनारायण धौभडेलले पाएको थियो। परम्परादेखि चल्दै आएको नियमित पूजापर्व र थापूजाहरू लथालिङ्ग भई तलेजुको अस्तित्वमा धक्का पुगेको महसुसगरी हर्षनारायण धौभडेलले ती सबैलाई व्यवस्थित गर्न त्यहाँ भित्र पराम्परादेखि चल्दै आएको पूजापर्व थापूजाहरू नियमित एवम् व्यवस्थित गर्न करिब १७०० रोपनी जग्गाहरूको छुट्टाछुट्टै रकमअर्न्तगत व्यवस्था गरेका थिए। यसको लागि उनले श्री तलेजु स्थानको धर्मकृति, थापूजा, पर्वपूजा र वर्ष पूजाहरूको एउटा छुट्टै लगत नै बनाउन लगाएका थिए, यो इतिहासले कहिल्यै भुल्न सक्दैन। सम्भवतः तलेजु स्थापनापछि विभिन्न मल्ल एवम् शाह राजाहरूले राजकीय तवरमा अभिलेख तथा लालमोहर लगाउने कार्य भइआएको बाहेक पछिल्लो पटक श्री तलेजुलाई व्यवस्थित गर्ने पहिलो व्यक्ति हर्षनारायण धौभडेल भएको देखिन्छ। जसले आजभन्दा १५० वर्ष अगाडि नै यो लगत तथा बन्देज तलेजुभित्र लागु गरिसकेको देखिनआउँछ। आजसम्म पनि तलेजुभित्र जतिपनि पूजापर्व, गुथि , थापूजा गुठी सस्थानले गर्दैआएको छ। यसको श्रेय हर्षनारायण धौभडेललाई नै जान्छ। तसर्थ अचेल पनि कतिपय ठूला पूजापर्वहरूमा सामान बुझिलिने क्रममा 'हर्ष धौभारीको लगतबमोजिम हो कि होइन' भनी सोध्ने चलन छ। यसरी काठमाडौँ, पाटनलगायत प्रायः ठूलासाना बस्तीहरूमा तलेजुको धार्मिक सांस्कृतिक महत्त्व

लुप्त भइसकेको अवस्थामा मूल तलेजु भवानीले बास गरेको भक्तपुर तलेजुको अस्तित्व र महत्त्व आजसम्म अक्षुण्ण रहनमा हर्षनारायण धौभडेलको योगदान देखिन्छ ।

हर्षनारायणले यसरी तलेजुभित्र रही कामगर्दै आएको समयमा एकपटक त्यहाँका रकमीहरूसँग ठूलो मनमुटाव भएको सुन्नपाइन्छ । वडा दशैँको कालरात्रीको दिन भक्तपुर तलेजु मुचुकमा श्री तलेजु माजुलाई विराजमान गराइराखेको अवस्थामा त्यहाँ रोटी नै रोटीको देवल बनाई भवानीलाई अर्पण गर्नुपर्ने चलन थियो । परम्परादेखि चल्दै आएको यो चलनको निम्ति तलेजुभित्रकै रकमी हलुवाई मधिकर्मीहरूको हातबाट बनेको विभिन्न प्रकारको रोटी चढाउने गर्दथ्यो अर्थात् यो देवल बनाउन बाहिरको रोटी चल्दैनथ्यो । यसको लागि यही भित्रकै रकमी हलुवाई मधिकर्मीहरू शुद्ध भई, चोखो रही तान्त्रिक विधिअनुसार एकएक हात लामो वा घेराको रोटी बनाउनु पर्दथ्यो । जसमा मिठाई, लघु, माथा , पानमाथा, त्रिकोणमाथा, झिगटीवाला, खाजा, बाको, आतिंगुठी आँतीजस्ता रोटीहरू हुन्थ्यो । यी विभिन्न्न प्रकारका विशेष रोटीहरूको देवल बनाई श्री भवानीलाई अर्पण गर्नुपर्ने र यी रोटीहरू जथाभावी खर्चगर्न नहुनेगरी ने.सं. ७९८ मा राजा जयजितामित्र मल्लले एउटा अभिलेख राख्न लगाएको थियो । उक्त अभिलेखअनुसार भवानीलाई रोटी चढाएको एक महिनापछि राजाको आज्ञा लिई ४० थानमाथा, झिगटीवाला रोटीमात्र बिक्रीगर्न पाउनेरहेछ ।

यसरी नै परम्परादेखि चल्दै आएको परम्पराअनुरूप एकपटक कालरात्रीको अवसरमा मुचुकभित्र तलेजु भवानीलाई रोटीको देवल बनाई हर्षनारायणले चढाएको रहेछ । यता तलेजुभित्रका अन्य केही रकमीहरूले एक रोटी लुकाई हर्ष धौभडेलले तलेजुलाई रोटी नचढाएको हल्ला राणाहरूसँग गर्न पुगेछन् । यता सिपाहीहरू आई हर्ष धौभारीलाई बोलावटगरी लगेछन् । राणाहरू माझ आफ्नो स्पष्टिकरण दिने क्रममा उनले आफूले श्री भवानीलाई चढाउनुपर्ने रोटी देवल चढाइसकेको तर त्यहाँका केही बदमास रकमीहरूको कारण यसो हुनगएको, आफूले श्री भवानीलाई पुनः रोटी देवल चढाउनसक्ने तर त्यो रोटी त्यहाँका रकमीहरूलाई नबाँडी पल्टनलाई ख्वाउनु पर्ने सर्त राखेछन् । यसमा राणाहरूले मन्जुर गरेपछि हलुवाई मधिकर्मीलगायत परिवारजनले पुबहालमा रातारात रोटी बनाएर भोलिपल्ट नै पुनः श्री भवानीलाई रोटीको देवल चढाए भनिन्छ । त्यतिबेला रोटी बनाउने काममा एकजना सानो केटाले खूबै सहयोग गरेको थियो रे । उक्त बालक अरू नभई बेताल भएको भन्ने भनाइ अद्यापि बुढापाकाहरूबाट सुन्नपाइन्छ ।

xifgf/fo0f wf]e8]nsf]k|tdf

हर्षनारायण धौभडेल वंशको एकमात्र प्रभावशाली ब्यक्तित्वको रूपमा स्थापित भएका छन् । उनले आफ्नो जीवनकालमा यति धेरै कीर्ती गुथिको स्थापना गर्नुको साथै ठाउँठाउँमा आफ्नो सालिगसमेत राख्नलगाएको देखिन्छ । राजा महाराजा शासकहरूले मात्र आफू जिउँदो छँदै सालिग राख्न लगाउने परिपाटीमुताविक भक्तपुरको इतिहासमा हर्षनारायण धौभडेल मात्र अपवादको रूपमा देखिन्छन् । उनले निरङ्कुश राणाहरूको पर्वाहनगरी मल्ल शासकले झैँ भक्तपुरमा आफ्नो सालिग राख्न लगाए । यसको प्रमाण स्वरूप उनको एउटा सालिग टौमढीस्थित भैरव मन्दिरभित्र जगतीमा देख्नसकिन्छ । भैरवको अगाडि ढलौटको तीनओटा सालिगहरू मध्ये सबैभन्दा सानो सालिग कुल्छे जोशीको र मझौला खालको सालिक राजा भुपतिन्द्र मल्लको हो भने सबैभन्दा ठूलो सालिग उही हर्षनारायण धौभडेलको हो । यसरी राजाको भन्दा ठूलो सालिग राख्न दायाँबायाँ दुईजना स्त्रीको पूर्णकदको अर्को दुई स-साना सालिग पनि समाहित छ जुन हर्षनारायणका दुई पत्नीहरू क्रमश हेराथकुं र न्हुछे थकुं हुन् । यो सालिग वर्षको एकपटक विस्का जात्राको समयमा मन्दिरबाट बाहिर ल्याउने गर्दछ । उक्त क्रममा भैरवनाथ जहाँ जहाँ राख्न लैजान्छ, सालिग पनि त्यहीँ लैजानु पर्दछ । यस दौरान पाँच दिन लाकुलाछेँस्थित चपाल र दुई दिन योसिंख्यःमा बाहेक अरूबेला मन्दिरमा नै हुन्छ । जहाँ दैनिक विहान बेलुका तेल राखी दियो बाल्ने गर्दछ । त्यस्तै नेपालको इतिहासमा कान्तिपुरका राजा प्रतापमल्ल, पाटनका राजा योगनरेन्द्र मल्ल र भक्तपुरका नेवःजुजु भुपतिन्द्र मल्लले आफ्नो जीवनकालमा प्रस्तर खम्बामा आ-आफ्नो पूर्ण कदको धातुको सालिग बनाउन लगाएको देखिन्छ । यसैअनुरूप हर्षनारायण धौभडेलले पनि चुपींघाटस्थित हर्षमुक्तेश्वर महादेवको गुम्बज शैलीको मन्दिर बनाउन लगाई त्यहाँ पूर्वाभिमुख नमस्कार मुद्राको आफ्नो पूर्ण कदको सालिग त्यसरी नै खम्बामाथि राख्न लगाएको देखिन्छ । जुन अद्यापि उक्त शिवालयभित्र देख्नसकिन्छ ।

सन्दर्भ सामग्री

१) धौभडेल वंशावली (अप्रकाशित)-ओम धौभडेल
२) नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन-स्व. लिलाभक्त मुनंकर्मी
३) हजार वर्ष अगाडिका ऐतिहासिक कथाहरू-स्व. लिलाभक्त मुनंकर्मी
४) स्व.निरन्जननारायण धौभडेल

म्यारी क्युरी : एक साहसिक महिला

राजेन्द्रबहादुर कायष्ठ

विषय प्रवेश : समाजमा पहिलेदेखि लिङ्गको आधारमा महिला र पुरुषबीच विभेद रहँदै आएको छ। यो समस्या प्रत्यक्ष र अप्रत्यक्षरूपमा विश्वमा कायमै छ। महिलामाथि दमन, असमानता, शोषण, हिंसा, स्रोतमाथि असमान पहुँच, असमान कार्य विभाजन, पैत्रिक सम्पत्तिमा हिस्साबाट वञ्चित, राजनैतिक पदमा पहुँचमा कमी आदिमा अहिले पनि यथावत छ। अमेरिकाजस्तो आफूलाई अत्यन्त विकसित र प्रजातन्त्रको वकालत गर्ने देशमा पनि हालसम्म कुनै पनि महिला राष्ट्रपति हुनसकेको छैन। सन् २०१६ को राष्ट्रपतिको निर्वाचनमा पहिलो पटक हिलारी क्लिन्टन महिला राष्ट्रपतिको उम्मेदवार भएकी थिइन्। त्यसमा पपुलर मतले जिते पनि इलेक्टोरल मतले हारिन र डोनाल्ड ट्रम्प राष्ट्रपतिमा चुनिए। इतिहास पल्टाएर हेरेमा अमेरिका र युरोपको तुलनामा राजनैतिक पदमा एसियाका महिलाहरूले राम्रो सफलता हासिल गरेको पाइन्छ। श्रीलंकाको सिरिमाओ बन्दरनायके सन् १९६० जुलाई २१ मा विश्वको पहिलो महिला प्रधानमन्त्री भएका थिए। उनले श्रीलंकामा सन् १९६०-१९६५, १९७०-१९७७,१९९४-२०००, गरी तीन पटक प्रधानमन्त्री भइन्। उनकै छोरी चन्द्रिका कुमारातुंगा श्रीलंकाको पहिलो महिला राष्ट्रपति भएकी थिइन्। यसरी नै छिमेकी देश भारतमा सन् १९६६ मा इन्दिरा गान्धी प्रधानमन्त्री भएको थिइन्। एसियाका अन्य देश पाकिस्तानमा बेनजिर भुट्टो, बंगलादेशमा शेख हसिना र खालिदा जिया प्रधानमन्त्री भइसकेका छन्। सन् १९६० पछि विभिन्न आन्दोलन र शिक्षाको कारण विश्वका विभिन्न देशहरूमा राजनैतिक पदमा महिलाहरूको सहभागिता बढ्दै गएको छ। नेपालकै सन्दर्भमा पनि हालसम्म सङ्घीय संसदको सभामुख, राष्ट्रपति, प्रधानन्यायाधिशलगायत विभिन्न विशिष्ट पदमा महिलाहरूको सहभागिता बढ्दै गएको छ। विश्वमा चल्दै आएको लैङ्गिक विभेदमा पनि अद्वितीय सफलता प्राप्त गर्नेमध्ये एक महिला म्यारी क्युरी (Marie Salomea Sklodowska Curie) हुन्। उनले महिलाहरूको लागिमात्र होइन विश्वकै लागि गौरवमय इतिहास बनाएकी छिन्।

म्यारी क्युरीले बाल्यकालदेखि लैङ्गिक विभेदको डटेर सामना गरेर शिक्षा प्राप्त गर्नुको साथै विभिन्न वैज्ञानिक आविष्कारहरू गरेर इतिहासमा आफ्नो नाम स्वर्ण अक्षरले लेखाएकी छिन्। उनको समयमा महिलालाई उच्च शिक्षा अध्ययन गर्न वञ्चित थियो। महिलाहरूले विज्ञान तथा प्रविधिको क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्नसक्दैन भन्ने समाजको विश्वास र मान्यता थियो। तर यो विश्वास र मान्यतालाई क्युरीले गलत सावित गर्दै संसारभरिका महिलाहरूको नाम उँचो राखिन्।

बाल्यकाल र शिक्षा :

Dof/L So/Lsf dftf / lktf

Dof/L, lktf, lbblx¿ a[lg:nfjf / xh]/f

क्युरीको जन्म सन् १८६७ नोभेम्वर ७ मा पोल्याण्डको राजधानी वार्साको नजिकको गाउँमा एउटा शिक्षित परिवारमा भएको थियो। उनी पाँचजना सन्तानहरूमा सबभन्दा कान्छी थिइन्। उनको बाल्यकालको नाम मारिया

स्क्लोडोव्स्का थियो। उनका पिताको नाम Wladyslaw Sklodowski र माताको नाम Bronislawa Sklodowska थियो। उनका पिता प्रसिद्ध प्रोफेसर र आमा शिक्षिका थिइन्। शिक्षित परिवारमा हुर्केको हुनाले क्युरीको पढाइ सानो उमेरदेखि नै राम्रो थियो। क्युरीको जन्म भएको समयमा पोल्याण्ड रुसको उपनिवेशको रूपमा थियो। त्यसबेला पोल्याण्डका जनताको अवस्था दयनीय थियो र समाजमा महिलाहरूलाई पढाउन हुँदैन भन्ने मान्यता थियो। क्युरीको पिता एक सामाजिक अभियन्ता थिए। उनी जनतालाई रुसी जार शासनको विरुद्धमा सम्झाउने बुझाउने र सङ्घर्ष गर्न उत्प्रेरित गर्दथे। यही कारणले उनलाई रोजगारीबाट नै निष्काशन गरे। यसपछि क्युरीका पिताले कम पारिश्रमिक पाउने कामहरू गर्न बाध्य भए। देशको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएकोले आमा र बुबा दुवैतर्फको सम्पत्ति रुस समर्थित सरकारले जफत गरेको थियो। यसले गर्दा क्युरीले सानै उमेरदेखि आर्थिक सङ्कट बेहोर्नुपर्‍यो। क्युरी १० वर्षको हुँदा उनको आमाको मृत्युभयो। यसले क्युरीको बाल्यकाल दुःखमय प्रकारले बित्यो। उनका पिताले क्युरीलाई राम्ररी पढाउन सकेनन्। तर तीक्ष्ण दिमाग र पढाइमा लगाव बुझेका आफन्तहरूले यी केटीले पढ्ने मौका पाइन् भने राम्रो गर्नसक्छिन् भन्ने विश्वास गरेका थिए। बुबाको प्रेरणा र क्युरीको पढाइको लगावले गर्दा उनले दुःखसुख गरी १६ वर्षको उमेरमा विद्यालय शिक्षा पूरा गरिन।

उनले विद्यालयमा पढ्दा असाधारण योग्यता देखाएबापत स्वर्ण पदकसमेत पाएकी थिइन्। त्यसपछि घरको कमजोर आर्थिक अवस्थाको कारण साना केटाकेटीहरूलाई ट्युसन पढाउन शुरु गरिन्। त्यसबेला पोल्याण्डमा रुसी जार शासनको कारण महिलाहरूलाई

So/L !^ jif{sf]bjfj:yfdf

विद्यालय शिक्षासम्म मात्र अध्ययन गर्न अनुमति थियो। महिलाहरूलाई उच्च शिक्षाको अध्ययनमा प्रतिबन्ध थियो। तैपनि उनी विद्यालय शिक्षा सकेपछि उच्च शिक्षाको लागि पोल्याण्डको एक विश्वविद्यालयमा अध्ययनका लागि पुगिन्। उनले विश्वविद्यालयमा गएर विज्ञान विषय पढ्नका लागि निवेदन दिँदा भर्ना विभागका मानिसहरू उनीमाथि खिसी गर्दै हाँसेका थिए। उनीहरूले क्युरीलाई 'महिलाहरूले पनि विज्ञान विषय लिएर पढ्न सक्छन् ? यो नचाहिने कुरा हो। आइमाइहरूले त घरको पो काम गर्ने हो' भनेर भर्ना नलिइकन फर्काइदिएका थिए । तर क्युरी र उनको दिदीले देशमा भूमिगतरूपमा सञ्चालन भएको Flying University मा अध्ययन गर्न शुरु गरिन्। यो संस्था पढ्ने इच्छा भएर पनि विभिन्न सामाजिक र राजनैतिक कारणले पढ्न नपाएकाका लागि पोल्याण्डको राजधानी वार्सामा खोलिएको थियो। यो संस्था सन् १८८५ देखि १९०५ सम्म सञ्चालनमा आएको थियो। यसपछि मेडिकल साइन्स पढ्नको लागि उनको दिदी पेरिस गइन्। दिदीको पढाइ खर्च जुटाउन क्युरीले पाँच वर्षसम्म शिक्षकको रूपमा काम गरे र बच्चाहरूलाई ट्युसन पढाउने काम गरिन्। फुर्सदको समयमा भौतिक विज्ञान, रसायन विज्ञान र गणितको अध्ययन गर्दथिन। उनले आफ्नो शिक्षणबाट आएको पैसाले उच्च शिक्षाको अध्ययनको लागि फ्रान्सको राजधानी पेरिसमा गएकी दिदीलाई सहयोग गरिन्। उनको आशा उनी पनि भविष्यमा फ्रान्समा गएर विज्ञान विषयको उच्च शिक्षा प्राप्त गर्ने थियो। सन् १८९१ को अन्ततिर उनीसँग केही रकम जम्मा भएपछि र उनको दिदीको सहयोगबाट उनी उच्च शिक्षाको लागि पेरिस गइन्। पेरिसमा उनी सारवोर्न विश्वविद्यालयमा भर्ना भइन् र उनले त्यहाँ भौतिकशास्त्रमा मास्टर डिग्री प्राप्त गरिन्। पेरिसमा बस्दा उनको स्थिति अत्यन्त दयनीय रूपमा व्यतित भयो। उनीसँग दैनिक जीवनयापन गर्नको लागि आवश्यक पैसा थिएन। एउटा सस्तो सानो चिसो कोठा भाडामा लिएर बस्दथिन्। उनीसँग खानेकुराको पनि राम्रो जोरजाम थिएन। कहिलेकाहीँ भोकभोकै बसेर सानो अन्ध्यारो कोठमा घण्टौँसम्म अध्ययनमा व्यस्त रहन्थिन्। अथक मिहिनेत र लगनशिलताको कारण सन् १८९४ सम्ममा उनले भौतिकशास्त्र र गणित गरी दुई विषयमा स्नातकोत्तर (मास्टर तह) उत्तीर्ण गरिन्। उनले यही समयमा आफ्नो नाम मारियाबाट म्यारी राखिन्।



lko/]/ Dof/L kb]lzfnfdf

So/\ 5f]lx¿;F

वैवाहिक जीवन र सफलता : उच्च शिक्षा अध्ययनपछि उनी विभिन्न अनुसन्धानमा लागिरहिन्। उनको अनुसन्धानको लागि एउटा प्रयोगशालाको जरुरत थियो। सन् १८९४ मा उनको भेट फ्रान्सका प्रसिद्ध भौतिकशास्त्री पियरे क्युरी (Pierre Curie) सँग एक प्रयोगशालामा भयो। पहिलो भेटमै दुवै एक अर्कासँग प्रभावित भए। पियरे क्युरीले म्यारी क्युरीलाई अनुसन्धानको लागि आफ्नो प्रयोगशाला उपयोग गर्न अवसर दिए। सँगसँगै अनुसन्धान गर्दा दुवैमा गहिरो मित्रता बस्न गयो र पियरे क्युरीले म्यारी क्युरीसँग विवाह प्रस्ताव गरे तर क्युरीले उक्त प्रस्ताव अस्वीकार गरिन्। उनी आफ्नो देश पोल्याण्डमा गएर केही गर्न चाहन्थिन्। केही समयपछि क्युरी पोल्याण्डमा फर्किन् र आफ्नो अनुसन्धान निरन्तर गर्न चाहेकी थिइन्। तर उनलाई पोल्याण्डमा उक्त वातावरण मिलेन। उनी फेरि फ्रान्समै फर्किन् र पियरेसँग मिलेर अनुसन्धान गर्न थालिन्। पछि सन् १८९५ जुलाई २५ मा दुवैजना विवाह बन्धनमा बाँधिए। उनीहरूको पहिलो सन्तानको रूपमा सन् १८९७ सेप्टेम्वर १२ मा छोरी आइरिन क्युरी (Irene Curie) को जन्म भयो। यसरी नै सन् १९०४ डिसेम्वर ६ मा दोस्रो सन्तानको रूपमा अर्को छोरी इभ क्युरी (Eve Curie) को जन्म भयो। उनले घरखर्च चलाउन विश्वविद्यालयमा शिक्षण पनि शुरु गरिन्। यसका साथै क्युरी आफ्नो श्रीमान पियरे क्युरीसँग रेडियोधर्मी वस्तुको सम्बन्धमा अध्ययन र अनुसन्धान निरन्तर गरिहेकी थिइन्। सन् १८९५ नोवेम्वर ८ मा जर्मन मेकानिकल इन्जिनियर तथा भौतिकशास्त्री Wilhelm Roentgen ले X-ray किरणको आविष्कार गरेका थिए।

सन् १८९६ मा फ्रान्सेली इन्जिनियर तथा भौतिकशास्त्री Henri Becquerel ले युरेनियम धातुका केही लवणले प्रकाशबिना नै आफसेआफ अनौठो खालको किरणहरू उत्पन्न गर्ने कुरा पत्ता लगाएका थिए। यो अनौठो किरणको उत्पत्तिबारे अध्ययन गर्न क्युरी दम्पत्तिले एउटा कोठालाई प्रयोगशालाको रूप दिए। किनकि उनीहरूसँग राम्रो प्रयोगशाला पनि थिएन। यी जोडी घण्टौँसम्म उक्त अनुसन्धानमा व्यस्त रहन्थे। निरन्तर प्रयासपछि सन् १८९८ मा उनीहरूले एउटा महत्त्वपूर्ण तत्त्व पत्तालगाए जुन तत्त्वको नाम क्युरीले आफ्नो जन्मथलो पोल्याण्डको सम्झनामा पोलिनियम (Symbol : Po, Atomic number : 84) राखिन्। उक्त तत्त्वमा युरेनियममा भन्दा ४०० गुणा बढि रेडियोधर्मी क्षमता थियो। उनीहरूले रेडियोधर्मी तत्त्वहरूबारे निरन्तर अनुसन्धान गरिरहे। म्यारीले सन् १९०३ मा भौतिकशास्त्रमा विद्यावारिधी गरिन्। उनी फ्रान्समा भौतिकशास्त्रमा विद्यावारिधी गर्ने पहिलो महिला बनिन्। उनीहरूले खैरो कालो रङ्गको पिचब्लेण्डेलाई (रेडियमको प्राप्त गर्ने कच्चा पदार्थ) आफ्नो प्रयोगशालामा ठूलो बाल्टिनमा पानीसँग मिसाएर ठूलो बाँसले चलाएर त्यसमा भएको रेडियोधर्मी तत्त्व निकाल्न प्रयास गरे। यसक्रममा उनीहरूले धेरै टन पिचब्लेण्डेलाई महिनौँ लगाएर पानीसँग मिसाएर चलाउँदै गए। लामो अथक प्रयासपछि त्यसबाट सानो मात्रामा एउटा वस्तु प्राप्त भयो। उक्त वस्तुको नाम ल्याटीनी भाषा ray बाट रेडियम राखे। उनीहरूले पत्ता लगाएको रेडियमको रेडियोधर्मी क्षमता पोलोनियमको भन्दा ९०० गुणा बढि थियो। त्यस्तै रेडियमको सक्रियताबारे विभिन्न कुराहरू पत्ता लगाए।

;g\!()# df lbOPsf]gf]]h k/:sf/

यस रेडियोधर्मी तत्त्वहरू पोलोनियम र रेडियमको अनुसन्धान गरेबापत क्युरी दम्पत्तिलगायत Henri Becquerel लाई सन् १९०३ मा संयुक्तरूपमा भौतिकशास्त्रमा नोबेल पुरस्कार दिइयो। त्यसबेला उनी ३६ वर्षकी थिइन्। यसबाट क्युरी विश्वकै भौतिकशास्त्रमा नोबेल पुरस्कार पाउने पहिलो महिला बनिन्। यसपछि क्युरी दम्पत्ति विश्व चर्चित व्यक्तिमा चिनिन थालियो। सन् १९०३ मा नै उनीहरूलाई लण्डनमा रहेको रोयल सोसाइटीले रसायनशास्त्रमा उल्लेखनीय खोजकर्तालाई दिइने प्रसिद्ध Davy medal ले सम्मान गऱ्यो। असाधारण प्रतिभाका धनी क्युरी दम्पत्तिले प्रशस्त ख्याती कमाउन सफल भए। यसै क्रममा पियरे क्युरीलाई सरर्वोन विश्वविद्यालयमा

प्राध्यापनका लागि निम्तो गरियो ।

पारिवारिक जीवन : क्युरीको श्रीमान पियरे क्युरी एकदम लजालु स्वभावका थिए । उनी सामान्यतया अरूसँग कममात्र बोल्दथे । भनिन्छ सन् १९०३ मा क्युरी दम्पत्तिलाई भौतिकशास्त्रमा नोवेल पुरस्कारको घोषणा हुँदा पुरस्कार लिनजाँदा धेरै मानिसहरूसँग बोल्नुपर्ने भयो भनी पियरे क्युरी तनावमा रहेका थिए ।

क्युरी जोडीको जीवन राम्रोसँग चल्दै थियो तर अचानक सन् १९०६ अप्रिल महिनामा पियरे क्युरीको सडक दुर्घटनामा मृत्युभयो । यसबाट म्यारी क्युरीलाई पारिवारिक र अनुसन्धान कार्यमा गहिरो आघात पऱ्यो । त्यसबेला उनी पेरिस विश्वविद्यालयमा भौतिकशास्त्रको प्रोफेसर थिइन् । उनीहरूको वैवाहिक जीवन लगभग ११ वर्षको रह्यो । श्रीमानको साथ छुटे पनि उनी निरन्तर रेडियोधर्मी तत्त्वहरूको अनुसन्धानमा लागिरहिन् । सन् १९१० मा उनले रेडियमको सक्रियता सम्बन्धी लेख प्रकाशित गरिन् । रेडियम तथा पोलेनियमको आविष्कार तथा सक्रियताका बारेमा अनुसन्धान गरेबापत उनलाई सन् १९११ मा रसायन शास्त्र विषयमा पुनः नोबेल पुरस्कार प्राप्त गरिन् । यसरी भौतिक र रसायन शास्त्र गरी दुई फरक विधामा नोवेल पुरस्कार पाउने पहिलो व्यक्ति बनिन् ।

;g\!(!! df/;fogzf:qdflbOPsf]gf]]h k/:sf/



;g\!(!! df a]Nhodsf];fl]ejdf ePsf]jZjsf Vofltk|kt !* hgf ef]tszf:qlx¿sf]klxnf] ;Ddlngdf Dof/L So/L -al ;/x]sf]bfofF6 bf];|[Psdfq dlxnf lyOg\ klxnf];Ddlngdf Pd:Knf6s, ?b/kmf8{cfO6:6fOg -ple/x]sf]bfofF6 bf];|[cflb ;xefuL lyP .

;g\!(## df ePsf]ef]tszf:qlx¿sf]5fF;Ddlngdf Dof/L So/L;lxt yk bO{dlxnf cfOl/g So/L / lnh dfO6g/ ;xefuL ePsf lyP .

क्युरीको जेठी छोरी Irene Joliot-Curie आमाजस्तै असाधारण प्रतिभाकी धनी थिइन् । उनी एक भौतिकशास्त्री, रसायनशास्त्री र राजनितिज्ञ थिइन् । उनको विवाह फ्रेडेरिक जोलियटसँग भएको थियो । उनीहरूले X-ray Radiography को आविष्कार गरे । यसको लागि उनको श्रीमानसहितलाई सन् १९३५ मा संयुक्त रूपमा रसायनशास्त्रको नोवेल पुरस्कार प्रदान गरियो । क्युरीको कान्छी छोरीले विज्ञान र दर्शनशास्त्रमा स्नातक गरेकी थिइन् । उनी एक कूटनीतिज्ञ, पत्रकार र पियानोवादक थिइन् । उनको विवाह हेनरी रिचर्डसनसँग भएको थियो ।

Dof/L So/L gf]]h k/:sf/ ljh]if h]/L 5f]/L cfOl/g ;Fkbf]uzfnfdf

/;fogzf:qdf gf]]n k/:sf/-;g\!(#%_ k|Kt ug]{ pDklQ cf0/g So/L/k]8]/s hf]ho6 k|fljzfnfdf

क्युरीले जन्मको आधारमा पहिला पोल्याण्डको नागरिकता लिएकी थिइन् भने विवाहपछि फ्रान्सको नागरिकता लिएकी थिइन् । सन् १९१४ मा पेरिस विश्वविद्यालयमा 'क्युरी इन्स्टिच्युट अफ रेडियम' को स्थापना गरिन् । यही भवनमा उनले एउटा भव्य प्रयोगशालाको स्थापना गरिन् । उनको पतिको सम्मानमा रेडियमको एकाइ 'क्युरी' राखिन् ।

अमेरिकी सरकारको

Dof/L/fi6kdt xf]8{;F;g\!(@!

निमन्त्रणामा उनी सन् १९२१ मा आफ्ना दुवै छोरीहरूसहित अमेरिका गइन् । त्यहा उनलाई तत्कालीन राष्ट्रपति वारेन जी. हार्डिङ ले भेट गरेका थिए । त्यहाँबाट फर्केपछि उनले युरोपका विभिन्न देशहरूको भ्रमण गरिन् । उनले आफ्नो जीवनभरिमा १५ ओटा स्वर्ण पदक र १९ ओटा डिग्रीहरू हासिल गरिन् ।

क्युरीले प्राप्त गरेका पुरस्कारहरू :

- Nobel Prize in Physics (1903)
- Davy Medal (1903)
- Matteucci Medal (1904)
- Elliott Cresson Medal (1909)
- Albert Medal (1910)
- Nobel Prize in Chemistry (1911)
- Willard Gibbs Award (1921)
- Cameron Prize for Therapeutics of the University of Edinburgh (1931)

क्युरीको योगदानहरू :

- Radioactivity
- Polonium
- Radium

क्युरीलाई गरिएको सम्मानहरू :

१) रेडियोधर्मी तत्त्वको एकाइ– उनी र उनको श्रीमानको सम्मानमा क्युरी (Ci) राखिएको छ ।

२) पारमाणविक सङ्ख्या ९६ भएको तत्त्वको नाम curium राखिएको छ ।

३) तीनओटा रेडियोधर्मी तत्त्वहरूको धाउहरूको नाम उहाँको सम्मानमा curite, sklodowskite / cuprosklodowskite राखिएको छ ।

४) युरोपियन युनियनमा रहेका युवा विद्यार्थीहरूलाई विदेशमा वैज्ञानिक अध्ययनको लागि दिइने प्रतिष्ठित छात्रवृत्ति क्युरी कै सम्मानमा Marie Sklodowska-Curie Actions राखिएको छ ।

५) सन् २००७ मा पेरिसमा रहेको मेट्रो स्टेसनको नाम क्युरीकै नाममा राखिएको छ ।

६) पोल्याण्डमा रहेको दोस्रो आणविक अनुसन्धान केन्द्रको नामकरण reactor Maria गरिएको छ ।

७) शिशुग्रहको नाम 7000 Curie राखिएको छ ।

८) पोल्याण्डको Vistula River नदीमा बनेको पुल क्युरीको नाममा राखियो ।

९) यसरी नै भू–उपग्रह, बाटोलगायत क्युरीको सम्मानमा राखिएको छ ।

१०) क्युरीको नाममा खोलिएका विभिन्न शैक्षिक संस्थाहरू : Maria Sklodowska-Curie National Research Institute of Oncology in Warsaw; Institut Curie in Paris; The Maria Curie-Sklodowska University, in Lublin; Pierre and Marie Curie University in Paris.

Dof/L So/L;g\!(@% df k]/;l:yt d]8l;g Ps]]Ldf/]8ofwdL{ffaf/]kjrg lbF}

११) सन् २००९ मा New Scientist भन्ने पत्रिकाले विज्ञानमा विश्वको साहसिक महिलाको उपाधीको लागि भएको विश्वव्यापी मतदानमा क्युरीले सबभन्दा बढि मत (कुल मतको २५.१ प्रतिशत) प्राप्त गरेकी थिइन ।

मृत्यु : क्युरीको मृत्युको कारण उनकै आफ्नै आविष्कार रेडियोधर्मी तत्त्वहरू हुनगयो । लामो समय रेडियोधर्मी तत्त्वको सम्पर्कमा काम गरेको हुनाले सन् १९३४ मा उनी गम्भीररूपमा बिरामी भइन् । उनी सन् १९३४ को शुरुमा आफ्नो जन्मथलो पोल्याण्डमा गएकी थिइन् । यसको केही महिनापछि सन् १९३४ जुलाइ ४ मा ६६ वर्षको उमेरमा aplastic anemia (शरीरले आवश्यक रक्तकोषहरू उत्पादन गर्न नसक्ने रोग) का कारण उनको मृत्यु Passy, Haute-Savoie, France मा भयो । उक्त रोगले शरीरलाई आवश्यक विभिन्न रक्तकोषहरू रातो रक्तकोष, सेतो रक्तकोष र प्लेटेलेट्सको उत्पादनमा कमी ल्याउने गर्दछ । उनले रेडियोधर्मी तत्त्वको अध्ययन गर्दा यसको नकारात्मक असरबारे खासै ध्यान नदिएको देखिन्छ । भनिन्छ उनी प्रयोगशालामा काम गर्दा सधैँ गोजीमा रेडियोधर्मी तत्त्वहरू ट्युवमा बोकेर हिँड्ने गर्थिन् ।

nalngsf]ljZjljBfnodf :yfkgf ul/Psf] So%Lsf]k|ltdf

इतिहास रच्ने विश्वप्रसिद्ध महिलाले लैङ्गिक विभेदका वावजुद आफ्नो अद्वितीय साहस र प्रयासबाट दुई दुई पटक नोवेल प्राप्तगर्न सफल भइन् । उनले समस्त महिलाहरूलाई पुरुषमात्र होइन महिलाहरू पनि सक्षम र योग्य हुनसक्छन् भन्ने कुरा प्रमाणित गरेर देखाइदिइन् । उनले पढाइको लागि विद्यालय शिक्षा पछि साना बच्चाहरूलाई पढाइन् । उनी उच्च शिक्षा प्राप्त गर्न विश्वविद्यालय जाँदा गिज्याउने, भर्ना नलिने , होच्याउने आदि अवरोध भए तापनि आफ्नो लक्ष्यमा दृढ भएर उनी सफलताको शिखरमा पुगिन् । महिलाहरूले उच्च शिक्षा प्राप्त गर्न सामाजिक बन्देजका वावजुद पनि भूमिगत विद्यालयमा गएर अध्ययन गरिन् । आफनो पतिको छिटो र असामयिक निधनपछि पनि उनले आफ्नो दुइटी छोरीहरूलाई पनि पढाइमा अब्वल र सक्षम बनाइन् । उनको परिवारमा इतिहासमा आमा, बुबा, छोरी र ज्वाइँले नोवेल पुरस्कार प्राप्त गर्ने कीर्तिमान राखिन् । उनी विश्वका सम्पूर्ण महिलाहरूको लागि प्रेरणाको स्रोत बन्न सफल भइन् । आज उनको शरीर नभए पनि उनी एउटा उज्ज्वल ताराको रूपमा रेडियमजस्तै प्रकाश दिएर जाज्ज्वल्यमान भइरहेकी छिन् ।

सन्दर्भ सामग्रीहरू :

१) विज्ञान प्रगति
२) साइन्स मास्टर
३) युवामञ्च
४) प्रयोगात्मक विज्ञान र प्रसिद्ध वैज्ञानिकहरू : भेषराज मैनाली
५) शताब्दी पुरुषहरू :
६) गुगल

थाहा पाइराख्नुँ

- नेपालको दाङ जिल्लालाई एसियाको सबैभन्दा ठूलो उपत्यका मानिन्छ ।
- सबभन्दा धेरै नगरपालिका भएको जिल्ला रौतहट हो । (१६ ओटा)
- पहिलो पटक नेपालका अड्डाखानाहरूमा २००९ जेठ १९ गते हड्ताल भएको थियो ।
- संविधान सभाबाट संविधान बनाउने विश्वको पहिलो राष्ट्र फ्रान्स हो ।
- राष्ट्रिय खेलकुद परिषद्को स्थापना वि.सं. २०१७ मा भएको थियो ।
- जनस्वास्थ्य सम्बन्धी पहिलो कानुन बनाउने देश बेलायत हो ।
- विश्वको सबैभन्दा लामो देश चिली हो ।

–सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य

'भक्तपुर' मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस् ।

सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकाथ स्थान दिइने छ ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला ।

रचना पठाउने ठेगाना :

• भक्तपुर नपा भवन (कोठा नं. २०७)
•email:bhaktapurmasik@gmail.com

अनुकरणीय ख्वप मोडेल

डा. ध्रुवबहादुर खड्का

संयुक्त राज्य अमेरिकाका ३० औं राष्ट्रपति क्याल्भिन कुलिजको स्थानीय सरकारबारे एक प्रसिद्ध कथन छ- **'हामीलाई धेरै राज्य सरकार होइन, उत्कृष्ट स्थानीय सरकार आवश्यक छ ।'** उनको त्यो समयको शासकीय रुझान अहिले हाम्रो देशले अङ्गीकार गर्नुपर्ने बेला आएको छ । राज्य व्यवस्था सफल हुन स्थानीय सरकार प्रभावकारी हुनु अति आवश्यक छ । आधारभूत आवश्यकताहरू जस्तै- स्वास्थ्य, शिक्षा र रोजगारीको क्षेत्रमा सबल स्थानीय सरकारको नेतृत्वले केन्द्रीय सरकारले भन्दा प्रभावकारी काम गर्नसक्छ । **यसको सफल उदाहरण हो- भक्तपुरको ख्वप मोडेल** । सायद राजनीतिक आग्रहले होला, राष्ट्रियरूपमा खासै चर्चा नभए पनि सक्षम स्थानीय सरकारले मुख्यतः शिक्षा र स्वास्थ्यलाई जनतासँग कसरी जोड्नसक्छ भन्ने एक मोडेल नै हुनसक्छ, यो ।

Vjk snh kl/;/

मैले भक्तपुरको ख्वप उच्च मावि र इन्जिनियरिङ कलेजमा अध्यापन गर्दा ख्वपः मोडेललाई नजिकबाट बुझ्ने मौका पाएको थिएँ । स्थानीय जनताको अपनत्व अनुकरणीय छ । **सायद भक्तपुर एकमात्र यस्तो नगरपालिका हो**, जसले बहुप्राविधिक अध्ययन संस्थान, इन्जिनियरिङ कलेज, उच्च मावि तथा स्नातकोत्तरसम्म पढाइ हुने शिक्षालयहरू आफ्नो व्यवस्थापनमा सञ्चालन गरेको छ । जहाँबाट स्थानीय जनतालाई मात्र होइन, **अन्य धेरै दुर्गम क्षेत्रका र विपन्न विद्यार्थीले सुलभ शुल्कमा गुणस्तरीय शिक्षा पाइरहेका छन्** ।

स्थानीय जनशक्तिको सदुपयोग गरी गुणस्तरीय विद्यालय तथा उच्च शिक्षाको ग्यारेन्टी गर्ने ठोस आधार बनाउन स्थानीय सरकार दत्तचित्त भएर लागेको देखिन्छ । ऐतिहासिक सम्पदाको संरक्षण, प्रवर्द्धन तथा पुनर्निर्माणमा पनि उत्तिकै सफल कौशल देखाउनुका साथै आफ्नो परम्परागत प्रविधिलाई जीवित राखेको छ । जस्तो कि, बहुप्रतिष्ठित रानीपोखरीको पुनर्निर्माण गर्ने क्रममा पानीलाई प्राकृतिक तवरले अड्याउन भक्तपुरे परम्परागत प्रविधिको प्रयोग गरिएको थियो । पछिल्लो समय व्यायाम पार्कको व्यवस्था र ज्येष्ठ नागरिकलाई घर-घरमा स्वास्थ्य परीक्षणको सुविधा उपलब्ध गराएर आम नागरिकको स्वास्थ्यमा सचेतना तथा सहज पहुँच बढाएको छ । **यस अर्थमा शिक्षा, स्वास्थ्य तथा रोजगारीमा आफ्ना नागरिकको मौलिक हकलाई स्थापित गर्ने बाटोमा यहाँको स्थानीय सरकार लागेका मान्न सकिन्छ** ।

मैले करिब तीन वर्ष ख्वपका शैक्षिक संस्थाहरूमा प्राध्यापन गर्दा विभिन्न अन्तरक्रिया कार्यक्रमहरूमा सहभागी हुने अवसर पाएको थिएँ । नगरपालिकाले आफ्नै विश्वविद्यालय सञ्चालन गर्ने, बृहत् वतावरणीय सन्तुलनसहितको पूर्वाधार निर्माण गर्ने, पुरातात्त्विक सम्पदाहरूको संरक्षण, जनस्वास्थ्यमा सुलभ पहुँच, एक घर एक स्नातकजस्ता दूरगामी तथा बहुआयामिक महत्त्वका योजनाहरूबारे विमर्श हुने गर्थ्यो ।

भौतिक संरचनासहितका शैक्षिक संस्थानहरू सञ्चालन गरी आधारभूत राजमार्ग बनाउन नगरपालिका दत्तचित्त रहेको देख्न सकिन्छ । पछिल्लो समय ख्वप विश्वविद्यालयको अवधारणाअनुरूप ख्वप अस्पतालको स्थापना गरेर शिक्षण अस्पताल बनाउने लक्ष्यका साथ गुणस्तरीय स्वास्थ्य सेवा दिइरहेको छ । **यहाँको स्थानीय सरकारको दूरदर्शितासहितको कार्यनीति भने देशव्यापी लागू गर्नुपर्ने स्तरको छ** । पूर्वाग्रहभन्दा माथि उठेर यो नगरपालिकाको टीमलाई सरकारले विशेष बजेट दिने तथा योजना कार्यान्वयनमा सहजता प्रदान गर्ने हो भने छोटो समयमा देशको रोलमोडेल नगरपालिकाको राष्ट्रिय मानक यसलाई बनाउन सकिन्छ ।

त्यसो त अहिले देशका अधिकांश स्थानीय सरकारहरू ठेक्का, कमिसन, प्राकृतिक स्रोत दोहनजस्ता अनेकौं विकृत कार्यहरूमा कुख्यात हुँदैछन् । तर, यावत् विकृतिहरूलाई चिर्दै ख्वपः मोडेलले भने अफ्नै जमिनमा टेकेर अन्तर्राष्ट्रिय लय समातेको देख्न सकिन्छ । ख्वप टीमले गुणस्तरीय शिक्षाका लागि स्थापना गरेको उच्च शिक्षाका आधारभूत तथा प्राविधिक शिक्षालय र स्वास्थ्यको सुलभताका लागि बनाएको मार्गचित्र दक्षिण कोरियाको सिओल तथा जापानको टोकियो महानगरको जस्तो छ, जुन सुखद संयोग हो । **शिक्षाकै सन्दर्भमा हेर्ने हो भने टोकियो महानगरले टोकियो मेट्रोपोलिटन युनिभर्सिटी सञ्चालन गरेको छ भने सिओल महानगरले युनिभर्सिटी अफ सिओल स्थापना गरेको छ** ।

निश्चय नै यी विश्वविद्यालयहरूका प्राथमिकता ख्वप: मोडेलभन्दा उच्च स्तरका छन् । तर, सही बाटो समात्नु कालो बादलमा चाँदीको घेरा देखिनुझैँ हो । अझ विकसित देशहरूमा विकास निर्माण तथा सामाजिक एवम् वातावरणीय समस्याहरूको सन्दर्भमा मझौला स्केलका अध्ययन, अनुसन्धानहरूमा स्थानीय सरकारले विश्वविद्यालयसँग सहकार्य गरेको पाइन्छ । तर, हाम्रोमा शिक्षालयलाई स्थानीय समस्या तथा योजनाहरूमा जोड्ने सघन काम हुनसकेका छैनन् ।

Vjk OlGhlgol/a snh kl/;/

आधारभूत विद्यालयको पुन: संरचना वा विशिष्ट शिक्षालय स्थापना गरेर नागरिकका हरेक दैनिकीसँग जोड्न स्थानीय सरकारले भरपर्दो जग बनाउन सक्छ । हाम्रो सामाजिक संरचना र आर्थिक सबलता नियाल्ने हो भने विद्यालय शिक्षालाई पूर्णत: अनिवार्य गराउन र बालश्रममुक्त गर्न भौतिक संरचनाहरूलाई विस्तार गर्दै दिवा वा पूर्ण आवासीय विद्यालयको व्यवस्था गर्नु उचित हुन्छ । विद्यालय संरचनाभित्रबाटै खेलकुदका प्रतिभा पहिचान तथा विकास गर्ने भरपर्दो व्यवस्था गर्न सकिन्छ । विद्यालयस्तरबाट नै सानो स्केलमा वातावरण संरक्षण तथा फोहोर व्यवस्थापनमा नयाँ पुस्तालाई आबद्ध गराउन सकिन्छ ।

विकसित देशमा नयाँ पुस्ताका लागि स्थानीय सरकारमार्फत धेरै रचनात्मक कार्य गरेको पाइन्छ । पङ्क्तिकारले उच्च शिक्षा अध्ययन गरेको विश्वविद्यालयमा स्थानीय सरकारको संयोजनमा हरेक सप्तान्तमा विज्ञान, प्रविधिमा विशेष रुचि भएका स्कूले विद्यार्थीहरूलाई विज्ञानका जिज्ञासु प्रयोगहरू विद्यावारिधिका शोधार्थीहरूको सहजीकरणमा गरिन्थ्यो । भर्खरैमात्र पङ्क्तिकारको अनुसन्धान समूहमा इन्टर्न गर्न एक अन्डरग्राजुएट विद्यार्थी आएकी थिइन् । चाखलाग्दो पक्ष के छ भने नगर सरकारले स्थापना गरेको विज्ञान तथा प्रविधिसम्बन्धी विशेष शिक्षालयमा पढेकी ती छात्राले नगरको छात्रवृत्तिमा विद्यालय पढ्दा नै क्योटो विश्वविद्यालयका एक प्रख्यात प्राध्यापकको प्रयोगशालामा दुई महिना अनुसन्धान गरेकी रहिछन् । जसलाई स्थानीय सरकारको दूरदृष्टिको उच्चतम कदम मान्न सकिन्छ ।

अझ रोचक के छ भने जापानमा स्थानीय सरकारको नीतिअनुसार आफ्नो इलाकामा अवस्थित सरकारी शैक्षिक तथा अनुसन्धान केन्द्रहरूले प्रत्येक वर्ष आफ्नो संस्थाले गरिरहेको काम तथा अनुसन्धानका पछिल्ला उपलब्धिहरूबारे सार्वजनिक प्रदर्शनी गर्छन् । यस्ता पब्लिक ओपनिङहरू मुख्यत: बालबालिका केन्द्रित र जिज्ञासा जगाउने तथा प्रोत्साहित गर्ने खालका हुन्छन् । हाम्रोमा पनि बाल प्रतिभाहरूलाई सिकाइमा प्रोत्साहित गर्न स्थानीय सरकारबाट माथि उल्लेखितलगायतका कैयौँ रचनात्मक कार्यहरू गर्न सकिन्छ ।

तर, अफशोच ! पहिलो विश्वले शिक्षाको दरिलो जगबाट लामो फड्को मारिसक्दा पनि हामी शिक्षाको जग मजबुत बनाउन चुकिरहेका छौँ । अझै पनि ठूलो सङ्ख्यामा विद्यालय उमेर समूहका बालबालिका विद्यालयबाहिर छन् । अहिलेको गतिशील विश्वमा बालबालिकाहरू विद्यालयबाहिर रहनु दु:खदायी विषय हो । शिक्षा विभागको २०७२– फ्ल्यास रिपोर्टअनुसार कक्षामा पढ्ने उमेर समूहका ९६.६ प्रतिशत विद्यार्थी भर्ना भए पनि करिब एक लाख बालबालिका विद्यालयबाहिर रहेका छन् । कक्षा ९–१० मा त्यो सङ्ख्या ५७.९ प्रतिशतमा सीमित छ ।

उक्त उमेर समूहका ४२.१ प्रतिशत अर्थात् करिब पाँच लाख २५ हजार बालबालिका विद्यालयबाहिर रहेको देखिन्छ । अझ पछिल्लो समय विद्यालय शिक्षामा गाभिएको कक्षा ११–१२ मा त भर्ना सङ्ख्या १६.६ प्रतिशतमात्र रहेको छ । त्यो उमेर समूहका लगभग १० लाख नवयुवा औपचारिक शिक्षालयबाट बाहिर रहेका छन् । यसले बेरोजगारी बढाउनेमात्र होइन, सभ्य समाज निर्माणमा पनि असर गर्छ । शिक्षा विभागले सार्वजनिक गरेको २०७६– फ्ल्यास रिपोर्टमा तथ्याङ्कहरूमा केही सुधार देखिए पनि गुणात्मक फड्को मार्न सकेको देखिँदैन । **सक्षम नेतृत्वले दृढतापूर्वक काम गर्ने हो भने बढीमा दुई आर्थिक वर्षभित्र विद्यालय शिक्षामा शतप्रतिशत सङ्ख्यात्मक र देखिने गरीको गुणात्मक सुधार एकैसाथ गर्न सकिन्छ** । यसका लागि राजनीतिक नेतृत्वले शिक्षा क्षेत्रलाई राजनीतिबाट अलग भने राख्नैपर्छ ।

अबका दिनमा शिक्षा क्षेत्र, मुख्यत: विद्यालय शिक्षा सुधारका लागि देशका ७५३ स्थानीय सरकारहरूलाई जिम्मेवार बनाउनुपर्छ । **ख्वप: मोडेल यसको एक मानक हुनसक्छ** । विद्यालय शिक्षाबाट दीक्षित हुँदै गर्दा नवयुवाहरू शिक्षितमात्र होइन, आफ्नो क्षमता र रुचिअनुसारको सैद्धान्तिक ज्ञान, प्राविधिक दक्षता तथा प्रतिभा प्रस्फुटनसहितको नागरिक भएर निस्कने वातावरण स्थानीय सरकारमार्फत सुनिश्चित गर्नेतर्फ जिम्मेवार पक्षले ठोस कदम चालोस् ।

(खड्का जापानको नेसनल इन्स्टिच्युट फर मटेरियल्स साइन्समा स्टाफ वैज्ञानिकको रूपमा कार्यरत छन्)

स्रोत : नयाँ पत्रिका/मजदुर

वडाध्यक्षको डायरीबाट

इमानदारिता र नैतिकता नभएको व्यक्तिलाई सिफारिस दिननहुने

कुशल

शुक्रबारको दिन थियो। वडामा मानिसहरूको त्यति घुइँचो थिएन। वडा कार्यालयसँगै रामप्रसाद शाही (नाम परिवर्तित) को घर थियो। उहाँ त्यस दिन वडामा नमस्कार भाइ भन्दै आउनुभयो। मैले नमस्कार फर्काउँदै सोफामा बस्न अनुरोध गरेँ। उहाँले आफ्नो घरको समस्या एकचोटि छलफल गरिदिन अनुरोध गर्न आएको बताउनुभयो। मैले त्यस्तो के समस्या रहेछ बताउनुस् न, सकेको सहयोग गरौँला भनेँ। त्यसपछि उहाँले लामो सुस्केरा हाल्दै भन्नुभयो, 'मेरो छिमेकी लालकाजी थिके (नाम परिवर्तन)सँग एउटा मुद्दा नगरपालिकामा चलिरहेको छ। हाल यो मुद्दा नगरपालिकामा विचाराधीन छ। नगरपालिकाले निर्णय गर्नुभन्दा पहिले वडामा त्यो फाइल झिकाएर छलफलगरी समाधान गरिदिनु हुन्छ कि भन्ने आशाले तपाइँकहाँ आएको हुँ। हुनत मेरो मुद्दा जनप्रतिनिधि आउनु अघिको हो। तापनि तपाइँहरू बहाली भएपछि व्यवहारिकरूपमा मिल्छ कि भन्न आएको हुँ।' उहाँको लामो सुस्केराले मलाई ठूलै समस्याजस्तो लाग्यो। मैले कस्तो मुद्दा हो मलाई घटना विवरण सुनाउनुस् भनेँ। त्यसपछि उहाँले भन्नुभयो, 'लालकाजी थिकेको २०७२ सालको भूकम्पमा घर भत्कियो। तर मेरो भत्किएन। मैले छिमेकीको नाताले भग्नावशेष हटाउन मद्दत गरेँ। मेरो घर अगाडिको खुल्ला जग्गामा १५ महिना अस्थायी टहरा हाल्न दिएर बसोबासको लागि पनि मद्दत गरेँ। त्यसको एक पैसा भाडा लिइनँ। छिमेकी भएकोले पारिवारिक साइनोजस्तो भएकोले केही वर्ष मिलेरै बसेका थियौँ। लालकाजीले घर बनाउन नगरपालिकामा नक्सा दिनुभयो। मैले विश्वासले केह नहेरी मलाई दिएको म्याद र सर्जमिनमा हस्ताक्षर पनि गरिदिएँ। लालकाजीले घर पनि दुई तला निमाण गऱ्यो। त्यसबेलासम्म हाम्रो सम्बन्ध राम्रै थियो। तेस्रो तला बनाउनेक्रममा मेरो घरतर्फ नगरपालिकाको नियम विपरीत ३ फिट क्यान्टिलेवल राखेर बार्दली हाल्न खोज्यो। मैले त्यसपछि लालकाजीलाई नक्साअनुसार बनाउन अनुरोध गरेँ। तर उनले मानेन र बार्दली हाल्न ढोका र झ्यालहरू राख्न थाले। यस वडाको प्राविधिकसँग बुझेर हेर्दा पनि प्राविधिकले ढोका हाल्न नमिल्ने र क्यान्टिलेवल आधा फिट बढि भएकोले काट्नुपर्ने सल्लाह दिनुभयो। त्यसपछि हाम्रो सम्बन्ध बिग्रियो। मैले उजुरी हाल्नलाई प्राविधिक ल्याई नाप जाँच गराएँ। प्राविधिकले ३ फिट जग्गा पनि मिचेको बतायो। त्यसपछि मैले ३ फिट जग्गा मिचेको र ढोका हटाई क्यान्टिलेवल नियमानुसार काट्नको लागि उजुरी दिएको थिएँ। हालसम्म पनि नगरपालिकामा मुद्दा विचाराधीन छ। व्यवहारिकरूपमा मिलाउन उजुरी हालेको केही महिनापछि टोलबासीबीच पनि छलफल गरियो। छलफलले बार्दली र ढोका हटाउनुपर्ने निर्णय दिएको थियो र लालकाजीले बार्दली र ढोका हटाउँछु भनेर प्रतिबद्धता जनाएर माइन्युटमा हस्ताक्षर पनि गरेको छ। तर व्यवहारमा गरेको छैन। त्यसैले वडाध्यक्षज्यूले वडामा बोलाएर एकचोटि सम्झाएर मिलापत्र गराई बार्दली र ढोका हटाई दिनुपऱ्यो।'

मैले राम दाइको कुरा सुनेपछि नगरपालिकाको मुद्दा शाखामा फोन लगाएँ। रामप्रसाद र लालकाजी दाइको मुद्दाको फाइल वडामा एकचोटि पठाउन अनुरोध गरेँ र सचिवलाई बोलाएर तत्कालै फाइल वडामा तान्नको लागि चिठी लेख्न निर्देशन दिएँ।

दिनको प्रथम प्रहर चलिरहेको थियो। वडामा अलि भीड थियो। लालकाजी दाइ वडामा प्रवेश गर्नु हुँदै नमस्कार सर भन्नुभयो। मैले सोफामा बस्न अनुरोध गर्दै नमस्कार फर्काएँ र अलि भीड भएकोले कुर्नको लागि अनुरोध गरेँ। लालकाजी दाइलाई पनि म राम्ररी चिन्दथेँ। म जनप्रतिनिधि हुनभन्दा अगाडि शिक्षण पेशामा क्रियाशील हुँदा उहाँको छोराछोरीलाई मैले नै पढाएको थिएँ। भीड कम हुँदै गएपछि लालकाजीलाई के कति कामले आउनुभयो भनी प्रश्न गरेँ। उहाँले आफ्नो फाइल कसरी वडामा आएको भनी प्रश्न राख्नुभयो। मैले रामप्रसाद दाइ वडामा आएर वडामा छलफल पुनः गर्नको लागि अनुरोध गरेकोले फाइल वडामा झिकाएको बताएँ। उहाँले पनि भइहाल्छ नि भन्नुभयो। मैले उहाँलाई घटना विवरण एकचोटि सुनाउन अनुरोध गरेँ। त्यसपछि उहाँले भन्नुभयो, 'रामप्रसाद दाईले मलाई धेरै सहयोग गर्नु भएको थियो, हामी परिवारजस्तै बसेका थियौँ। भूकम्पपछि १५ महिना उहाँकै आँगनमा टहरा बनाएर बसेका थियौँ। तर घर बनाउने क्रममा किचकिच गरेर दुःख दिनुभयो। म्याद दिँदा र सर्जमिन गर्दा केही नभन्ने अनि अहिले आएर ३ फिट मिच्यो भनी उजुरी हाल्नुभयो। तेस्रो तलामा आधा फिट क्यान्टिलेवल नक्सा विपरीत मैले राखेको हो। ढोका पनि हालेको हो। साथै बार्दली पनि बनाउन खोजेको सही हो। सबै मानिसहरूले नगरपालिकामा पास गरेको नक्साअनुसार नै कहाँ घर बनाएको छ र ? अनि मैलेमात्र किन नक्साअनुसार बनाउने ? आधा फिट क्यान्टिलेवल नक्सा विपरीत बनाएकोमा उहाँले इस्यु बनाउनु भएको छ। त्यही भएर हाम्रो सम्बन्ध बिग्रेको हो। उहाँको आँगनमा टहरा बनाई बसेकोको भाडा पनि दिन्छु भनेकै

छु । तर मलाई घर बनाउनेक्रममा धेरै दुःख दियो । उहाँको घर भूकम्पमा नभत्केकोले मलाई हेपेको सर । त्यही भएर मैले पनि बार्दली राख्न नहुने भए पनि हालेको हुँ । म कुनै पनि हालतमा बार्दली हटाउँदिन ।' मैले लालकाजी दाइलाई भनें, 'नक्साअनुसार त घर बनाउनुपर्ने हो त । अरूले नक्सा विपरीत बनाए भन्दैमा तपाइँले पनि नक्सा विपरीत नै बनाउनु पर्छ भन्ने छ र ? अनि टोलबासीको छलफलमा तपाइँले बार्दली, ढोका हटाउँछु भनेर कागज पनि गर्नु भएको छ रे ? त्यस्तो अवस्थामा त तपाइँले बार्दली र ढोका हटाउँदा राम्रो होला । अनि कौसीमा राखेको रेलिङ पनि तीन फिट पछाडि सार्नुपर्छ भनी वडाको प्राविधिकले रिर्पोट दिएको छ । तपाइँ केही दिनको समय लिएर सबै गर्नुस् र नक्साअनुसार निमाण गर्नुस् ।' मेरो कुरा सुनेपछि लालकाजी दाइले हुन्छ, अहिले ज्यामी नपाएकोले ज्यामी पाएपछि बनाउँछु भनेर जानुभयो ।

शुक्रबारको निर्वाचित समितिको बैठकमा मैले लालकाजी दाइ र राम दाइको मुद्दाको विषयमा छलफलको लागि विषय प्रवेश गराएँ । छलफलको क्रममा ज्येष्ठ जनप्रतिनिधिले भन्नुभयो, 'रामप्रसादलाई टोलबासीले पनि न्याय दिनसकेन । तत्कालीन समयमा वडा कार्यालयले पनि न्याय दिनसकेन । अब जनप्रतिनिधिहरू आएपछि त पक्कै लालकाजीले कुरा मान्ला कि जस्तो लाग्छ । वास्तवमा बार्दली र ढोका अनि तेस्रो तलामा रेलिङ हाल्न नहुने हो । छलफलमा हटाउँछु पनि भन्छ तर व्यवहारमा गर्दैन । सधैँ ज्यामी पाइएन मात्र भन्छ । एकपटक टोलबासी र जनप्रतिनिधिहरूको संयुक्त बैठक बसेर छलफल गर्नुपर्ला । लालकाजी अलि बाङ्गो बाङ्गो कुरा गर्ने र कसैले भनेको नमान्ने भएकोले यो समस्या आएको हो । सम्भवतः परिवारलाई सम्झाउन सकेको खण्डमा पनि यो समस्या समाधान होला कि जस्तो लाग्दछ । त्यसैले छलफलमा परिवारका सदस्यहरूलाई पनि बोलाउनुस् ।' ज्येष्ठ सदस्यले दिएको टोलबासीको बैठक राख्ने सल्लाहमा अरू सबै सदस्यले सहमति जनाए । त्यस रायअनुसार नै शनिबारको दिन टोलबासीको बैठक राख्ने निर्णय भयो ।

पूर्व निर्णयअनुसार शनिबारको दिन वडामा बिहान सात बजेनै टोलबासी आउन थालेका थिए । म वडामा पुग्दा मानिसहरूले हल भरिसकेको थियो । मैले विलम्ब नगरी बैठक औपचारिकरूपमा सुरु गरें । छलफलको क्रममा रामप्रसाद दाइलाई पहिला बोल्न अनुरोध गरें । उहाँले भन्नुभयो, 'लालकाजीलाई मैले भूकम्प पीडित भनेर धेरै सहयोग गरें । मेरै आँगनमा टहरा बनाएर १५ महिना बस्दा पनि मैले बहाल मागिनँ । अहिले त्यसैको बदलामा मेरो ३ फिट जग्गा मिचेर घर बनाउनुका साथै मेरोतर्फ क्यान्टिलेवल आधा फिट बढि निकाली बार्दली, ढोका, भऱ्याङ खण्डमा ठूलो ठूलो प्वाल हालेको छ र तेस्रो तलामा रेलिङ राखेको छ । वडा र टोलबासले यसमा सहयोग गर्नुपऱ्यो । यदि मेरो माग सबै पूरा भए ३ फिट मिचेको माग दाबी छोड्न तयार छु । तर मिचेको हो होइन वडाबाट एकपटक प्राविधिक पठाएर निरीक्षण गरिदिन अनुरोध गर्दछु । मिचेको हो भने लालकाजीले सार्वजनिकरूपमा माफी माग्नुपर्छ वा मेरो श्रीमतीको अगाडि माफी माग्नुपर्छ । होइन भने लालकाजीलाई वडा र नगरपालिकाले दिने सेवा सुविधा रोक्का गर्नुपऱ्यो ।' राम दाइका कुरा सकेपछि छोटोमा लालकाजीलाई आफ्नो धारणा राख्न अनुरोध गरें । उहाँले भन्नुभयो, 'ज्यामी नपाएर मैले गर्न नसकेको हो । तर वडाले मलाईमात्र किन धेरै प्रेसर गरेको हो । अरूले पनि त नक्सा विपरीत अनि मापदण्ड विपरीत घर बनाएका छन् । मलाईमात्र किन वडाले धेरै पेलेको हो । टोलबासी र वडाले मात्र मलाई धेरै पेलेको छ । तापनि म सुधार गर्छु भनेकै छु । ज्यामी पाएपछि म नक्साअनुसार सुधार गर्न तयार छु ।'

त्यसपछि वडाबासीमध्ये एकजना पाको व्यक्तिलाई आफ्नो धारणा राख्न अनुरोध गरें । त्यस व्यक्तिले भन्नुभयो, 'लालकाजी भन्ने मान्छे अवसरवादी हो । यसले पहिलेपनि टोलबासीले भनेको मानेन । अहिलेपनि वडाले र टोलबासीले भनेको कुनै पनि हालतमा मान्दैन । त्यसैले यसरी बैठक राख्नु भन्दा वडा र नगरपालिकाले सेवा सुविधा रोक्का राख्नु उपयुक्त लाग्दछ ।' ज्येष्ठ सहभागीको यस्तो कडा टिप्पणी आएकोले र टोलबासीलाई पनि लालकाजीको बानी थाहा भएकोले होला सबैले त्यस्तै राय दिनुभयो । ज्येष्ठ जनप्रतिनिधिले पनि त्यही राय दिनुभयो । सचिवले पनि त्यही राय दिएपछि **वडाबाट सम्पूर्ण किसिमको सिफारिस रोक्का गर्ने निर्णय भयो ।**

त्यस निर्णय भएको दुई दिनपछि नै लालकाजीको छोरा **नागरिकता सच्याउनको लागि सिफारिस** लिन आए । छोरा मेरो विद्यार्थी थियो । साथै निकै मिहिनेती, अनुशासित र जेहेनदार पनि थियो । अहिले ऊ इन्जिनियर बनिसकेको छ । जागिर खानको लागि नागरिकता आवश्यक भएकोले नगारिकतामा नाम नमिलेको हुँदा सच्याउन आएको रहेछ । आफ्नै जेहनदार विद्यार्थीलाई सिफारिस रोक्नुपर्दा मलाई निक नमज्जा लाग्यो । मैले अस्तिमात्र भाइ, दिदी र बुबा भएको बैठकमा सिफारिस रोक्का राख्ने निर्णय भएको फुकुवा नभएसम्म सिफारिस दिन नसकिने जानकारी दिएँ । तर **छोराले सबै गल्ती स्वीकार गर्ने र सुधार पनि गर्ने**, त्यसको लागि एक महिनाको समय दिन अनुरोध गरे । तर मैले एक महिनाभित्र सुधार गरेर आउनु अनि सिफारिस दिऔँला भनें । तर सिफारिस अहिलेनै आवश्यक भएको नत्र नियुक्ति नदिने जानकारी दिएको बताए । तापनि मैले कुनै पनि हालतमा सिफारिस दिन नमिल्ने बताएँ । तापनि छोरा निकै बेर सिफारिस देला कि भनी अनुनय विनयय गरिरह्यो । त्यसको एक हप्तापछि छोरी पनि सिफारिस लिन आइन् । तर मैले **छोरीलाई पनि कुनै पनि हालतमा सिफारिस दिन नमिल्ने जानकारी दिएँ** । छोरीले पनि एक महिनामा सबै सुधार गर्ने प्रतिबद्धता गरिन् । तर मैले सिफारिस गरिनँ । नक्साअनुसार घर पुनः निर्माणमा सुधार भएर आएकै

दिनमा सिफारिस दिन मिल्ने जिकीर गरेँ। त्यसपछिका दिनहरूमा पनि लालकाजीका छोरा र छोरीहरू सिफारिसको लागि वडामा आइरहे। साथै लालकाजी आफैपनि सिफारिस गरिदिन पटक पटक अनुनय विनय गर्न आए। तर मैले सिफारिस दिन नमिल्ने स्पष्ट जानकारी गराएँ। त्यसपछिका दिनहरूमा वडाबाट तारेख दिने कार्य चलिरह्यो।

करिब १ वर्ष पछिका कुरा हो। एक दिन छोरी वडामा आइन्। छोरीले बुबालाई मुटु सम्बन्धी रोग लागेकोले गंगालालमा उपचार गराईरहेको र अपरेसन गर्नुपर्ने हुँदा **नेपाल सरकारले दिने एक लाख र नगरपालिकाले दिने दश हजार अनुदानको लागि सिफारिस** आवश्यक भएको जानकारी दिए। मैले छोरीलाई वडामा गरेको प्रतिबद्धता अनि एक महिनामा गर्छु भनेको प्रतिबद्धता पूरा नभएको तथ्य अवगत गराएँ। छोरीले **फेरि अर्को एक महिना** दिन आग्रह गरिन्। मलाई झनक्क रिस उठ्यो। त्यसबेलासम्म छोरीको विवाह भइसकेको थियो। साथमा श्रीमान पनि थियो। श्रीमान पनि मेरै विद्यार्थी थियो। मलाई बिहाननै एक दुईजनाले सिफारिस लिन आउँदै छ दिएर पठाउन प्रेसर पनि आइसकेको थियो। त्यही भएर पनि मलाई रिस उठेको थियो। त्यस्तैमा श्रीमानले भन्नुभयो, 'यस्तो संवेदनशील विषयमा त सिफारिस रोक्न नहुने हो। मान्छे मऱ्यो भने त वडा जिम्मेवार हुन्छ नि। निर्माणको कुरा त पछि गर्दा पनि हुन्छ। तपाइँलाई यत्ति पनि हेक्का छैन कि के हो ?' आफ्नै विद्यार्थीको मुखबाट यस्तो कडा वाणी सुन्नु पर्दा मलाई पनि धेरै रिस उठ्यो। तर के गर्नु रीस उठ्दैमा कराउने कुरा पनि भएन। कुरालाई छोट्याउँदै मैले भनेँ, 'निवेदन छोडेर जानुस् समितिको बैठकमा राखेर कुरा गरौँला।' त्यसपछि दुवै जना वडाबाट बाहिरिए।

लालकाजीको स्वास्थ्यसम्बन्धी सिफारिस संवेदनशील तथा अपरेशन तत्काल गर्नुपर्ने भएको हुँदा उनीहरू जाने वित्तिकै तत्कालै जनप्रतिनिधिहरूलाई फोनमार्फत् घटना विवरणबारे जानकारी गराएँ र तत्कालै समितिको आकस्मिक बैठक बोलाएँ। करिब आधा घण्टामा साथीहरू वडामा आइपुगे। बैठकमा ज्येष्ठ जनप्रतिनिधिले लालकाजी थिकेको स्वास्थ्यको सिफारिस भएकोले संवेदनशील भएको हुँदा भोलिनै टोलबासीको बैठक बोलाई छलफल गर्नुपर्ने बताउनु भयो। एकजना जनप्रतिनिधिले लालकाजी थिकेमा इमानदारिता र नैतिकता नभएकोले सिफारिस दिन नहुने बताउनुभयो। मैले पनि वडा कार्यालयप्रति इमानदारिता नदेखाएकोले सिफारिस रोक्ने कि भनी सल्लाह राखेँ। अन्तमा हामीले टोलबासीसँग सल्लाह मागेर त्यही सल्लाह अनुसारमात्र अगाडि बढ्ने निर्णय भयो।

विषयवस्तुको गम्भीरता र संवेदनशीलतालाई ध्यानमा राखी टोलबासीको बैठक बोलाएँ। धेरै वडाबासीको सहभागिता भएको बैठक औपचारिकरूपमा सुरु गर्दै मैले विषयवस्तुमाथि प्रकास पारेँ। त्यसपछि ज्येष्ठ वडाबासीलाई बोल्न दिएँ। जेष्ठ वडाबासीले भन्नुभयो, 'इमानजमान नभएको मानिसलाई स्वास्थ्यको भए पनि सिफारिस दिनहुँदैन। टोलबासीलाई, अनि वडा र नगरपालिकालाई समेत नगन्ने व्यक्तिलाई कजाउने यस्तै मौकामा हो, होइन भने यस्ता व्यक्तिले कसैलाई मान्छे गन्दैन।' बैठकमा बोल्ने अरूले पनि यस्तै कडा खालको सल्लाहमात्र आयो। कोही पनि सिफारिस दिने पक्षमा देखिएनन्। लालकाजीको छोरी, छोरा र ज्वाइँले मात्र सिफारिस दिनुपर्ने कुरामा जोड दिए। अझ ज्वाइँले त माफीसमेत मागेर हात जोडेर भन्नुभयो, 'बुबाको ठूलै गल्ती भए पनि निर्माणको विषयमा पछि कुरा गर्न सकिने र त्यसमा म पनि बुबालाई सम्झाउने प्रतिबद्धता व्यक्त गर्दछु। तर अपरेशन भोलि नै भएकोले आज सिफारिस नभए सरकारबाट आउने एक लाखको सुविधा र नगरपालिकाबाट आउने दस हजार पनि नपाउने हुँदा म आफै जमानी बसेर भए पनि सिफारिस दिनु अनुरोध गर्दछु। हामीलाई केही महिना समय दिनुस्। हामी रामप्रसाद बुबाले भनेजस्तै सबै नियमित गर्नेछौँ। तर अहिले जसरी भए पनि सिफारिस दिन अनुरोध गर्दछु।' उहाँको कुरा सुनेपछि ज्येष्ठ वडा सदस्यले पनि केही समय दिएर संवेदनशीलतालाई ध्यानमा राखी सिफारिस दिनुपर्ने सल्लाह दिनुभयो। त्यसपछि ज्वाइँले जिम्मा लिने कुरा आएपछि वडाबासी पनि सिफारिस दिन सकारात्मक देखिए। त्यसपछि सचिवलाई निर्णय खेस्रा गर्न लगाएँ। छ महिनाको समयमा नक्साअनुसार नियमित गर्ने र हाललाई सिफारिस दिने निर्णय लेखी सबैलाई हस्ताक्षर गराइयो। त्यसपछि मैले बैठक समापन गरेँ।

समय बित्दै गयो। लालकाजी थिकेको मुटुको अपरेशन सफल भएर घर फर्के। समय बित्दै गए पनि लालकाजी, छोरी, छोरा र ज्वाइँले वडामा गरेको प्रतिबद्धता पूरा गर्नेतर्फ केही कदम चालिएको देखिएन। करिब छ महिना बित्नै लाग्दा मैले ज्वाइँ र लालकाजीलाई फोनगरी प्रतिबद्धता विषयमा सम्झाएँ। लालकाजी दाइले **अझै ज्यामी पाउन मुस्किल भएको र ज्वाइँले बुबालाई सम्झाइरहेको छु** भनी जवाफ फर्काउनुभयो। त्यसपछिका दिनमा पनि मैले बरोबर फोन गरेर वडामा गरेको प्रतिबद्धता पूरा गर्न सम्झाई रहेँ, हरेक पटक तर ज्यामी नपाएकै उत्तर आउँथ्यो। ज्वाइँलाई वडामा बोलाई कडा शब्दमा सम्झाउने कार्य पनि गरियो। तर ज्वाइँ पनि रातो मुख लगाएरमात्र बसिरहे। उहाँसँग रातो मुख पार्ने र क्षमा माग्नेबाहेक अरू उत्तर थिएन। हालसम्म पनि लालकाजी र उसको परिवार तथा ज्वाइँले गरेको वाचा सम्झँदा म आफू लाचार भएको महसुस हुन्छ। वडाध्यक्षलाई जेल हाल्ने र बल प्रयोग गर्ने अधिकार कानुनले दिएको भए सायद लालकाजीले वडामा गरेको प्रतिबद्धता एक दिनमै पूरा गराउँथे होलाजस्तो लाग्दछ। तर के गर्नु वडाध्यक्षलाई मिलापत्र गराउने र सम्झाउने अधिकारबाहेक अरू **अधिकारको बन्दोवस्त नहुँदा पीडितले न्याय पाउन सकिरहेको छैन**।

ख्वप अस्पताल : हिजो, आज र भोलि

राजेन्द्र हाडा

वैशाख १६ गते (२०७७) बाट उपत्यकामा निषेधाज्ञा लागु भयो । विज्ञहरूले अनुमान गरेजस्तै सङ्क्रमितको सङ्ख्या दोब्बरले बढ्दै गयो । मृत्यु हुनेहरूको सङ्ख्याले सबैलाई नराम्रोसँग झस्काइदियो । त्यसमाथि अस्पतालहरूमा अक्सिजन र बेडको अभावले झनै तर्साइदियो । यसले देशको वर्तमान स्वास्थ्य व्यवस्थाको असफलता नराम्रोसँग उजागर गरिदियो । संविधानले शिक्षा र स्वास्थ्य जनताको मौलिक हकको रूपमा व्याख्या गरेको छ । त्यस्तै संविधानमा समाजवादउन्मुख देशको रूपमा उल्लेख छ । तर, देशमा कम्युनिस्ट भनाउँदाको दुईतिहाइको सरकारले त्यो लक्ष्यको निम्ति सिन्को पनि भाँचेन । जनता लाचार छन् । दोष क-कसलाई दिने ? पञ्चायतकालीन मानसिकताबाट बाहिर निस्कन नसकेका नैतिकहीन कर्मचारीतन्त्र वा राजनीतिज्ञ वा हामी आफै ?

राम्रो काम गर्न पनि दुःख खेप्नुपर्छ

यसलाई बुझ्न म केही पुराना कुराहरू राख्न चाहन्छु ।

भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप उच्च मावि स्थापना गरेर सर्वसाधारण जनताका छोराछोरीलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने अभियान थाल्यो । त्यसको सफलतापछि २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेज सुरु भयो । लगत्तै भनपाले २०६१ मा ख्वप पोलिटेक्निक र २०६५ मा ख्वप कलेज अफ इन्जिनियरिङ कलेज सुरु गऱ्यो । तर, यहाँ उल्लेख गर्न खोजेको कुरा ख्वप पोलिटेक्निक (ख्वप बहु-प्राविधिक अध्ययन संस्थान) को हो । ख्वप इन्जिनियरिङ कलेजको २०५९/११/२९ गते बसेको सञ्चालक समितिको बैठकले ३ वर्षे ओभरसियर र स्टाफ नर्सका कक्षा सञ्चालन गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट अनुमति लिने निर्णय गऱ्यो । त्यसको २ हप्तापछि भक्तपुर नगरपालिकाले २०५९/१२/१३ गते सम्बन्धित निकायमा निवेदन पेस गऱ्यो । नपाका प्रतिनिधिहरूले कहिले नर्सिङ काउन्सिल र कहिले सीटीइभीटी गर्दै झन्डै १४ महिनासम्म धाए । कक्षा सञ्चालनको अनुमति दिन आनाकानी गर्दै झुलाइयो । विभिन्न दबाब दिएपछि २०६१/०१/१० गते कक्षा सञ्चालन अनुमति प्राप्त भयो ।

यो संस्थानमा हाल दुई विषयको पढाइ हुन्छ-

१. प्रवीणता प्रमाणपत्र तह स्टाफ नर्स

२. डिप्लोमा इन सिभिल इन्जिनियरिङ

यो संस्थान चलाउन सीटीइभीटी सानोथिमीबाट स्वीकृति लिई सञ्चालनमा ल्याएको २ वर्षभित्र आफ्नै ५० बेडको अस्पताल खोल्नुपर्नेछ भनी लेखिएको रहेछ ।

नर्सिङ कलेजको सफलता विद्यार्थीले अस्पतालमा प्रयोगात्मक शिक्षा कतिको लिन वा दिन सकिन्छ भन्नेमा भर पर्छ । यसैलाई ध्यानमा राखेर सुरुमा भक्तपुर अस्पताल, वीर अस्पताल, डा. इवामुरा अस्पतालमा विद्यार्थीलाई प्रयोगात्मक कक्षा लिने व्यवस्था मिलाइयो । यसमा कलेजले धेरै झन्झट व्यहोर्नु पऱ्यो । यसैलाई मनमा लिएर २०६४/७/१८ गते ख्वप बहु प्राविधिक अध्ययन संस्थानले ५० शय्याको अस्पताल सञ्चालन गर्ने निर्णयसहित स्वीकृतिको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा निवेदन पेस गऱ्यो । विभिन्न सेवा सुविधासहित नगरपालिकाको आफ्नै जनस्वास्थ्य केन्द्र सञ्चालनमा रहेको जानकारीसहित २०६५/०२/१२, २०६७/०४/१९ गते गरी पटक-पटक ताकेता गर्दा पनि नपाले अस्पताल सञ्चालनको अनुमति पाएन । यस बीच २०६६ असार मसान्तसम्म प्रत्येक नर्सिङ कलेजको आफ्नै ५० शय्याको अस्पताल सञ्चालन गर्नुपर्ने निर्णय सार्वजनिक गरिसकेको थियो । सीटीइभीटीको कलेज नै बन्द गरिदिनेसम्मको पटक-पटकको धम्की र आफ्नै अस्पताल खोल्नका लागि कलेज र स्वास्थ्य मन्त्रालयबीचको जुहारीका बीच २०७३ चैतमा २५ शय्याको अस्पतालको सञ्चालन स्वीकृति प्राप्त भएको थियो । यो अस्पताल निर्माणको स्वीकृतिको लागि मात्रै हामी भक्तपुरवासीलाई ९-१० वर्षको समय लाग्यो । यो स्वीकृति पनि जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरले दिएको हो । जिल्ला जनस्वास्थ्य केन्द्र आफै ख्वप पोलिटेक्निक संस्थानको सञ्चालक समितिको सदस्य हो । ख्वप कलेज, ख्वप उच्च मावि, ख्वप इन्जिनियरिङ कलेजहरूको स्थापना र सञ्चालनका आफ्नै कथा-व्यथाहरू छन् । भनपाले ख्वप विश्वविद्यालयको सञ्चालनको स्वीकृति आजसम्म पाएको छैन । राम्रो काम गर्न पनि कतिको दुःख खेप्नुपर्छ भन्ने ज्वलन्त उदाहरण हो यो ।

देशभरिकै बिरामीहरूको आशाको केन्द्र

कतिपय भक्तपुरवासीहरू भक्तपुर अस्पताललाई नै राम्रो नबनाई किन नगरपालिकालाई ख्वप अस्पताल बनाउनु परेको होला भनी प्रश्न गर्छन् । भक्तपुर अस्पतालको अवस्था पहिले आजको जस्तो थिएन । डा. अशोकानन्द मिश्र, डा.

राणाको पालामा यो अस्पतालले भक्तपुरवासीको खुबै मन जितेको थियो। तर, पछि बिस्तारै अस्पतालको स्तर खस्किँदै गयो। नगरपालिका र यहाँका जनप्रतिनिधिहरूले नगरपालिकासँग मिलेर काम गर्ने प्रस्ताव नगरेको पनि होइन। तर, त्यो प्रस्तावले कहिल्यै मूर्तरूप लिन सकेन। बाध्य भएर आफ्नै अस्पताल खोल्नुपरेको हो। यो अस्पताल कसैको विरोधमा खोलेको होइन, यति सानो अस्पतालले भक्तपुरको सबै स्वास्थ्यसम्बन्धी आवश्यकता पूरा गर्नसक्दैन। यो अस्पताल विशिष्टिकृत अस्पताल होइन, जनरल अस्पतालमात्र हो। विशिष्टिकृत अस्पतालको लागि भक्तपुरमा भक्तपुर अस्पताल परिसरमा मानव अङ्ग प्रत्यारोपण केन्द्र र क्यान्सर अस्पताल छन्। भक्तपुरको पूर्वमा ताथलीमा क्यान्सर केन्द्र खुलेको छ। त्यस्तै ख्वप अस्पतालकै एउटा तला आँखाको लागि भनेर छुट्याइएको छ। सङ्घीय सरकारले भक्तपुर अस्पताललाई विस्तार गर्ने योजना ल्याइसकेको छ। त्यस्तै दुवाकोटमा पनि सङ्घीय सरकारले ६०० बेडको अस्पताल बनाउने निर्णय गरिसकेको छ। यो सबै हिसाबले शिक्षा क्षेत्रमा जस्तै भक्तपुरले निकट भविष्यमा स्वास्थ्य क्षेत्रमा ठूलो फड्को मार्ने निश्चित छ।

Vjkc:ktfn

हाल भक्तपुर नगरभित्र भक्तपुर अस्पताल, डा. इवामुरा मेमोरियल अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, सहिद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्र, जिल्ला सामुदायिक आँखा केन्द्र, सिद्धि स्मिति बाल तथा महिला रोग प्रतिष्ठान र ख्वप अस्पताल गरी (पहिलेको जनस्वास्थ्य केन्द्र) ७ ओटा अस्पतालहरू सञ्चालित छन्। त्यस्तै भनपाका वडा नं ५ र २ मा जनस्वास्थ्य केन्द्रहरू सञ्चालित छन्। नागरिक आरोग्य सेवा केन्द्र (आयुर्वेदिक औषधालय) र जापानिज सहयोगमा निर्मित श्वासप्रश्वास पुनर्स्थापना केन्द्र पनि हाल सञ्चालनमा छन्। तिलगङ्गा आँखा अस्पतालको सहयोगमा पनि ख्वप अस्पताल च्याम्हासिंहमा साधारण मोतिबिन्दुको अपरेसनको सुविधा सेवा उपलब्ध छ। वडा नं १ मा छिट्टै जनस्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइँदै छ भने वडा नं १० मा एक वर्षभित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य नगरपालिकाले लिएको छ। ख्वप अस्पताल (पहिलेको जनस्वास्थ्य केन्द्र) ले अहिले पनि दैनिक ५५० देखि ६०० सम्मको बिरामीलाई स्वास्थ्य सेवा दिँदै आएको छ। कोभिड-१९ पछि भक्तपुर अस्पतालले पनि आफूलाई धेरै सुधार गर्दै लगेको छ भने भक्तपुर क्यान्सर अस्पताल र सहिद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रले देशभरि नै आफ्नो छुट्टै पहिचान बनाइसकेको छ। भक्तपुर देशभरिकै बिरामीहरूको आशाको केन्द्र भइसकेको छ ।

अस्पताल बनाउनभन्दा चलाउन निकै गाऱ्हो

हो, अस्पताल बनाउन गाऱ्हो छैन तर चलाउन निकै गाऱ्हो छ। ख्वप अस्पताल पूर्णरूपमा सञ्चालनमा आएपछि बिरामीको चापबारे हामीले सोचेकै छैनौँ अहिले। यसले भक्तपुरको पूर्वीभेगीय जनताको पनि ठूलो चाप थेग्नुपर्नेछ। नगरपालिकाले यसबारेमा अहिले नै सोच्न थाल्दा राम्रो हुनेछ। जसरी रोग नै लाग्न नदिनको लागि व्यायामशाला बनाएर नियमित व्यायाम गर्नका लागि भक्तपुरवासीलाई हौस्याएको छ त्यसरी नै सानातिना बिमारीका लागि प्रत्येक वडा-वडामा जनस्वास्थ्य केन्द्र बनाएर स्वास्थ्य उपचारको व्यवस्था मिलाई दिनुपर्छ। घर-घरमा नर्सिङ सेवालाई थप प्रभावकारी वा व्यवस्थित बनाउनुपर्छ। स्वास्थ्य बिमा सेवामा अहिले ४० प्रतिशत भक्तपुरवासीको सहभागिता देखिएको छ। यसलाई शत प्रतिशत बनाउन नगरपालिकाले घरदैलो नर्सिङ सेवामा स्वास्थ्य बिमाबारे जनतालाई प्रशिक्षित गर्ने कार्यको पनि थालनी गर्नु आवश्यक छ। स्वास्थ्य बिमा सेवाको राम्रो प्रयोग गर्न सकेमा अस्पताल चलाउन गाऱ्हो पर्दैन होला। नत्र, अस्पताल सञ्चालन साऱ्है नै महँगो सेवा हुनेछ। अस्पताल सञ्चालन अलि सजिलो बनाउने भनेको मेडिकल कलेजसँगै सञ्चालन गरेर नै हो। सहिद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रले पनि केन्द्रलाई कलेजकै रूपमा विकास गर्ने सोच अघि सारेको छ। नगरपालिकाले यसमा सहयोग गर्नुपर्छ जस्तो लाग्छ।

त्यस्तै अस्पतालमा अर्को हेर्नुपर्ने क्षेत्र भनेको औषधि बिक्री वितरण (फार्मेसी) हो। नेपालमा यो व्यवसाय निकै नै नाफामूलक व्यवसायको रूपमा लिइन्छ। ख्वप अस्पतालले यो व्यवसायलाई सेवामूलक व्यवसायको रूपमा के कसरी सञ्चालन गर्न सकिन्छ, त्यसबारे खोजबिन गर्नु आवश्यक देखिन्छ। अहिले अस्पतालले खुला टेन्डरमार्फत औषधि आपूर्ति गर्दछ। आफूलाई चाहिने सबै औषधि सीधै निर्माताबाटै खरिद गर्न सकिएमा भक्तपुरवासीलाई धेरै नै फाइदा हुने थियो। निकट भविष्यमा पूर्ण रूपमा सञ्चालन हुन गइरहेको ख्वप अस्पतालले यी र यस्ता कुराहरूमा ध्यान दिन सकेको खण्डमा सुनमा सुगन्ध हुनेछ।

स्रोत : 'मजदुर' दैनिक

प्रजग कोरियामाथिको नाकाबन्दी हटाउन अब विलम्ब नगरौं !

टम फाउडी

गत साता चीन र रुसका प्रतिनिधिहरूले संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्मा प्रजग कोरियामाथि थोपरिएको नाकाबन्दी हटाउन माग गर्दै संयुक्त प्रस्ताव वितरण गरे । प्रजग कोरियामाथि विशेषतः संरा अमेरिकाको नेतृत्वमा नाकाबन्दी थोपरिएको छ । यस्तो नाकाबन्दी सन् २०१७ मा थप सघन भयो । प्रजग कोरियाले आणविक र मिसाइल परीक्षण बढाएको भन्दै नाकाबन्दीमार्फत सबै निर्यात तथा आर्थिक कारोबारमाथि रोक लगाएको छ । त्यस्ता निषेध प्रजग कोरियाविरुद्ध ट्रम्प सरकारको 'अधिकतम दबाब' को हिस्सा हो ।

सन् २०१८ मा संरा अमेरिकाले आफ्नो विदेश नीति बदलेर प्योङयाङसँग संवाद गर्ने नीति लियो । सो नीतिअनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र किम जोङ उनबीच चरणबद्ध शिखर सम्मेलनहरू भए । त्यस अवस्थामा प्रजग कोरियामाथिको दबाब अभियान केही खुकुलो भयो । विडम्बना त्यस्ता बैठकबाट कुनै परिणाम भने निस्केन । भियतनामको राजधानी हनोईमा भएको बैठक संरा अमेरिकाका राष्ट्रपतिले आफूखुशी रोकेपछि बितेका दुई वर्षदेखि दुई देशबीचको वार्ता रोकिएको छ । आणविक निशस्त्रीकरण र नाकाबन्दी खुकुलो गर्नेबारे वाशिङ्टनले खुलमखुला 'या त सबै गर्ने, नभए केही पनि नगर्ने' (अल अर नथिङ) नीतिको कारण वार्ता प्रक्रिया रोकिएको हो । यसबीच प्योङयाङले मिसाइल परीक्षणलाई निरन्तरता दिएको छ र आफ्नो शक्ति विस्तार गरेको छ ।

प्रजग कोरिया-कूटनीति (डीपीआरके डिप्लोमेसी) मा अमेरिकाको शून्य उपलब्धि (जेरो सम) को अवधारणाको मूल कारण कोरिया प्रायःद्वीपमा आफ्नो सैनिक उपस्थितिलाई वैधता दिनु हो । साथै प्योङयाङमाथि दबाब दिएर आत्मसमर्पण गराउनु ऊसँग सम्झौता गर्नुभन्दा बढी लाभदायक भएको संरा अमेरिकाको बुझाइ नै दुई देशबीचको सम्बन्धमा सुधार नहुनुको कारण हो ।

परिणामतः वाशिङ्टनले लामो समयदेखि प्योङयाङसँग सम्बन्ध सामान्यीकरण गर्न चाहिरहेको छैन । उसले दक्षिण कोरियालाई पनि औपचारिकरूपमा कोरिया द्वन्द्व अन्त्यको लागि प्रयास गर्न रोकिरहेको छ । 'प्रजग कोरियासँग बाँच्नु' भनेको सबैको लागि रणनीतिकरूपमा पराजय हो भन्ने उसको मान्यता छ ।

संरा अमेरिकाले प्योङयाङको दीर्घकालीन रणनीतिक दृष्टिकोणलाई गलत ढङ्गले बुझेको छ । प्रजग कोरियाले संरा अमेरिकालाई आफ्नो अस्तित्त्वको निम्ति सबभन्दा ठूलो खतराको रूपमा हेर्दै आएको छ । त्यही भएर उसले आफ्नो जुच्छे विचारधाराअनुसार अधिकतम सार्वभौमिकताको प्रयोगमार्फत दिगो सरकारको विदेश नीति अपनाउँदै आएको छ ।

उसले 'आफ्नो भाग्यमाथि नियन्त्रण गर्न' कुनै पनि देशले प्रतिकूलताको सामना गर्नुपर्ने र अरूसामु आत्मसमर्पण नगरी आफ्नै बलबुतामा उपलब्धि हासिल गर्नुपर्छ भन्ने कुरा सङ्केत गरेको छ । त्यसको निम्ति सङ्घर्ष नै एउटै मात्र बाटो हो । त्यस्तो सङ्घर्षको मूल्य तिर्न त्यो देश तयार हुनुपर्छ ।

परिणामतः प्रजग कोरियाले संरा अमेरिकाविरुद्ध आफ्नो राष्ट्रिय सार्वभौमिकता सुनिश्चित गर्न आफ्नो आणविक र मिसाइल कार्यक्रमलाई प्रयोग गरिरहेको छ । संरा अमेरिकालाई प्रजग कोरियाको सार्वभौमिकता स्वीकार्न लगाउने र समान हैसियतमा वार्तामा ल्याउन प्योङयाङले यो नीति अवलम्बन गरेको हो । यसो गर्दा मात्र संरा अमेरिकाको आफूप्रतिको 'निर्मम नीति' को अन्त्य हुनसक्ने उसको विश्वास छ ।

त्यसको अर्थ प्रजग कोरिया अमेरिकासँग कुनै सम्बन्ध राख्न चाहँदैन भन्ने होइन अथवा ऊसँग समान हैसियतमा दुवै पक्षको जित हुने गरी वार्ता गर्न चाहँदैन भन्ने पनि होइन । बरु वाशिङ्टनले व्यवहारमै सात दसक लामो नाकाबन्दी, उसलाई विश्वमञ्चबाट एक्ल्याउने नीति र अझ कति बेला सरकारलाई समेत अपदस्थ गर्ने प्रयास रोकोस् भन्ने उसको माग हो । तथापि, यसको आरम्भ 'पूर्ण निःशस्त्रीकरण' बाट हुनसक्दैन ।

संरा अमेरिकाको अहिलेको बाइडेन सरकारले प्रजग कोरियाको मुद्दालाई ओझेलमा पारेको छ । प्रजग कोरियाको मुद्दा हेर्न संरा अमेरिका सरकारले एक जना तल्लो तहको कर्मचारीलाई मात्र जिम्मेवारी दिएको छ । बाइडेन सरकारले वार्ताको कुरा त गर्छ । तर, त्यसको निम्ति कुनै प्रयास थाल्दैन, न त आवश्यक नीतिगत परिवर्तन नै गर्छ । उसको त्यो गल्ती हो ।

प्योङयाङले यस्तो परिस्थितिको प्रतिक्रिया पटकपटकको मिसाइल परीक्षणबाट दिइरहेको छ । उसले सैनिक क्षमतालाई ➲

दमनको सामना गर्दै रुसी कम्युनिस्टहरू, पुरानो सन्तुलन तोडिँदै



फ्रेड वेयर

afl/; sfuf/lnT;sl

बोरिस कागारलित्सकी (Boris Yulyevich Kagarlitsky) रूसका एक पुराना कम्युनिस्ट कार्यकर्ता हुन् । उनले लियोनिड ब्रेझ्नेभ र बोरिस यल्त्सीनको शासन कालमा ८० प्रतिशतभन्दा बढी अवधि राजनीतिक बन्दीको रूपमा जेलमा बिताएका थिए । अहिले राष्ट्रपति भ्लादिमिर पुटिन पनि उनलाई खतरा देख्ने ब्रेझ्नेभ र यल्त्सीनकै लाइनमा आएका छन् । उनलाई हालै मात्र १० दिनको कैदपछि मस्को बन्दीगृहबाट रिहा गरिएको थियो । उनले सामाजिक सञ्जालमा गत महिना सम्पन्न संसदीय निर्वाचनमा भएको धाँधलीलाई लिएर कम्युनिस्ट पार्टीले जारी गरेको वक्तव्यमा छोटो टिप्पणी गरेका थिए ।

➲ अभिवृद्धि गरिरहेको छ । किमले वार्ताको लागि कूटनीतिक सङ्केतहरू दिँदै आएका छन् । त्यसो गरेर उनी यो समयमा सङ्कट निम्त्याउने पक्षमा नभएको देखाएका छन् । यद्यपि, संरा अमेरिकाले उसको जति खुट्टा तान्छ, प्रजग कोरिया उति अझ अघि लम्किरहेको छ । प्रजग कोरिया पन्छाउन सकिने गोलपोस्टमा लमकलमक लम्किरहेको छ ।

प्रजग कोरियाको क्षमता अभिवृद्धि भइरहे पनि कोभिड-१९ महामारीको समयमा आफैले घोषणा गरेको व्यापार बन्दीले त्यहाँको मानवीय अवस्था असजिलो हुँदै गयो । त्यसमाथि नाकाबन्दीको मार त छँदै थियो । यस्तो अवस्थाले पनि प्रजग कोरिया सरकारलाई हतियार बनाउने कारण वा चाहना कति पनि कम भएन । अर्कोतिर प्योङयाङले नाकाबन्दी हलुका बनाउने अवस्थालाई सकारात्मक प्रतिक्रिया जनाएको छ ।

प्योङयाङले योङब्योङ ऊर्जा परियोजना पूर्णतः बन्द गर्न तयार रहेको सङ्केत गरेको छ । त्यसले प्रजग कोरियामा मिसाइल बनाउन आवश्यक आणविक सामग्री उत्पादन गर्ने क्षमता अन्त्य गर्नेछ । संरा अमेरिकाले प्रजग कोरियाको आणविक कार्यक्रम सम्पूर्णतः उन्मूलन गर्न सक्नेछैन । तर, उसले थप विकासलाई भने रोक्न सक्नेछ ।

यद्यपि, आणविक निःशस्त्रीकरण कोरिया प्रायःद्वीपमा शान्ति प्रक्रियाअघि बढाउन अपरिहार्य छ । संरा अमेरिकाले दक्षिण कोरियामाथि एकपक्षीय नियन्त्रण गर्न बन्द गर्नुपर्छ । त्यसले दुई कोरियाबीच युद्धको अवस्था समाप्त हुनेछ । द्वन्द्वको अन्त्यका साथै प्योङयाङसँगको सम्बन्ध सामान्य बन्नु 'रणनीतिक प्रतिगमन' होइन, बरु शान्तिको सुरुआत हुनसक्छ । त्यो प्रक्रिया पहिलो चरणमा आणविक कार्यक्रम बन्द गर्ने आधार हुनसक्छ ।

अरू कुनै पनि कामभन्दा पहिला प्योङयाङलाई अस्तित्त्व जोगाउन खोजिरहेको देश बन्न बाध्य बनाएको सुरक्षा अन्योलको अन्त्य हुनुपर्छ । नाकाबन्दी खुकुलो बनाएर कम्तीमा उसलाई आफ्नो सुरक्षित अस्तित्त्वमा ढुक्क बनाउनुपर्छ । प्रजग कोरियालाई अपमानित गरेर आत्मसमर्पण गर्न बाध्य बनाउने असफल विश्वास अब संरा अमेरिकाले त्याग्नुपर्छ ।

(लेखक बेलायतका राजनीतिक तथा अन्तर्राष्ट्रिय सम्बन्धका विश्लेषक हुनुहुन्छ ।)

स्रोत : सीजीटीएन/ 'मजदुर' दैनिक

नेपाली अनुवाद : सुमन

कागारलित्सकी धेरै लामो अवधिदेखि साइबेरियामा रहेर त्यहाँबाट रूसी संसद्को तल्लो सदन –ड्युमामा निर्वाचित भएका रूसी कम्युनिस्ट पार्टीका संसद् सदस्यका राजनीतिक रणनीतिकारको रूपमा काम गरिरहेका थिए। उनी गत महिनाको निर्वाचनमा मस्को सहरका सबै निर्वाचन क्षेत्रबाट राष्ट्रपति पुटिनको युनाइटेड रसिया पार्टीका उम्मेदवारहरूले जितेको अपत्यारिलो घोषणा सुनेपछि राजधानी आएका थिए। उक्त निर्वाचन परिणाम त्यहाँको लामो समयदेखिको मतदान प्रवृत्ति, निर्वाचनपछिको मत सर्वेक्षण र निर्वाचन केन्द्रहरूमा गरिएको मतगणनाविपरीत रहेको छ। लाखौँ कथित 'निश्चित गर्ननसकिने' इलेक्ट्रोनिक्स मतहरू देखिएपछि उक्त परिणाम निर्णायक रूपमा उल्टिएको हो।

रूसी निर्वाचनहरूमा धाँधलीको खेलमा जीवित इन्साइक्लोपेडियाका रूपमा रहेका कागारलित्सकीले आफ्नो जीवनकालमा रूसमा यो हदसम्मको निर्वाचन धाँधली कहिल्यै नदेखेको बताए। उनले अगाडि भने, 'सत्तासीन पार्टीका उम्मेदवारको पक्षमा खसेका मत सबै वैध हुने र विपक्षी उम्मेदवारको पक्षमा खसेका मत 'निश्चित गर्ननसकिने' वा 'अस्पष्ट' हुने कस्तो इलेक्ट्रोनिक्स भोटिङ मेसिन हो ? मस्कोमा जे भयो सीधा भन्नुपर्दा ठूलो मात्राको मत चोरी हो।'

त्यसले जनमतदेखि त्रसित भएको सरकारले निर्वाचन प्रणालीमाथि छेडखानी गर्नुका साथै प्रणालीगतरूपमै मिलाइएको इलेक्ट्रोनिक्स भोटिङ मेसिन बनाउन दिएको पुष्टि भएको छ।

स्वतन्त्र निर्वाचन पर्यवेक्षण संस्था–गोलोसले मस्कोमा नयाँ इलेक्ट्रोनिक्स भोटिङ सिस्टम (मेसिन र सफ्टवेयर) ले कम्तीमा ७८ हजार मत गडबड गरेको र रूसी एकीकृत कम्युनिस्ट पार्टी (केपीआरएफ) का उम्मेदवारहरूको निश्चित जितलाई हारमा पुऱ्याएको बतायो। रूसको सरकारले लामो अवधिदेखि प्रतिपक्ष आवाजका रूपमा स्वीकार गर्दै आएको पार्टी –रूसी एकीकृत कम्युनिस्ट पार्टी (केपीआरएफ) विरुद्ध अहिले सरकार आक्रामक भएको स्पष्ट हुन्छ।

रूसी एकीकृत कम्युनिस्ट पार्टी (केपीआरएफ) का तल्लो तह र सदस्यहरूले त्यसको विरुद्ध आन्दोलनलाई कडाइका साथ अगाडि लान खोजेपछि तिनीहरूको प्रदर्शनमाथि सरकारको निर्णायक दमन देखिएको छ। दमनको यो तरिका र मात्रा सोभियत सङ्घपछिको रूसको अनुभवसित अतुलनीय छ र दुई दशकसम्मको पुटिनकालीन राजनीतिक स्थिरताको शक्ति सन्तुलनलाई तोड्न खोजिएको रूपमा देख्न सकिन्छ।

नयाँ किसिमको दमन

कागारलित्सकी पुराना वामपन्थी र प्रख्यात विद्वान भए पनि अहिले कुनै राजनीतिक पार्टीमा आबद्ध छैनन्। उनलाई सेप्टेम्बर ३० का दिन मस्कोको सामाजिक र आर्थिक विज्ञानको उच्च विद्यालय (कलेज) मा आइपुगेपछि पक्राउ गरिएको थियो। त्यहाँ उनले वर्षमा केही दिन कक्षा लिने गर्छन्। उनलाई सामाजिक सञ्जालमा प्रतिबन्धित विषय साझा गरेको अभियोगमा सजाय दिइएको थियो। आफ्नो पक्राउ र सजायको विषयमा स्पष्ट पार्दै कागारलित्सकी भन्छन्, 'सामाजिक सञ्जालमा म नियमित राजनीतिक आलोचक रहँदै आएको छु। त्यसै क्रममा मैले निर्वाचनमा भएको धाँधलीलाई लिएर केपीआरएफले गरेको जुलुस प्रदर्शनमा उल्लेख गरेको वक्तव्यलाई निकै छोटो टिप्पणीसहित साझा गरेको थिएँ। निर्वाचन परिणामविरुद्धका न्यालीहरूमाथि सरकारले प्रतिबन्ध लगाएको मलाई थाहा थिएन। फेरि पक्राउ पर्नु, मुद्दा चलाइनु र केही हुँदै नभएको कसुरका लागि सजाय गरिनु मेरो लागि र कम्तीमा हाम्रो समयमा नयाँ कुरा पनि होइन।'

त्यसरी सजाय पाउने कागारलित्सकी एक्लै होइनन्। विभिन्न पार्टीहरूमा आबद्ध वामपन्थी कार्यकर्ताहरूलाई सरकारले निशाना बनाएको छ। यस किसिमको राजनीतिक दमन युवा पुस्ताको लागि नयाँ र चिन्ताजनक विषय बनेको छ। पुटिन मातहतको रूसमा आलोचकहरूमाथि दमन बढ्दो छ। विगत केही वर्षमा सरकारले अत्यन्त फराकिलो जाल फैलाइसकेको छ। सबैभन्दा पहिले भ्रष्टाचारविरोधी अभियन्ता र लामो समय पुटिनको प्रतिद्वन्द्वी रहेका अलेक्सेइ नाभाल्नीलाई पक्राउ गरियो। गत वर्ष उनीविरुद्ध विष प्रयोग भयो र त्यसपछि उनका सबै राजनीतिक सङ्गठनहरू बन्द गरियो। कैयौँ नागरिक समाजहरूलाई बिनाप्रमाण 'विदेशी दलाल' को बिल्ला भिराइएको छ र केहीलाई जबरजस्ती बन्द गराइएको छ। स्वतन्त्र सञ्चारमाध्यमहरूलाई पनि त्यसरी नै दमन गरिएको छ।

अहिले दमनको सामना गर्ने पालो आधिकारिक मान्यताप्राप्त विपक्षी पार्टीहरूको देखिएको छ। तिनीहरूको

भिन्न दृष्टिकोणले विभिन्न विषयमा विशेष गरी घरेलु नीतिमा वादविवादको शृङ्खला निम्तिएको आरोप लगाइएको छ ।

हालै आएर क्रेमलिन (रूस सरकार) ले 'व्यवस्थित प्रजातन्त्र' को प्रणालीको राग गाउन थालेको छ । त्यसको उद्देश्य युनाइटेड रसिया पार्टीलाई सधैँ बहुमतमा र चुनौतीसहित स्थानमा राख्नु एवम् विपक्षी पार्टीहरूलाई त्यसको मातहतमा रहन स्वीकार गर्न लगाउनु हो । पुटिन युगमा अहिले यही तानाशाही अवधारणा लागु हुने र कानुनी हुने छनक देखिन थालेको छ ।

रूसी एकीकृत कम्युनिस्ट पार्टी

केपीआरएफ ४० हजार युवासहित १ लाख ५० हजार सङ्गठित सदस्य रहेको रूसको दोस्रो ठूलो राजनीतिक पार्टी हो र स्वाधीन ऐतिहासिक जरा भएका रूसी पार्टीहरूमध्ये मुख्य हो । जबकी कम्युनिस्ट पार्टीहरूबाहेक अरू सबैजसो पार्टीहरू क्रेमलिनले कृत्रिमरूपमा सिर्जना गरेका पार्टीहरू हुन् । केपीआरएफले सेप्टेम्बरमा भएको संसदीय निर्वाचनमा खसेको कुल मतको १९ प्रतिशत मत प्राप्त गऱ्यो, जुन २०१६ को संसदीय निर्वाचनमा भन्दा ५ प्रतिशतले वृद्धि हो । सत्तारूढ युनाइटेड रसिया पार्टीले कुल खसेको मतको ३० प्रतिशतमात्र मत पाए पनि ४९ प्रतिशत सीट कब्जा गऱ्यो । उक्त पार्टीले २०१६ को तुलनामा ५ प्रतिशत कम मत प्राप्त गरेको हो ।

रूसी एकीकृत कम्युनिस्ट पार्टी (केपीआरएफ) ले कैयौँ निर्वाचन क्षेत्रहरूमा आफ्नो विजयलाई धाँधली गरी खोसेको दाबी गरेको छ । यति ठूलो मात्राको निर्वाचन धाँधली यसअघि भएको थिएन र यसैकारण विरोध प्रदर्शन चर्केको हो । मस्कोमा पार्टीले दुईओटा सार्वजनिक ऱ्यालीहरू आयोजना गऱ्यो तर त्यसमाथि हिंसात्मक दमन र पक्राउ गरेर सरकारले ऱ्यालीलाई छिन्नभिन्न पारिदियो । सहरको प्राधिकारले दुइटै ऱ्यालीलाई गैरकानुनी घोषित गरिदिएको थियो ।

जब कम्युनिस्ट पार्टीका ड्युमा सदस्यहरूले मतदाताहरूबीच आमसभा गर्न खोजे, नैसर्गिक अधिकारको रूपमा रहेको त्यस आमसभालाई पनि बिथोलियो । ६ जना निर्वाचित जनप्रतिनिधिहरूसहित करिब १८० जनालाई पक्राउ गरियो । निर्वाचन परिणामलाई अदालतमा कानुनी चुनौती दिन वकिलहरूले मुद्दाको तयारी गरिरहेको भवनलाई दुई दिनसम्म प्रहरीको घेरामा राखियो र मुद्दा हाल्ने समयसीमा घर्किसकेपछि मात्र छाडियो ।

मस्को सहर परिषद्का एक निर्वाचित सदस्य निकोलाई जुब्रिलिनलाई निर्वाचनपछि दुई पटक पक्राउ गरिसकिएको छ । उनी भन्छन्, 'दमनले पुटिन सरकारसित रहेको त्रास देखाउँछ र बढीभन्दा बढी रूसी जनतामा सत्तासीन पार्टीको चुनावी जितको वैधतामाथि शङ्का बढ्न थालेको छ । हुन त रूसमा भएका कुनै पनि निर्वाचन स्वच्छ थिएनन् तर मैले यतिसम्मको अधिकार दुरूपयोग र धाँधली कहिल्यै देखेको थिइनँ ।

मस्कोलगायत रूसका आठओटा प्रदेशमा उपयोग गरिएको र निर्वाचनको छोटो समयअघिमात्र अगाडि ल्याइएको इलेक्ट्रोनिक्स मतदान प्रणाली (मेसिन र सफ्टवेयर) को केपीआरएफलगायत अरू विपक्षी पार्टीहरूले गम्भीर आपत्ति प्रकट गरेका थिए । सरकारी अधिकारीहरूका अनुसार २० लाख मानिसहरूले उक्त नयाँ मतदान प्रणाली उपयोगका लागि नाम दर्ता गराएका थिए तर आलोचकहरू उक्त मेसिनको मतदाता सूची कुनै मतदाता नामावलीसित मेल नखाएको र धेरै थोरै खसेको उक्त इलेक्ट्रोनिक्स मत गडबडीका लागि प्रयोग भएको दाबी गरे ।



kl6g / u]gf8l.HoUfgf]

'युरोपेली अदालतहरूले त्यस्ताखाले मतदान प्रणालीलाई अपारदर्शी भनेर प्रतिबन्ध लगाइसकेका छन्,' केपीआरएफका नयाँ निर्वाचित ड्युमा सदस्य यारोस्लाभ लिस्टोभले भने । उनले अगाडि भने, 'केही प्रक्रियाहरूमा फेरबदल गर्न सकिएपनि आधारभूत रूपमा निर्वाचन विश्वासको कार्य बनिसकेको छ । निर्वाचन अगाडि हामीसित उक्त मतदान प्रणालीलाई रोक्ने अर्को कुनै ठोस विकल्प थिएन ।'

केपीआरएफका अनुसार त्यस पार्टीले निर्वाचनका क्रममा भएका अनियमितताहरूलाई लिएर २५० ओटा भन्दा बढी मुद्दा हालेको छ । र, विभिन्न विपक्षी पार्टीहरूका हारेका उम्मेदवारहरूको गठबन्धनले भविष्यमा हुने कुनै पनि निर्वाचनमा उक्त इलेक्ट्रोनिक्स मतदान प्रणाली प्रयोगमा प्रतिबन्ध लगाउन माग गरेको छ । तर, मस्कोका निर्वाचन अधिकारीहरू भने आफूहरूको अनुसन्धानमा कुनै किसिमको धाँधलीको प्रमाण नभेटिएको र त्यसैअनुसार मत परिणाम घोषणा भइसकेको बताउँछन् ।

मिखाइल लोबानोभ मस्कोको कुन्तसेभो जिल्लाबाट ड्युमा सदस्यका उम्मेदवार थिए र उनलाई केपीआरएफले समर्थन गरेको थियो । निर्वाचनपछिको राति नै जबसम्म कागजी मतको मतगणना भइसकेको थियो उनी विपक्षी उम्मेदवारभन्दा १२ हजार मतले अगाडि थिए । त्यसपछि २० हजार मतसहितको इलेक्ट्रोनिक्स मतदान प्रणालीको मत गणना गरियो, मत परिणाम एकाएक युनाइटेड रसिया पार्टीका उम्मेदवारको पक्षमा पल्टियो । लोबानोभलाई युनाइटेड रसिया पार्टीका उम्मेदवार तथा टीभी कार्यक्रम प्रस्तोता येभ्गेनी पोपोभले ८ हजार मतले पराजित गरेको घोषणा गरियो ।

परिवर्तन अत्यावश्यक छ

लोबानोभका अनुसार रूसी एकीकृत कम्युनिस्ट पार्टी (केपीआरएफ) क्रेमलिनको योजनामा फसिसकेको छ र योजनाअनुसार विद्यमान प्रणालीभित्र केपीआरएफलाई पूर्वनिर्धारित स्थानमा सीमित पारिएको छ । जबसम्म केपीआरएफले निर्णायक सडक सङ्घर्षलगायत जनताको विश्वास जित्ने अरू शान्तिपूर्ण उपायहरू गर्दैन, अवस्था फेरिने छैन । एक दशकअघि त्यसरी नै निर्वाचनमा भएको धाँधलीविरुद्ध दसौँलाख रूसी जनताको प्रदर्शनले गर्दा कैयौँ निर्वाचन परिणामहरू उल्टिएका थिए र सरकार तथा निर्वाचन अधिकारीहरू केही हदसम्म सजग भएका थिए ।

वास्तवमा निर्वाचन परिणामलाई लिएर आफ्ना नेता गेन्नाडी ज्युगानोभको अति सुस्त प्रतिक्रियाप्रति केपीआरएफका केन्द्रीय समितिका केही सदस्यहरूले समेत खेद प्रकट गरेका छन् । सरकारसितको सम्बन्धलाई आफ्ना पार्टी पदाधिकारीहरूले 'नियमित कारोबार' जसरी लिएकोमा पनि आक्रोशित छन् ।

'यदि पार्टीले वास्तवमै रूसको प्रतिपक्ष शक्तिको रूपमा बाँच्न चाहेको हो भने केपीआरएफले त्यसलाई मतदान गर्ने जनताको विश्वास कायम राख्ने गतिविधि गर्नैपर्छ', लोबानोभले भने ।

लोबानोभले भनेझैँ केपीआरएफको कार्यशैली अहिले नै फेरिन भने कठिन छ । पार्टी नेतृत्व सरकारसित कदममा कदम मिलाएर हिँड्नमा लालायित छ र उनीहरू आफ्नो कामका लागि मिलिरहेको सुविधामा रमाइरहेका छन् । तर, पार्टीका सामान्य सदस्यहरू र विशेषगरी युवा सदस्यहरू बढी क्रान्तिकारी देखिएका छन् एवम् परिवर्तन आवश्यक छ भनी आवाज उठाइरहेका छन् ।

कागारलित्सकीले भने, 'अहिले आएर रूसी सरकार केपीआरएफदेखि पनि तर्सेको छ र त्यसैले दुई दशकसम्म सहेको उक्त पार्टीविरुद्ध पनि दमनलाई तीव्र पारिरहेको छ किनभने वर्तमान रूसी सरकारका अधिकारीहरूलाई रूसको इतिहास र रूसी कम्युनिस्टहरूको इतिहास राम्ररी अवगत छ । माथिदेखि तल्लसम्म पुटिन र पुटिनजस्ता अवसरवादी मानिसहरूले भरिएको कर्मचारीतन्त्रको राज्य छिट्टै भताभुङ्ग हुन बेर लाग्ने छैन, हामीले आशा गरेको भन्दा छिट्टै नै पनि हुनसक्छ । रूसको इतिहासका एक शताब्दीभित्र त्यस्तो घटना दुईपटक भइसकेको छ – पहिलो सन् १९१७ मा रूसी साम्राज्यको पतन र अर्को सन् १९९१ मा सोभियत समाजवादी गणतन्त्र सङ्घको विघटन ।' 'रूसी जनतामाझ वामपन्थप्रति गहिरो झुकाव रहेको छ, त्यसैले समय छिट्टै नै वामपन्थीहरूको पक्षमा हुन सम्भव छ,' कागारलित्सकीले अगाडि भने ।

सोभियत सङ्घको विघटनताका विपक्षी पूँजीवादीहरूसित फाइदा उठाउने निकै राम्रो अवसर थियो तर तिनीहरूले आफ्नो अवसर गुमाइसकेका छन् । अहिले कम्युनिस्टहरू र वामपन्थीहरू नै जनताको आशा र भरोसाको केन्द्र बनिरहेका छन् । अहिले भने नेतृत्व जनलहरअनुसार चल्न नसके पनि केपीआरएफ वामपन्थी विचारधारा र बलियो वाम व्यक्तित्वहरूको मुख्य थलो बनेको छ । त्यसैले पनि वर्तमान रूसी सरकारका अधिकारीहरू यस पार्टीदेखि तर्सिन लागेकोमा कुनै आश्चर्य छैन । जनताको माझमा पार्टीको यो स्थान गत निर्वाचनमा पार्टीले हासिल गरेको उपलब्धि (सीट सङ्ख्या) भन्दा धेरै ठूलो सफलता हो ।

-Communists face rare crackdown in Russia, upending old balance by Fred Weir
The Christian Science Monitor,October 26, 2021.

अनुवाद : प्रकाश

पीछकगु नेपाल भाषा साहित्य तःमुंज्याया

लसकुस नृत्यया म्ये

– कान्छा बासुकला

भ्रीगु देश भ्रीसं भिंके, भ्रीसं थाकाय् वा,
भ्रीकेहे दु मधाको धन, फ्वनेम्वा स्वीकें आ ।

थःत मी पिँ 'प्रमाण–पत्रं' गुब्लें विद्वान मजु न्हां,
देशभक्ति दुपिसहे देश धिसिंलाकि न्हां ।

चाकु–माकुक वम्हस्यां स्याचुपिचाँ किइगु,
म्वा भ्रीत MCC म्वा, सार्वभौमला मी मखु ।

हत्यारा व हत्यारा खः इतिहासं धयाच्वन,
पलापतिं हि बाः वय्का लुतेयाना नयाच्वन ।

भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

मिति २०७८ कार्तिक १७ गते, बुधबार

उपस्थिति

१. प्रमुख श्री सुनिल प्रजापति उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल ऐ
९. वडाध्यक्ष श्री उकेश कवां ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल ऐ
१८. सचिव श्री रामलाल श्रेष्ठ ऐ

निर्णयहरू

शैक्षिक ऋणको सूचना

आर्थिक वर्ष २०७८/०७९ को लागि भक्तपुर नगरवासी विद्याथीहरूलाई उच्च शिक्षा अध्ययनको लागि नगरपालिकाको तर्फबाट प्रदान गर्ने शैक्षिक ऋण सम्बन्धी आवेदन फाराम भर्न १५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

ब्याज थपी रकम भुक्तानी

तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रमा परेको नपुग तथा छुट जग्गाको रकम उपलब्ध गराउने सम्बन्धमा बैठकमा पेश हुन आएको तपसिलको सूचिअनुसार आयोजनामा रकम बुझाइसकेका जग्गाधनीहरूलाई रकम फिर्ता गर्दा रकम बुझाएको मितिले १० प्रतिशत ब्याज थपगरी रकम भुक्तानी गर्ने र अन्यको हकमा बिक्री तथा थप जग्गाको शुरु मूल्य तालिका बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

क्र.सं.	निवेदकको नाम	नक्सा नं.	कि.नं.	क्षेत्रफल (व.मी.)			दर प्रति व.मी.	रकम	ब्यहोरा
				ज.ध.अनुसार	फिल्ड अनुसार	फरक			
१	नवराज गिरी	१छ३	६९	२९३।८७	२३०।६०	६३।२७	१७७२१।१८	११२१२१९	पैसा बुझाइसकेको नपुग जग्गाको रकम फिर्ता दिनुपर्ने १० प्रतिशत ब्याज थप गर्नुपर्ने
२	सत्यलक्ष्मी कुसी	१छ१	३३	११०।१	९५।०९	१४।९८	३०७३६	४६०४२५	
३	आसकाजी खोजू	१च	१२	४७।६९		३१।९५	२९७८५	९५१६३१	जग्गा छुट भएको
४	खयरगोली	१क	३६४	३१।८		१९।९२	१३७४७	२७३८४०	
५	प्रविण प्रजापति	१छ८	५१	९४।३६	९२।१७	२।१९	३९५१०	८६६०६	जग्गा नपुग भएको
६	रामभक्त प्रजापति समेत	१छ४	३३	१६३।७४	१६१।६७	२।०७	२५८३७	५३३७९	

समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

आर्थिक समिति

मिति : २०७८।६।१२ गते

भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गामा विगत वर्षहरूमा जस्तै दशैंको समयमा खसी, च्यांग्राको व्यापारका लागि व्यापारीहरूबाट स्थान उपलब्ध गराई दिन माग भएकोमा उक्त स्थानमा खसी, च्यांग्राको बिक्री गर्नेहरूको हकमा २५'X२०' वर्ग फिट क्षेत्रफलका लागि रु.२०,०००।– दस्तुर र धरौटी रु.५,०००।– तथा उक्त क्षेत्रमा पसल सञ्चालन गर्ने र खसी, च्यांग्रा सफा गर्नेहरूको हकमा १५'X१०' वर्ग फिट क्षेत्रफलका लागि रु.७,०००।– दस्तुर तथा धरौटी रु.३,०००।– लिई बढीमा १ महिनाको समयका लागि **अस्थायी पसल, व्यवसाय सञ्चालन गर्न दिने** निर्णय गरियो ।

मिति : २०७८।७।४ गते

क. हाल यस नगरपालिकाको १,२ र १० वडाहरूमा नगरपालिकाको खाता रहेको नेपाल बैंकको शाखाहरू विस्तार भइसकेकोले वडा कार्यालयहरूबाट उठेको हरेक दिनको आम्दानी रकम भोलिपल्ट तथा महिनाको अन्तिम दिनको रकम सोही दिनभित्र सम्बन्धित वडा कार्यालयहरूलाई पायक पर्ने नेपाल बैंकको शाखामा (काउण्टर) मा **दाखिला गर्न लगाउने** र सोको जानकारी नगरपालिकामा गर्न लगाउने निर्णय गरियो ।

ख. कोभिड–१९ बाट बढी प्रभावित पर्यटन तथा यातायात क्षेत्रसँग सम्बन्धित पसल तथा व्यवसायहरूको बहाल तथा कर छुट सम्बन्धमा अध्ययन गराई छुट दिने सम्बन्धमा नगर कार्यपालिकाको निर्णयअनुसार गर्ने भनी यस नगरपालिकाको दशौँ नगरसभाबाट प्रस्ताव पारित भएअनुसार मिति २०७८।४।१४ गते श्रीमान प्रमुखज्यूबाट यस आर्थिक समितिलाई सो सम्बन्धमा अध्ययन गरी पेश गर्न कर उपशाखाको टिप्पणी मार्फत निर्देशन भएकोमा यस समितिमा छुटका लागि पेश भएका टिप्पणीमा उल्लेखित कुल ९ ओटा निवेदनहरूको सम्बन्धमा अध्ययन तथा छलफल हुँदा कोभिड १९ बाट ती पसल तथा व्यवसायहरू प्रत्यक्ष रूपमा प्रभावित भएको र कोभिडको समयमा सञ्चालनमा नआएकोले तुलनात्मक रूपमा बढी प्रभावित पर्यटन क्षेत्र अन्तर्गतको दरबार क्षेत्रस्थित पाहाँछेँ सत्तल र पर्यटक शौचालय मुनिका २ ओटा पसलहरू साथै ब्यासीस्थित २ नं. वडा कार्यालय मुनिको मनि एक्सजेन्ज पसलहरूको हकमा ६ महिनाको बहाल छुट दिने साथै पर्यटन क्षेत्र बाहेकको मिनिबस सेवा समिति र सार्वजनिक शौचालयको हकमा ४ महिनाको **कर तथा बहाल छुट दिने** निर्णय गरियो ।

ग. जय भवानी बचत तथा ऋण सहकारी संस्था, पामिला बचत तथा ऋण सहकारी संस्था, सुनौलो बचत तथा ऋण सहकारी संस्था र जय सन्तोषी माँ बचत तथा ऋण सहकारी संस्थाहरू काठमाण्डौमा सञ्चालित बहुउद्देश्यीय सहकारी संस्थाहरूसँग मर्ज गर्न सिफारिस माग भएको सम्बन्धमा छलफल हुँदा बहुउद्देश्यीय सहकारी संस्थाहरू भर्खर दर्ता भै आएकोले उक्त बचत तथा ऋण सहकारी संस्थाहरू माग बमोजिम हाललाई **मर्जको सिफारिस नदिने** निर्णय गरियो ।

शिक्षा संस्कृति तथा स्वास्थ्य समिति

मिति : २०७८।७।१६ गते

क. वडा नं. ३ स्थित नृत्यवत्सला मन्दिरबारे सम्पूर्ण विवरणसहितको ४५०० पुस्तक **प्रकाशित गर्ने निर्णय** गरियो ।

ख. वडा नं. ५ स्थित लक्ष्मीनरसिंह पुनः निर्माण गर्न निम्नअनुसार सदस्यहरू रहने गरी भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा **निर्देशक समिति गठन** गर्ने निर्णय गरियो–

१. संयोजक : श्री सुनिल प्रजापति, भ.न.पा.
२. सदस्य : श्री रजनी जोशी, भ.न.पा.
३. सदस्य : श्री रुद्रादेवी शर्मा, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, भक्तपुर
४. सदस्य : श्री शिवकुमार श्रेष्ठ, प्रहरी उपरीक्षक, महानगरी प्रहरी परिसर, भक्तपुर
५. सदस्य : श्री उकेश कवां, वडाअध्यक्ष, भ.न.पा. ७
६. सदस्य : श्री कुमार चवाल, वडाअध्यक्ष, भ.न.पा. ४
७. सदस्य : श्री प्रेमगोपाल कर्माचार्य, वडाअध्यक्ष, भ.न.पा. ५
८. सदस्य : श्री अरुणा नकर्मी, दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, भक्तपुर
९. सदस्य : श्री आनन्द प्रसाद कर्माचार्य, गुठी संस्थान कार्यालय, भक्तपुर
१०. सदस्य : श्री रामलाल श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत, भ.न.पा.
११. सदस्य : श्री शिवराम किजु, उपभोक्ता समिति अध्यक्ष
१२. सदस्य : श्री रामगोविन्द श्रेष्ठ, सदस्य सविच, सम्पदा शाखा प्रमुख, भ.न.पा.

ग. कोभिड–१९ को महामारीको कारण बन्द भएको शिशु स्याहार तथा बाल विकास केन्द्रमा बन्द अवधि भरको लागि **शुल्क मिनाहा** गर्ने निर्णय गरियो ।

युवा तथा खेलकुद समिति

मिति : २०७८।७।१६ गते

भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मङ्सिर २० गतेदेखि २४ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद (प्रतियोगिता) भलिबल, फुटसल, पोर्टबल, एथ्लेटिक्स, उसु, करॉते, तेक्वाण्डो, कसिमला पायँ, कबड्डी, खो खो, ब्याटमिन्टन, बुद्धिचाल, टेबुल टेनिस र जिम्नाष्टिक **खेलहरूको आयोजना** गर्ने निर्णय गरियो ।

कृषि समिति

मिति : २०७८।७।१६ गते

क. किसानहरूको मागलाई मध्यनजर गरी भक्तपुर नगरपालिकाको विगत वर्षहरूमा झैँ २०७८/०७९ मा पनि प्रतिपरिवार आलु अथवा गहुँ ५/५ के.जी. का दरले **नि:शुल्क बीउ वितरण** गर्ने निर्णय गरियो ।

ख. किसानहरूलाई वितरणको लागि गहुं र आलु बीउ आवश्यकताअनुसार खरिद गर्ने निर्णय गरियो ।

निर्माण समिति

मिति २०७८।०७।१४ गते

क्र. सं.	योजनाको विवरण	वडा नं.	बजेट	ल.ई.रकम	रि ल.ई / कबोल रकम	पेश्की	खर्च रकम	भुक्तानी रकम	मूल्याङ्कन रकम	योजनाको अवस्था	कार्य गर्ने	कैफियत
ल.ई.। सूचना प्रकाशन गर्न स्वीकृति सम्बन्धमा												
१	भक्तपुर नगरपालिका फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनका लागि सामग्री खरिद कार्य	८	सङ्घीय सरकार विशेष अनुदान	३६,५००,०००।००								सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
ल.ई. स्वीकृत सम्बन्धमा												
१	भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य (दोस्रो चरण)	१	नपा	५,८०३,६५५।५४								
२	इखालाछी मठ पुन:निर्माण कार्य (दोस्रो चरण)	४	नपा	८,७७५,७३७।४६								
३	लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण कार्य (दोस्रो चरण)	४	नपा	८,७९३,७०८।४३								
४	कमलविनायक बाल उद्यान हरियाली तथा वृक्षरोपण गर्ने कार्य	१०	वातावरण शीर्षक	२,५४२,५०१।४९								
५	भ.न.पा. वडा नं. १–१० सम्म विभिन्न ठाउँमा निर्माण सम्वन्धी कार्य गर्न आवश्यक सिमेन्ट	१–१०	मर्मत	५९,८५०।००								
रि. ल.ई. स्वीकृत सम्बन्धमा												
१	हनुमानघाट पुल मर्मत कार्य	७	नपा	३,६६५,४५७।८०	४,९२४,०९७।१७							
२	रानीपोखरी संरक्षण कार्य (तेस्रो चरण)	१	नपा	७,२४७,२६८।१४	८,७७०,४१३।५८							
	पेश्की फछ्र्यौट र भुक्तानी सम्बन्धमा											
१	भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य	१	नपा	९,९७२,२८८।२२		३,०००,०००।००	३,०७१,६६३।४६	७१,६६३।४६	४,०५७,९३५।५०	सम्पन्न	लक्ष्मी नारायण राजलवट	नपावाट उपलब्ध गरेको सालको काठको मूल्याङ्कन रू. ७,८५,२४७।४९
						३,०००,०००।००	३,११८,७९३।४६	११८,७९३।४६	३,७०८,४७१।९०			
						६,०००,०००।००	६,१९०,४५६।९२	१९०,४५६।९२	७,७६६,४०७।४०			

२	बाल विकास स्कूल परिसरको उत्तरतर्फ खुला क्षेत्रमा ढुङ्गा छपाइ र उद्यान निर्माण कार्य	८	नपा	२,०२७,८८८।२४		६६०,०००।००	१,१६६,३४६।५५	५०६,३४६।५५	१,६१२,८९५।१७	सम्पन्न	कृष्ण प्रसाद गोसाई	
						८३३,६५४।००	८३३,६५५।०९	१।०९	९९७,७८३।४२			
						१,४९३,६५४।००	२,०००,००१।६४	५०६,३४७।६४	२,६१०,६७८।५९			
उपभोक्ता र अनुगमन समिति स्वीकृत सम्बन्धमा												
१	मिनिबस पार्कमा ढलान बाटो मर्मत कार्य	१	सडक बोर्ड नेपाल	१,०३१,४२१।०८		उ.स.अ. : श्री मदन (रमेश) गांसी अ.स.स. : श्री सूर्यप्रसाद श्रेष्ठ						
२	गोल्मढीबाट थाथुमला जाने ढुङ्गा छपाइ बाटो मर्मत कार्य	७	सडक बोर्ड नेपाल	१,०३०,८३४।६८		उ.स.अ. : श्री केशव कवां अ.स.स. : श्री रञ्जना त्वाती						
३	वागीश्वरी कलेज ब्लक सी (BLOCK C) को दोस्रो तला थप्ने कार्य	९	बाग्मती प्रदेश सशर्त बजेट	५,०००,०००।००		उ.स.अ. : श्री ज्ञानसागर प्रजापति अ.स.स. : श्री इन्द्रबहादुर प्याठ						
म्याद थप सम्बन्धमा												
१	भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य	१	नपा	९,९७२,२८८।२२		मिति २०७८ पुस मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।						
रिटेन्सन रकम फिर्ता सम्बन्धमा												
१	ख्वप अस्पताल भवन निर्माणको लागि आवश्यक RMC आपूर्ति गर्ने टि.एन. बिल्डर प्रा.लि., भक्तपुरको रनिंग बिलबाट कट्टा गरी राखेको ५ प्रतिशत रिटेन्सन मनि (धरौटी) फिर्ता गर्ने निर्णय गरियो ।											
२	ख्वप अस्पताल भवन निर्माणको लागि आवश्यक रडहरू सप्लाई गर्ने गोदावरी आइरन स्टोर्स प्रा.लि., हेटौंडाको रनिंग बिलबाट कट्टा गरी राखेको ५ प्रतिशत रिटेन्सन मनि (धरौटी) फिर्ता गर्ने निर्णय गरियो ।											
जमानत जफत गरी कालो सूचीमा राख्ने सम्बन्धमा												
१	**यस भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७७/७८ का लागि बाग्मती प्रदेश सरकारको समपूरक अनुदान बजेट र भ.न.पा.को स्रोतबाट संयुक्त लगानीमा भ.न.पा. वडा नं. ७, ४, ८ को जगाती, राम मन्दिर तथा लिबाली क्षेत्रमा पीच कार्य (ठेक्का नं. bktmun/NCB/works/01/077/78) गर्न ल.ई. रु. १,९९,९९,९५८।२६ स्वीकृत भएकोमा रु. १,३६,२०,१९७।४३ कबोल गर्ने निर्माण व्यवसायी श्री आत्रेय निर्माण सेवा प्रा.लि.सँग मिति २०७७/१०/१३ गते भएको सम्झौताअनुसार कार्य सुरु भई मिति २०७८ वैशाख मसान्तसम्म कार्य सम्पन्न गर्नुपर्नेमा तर विश्वभरि फैलिएको कोभिडको दोस्रो लहरसँगै नेपाल सरकारद्वारा जारी गरेको निषेधाज्ञाको कारण काममा अवरोध भएकोले म्यादभित्र काम सम्पन्न हुन नसकेको हुनाले मिति २०७८/०५/१९ गतेको नगर कार्यपालिकाको बैठकबाट मिति २०७८ असोज मसान्तसम्म म्याद थप गरिसक्दा पनि केही कार्य प्रगति नदेखिएको, कार्य स्थल तथा कार्यालयमा उपस्थित नभएको र पटक-पटक कार्य सुचारु गर्न आह्वान गर्दा पनि कार्यप्रति कुनै चासो नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ बमोजिम सो कम्पनी यस ठेक्काको लागि असक्षम देखिएको हुनाले ठेक्का तोडेर बैंक जमानत जफत गरी कालो सूचीमा राख्ने साथै उक्त कम्पनीलाई कालो सूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा विस्तृत विवरण उल्लेख गरी अनुरोध गर्ने निर्णय गरियो ।**											

मिति २०७८।०७।१६ गते

क्र. सं.	योजनाका विवरण	वडा नं.	बजेट	ल.ई.रकम	रि ल.ई.। कबोल रकम	पेश्की	खर्च रकम	भुक्तानी रकम	मूल्याङ्कन रकम	योजना को अवस्था	कार्य गर्ने	कैफियत
ल.ई./ सूचना प्रकाशन गर्न स्वीकृति सम्बन्धमा												
१	शित भण्डारण गृह भवन निर्माण कार्य	८	सङ्घीय सरकार समपूरक अनुदान	२७,८८५,५९२।२५								सूचना प्रकाशन गर्ने निर्णय गरियो।

ल.ई. स्वीकृति सम्बन्धमा													
१	लिबाली आवास क्षेत्रमा सडक पीच कार्य	८	बागमती प्रदेश सशर्त बजेट	४,९९९,८९ ०।१०									
२	जगातीदेखि हनुमानघाट पुलसम्मको सडक पीच कार्य	७	नपा	३,०२५,७२७ ।२८									
३	गपलीदेखि राममन्दिर पुलसम्म र भुलांचादेखि राममन्दिर पुलसम्मको सडक पीच कार्य	४	नपा	४,३२६,६२३ ।१२									
ल.ई. स्वीकृत/पेश्की फछ्र्यौट भुक्तानी सम्बन्धमा													
१	आदर्श मा.वि. भवन निर्माण कार्य	५	सङ्घीय सरकार भौतिक पूर्वाधार (आ.व. २०७५।७६)	३,०३५,९१ १।६६		१,८००, ०००।० ०	२,७३०,६० ३।८०	९३०,६० ३।८०	२,९२८,९ ९,८।०३	सम्पन्न	विद्याल य आफै	रू.९,३०, ६०३।८० आदर्श मा.विबाट व्यहोर्ने ।	
रिभाइज ल.ई. स्वीकृति सम्बन्धमा													
१	बेखालस्थित कभर्ड हल निर्माण कार्य (पहिलो चरण)	१०	नपा	४,९९९,७ ७९।९९	९,५४५, ४७४।६४								बागमती प्रदेश समपूरक बजेट अन्तर्गत को बेखाल कभर्ड हल शीर्षक बाट व्यहोर्ने
फछ्र्यौट / भुक्तानी सम्बन्धमा													
१	रानीपोखरी संरक्षण कार्य (तेस्रो चरण)	१	नपा	८,७७०,४ १३।५८		२,३००,०० ०।००	३,५७६,४३ ९।२५	१,२७६,४३ ९।२५	३,६७२,३१ ३।९१	सम्पन्न	श्याम सुन्दर बाटी		
						१,४००,००	२,७४०,४	१,३४०,४	२,८९८,७				
						०।००	९५।६३	९५।६३	१९।०६				
						३,७००,०० ०।००	६,३१६,९३ ४।८८	२,६१६,९३ ४।८८	६,५७१,०३ २।९७				

२	बेखालस्थित कभर्ड हल निर्माण कार्य (पहिलो चरण)	१०	नपा	४,९९९,७७९।९९	९,५४५,४७४।६४	१,६००,००००।००	२,११३,४०३।००	५१३,४०३।००	२,२६५,२५०।३१	आंशिक सम्पन्न	लक्ष्मी प्रसाद चवाल	रू.९५,७११।०० डण्डी, काठको बाँकी मौजाद
						२,८८६,३७५।००	३,३३१,३२१।२३	४४४,९४६।२३	३,५७८,२५७।५९			
						४,४८६,३७५।००	**५,४४४,७२४।२३**	**९५८,३४९।२३**	**५,८४३,५०७।९०**			
उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा												
१	नवदुर्गा ल्याउने क्वाठण्डौ मर्चा जाने इँटा छपाइ बाटो मर्मत कार्य	१	सडक बोर्ड नेपाल	१,०२१,०१७।४०		उ.स.अ. : श्री उत्तम राजचल अ.स.स. : श्री ज्ञानकुमार मगजू						
२	बेखालस्थित स्वास्थ्य चौकी भवन निर्माण कार्य (दोस्रो चरण)	१०	नपा	२,१३०,४३९।१८		उ.स.अ. : श्री देवकुमार अवाल अ.स.स. : श्री जितेन्द्र मुनंकर्मी						
३	नाग पोखरी परिसरमा पानी ट्यांकी निर्माण कार्य	१०	खानेपानी शीर्षक	३८०,६५६।३६		उ.स.अ. : श्री अनिल देउपाला अ.स.स. : श्री विजयलक्ष्मी शाक्य						
४	मको गल्ली जेला चोक हुँदै जेँला गल्ली र दत्तात्रय मन्दिर पछाडिसम्मको इँटा छपाइ बाटो मर्मत कार्य	९	सडक बोर्ड नेपाल	१,०१५,९७६।४१		उ.स.अ. : श्री कृष्णभक्त लवजू अ.स.स. : श्री जगतलाल मानन्धर						
५	इखालाछी मठ पुन:निर्माण कार्य (दोस्रो चरण)	४	नपा	८,७७५,७३७।४६		उ.स.अ. : श्री पुरूषोत्तम तमखु अ.स.स. : श्री पशुपति प्रजापति						साविक उ.स. तथा अ.स. लाई नै निरन्तरता दिने ।
बजेट संशोधन सम्बन्धमा												
१	आ.व. २०७८/०७९ मा भ.न.पा. वडा नं. १ स्थित रानी पोखरी संरक्षण कार्य (तेस्रो चरण) को रि.ल.ई. रू.८७,७०,४१३।५८ स्वीकृत भई सञ्चालित योजनाको लागि अपुग बजेट आ.व. २०७८/०७९ मा विनियोजित वडा नं. १ बहुउद्देश्यीय भवन निर्माण कार्य बजेट शीर्षकबाट रू. ९ लाख, महेश्वरी स्टेडियम निर्माण कार्य बजेट शीर्षकबाट रू.९ लाख र भैपरी आउने पूँजीगत खर्च बजेट शीर्षकबाट रू.५ लाख गरी जम्मा रू.२३ लाख रानीपोखरी संरक्षण कार्य (तेस्रो चरण) को कार्य सम्पन्न गर्न व्यहोर्ने र बाँकी संशोधित बजेट वडा नं. १ बहुउद्देश्यीय भवन निर्माण कार्य बजेट शीर्षकमा रू.१ लाख, महेश्वरी स्टेडियम निर्माण कार्य बजेट शीर्षकमा रू.१ लाख र भैपरी आउने पूँजीगत खर्च बजेट शीर्षकमा रू.४५ लाख रहने गरी संशोधन गर्ने निर्णय गरियो ।											
दररेट सम्बन्धमा												
१	भक्तपुर नगरपालिकाको आ.व. २०७८/०७९ का लागि भ.न.पा. वडा नं. ८ स्थित भक्तपुर नगरपालिका फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनका लागि आवश्यक सामग्री खरिद कार्य गर्नका लागि सो योजनाको लागि चाहिने सामग्रीहरूको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।											

नक्सा पास र सूचिकृत

भक्तपुर नगरपालिकाको 'साविक मादण्डअनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचीकरणसम्बन्धी कार्यविधि २०७७' अनुसार नक्सा पास र सूचीकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचीकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका बैठकमा पेश भएका निम्न विवरणअनुसारका पास हुने नक्सा जम्मा १० र सूचिकृत हुने नक्सा जम्मा २४ गरी जम्मा नक्सा सङ्ख्या ३४ पास र सूचिकृत गर्ने निर्णय गरियो :

क्र.सं.	नाम	निर्माण स्थल	कार्यपालिकाको बैठकको निर्णय
१	विष्णुभक्त भैनात्व	भ.न.पा. ८	नक्सा पास हुने
२	रामकृष्ण छुस्याबाग	भ.न.पा. १०	नक्सा पास हुने
३	मैया सुवाल कोजु	भ.न.पा. १०	नक्सा पास हुने
४	लक्ष्मीकेशरी तुल्सीबाख्यो	भ.न.पा. ९	नक्सा पास हुने
५	उषा थापा	भ.न.पा. १	नक्सा पास हुने
६	जनकलाल सुवाल	भ.न.पा. २	नक्सा पास हुने
७	कृष्णप्यारी न्यान्ची	भ.न.पा. ८	नक्सा पास हुने
८	मंगलमाया वैद्य सुवाल	भ.न.पा. ८	नक्सा पास हुने
९	शंखलक्ष्मी मानन्धर	भ.न.पा. १०	नक्सा पास हुने
१०	शोभाकुमारी थापामगर	भ.न.पा. १	नक्सा पास हुने
११	मंगललक्ष्मी सुवाल	भ.न.पा. १	सूचिकृत हुने
१२	मोहनकेशरी प्रजापति	भ.न.पा. ९	सूचिकृत हुने
१३	लक्ष्मीकेशरी सुवाल	भ.न.पा. २	सूचिकृत हुने
१४	कृष्णलक्ष्मी बासु समेत	भ.न.पा. ८	सूचिकृत हुने
१५	विनामैया तुल्सीबाख्यो	भ.न.पा. ५	सूचिकृत हुने
१६	राधिकाकुमारी चौधरी	भ.न.पा. १	सूचिकृत हुने
१७	श्रीप्रसाद प्रजापति	भ.न.पा. ९	सूचिकृत हुने
१८	शिवराम कवां	भ.न.पा. ७	सूचिकृत हुने
१९	विष्णुलक्ष्मी प्रजापति	भ.न.पा. ८	सूचिकृत हुने
२०	कृष्णराम सुवाल	भ.न.पा. १०	सूचिकृत हुने
२१	रत्नेश्वरी लाखे	भ.न.पा. ८	सूचिकृत हुने
२२	पुण्यश्वरी चवाल	भ.न.पा. ३	सूचिकृत हुने
२३	विष्णुकेशरी धुख्वा	भ.न.पा. ३	सूचिकृत हुने
२४	कृष्णप्रसाद भ्वयद्यो	भ.न.पा. ८	सूचिकृत हुने
२५	रोशनी नायभा	भ.न.पा. ३	सूचिकृत हुने
२६	विकुनारायण पोतामाहा	भ.न.पा. ३	सूचिकृत हुने
२७	राधिका गुज	भ.न.पा. ८	सूचिकृत हुने
२८	श्याम बोयजु	भ.न.पा. २	सूचिकृत हुने
२९	रामलक्ष्मी कोजु	भ.न.पा. १०	सूचिकृत हुने
३०	लक्ष्मीप्रसाद प्रजापति	भ.न.पा. ९	सूचिकृत हुने
३१	कान्छा प्रजापति	भ.न.पा. ९	सूचिकृत हुने
३२	लक्ष्मीकेशरी कर्माचार्य	भ.न.पा. १०	सूचिकृत हुने
३३	तुल्सीप्रसाद कोजु	भ.न.पा. १	सूचिकृत हुने
३४	कुमार श्रेष्ठ	भ.न.पा. १	सूचिकृत हुने

विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजना सञ्चालनको लागि ख्वप मा.वि. बाट प्राप्त रु.३ करोड ऋण र नगर विकास कोषबाट उक्त आयोजना सञ्चालनको लागि लिएको ऋण रकममा रु.१०,९५,८९०।४१ को **ब्याज पूँजीकृत** भएको व्यहोरा आजको बैठकमा जानकारी गराइयो। अबदेखि ब्याज पूँजीगत गर्नुभन्दा ब्याज भुक्तानी गर्ने निर्णय गरियो।

ख. भ.न.पा.द्वारा सञ्चालित घर दैलो फोहर सङ्कलन कार्यक्रममा जाने गाडीमा कार्य गर्दै आएकोमा मिति २०७८।६।२७ गतेका दिन गाडी चलाइराखेको गाडीबाट लडेर घाइते भई कार्य गर्न नसकेको हुँदा केही समयको लागि आराम गर्न डाक्टरको सल्लाहअनुसार आराम गर्नुपर्ने भनी स.म. श्री मोतिलाल ग्वाछाले निवेदन पेश गरेकोमा डाक्टरको रिपोर्टअनुसार निजलाई मिति २०७८।६।३१ देखि २०७८।७।६ गतेसम्म सात दिन **सार्वजनिक बिदा** दिने निर्णय गरियो।

ग. वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले प्रदेश नं. १ र २ अर्न्तगतका विभिन्न जिल्लाहरूको अध्ययन भ्रमणका लागि रु. १,५०,०००। पेश्की लिएकोमा रु.१,९४,३५१।०८ करसहित खर्च भर्पाइ पेश गरी पे.फ. लागि दिनु भएको निवेदनअनुसार नपुग रकम रु.४४,३५१।०८ भुक्तानी दिई निजको नाममा रहेको **पे.फ. गर्ने** निर्णय गरियो।

घ. नपाद्वारा सञ्चालित फोहर मैला सङ्कलन गर्ने बा १ भ. ८७५१ नं. गाडीको मर्मत गरे वापत रु. ४१,८१०।–, बा ३ च ५४३ को शव वाहन गाडी मर्मत गरे वापत रु.८१,५८६।–, बा ३ च ७१४९ को एम्बुलेन्स गाडीको मर्मत गरे वापत रु.१०,१७०।–, एम्बुलेन्स गाडी नं. प्रदेश नं. ३, ५४९६ को मर्मत गरे वापत रु. ४,२९४।–, बा १ भ ८७४८ को गाडीको मर्मत गरे वापत रु.१२,२०४।–, गाडी नं. बा ३ च मर्मत गरे वापत रु. ८७,७४४।५० र बा १ भ ८७४९ को गाडी मर्मत गरे वापत रु.३८०५२।७५ गरी कुल रु.२,७५,८६१।२५ अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो।

ङ. नपाको फोहोरमैला सङ्कलन गर्ने ट्राइसाइकल मर्मत गरे वापत रु.२,४००।– र नपाको ३८५८ को मोटरसाइकल मर्मत गरे वापत रु.२,०४०।– गरी कुल रु.४,४४०।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो।

च. नपाको बा १ क ८१५६ को स्काइभेटर मर्मत गरेवापत रु.७३,७५६।२३ हाम्रो हेभी इक्वीपमेन्ट प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो।

छ. नपाको बा २ स ९७९ को गाडी मर्मत गरे वापत रु.२४,८६०।– भक्तपुर अटो पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो।

ज. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत रु.५४,२५०।– दिव्य स्वीट्सलाई **भुक्तानी दिने** निर्णय गरियो।

झ. नपाको २०७८ असोज १९ गतेको कार्यपालिका बैठकमा विहानको नास्ता उपलब्ध गराए वापत रु.१०,१७०।– सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो।

ञ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.११,२०५।– ब्रदर्श क्याफे एण्ड भोजनालयलाई **भुक्तानी दिने** निर्णय गरियो।

ट. नगरपालिकामा राख्न खरिद गरिएको फोटो वापत रु.४९,७२०।– हलिउड प्रा.लि.लाई भुक्तानी दिइएको बैठकबाट **अनुमोदन** गरियो।

तस्बिरमा केही गतिविधि

नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालको नेतृत्वमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत प्रतिनिधिमण्डलले शिक्षामन्त्री देवेन्द्र पौडेलसँग नर्सिङ कलेज सञ्चालनबारे भेट । (मङ्सिर १० गते)

भक्तपुर नपाले भक्तपुर नगर क्षेत्रभित्रका १० ओटै वडाका कृषक समूहलाई गहुँ र आलुको बीउ वितरण (कार्तिक २८ गते)

भक्तपुर नपाको आयोजनामा भक्तपुर नगरभित्रका विभिन्न विधाका सांस्कृतिक गुरुहरूको भेला (मङ्सिर २ गते)

भक्तपुर नपाबाट नगरक्षेत्रका अपाङ्गता भएका व्यक्ति वा संरक्षकहरूका लागि हस्तकला सामग्री बनाउने सम्बन्धी एक महिने तालिम सञ्चालन (मङ्सिर १ गते)

तस्बिरमा केही गतिविधि

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा खप्प कलेजमा स्नातकोत्तर तहअन्तर्गत भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत एवम् अभिमुखीकरण कार्यक्रम (मङ्सिर ११ गते)

नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले भक्तपुर नपाको आयोजना र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य महाशाखाको प्राविधिक सहयोगमा सामुदायिक स्वास्थ्य तथा घरदैलो नर्सिङ सेवाको अभिमुखीकरण कार्यक्रम (मङ्सिर ५ गते)

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट माहेश्वरी घाटस्थित भगवती मन्दिर पुन:निर्माणअन्तर्गत स्थानीय जनताको सहभागितामा छाना छाउने कार्यको स्थलगत निरीक्षण (मङ्सिर १ गते)

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा वडा नं. १० स्थित नास्र घ:को गजुर प्रतिष्ठापन कार्यक्रम (मङ्सिर ४ गते)

तस्बिरमा केही गतिविधि

नेमकिपाका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवाल, भनपाका प्रमुख सुनिल प्रजापतिलगायत न्यायापालिकामा देखिएको वेथितिबारे कानून अध्ययन समाज नेपालद्वारा आयोजित विचार गोष्ठी (मङ्सिर ३ गते)

भक्तपुर नपाका प्रमुख एवम् खप्प अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा खप्प अस्पतालमा हालै नियुक्त भएका स्वास्थ्यकर्मीहरुबीच अभिमुखीकरण कार्यक्रम (कार्तिक २९ गते)

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा खप्प बहुप्राविधिक अध्ययन संस्थानअन्तर्गत सिभिल इन्जिनियरिङमा नयाँ भर्ना भएका विद्यार्थीहरुलाई अभिमुखीकरण कार्यक्रम (मङ्सिर १० गते)

भक्तपुर नपाबाट सञ्चालित खप्प इन्जिनियरिङ कलेजमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको भेला (कार्तिक २५ गते)

तस्बिरमा केही गतिविधि

भक्तपुर नपा वडा नं.४ ग:हिति स्थित लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणको लागि लक्ष्मीनरसिंह मूर्ति स्थानान्तरण कार्य (बायाँ) तथा भनपा प्रमुख सुनिल प्रजापतिले मन्दिर क्षेत्रको स्थलगत निरीक्षण गर्नेक्रममा मन्दिर पुन:निर्माणको लागि भइरहेको काठका कामको अवलोकन (कार्तिक २८ गते)

राष्ट्रिय जनगणनामा भक्तपुर नगरपालिका क्षेत्रमा खटिएका गणकहरुको तालिम समापन तथा कार्यविभाजन कार्यक्रम (कार्तिक २४ गते)

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा आयाम बुलेटिन समूहको शुभकामना आदान प्रदान कार्यक्रम (कार्तिक १८ गते)

नगरपालिका गतिविधि

नगरपालिका गतिविधि

नर्सिङ कलेज सञ्चालनबारे शिक्षामन्त्री पौडेलको ध्यानाकर्षण

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको नेतृत्वमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत प्रतिनिधिमण्डलले शिक्षामन्त्री देवेन्द्र पौडेलसँग मङ्सिर १० गते भेट गऱ्यो ।

भेटमा सांसद सुवालले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मङ्सिर ८ गते प्रकाशित स्टाफ नर्स विषयको भर्ना आवेदन फाराम भर्नेसम्बन्धी सूचना भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नाम छुट भएको विषयमा ध्यानाकर्षण गराउनुभयो ।

भेटको क्रममा सांसद सुवालले भक्तपुर नगरपालिकाले सर्वसाधारण जनताको आधारभूत स्वास्थ्यसम्बन्धी आवश्यकतालाई मध्यनजर गर्दै प्रत्येक वर्ग र तहकासम्म गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने उद्देश्यका साथ २०३० सालदेखि जनस्वास्थ्य सेवा केन्द्रमार्फत स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेकोमा गत वैशाख १७ गतेदेखि ख्वप अस्पताल सञ्चालनमा रहेको बताउनुभयो ।

सांसद सुवालले स्थानीय तहले सञ्चालन गरेका कलेजहरूलाई निजी कलेजहरूको आँखाले हेर्न नमिल्ने आग्रह गर्दै जनताका छोराछोरीको प्राविधिक शिक्षा अध्ययन गर्न पाउनुपर्ने अधिकारबाट वञ्चित नगरी ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नाम समावेश गरी अविलम्ब अर्को सूचना प्रकाशित गर्ने व्यवस्थाको लागि शिक्षामन्त्री पौडेललाई अनुरोध गर्नुभयो । उहाँले ख्वप विश्वविद्यालयको विधेयक सदनमा अगाडि बढाउन पनि सो अवसरमा माग गर्नुभयो ।

शिक्षामन्त्री देवेन्द्र पौडेलले 'चिकित्सा शिक्षा ऐनमा आफ्नै सय बेडको अस्पताल हुने शिक्षण संस्थाले मात्रै नर्सिङको पठनपाठन गर्न पाउने' व्यवस्था भएकोले मन्त्रालयले यस्तो निर्णय गर्नुपरेको बताउनुभयो । उहाँले माग जायज भए पनि ऐनको प्रावधानले गर्दा गाऱ्हो भएको बताउनुभयो ।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप बहुप्राविधिक संस्थानअन्तर्गत नर्सिङ अध्ययन गर्ने विद्यार्थीहरूलाई ख्वप अस्पताल, भक्तपुर अस्पताल, क्यान्सर अस्पताल, वीर अस्पताल, प्रसूतिगृह, कान्ति बाल अस्पताललगायत सरकारी अस्पतालहरूमा विद्यार्थीहरूलाई प्रयोगात्मक कक्षाहरू सञ्चालन गर्दै आएको जानकारी गराउनुभयो । नगर प्रमुख प्रजापतिले ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नाम प्रकाशित गर्न लिखितपत्र मन्त्री पौडेललाई हस्तान्तरण गर्नुभयो ।

उहाँले जनताको माग र आवश्यकताअनुसार भक्तपुर नपाले ख्वप अस्पतालमा १४ जना विभिन्न क्षेत्रका विशेषज्ञ चिकित्सक, २० जना मेडिकल अफिसर, २९ जना स्टाफ नर्सलगायत १२५ जना स्वास्थ्यकर्मी र कर्मचारीहरूमार्फत दैनिक करिब ६०० जना बिरामीहरूलाई सेवा प्रदान गर्दै आइरहेको अवगत गराउनुभयो ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) ले यही मङ्सिर ८ गते ४५ ओटा शिक्षण संस्थाहरूको मात्र नाम प्रकाशित गरी नर्सिङ भर्नाको लागि सूचना प्रकाशित गरेको थियो ।

सांस्कृतिक प्रतियोगिता गर्न सांस्कृतिक गुरुहरूको भेला

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सांस्कृतिक नगर भक्तपुरलाई जीवन्त बनाउन र यसको उत्थानको लागि सांस्कृतिक गुरुहरूको भूमिका र योगदान उल्लेखनीय भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर २ गते भक्तपुर नगरभित्रका विभिन्न विधाका सांस्कृतिक गुरुहरूको भेला कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले स्थानीय तहको निर्वाचनमा निर्वाचित भएपछि निर्वाचन घोषणापत्रअनुसार नगरपालिकाले २०७४ सालमा बाँसुरी बाजा, २०७५ सालमा धाँ बाजा र २०७६ सालमा धिमाय बाजा प्रतियोगिता आयोजना गरेको र २०७७ सालमा कोभिडका कारण प्रतियोगिता गर्न नसकेको अवगत गराउनुभयो ।

उहाँले यस वर्ष भक्तपुर नपाले सांस्कृतिक प्रतियोगिता आयोजना गर्ने उद्देश्यअनुरूप सांस्कृतिक गुरुहरूको राय–सुझावलाई प्राथमिकतामा राखी सांस्कृतिक गुरुहरूको भेला आयोजना गरेको बताउनुभयो ।

भक्तपुर नपाले कोभिड महामारीलाई पनि अवसरको रूपमा लिई व्यापक जनताको स्वास्थ्य सेवाको निम्ति ख्वप अस्पताल भवन निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाइरहेको बताउनुहुँदै उहाँले अक्सिजन प्लान्ट तथा ख्वप अस्पताल निर्माणमा अझ पनि जनताको आर्थिक र भौतिकका साथै नगरवासी जनताले नगरपालिकाप्रति पवित्र भावनाले सहयोग गरिरहेको बताउनुभयो ।

भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरू आयआर्जन गर्ने राम्रो माध्यम पनि बनिरहेको छ भन्नुहुँदै उहाँले भन्नुभयो, पर्यटकहरूबाट उठेका शुल्कबाट भक्तपुर नपाले यहाँका सांस्कृतिक र ऐतिहासिक सम्पदाहरूको जीर्णोद्धार र पुनःनिर्माण कार्यमा टेवा पुगेको छ ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले भक्तपुरवासी जनताको साथ र सहयोग पाएर नगरपालिकाले आफ्ना हरेक गतिविधिलाई सफलतापूर्वक सम्पन्न गर्न भूमिका खेलेको बताउनुहुँदै सांस्कृतिक गुरुहरू समाजका

प्रतिष्ठित व्यक्तिहरू भएको प्रष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्यद्वय भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र ५ नं. वडाका वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले नयाँ पुस्तामाझ सांस्कृतिक गतिविधिबारे आकर्षण बढाउन र मूर्त अमूर्त सम्पदालाई जीवन्त बनाउन प्रतियोगिताहरूलाई महत्त्वका साथ अगाडि बढाइरहेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित सांस्कृतिक गुरुहरूले सांस्कृतिक महोत्सव सञ्चालन गरी सबै सांस्कृतिक गतिविधिको प्रदर्शनीको व्यवस्था गर्नुपर्ने, लोपोन्मुख अवस्थामा रहेको नाय खिँ बाजा, लाला खिं र म्हालीं बाजाको संरक्षण तथा प्रतियोगिता गर्नु आवश्यक रहेको, दाफा भजनप्रति नयाँ पुस्ताको आकर्षण बढाउन यसको प्रतियोगिता आयोजना गर्नु उचित हुने र अन्तरनगर वाद्यवादन प्रतियोगिता आयोजना गर्नुपर्ने, प्रतियोगिताको लागि माघ वा फागुन महिना उपयुक्त समय भएकोलगायतका राय–सुझाव प्रस्तुत गर्नुभयो ।

भक्तपुर नगरपालिकाबाट गहुँ र आलुको बीउ वितरण

भक्तपुर नगरपालिकाले भक्तपुर नगर क्षेत्रभित्रका किसानहरूलाई गहुँ र आलुको बीउ वितरण गरेको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्तिक २८ गते आयोजित कार्यक्रममा १० ओटै वडाका कृषक समूहलाई आलु र गहुँको बीउ हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले निर्यातजन्य वस्तु उत्पादन तथा उत्पादकत्व बढाउन नसक्दा मुलुकको व्यापार घाटा

चुलिएको बताउनुहुँदै उहाँले कृषिप्रधान देश भएर पनि नेपाल कृषिमै परनिर्भर हुनुमा शासक दलहरू जिम्मेवार भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'विश्वमा नेपाल धेरै धान उत्पादन गर्ने देशभित्र पर्छ । नेपालको खेतबारीमा फलेको अन्नबाली अपुग भएका कारण करोडौँको चामल विदेशबाट आयात गर्नुपरिरहेको विडम्बना नेपालमा छ ।'

भक्तपुर नगरपालिकाले कामदार वर्गलाई लक्षित गर्दै किसानहरूलाई हित र फाइदा हुने गतिविधिमा जोडदिँदै आएको बताउनुहुँदै पूँजीपति सरकारले कामदार वर्गको हितमा काम नगर्ने विचारबारे प्रष्ट पार्नुभयो ।

जलस्रोतका हिसाबले विश्वमा दोस्रो धनी देश नेपालमा नागरिकहरू आधारभूत खानेपानी र बिजुली सेवाबाट वञ्चित छन् भन्नुहुँदै उहाँले जलविद्युतको विकासबाट नेपाल समृद्ध र धनी बन्न सम्भव भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ, भक्तपुर जिल्ला समितिका उपाध्यक्ष गोविन्द दुवालले खेतबारीमा गहुँ र आलु लगाउने समय भएकोले भक्तपुर नपाले कामदार जनतालाई लक्षित गर्दै उन्नत जातको बीउ वितरणमा जोडदिँदै आएको बताउनुहुँदै मलखाद समयमै उपलब्ध गराउँदा किसानहरू लाभान्वित भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष एवम् कृषि समितिका संयोजक राजकृष्ण गोराले नगरवासी कृषकहरूलाई उत्साहित पार्न र कृषि उत्पादन गर्न उन्नत जातको गहुँ, धान, आलुको बीउ र कृषि चुन वितरण गर्दै आएको बताउनुहुँदै नगरपालिकाले किसानहरूको सल्लाहबमोजिम कृषि लक्षित कार्यक्रमहरूलाई अगाडि सार्दै आएको प्रष्ट पार्नुभयो । कृषि क्षेत्रमा उत्पादन कमी हुँदा किसानहरू निराश बनेको प्रसङ्ग जोड्नुहुँदै कृषि उत्पादन घट्नु भनेको नेपाल कृषि क्षेत्रमा परनिर्भर हुँदै जाने खतरा बढ्नु हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष एवम् कृषि समितिका सदस्य लक्ष्मीप्रसाद ह्यौँमिखाले मलको बिक्री वितरणमा बिचौलियाले ठगिरहेको भन्नुहुँदै भक्तपुर नपाले मल बिक्री वितरणमा गरेको मूल्य निर्धारणले किसानहरू लाभान्वित भएको बताउनुभयो ।

भक्तपुर नपाका कार्यपालिका सदस्य एवम् कृषि समितिका सदस्य कृष्णलक्ष्मी दुवालले बढी उत्पादन हुने आशले किसानहरूले लगाएको हाइब्रिड धानको उत्पादन झन् झन् घट्दै जाँदा किसान निराश बनिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका दश ओटै वडामा गठित कृषि समूहमार्फत नगरभित्रका किसानहरूलाई प्रति घर परिवार ५ किलो गहुँ र ५ किलो आलुको बीउ वितरण गरिएको छ ।

वडा नं. १ मा गहुँ र आलुको बीउ वितरण

भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा कार्तिक ३० गते वडावासी किसानहरूलाई उन्नत जातको गहुँ र आलुको बीउ वितरण गरेको छ ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजपातिले किसानहरूको प्राथमिकताका आधारमा १ पाठी गहुँ वा पाँच किलो आलुको बीउ वितरण गर्न हस्तान्तरण गर्नुभएको हो ।

कार्यक्रममा प्रमुख प्रजापतिले गहुँ बालीका लागि रसायनिक मलको अभाव हुन नदिन नगरपालिकाले मलको सिफारिस दिन सुरु गरेको बताउनुहुँदै नेपालमा वर्षेनी अर्बौँको धानको बीऊ आयात हुने क्रम जारी रहेको र देश परनिर्भरतातर्फ धकेलिँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

नेमकिपाले भक्तपुरमा चलाएको किसान आन्दोलनबाट बहुसङ्ख्यक किसानहरूको हित भएको बताउनुहुँदै उहाँले कामदार वर्गको हितमा काम गर्ने नेमकिपाको मुख्य उद्देश्य रहेको प्रष्ट बताउनुभयो ।

उहाँले किसानको उत्पादकत्व बढाउन र किसानलाई प्रोत्साहित गर्ने हेतुले नगरपालिकाले उन्नत जातका बीऊविजनको वितरण गर्दै आइरहेको बताउनुभयो ।

कोभिडविरुद्धको खोप निकै प्रभावकारी देखिएकोले हाल कोभिडविरुद्धको फाइजर खोप अभियान सञ्चालन भइरहेको अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले आधुनिक प्रविधिको प्रयोग गरी कुहिने वस्तुहरूलाई कम्पोष्ट मल बनाई सस्तोमा किसानहरूलाई बिक्री वितरण गर्न तयारीमा रहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले वडावासी किसानहरूको उत्पादकत्व बढाउन नगरपालिकाले हरेक वर्ष उन्नत जातको बीऊविजन वितरण गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले गरेको सहकारी अनुगमनका क्रममा सहकारी संस्थाका सञ्चालक सदस्यहरूले समेत आर्थिक हिनामिनामा संलग्नता रहेकोतर्फ वडावासीहरू सचेत हुनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भनपा वडा नं. १ का पार्टी इन्चार्ज लक्ष्मीनारायण राजलवट र वडाका कृषि समितिका पुण्यराम बाइजुले पनि बोल्नुभएको थियो ।

वडा नं. ६ मा किसान भेलाबीच बीउ वितरण

भक्तपुर नगरपालिका वडा नं ६ को आयोजनामा कार्तिक २९ गते गहुँ र आलुको बीउ वितरण भयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले निजी क्षेत्रबाट बिक्री वितरण हुने बीउविजन नक्कली र गुणस्तरहीन हुनसक्ने भएकोले नपाबाट सिजन अनुसारका बीउविजनहरू वितरण गरेको बताउनुभयो ।

उहाँले सरकारले ख्वप विश्वविद्यालय स्वीकृति दिए कृषि अनुसन्धान केन्द्र र कृषि कलेजहरू सञ्चालन गर्दै कृषि विज्ञहरूसँग छलफल गरी कृषिमा आधुनिकीकरण गर्न सकिने कुरामा जोड दिनुभयो ।

भक्तपुर नपा वडा नं ६ का अध्यक्ष डा. हरिराम सुवालले वडामा भएका विकास निर्माण, नि:शुल्क स्वास्थ्य शिविर, खेलकुद प्रतियोगितालगायत विभिन्न गतिविधिका बारेमा जानकारी दिनुहुँदै भनपाले आलु र गहुँको बीउ वितरण गरेको बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य गोविन्द दुवालले पूँजीवादी पार्टीका नेताहरू इमानदार नभएकाले जनताले दु:ख पाइरहेको, विगतमा धानबाली बिग्रिँदा किसानहरूले आन्दोलन गर्दा पनि

सरकारले क्षतिपूर्ति नदिएको स्मरण गराउनुहुँदै किसानहरू एकजुट भई अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपाका कार्यपालिका सदस्य रोशनमैया सुवालले किसान, मजदुरलगायत सम्पूर्ण कामदार वर्गलाई लक्षित गर्दै भनपाले शिक्षा र स्वास्थ्यलगायत विभिन्न क्षेत्रमा अग्रणी भूमिका खेल्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा शिक्षक जगन्नाथ सुजखु र वडा सदस्य सिद्धिराम अवालले पनि बोल्नुभएको थियो ।

ख्वप अस्पतालका स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालमा हालै नियुक्त भएका स्वास्थ्यकर्मीहरूबीच अभिमुखीकरण कार्यक्रम कार्तिक २९ गते भयो ।

भक्तपुर नगरपालिकाले ख्वप अस्पताल सञ्चालनमा ल्याउनुको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै प्रमुख प्रजापतिले गरिब र विपन्न बिरामीहरूको सेवाको लागि स्थापित ख्वप अस्पतालबाट गुणस्तरीय र जनताको विश्वास जित्ने ढङ्गले सेवा प्रवाह गर्ने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो ।

ख्वप अस्पताल स्थानीय तहबाट सञ्चालित नेपालकै पहिलो अस्पताल भएको बताउनुहुँदै उहाँले अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्न र अस्पताल निर्माणमा अहिले

पनि जनताबाट आर्थिक र भौतिक सहयोगहरू प्राप्त भइरहेकोछ भन्नुभयो ।

उहाँले ख्वप अस्पताल भवन निर्माण कार्य करिब अन्तिम चरणमा पुगिसकेको बताउनुहुँदै जनतालाई गुणस्तरीय सेवा प्रदान गर्दै नेपालकै उदाहरणीय अस्पतालको रूपमा यसलाई विकास गरिने बताउनुभयो ।

सबैको एकताबाट विकासको सम्भावना भएको हुँदा अस्पतालमा कार्यरत चिकित्सक र कर्मचारीहरूले संस्था विकास र प्रगतिमा एकताबद्ध भई काम गर्नुपर्ने र यहाँ कार्यरत कर्मचारी र चिकित्सकहरू अनुशासित र इमानदार हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवाले कोभिडको समयमा ख्वप अस्पताल कोभिड युनिटमार्फत कोभिडबाट ग्रसित जनताको सेवा गर्दै आइरहेको बताउनुहुँदै नगरका विभिन्न वडाहरूमा आधारभूत स्वास्थ्यचौकी सञ्चालन गर्दै जाने उद्देश्य रहेको बताउनुभयो ।

एक महिने हस्तकला सामग्री बताउने तालिम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा भनपाको आयोजनामा नगरक्षेत्रका अपाङ्गता भएका व्यक्ति वा संरक्षकहरूका लागि हस्तकला सामग्री बनाउने सम्बन्धी एक महिने तालिम मङ्सिर १ गतेबाट शुरु भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले अपाङ्गता भएका व्यक्ति वा संरक्षकहरूलाई सीप विकास गरी आत्मनिर्भर हुन प्रेरित गर्नुहुँदै सीप र क्षमता भएको व्यक्ति जुनसुकै ठाउँमा पनि योग्य हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'आधा पाकेको र आधा काँचो वस्तु काम लाग्दैन । कुनै पनि सीप वा विषयमा निपुण व्यक्ति सक्षम हुन्छ ।'

आफूले सिकेको सीपलाई पूर्ण सदुपयोग गरी सोही विषयमा पारङ्गत हुन एडभान्स कोर्स गर्नुपर्ने धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले तालिम प्राप्त अपाङ्गता भएका व्यक्तिले अन्य व्यक्तिले जस्तै रोजगारी प्राप्त गरी समाजमा उदाहरणीय कार्य गर्न सक्नेमा विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'समय मूल्यवान छ । सही समयमा सिकेको सीपले जीवन परिवर्तन गर्नसक्छ । समयले नै व्यक्तिलाई अवसर प्रदान गर्दछ ।'

कार्यक्रमका सभापति एवं उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले स्थानीय सरकारको रूपमा जनताको नजिक रहेर कार्य गरिरहेको उल्लेख गर्नुहुँदै अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी नपाले अपाङ्गता दिवसको अवसर पारी हरेक वर्ष ह्विल चियर, ट्वाइलेट चियर, सेतो छडी लगायतका सहायक सामग्रीहरू वितरण गरिरहेको तथा स्वास्थ्य शिविरहरू सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

उहाँले भनपाको वार्षिक योजनामा हस्तकलाका सामग्रीहरू बिक्री गर्ने कोसेली घर सञ्चालन गर्ने र हस्तकलाग्राम सञ्चालन गर्ने लक्ष्य रहेको उल्लेख गर्नुहुँदै भनपाको आयोजनामा हुने एक महिने हस्तकला तालिम उपलब्धीमूलक हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रशिक्षक हिमालयश्वर लाल मूलले भक्तपुर नगरपालिकाले अपाङ्गता भएका व्यक्ति वा संरक्षकहरूलाई हस्तकला तालिम सञ्चालन गर्न लागेकोमा खुशी व्यक्त गर्नुहुँदै तालिमले अपाङ्गता भएका व्यक्ति र अभिभावकहरूलाई आर्थिक भार कम गराउन तथा रोजगारी अभिवृद्धि गर्न उपयोगी हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य एवं अपाङ्गता समन्वय समितिका सदस्य रोशनमैंया सुवालले समन्वय समितिले गरिरहेको गतिविधिहरूको बारेमा जानकारी दिनुहुँदै अपाङ्गता भएका व्यक्ति र परिवारलाई क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ हस्तकला तालिम सञ्चालन गरिएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी स्वास्थ्य शिविर र खेलकुद प्रतियोगिता हुने जानकारी दिनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले प्रशिक्षक मूललाई हस्तकलाका तालिम सामग्रीहरू हस्तान्तरण गरी तालिमको उद्घाटन गर्नुभएको थियो ।

घरदैलो नर्सिङ सेवाबारे अभिमुखीकरण

kl/ ;fn

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले भक्तपुर नगरपालिकाको आयोजना र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य महाशाखाको प्राविधिक सहयोगमा प्रजनन स्वास्थ्य, ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन र सर्ने तथा नसर्ने रोगको रोकथाम र नियन्त्रणको लागि समुदायस्तरमा सामुदायिक स्वास्थ्य तथा घरदैलो नर्सिङ सेवा कार्यक्रमको लागि सफ्टवेयर र कार्यक्रमसँग सम्बन्धित विषयवस्तुमा अभिमुखीकरण कार्यक्रमको मङ्सिर ५ गते एक समारोहबीच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा सांसद सुवालले घरदैलो नर्सिङ सेवाबाट व्यापक जनता लाभान्वित हुने आशा व्यक्त गर्नुहुँदै घरदैलो नर्सहरूले घरघरमा गई विज्ञानसम्मत ढङ्गले आवश्यक स्वास्थ्य परामर्श दिनुपर्ने बताउनुभयो ।

विदेशमा काम गरेर ल्याएको पैसाबाट नेपालको विकास सम्भव नहुने बताउनुहुँदै उहाँले आफ्नै देशमा काम गर्न युवाहरूलाई उत्साहित गर्नुपर्छ भन्नुभयो ।

स्वास्थ्य समस्याको समाधान विज्ञानसम्मत हुनुपर्ने बताउनुहुँदै उहाँले विज्ञान र प्रविधिको उपयोग सबै देशले समान ढङ्गले गर्न पाउनुपर्ने सिद्धान्त नै भूमण्डलीकरणको सिद्धान्त हो भन्नुभयो ।

मित्र राष्ट्र देश चीनले कोभिडविरुद्ध लड्न विश्वका १५० भन्दा बढी देशलाई स्वास्थ्य सामग्री सहयोग गरेको प्रसङ्ग जोड्नुहुँदै उहाँले कोभिड रोग अमेरिकीसेना खेलकुद प्रतियोगितामा भाग लिन चीनको उहान सहरमा आएका खेलाडीहरूले सारेर विश्वमा फैलिएको पुष्टि भइसकेको तथ्य हो भन्नुभयो ।

स्वास्थ्य बीमा कार्यक्रममा समावेश भएका अधिकांश दीर्घरोगीहरू भएका कारण यस्ता रोगीहरूको उपचारको लागि आवश्यक केही थप औषधीहरू स्वास्थ्य बीमामा समावेश गर्नुपर्ने बताउनुहुँदै सांसद सुवालले स्वास्थ्य बीमाको औषधी बिक्री वितरणमा मनोमानी बढेको सर्वसाधारण जनताको गुनासो रहेको हुँदा सोको विषयमा अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो ।

;lgn khfklt

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालमै पहिलोपटक भक्तपुर नगरपालिकाबाट घरदैलो नर्सिङ सेवा सुरु गरिरहेकोमा स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य महाशाखाको प्राविधिक सहयोग प्राप्त गरी अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्दै यो योजना देशकै निम्ति नमुना योजनाको विकास गरिँदै लाने बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालमा नर्स तथा आवश्यक चिकित्सक व्यवस्था गरी जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यअनुरूप आधुनिक र सुविधायुक्त ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुहुँदै उहाँले समाजवादी देशहरूको स्वास्थ्य प्रणालीबाट भक्तपुर नपाले सिको गर्दै आइरहेको बताउनुभयो ।

/hgl hf]Z

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले २०७४ साल भदौबाट सुरु गरेको घरदैलो नर्सिङ सेवा कार्यक्रमबाट सफलता हासिल भएको बताउनुहुँदै कोभिड महामारीबीच नगरवासीहरूको साथ र सहयोगका कारण निकै छोटो समयावधिमा ख्वप अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्न सफल भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् स्वास्थ्य विभाग नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाका निर्देशक प्रा. **गोमादेवी निरौला**ले नेपाल सरकार स्वास्थ्य मन्त्रालयले नेपालका विभिन्न

ufl/lfb]L lg/fjf

afnf /f0{

स्थानीय तहहरूसँग समन्वय गरी समुदाय स्तरमा स्वास्थ्य तथा घरदैलो नर्सिङ सेवा सञ्चालन कार्यक्रम अन्तर्गत नेपालमा पहिलो पटक भक्तपुरमा यस कार्यक्रमको सुरुवात गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउनुभयो । उहाँले सामुदायिक स्वास्थ्य स्वयम्सेविका तथा नर्सहरूले सफ्टवेयरमार्फत गरिने तथ्याङ्क सङ्कलनले राम्रो नतिजा दिने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा महाशाखाका वरिष्ठ अस्पताल नर्सिङ प्रशासक **बाला राई**ले नेपाल सरकारको घरदैलो नर्सिङ कार्यक्रमको परिचय र उद्देश्यमाथि प्रस्तुतिमार्फत प्रकाश पार्नुभएको थियो ।

घरदैलो नर्सिङ सेवा पुन:सञ्चालनबारे छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा भक्तपुर नपाभित्र घरदैलो नर्सिङ सेवा पुन:सञ्चालन गर्ने विषयमा मङ्सिर ४ गते वडावासीहरूबीच छलफल कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले स्थानीय निकाय निर्वाचनमा निर्वाचित भएको १०० दिन पूरा भएदेखि भक्तपुर नपाभित्र घरदैलो कार्यक्रम सञ्चालनमा ल्याएको अवगत गराउनुहुँदै

कोभिडका कारण स्थगित यस कार्यक्रमलाई पुन: सबै वडामा प्रभावकारी बनाउँदै लाने बताउनुभयो । उहाँले घरदैलो नर्सिङ सेवाले नगरका प्रत्येक वडावासीको घरमा ख्वप अस्पतालका नर्स र स्वास्थ्य स्वयम्सेविका गई बिरामीहरूलाई परामर्श, आवश्यक सल्लाह सुझाव र उपचारलगायतका कामहरू हुँदै आइरहेको बताउनुभयो ।

हामीले भूकम्पपछिको सार्वजनिक महत्त्वका सम्पदा पुन:निर्माण तथा जीर्णोद्धारलाई मुख्य प्राथमिकतामा राखेर पुन:निर्माण कार्यलाई अगाडि बढायौँ, उहाँले भन्नुभयो, कोभिड महामारीबीच जनताको जीवन रक्षाको लागि नपाबाट स्थापित अक्सिजन प्लान्ट निर्माणको लागि यहाँका जनताबाट भएको आर्थिक तथा भौतिक सहयोग उल्लेखनीय भएको र जनताको सेवा समर्पित भएर लाग्न अझ हौसला मिलेको छ ।

भक्तपुर नपाले सबै वडामा शारीरिक व्यायामशाला स्थापना, कडा रोग लागेका नगरवासीलाई रु. १५ हजार आर्थिक सहयोग, छिकोङ खेलको प्रशिक्षण सञ्चालनलगायतका गतिविधिहरूमा जोडदिँदै आएको उहाँले बताउनुभयो ।

एमसीसी सम्झौता नेपालको हितविपरीत भएको चर्चा गर्नुहुँदै यो सम्झौता कुनै पनि हालतमा नेपालको संसदमा अनुमोदन गराउन नहुनेतर्फ जनतालाई सचेत पार्नुभयो । नेमकिपाले एमसीसीको विरोधमा देशव्यापी रूपमा जुलुस तथा सभागरी जनतालाई सचेत र सङ्गठित पार्दै आइरहेको प्रष्ट पार्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले गरिब तथा जेहेनदार विद्यार्थीलाई लक्षित गर्दै नगरपालिकाले शैक्षिक ऋण वितरण गर्ने कार्यक्रमलाई चालु राखेको बताउनुहुँदै व्यापक जनताको सेवाको निम्ति नपाले पुन: घरदैलो नर्सिङ सेवा सञ्चालन गर्न लागेको अवगत गराउनुभयो । उहाँले वडामै प्राथमिक स्वास्थ्य सेवा पनि सञ्चालन गर्ने तयारीमा नगरपालिका जुटेको बताउनुभयो ।

ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवाले २०७४

साल भदौ ७ गतेबाट सुरु भएको घरदैलो नर्सिङ सेवालाई कोभिडका कारण स्थगित भएको र पुनः सुचारु गर्ने तयारीमा रहेको बताउनुहुँदै स्वास्थ्यमा जनताको सहज पहुँचको लागि वडा वडामै नर्सको व्यवस्था गरी सामान्य रोगको चेकजाँचको व्यवस्था नगरपालिकाले गर्ने योजना बनाएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य सुनिता अवाल, स्वास्थ्य स्वयम्सेविका सबि शिल्पकार र मैंया सुवालले पनि बोल्नुभएको थियो ।

जनप्रतिनिधि र विद्यार्थीहरूबीच अन्तरसंवाद

भक्तपुर नगरपालिका वडा नं ६ को आयोजनामा जनप्रतिनिधि र विद्यार्थीहरूको अन्तरसंवाद कार्यक्रम मङ्सिर ४ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले एमसीसी हिन्द प्रशान्त सैनिक गठबन्धन भएकोले कुनै हालतमा पनि पास गर्न नहुनेमा जोड दिनुभयो । उहाँले एमसीसी सम्झौतामा जो कोही नेपालीको मृत्यु भएमा कहीँ कतै उजुरी नलाग्ने, प्रस्तुत सम्झौतासँग नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता नै लागू हुने, सम्झौताअन्तर्गतको रकम लिन भारतको समर्थन हुनुपर्ने आदि प्रावधान भएकोले यो सम्झौताले नेपाललाई कमजारे बनाउने हुँदा यो सम्झौता नेपाली जनतालाई स्वीकार्य छैन भन्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, 'सन् १८५४ मा राणाहरूले आफ्ना छोराछोरीहरूलाई पढाउनको लागि दरबार हाईस्कूल खोलेका थिए । त्यहाँ सर्वसाधारण जनताका छोराछोरीहरू पढ्न पाउँदैनथे । अहिलेको पूँजीवादी सरकारले ख्वप विश्वविद्यालयको स्वीकृति नदिएर राणा शासनमा जस्तै सर्वसाधारण जनताका छोराछोरीहरूलाई उच्च शिक्षाबाट वञ्चित गरिरहेका छन् ।'

उहाँले २००७ सालमा भारतले राणाहरूलाई सहयोग गरेबापत २०१३ सालमा कोसी नदी, २०१५ सालमा वीपीलाई चुनावमा सहयोग गरेबापत गण्डकी नदी सुम्पे । यसरी राणाकालदेखि नै भारत सरकारले नेपाली काङ्ग्रेसलाई भित्रभित्रै सहयोग गरिआएकोमा पछिल्लो समयमा नेकपा माओवादी पार्टी भारतबाट सञ्चालित हो भन्ने कुरा भारतका पूर्वराष्ट्रपति प्रणव मुखर्जीको भनाइ, एस.डी. मुनिका लेखहरूबाट प्रस्ट हुन्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले शिक्षा र स्वास्थ्य क्षेत्रलाई केन्द्रमा राखेर भक्तपुर नगरपालिका अगाडि बढिरहेको बताउनुभयो । सरकारले ख्वप विश्वविद्यालय स्वीकृति दिएको भए सस्तोमा गुणस्तरीय शिक्षादिनुका साथै सस्तोमा मेडिकल कलेजहरू सञ्चालन गर्नसकिने बताउनुभयो । उहाँले नेपालको सीमा अतिक्रमण र देशका नदीनाला विदेशीको हातमा सुम्पेको विरोधमा नेमकिपाले मात्र विरोध गरिरहेको छ भन्नुभयो । विद्यार्थीहरूले अरू विषयका पढाइका साथसाथै राजनैतिक ज्ञान र राजनैतिक इतिहास बुझ्नु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा वडा सदस्य एवम् किसान नेता **गोविन्द दुवाल**ले शासक दलहरूले गर्दा नै आज देश बर्बादीतिर गइरहेको बताउनुहुँदै नेमकिपाका नेता-कार्यकर्ताहरूले किसान आन्दोलन नगरेको भए आज भक्तपुरका जनताको यो अवस्था हुने थिएन ।

भनपाका कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले जनप्रतिनिधिहरूसँग विद्यार्थीहरूको अन्तरसंवाद कार्यक्रम राख्नु जरुरी भएको बताउनुहुँदै २०५६ सालदेखि नै भनपाले विभिन्न विषयहरूमा कलेजहरू सञ्चालन गर्दै आइरहको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं ६ नं वडाका वडा सदस्य **सिद्धिराम अवाल**ले वडामा भएका विकास निर्माण, निःशुल्क स्वास्थ्य शिविर, खेलकुद प्रतियोगितालगायत विभिन्न गतिविधिका बारेमा चर्चा गर्नुभयो ।

कार्यक्रममा गणेश माविका प्रअ **गणेशराम थुसा**, शिक्षक **जगन्नाथ सुजखू** र वडा सचिव **जितबहादुर खाइजु**ले पनि बोल्नुभएको थियो ।

सृजनानगरको आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिका १ नं. वडा न:पली सृजनानगरको आधारभूत स्वास्थ्य सेवा केन्द्र मङ्सिर १६ गते एक समारोहबीच सेवा शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिशुस्याहारदेखि कलेज तहसम्मका शैक्षिक संस्थाहरू सञ्चालन गरी सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने देशकै एकमात्र स्थानीय तह रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका सबै वडाहरूबाट आधारभूत स्वास्थ्य सेवाहरू मङ्सिर १६ गतेबाट सुभारम्भ हुने उद्घोष गर्नुहुँदै उहाँले नेमकिपाका जनप्रतिनिधिहरूले नपाअन्तर्गत सामुदायिक शिक्षण संस्थाहरू खोलेर हजारौँ जनताका छोराछोरीहरूलाई उच्च शिक्षा पढ्ने अवसर दिइरहेको छ भन्नुभयो ।

सस्तो र गुणस्तरीय शिक्षाका कारण अहिलेसम्म भक्तपुर नगरपालिकाकाबाट सञ्चालित ख्वप सर्कलबाट उत्पादित जनशक्ति बेरोजगार हुनुनपरेको बताउनुहुँदै उहाँले समाजवादमा शिक्षा र स्वास्थ्यको सम्पूर्ण जिम्मेवारी राज्यको हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्यका साथ अगाडि बढिरहेको बताउनुहुँदै नगरमा घरदैलो नर्सिङ सेवा पनि सुरु भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै विभिन्न शैक्षिक संस्था र स्वास्थ्य केन्द्रहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै आधुनिक सुविधायुक्त ख्वप अस्पताल सञ्चालनमा जोडदिँदै आइरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले न:पलीमा अवस्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रमा डाक्टरसहितको मातृत्व, बालरोग, सर्ने तथा नसर्नेलगायतका स्वास्थ्य सेवा उपलब्ध हुने बताउनुहुँदै स्वास्थ्य सेवाको भवन निर्माणमा श्रमदान गर्ने सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले २०३० सालबाट भक्तपुर नपाले स्वास्थ्य सेवा शुभारम्भ गर्दै आएको बताउनुहुँदै आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट बिहान ७ देखि दिउँसो २ बजेसम्म सेवा प्रदान हुने बताउनुभयो ।

कार्यक्रममा न:पली सृजनानगर आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष **सम्झना प्रेमी**, न:पली सिर्जना सेवा समाजका अध्यक्ष **राममणि पोखरेल** र वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ**ले पनि बोल्नुभएको थियो ।

सोही कार्यक्रममा नगर प्रमुख प्रजापतिलाई स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष सम्झना प्रेमीले भवनको साँचो हस्तान्तरण गर्नुभएको थियो भने प्रमुख प्रजापतिले त्यसै सेवा केन्द्रका डा. विभेद न्यौपानेलाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले नवनिर्मित आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन असोज २१ गते उद्घाटन गर्नुभएको थियो ।

भक्तपुर–थिमी १३२ के.भी. भूमिगत प्रसारण लाइनबारे सार्वजनिक सुनुवाइ

भक्तपुर नगरपालिकाको आयोजनामा नेपाल विद्युत प्राधिकरणद्वारा भक्तपुरदेखि थिमी १३२ के.भी. भूमिगत प्रसारण

लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई) को सिलसिलामा सरोकारवालाहरूसँग सार्वजनिक सुनुवाइ कार्यक्रम मङ्सिर १० गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **सुनिल प्रजापति**ले आयोजना सफल कार्यान्वयनको लागि विभिन्न निकायहरूसँग समन्वय गर्न आवश्यक भएको बताउनुभयो ।

नेपालबाट उत्पादित बिजुली सस्तोमा भारतलाई बेचेर नेपाल कहिल्यै धनी बन्न नसक्ने बताउनुहुँदै उहाँले नेपाली जनतालाई सहुलियत दरमा बिजुली दिनुपर्ने र खेर गएको बिजुलीको सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

कला र संस्कृतिको नगर भक्तपुरमा अव्यवस्थित तारका कारण वातावरणीय दृश्य प्रदूषण भइरहेको हुँदा यस किसिमको आयोजनाले नगरलाई सुन्दर बनाउन भूमिका खेल्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले नगरभित्र तार भूमिगत गर्नुपर्नेमा जोड दिइरहेको बताउनुभयो ।

भक्तपुरका मौलिक सम्पदाहरू अवलोकन गर्न देशी विदेशी पर्यटकहरू आउने हुँदा पनि यहाँको वातावरणीय सुन्दरता कायम गर्नु चुनौतीपूर्ण भइरहेको बताउनुहुँदै सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका सम्पदाको संरक्षण र जगेर्नामा नगरपालिकाले विशेष ध्यान पुऱ्याइरहेको बताउनुभयो ।

कार्यक्रममा वातावरण तथा सामाजिक अध्ययन विभागका प्रबन्धक **मिलन दाहाल**ले भक्तपुर–थिमी १३२ के.भी. भूमिगत प्रसारण लाइन आयोजनाको वातावरणीय अध्ययनबारे प्रस्तुति देखाउनुभयो । उहाँले वातावरणीय अध्ययन नहुँदा आयोजना कार्यान्वयनमा समस्या देखिने बताउनुभयो ।

कार्यक्रममा आयोजनाका इन्जिनियर **विनोद मानन्धर**ले आयोजनाको परिचय, मुख्य विशेषता, विद्यमान वातावरणीय अवस्थाबारे प्रस्तुतीकरण दिनुभएको थियो भने वातावरण तथा सामाजिक अध्ययन विभागका उपप्रबन्धक **गणेशकुमार उप्रेती**ले पनि बोल्नुभएको थियो ।

उक्त सार्वजनिक कार्यक्रममा आयोजनाबारे विभिन्न सरोकारवालाहरूले आ–आफ्ना राय–सुझावहरू पेश गरेका थिए ।

उपभोक्ता समितिका पदाधिकारीहरुबीच अन्तरक्रिया

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. १ ले वडाको विकास निर्माणको लागि गठित उपभोक्ता समितिका पदाधिकारीहरूबीच

अन्तरक्रिया कार्यक्रम मङ्सिर ८ गते आयोजना गऱ्यो ।

प्रमुख प्रजापतिले उपभोक्ता समितिको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी प्रष्ट पार्नुहुँदै भक्तपुरमा उपभोक्ता मोडल सफल रूपमा कार्यान्वयन भइरहेको बताउनुभयो ।

उहाँले उपभोक्ता समितिमार्फत हुने नयाँ खरिद सम्झौता रोक्ने निर्णयप्रति आपत्ति प्रकट गर्नुहुँदै भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत भएका विकास निर्माण कार्य गुणस्तरीय र पारदर्शी ढङ्गले सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

नेपालमा समाजवाद नीति भाषणमा मात्र सीमित भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले समाजवादी व्यवस्था कामदार वर्गको निम्ति स्वर्ग भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले हाल १ वडामा पाँच वडा उपभोक्ता समितिमार्फत विकास निर्माणका गतिविधि सञ्चालन भइरहेको अवगत गराउनुहुँदै उपभोक्ता समितिका पदाधिकारीहरूको क्रियाशीलता प्रशंसनीय भएको बताउनुभयो ।

भनपा वडा नं.१ को नेमकिपा पार्टी इन्चार्ज **लक्ष्मीनारायण राजलवट**ले भक्तपुरमा उपभोक्ता समितिबाट भएको काम नमुनाको रूपमा प्रस्तुत भइरहेको बताउनुहुँदै आगामी दिनहरूमा थप ऊर्जाशील भएर काम गर्न प्रेरित गर्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. १ का वडा सदस्यहरू **गंगालक्ष्मी बमनु** र **सूर्यप्रसाद श्रेष्ठ**ले पनि बोल्नुभएको थियो भने रानीपोखरी उपभोक्ता समितिका अध्यक्ष **श्यामसुन्दर बाटी**ले उपभोक्ता समितिमा बसेर काम गर्दाको अनुभव सुनाउनुभयो ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम

भक्तपुर नगरपालिका र बीमा समितिको संयुक्त आयोजनामा 'स्थानीय तहसँग बीमा समिति' विषयमा मङ्सिर १ गते सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले नगरपालिकाका कार्यपालिका सदस्य, बीमा कम्पनीका प्रतिनिधि, अगुवा व्यक्तिलगायतका सरोकारवालाहरूबीच उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले बीमा समिति नेपाल बीमा क्षेत्रको नियमनकारी आधिकारिक निकाय भएको बताउनुहुँदै बीमाप्रति जनताको विश्वसनीयता हुनुपर्ने र जनतालाई यसको महत्त्वबारे थाहा दिनुपर्ने बताउनुभयो ।

नेपाल सरकारको स्वास्थ्य बीमाको कार्यक्रमबाट भक्तपुरका ७५ प्रतिशत जनता लाभान्वित भएको र यसलाई ९० प्रतिशत जनताको पहुँचमा पुऱ्याउने लक्ष्य रहेको बताउनुहुँदै उहाँले स्वास्थ्यबीमा अन्तर्गतको रकम समयमै निकासा नगरिँदा जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउन समस्या उत्पन्न भएको बताउनुभयो ।

बीमा संस्थाहरू सेवामुखी हुनुपर्नेमा जोड दिनुहुँदै नगर प्रमुख प्रजापतिले बीमा कम्पनीहरूबाट हुने व्यवहारिक कारण र झन्झटले गर्दा जनताले अनाहकमा दुःख पाउने र बीमाप्रतिको विश्वास हट्दै जाने सम्भावनाहरू रहेको औँल्याउनुभयो ।

कार्यक्रमका सभापति एवम् बीमा समितिका उपनिर्देशक **सन्तोष कार्की**ले बीमा समितिको सङ्क्षिप्त इतिहास, महत्त्व र नेपालको बीमा बजारको अवस्थाबारे प्रस्तुतिकरण दिनुभयो । बीमा संस्थानको कूल लगानी ४ खर्ब बराबरको रहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै उहाँले नेपालमा तीन प्रकारका बीमा कम्पनी रहेको जसअन्तर्गत बीमा समितिबाट इजाजत प्राप्त १९ ओटा जीवन बीमा कम्पनी रहेको, २० ओटा निर्जीवन बीमा कम्पनी रहेको र २ ओटा पुनःबीमा कम्पनीहरू रहेको अवगत गराउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **रामलाल श्रेष्ठ**ले बीमा व्यवसाय जनविश्वासमा अडिएको हुन्छ भन्नुहुँदै बीमा क्षेत्रबाट प्रशस्त रोजगारीको सिर्जना भइरहेको र ग्रामीण क्षेत्र र न्यून आय भएका जनतामा बीमाको पहुँच हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपस्थित विभिन्न सरोकारवालाहरूले बीमा समितिको काम-कारबाही, समस्या आदिबारे आ-आफ्नो राय व्यक्त गरेका थिए भने उक्त बीमा समितिका **राम कोजु**ले पनि बोल्नुभएको थियो ।

लैङ्गिक हिंसाविरुद्ध कानुनी साक्षरता कार्यक्रम

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा मङ्सिर १७ गते लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियानको सिलसिलामा स्थानीय युवा, विद्यार्थी, महिला, शिक्षक, शिक्षिकाहरूको बीचमा कानुनी साक्षरता कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा उपप्रमुख जोशीले सरकार परिवर्तन भएका छन् तर शासक दलहरूमा सोच, विचार, चिन्तन, मानसिकतामा परिवर्तन नआएको बताउहुँदै साच्चिकै जनताको

सरकार भइदिएको भए जनताले यस्तो समस्या र दुर्गति भोग्नुनपर्ने बताउनुभयो ।

जनताको पहुँचमा प्रजातन्त्र गणतन्त्र पुग्न सकेको छैन उहाँले भन्नुभयो, यसको ज्वलन्त उदाहरण नेपाली चेलिबेटी बेचबिखनमा पर्नु, हत्या, बलात्कार, लैङ्गिक हिंसा, नागरिकको सुरक्षा दिनसकिरहेको अवस्था छैन ।

समाजवादमा मात्र जनताको हक अधिकार प्रत्याभूत हुने बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले यही उद्देश्यअनुसार जनताको साथ र सहयोगमा अगाडि बढिरहेको छ ।

भक्तपुर नपा ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**को सभापतित्वमा भएको उक्त कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक **रोशनमैया सुवाल**, कानुन अध्ययन समाजका सदस्य एवम् अधिवक्ता **गम्भीरमान ज्याख्व**, वडा सदस्य **कृष्णगोपाल चौगुठी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूको जिज्ञासालाई अधिवक्ता ज्याख्वले कानुनी समस्या र कानुनी उपचारबारे प्रष्ट्याउनुभयो ।

भक्तपुर नपाको अनुगमन

भक्तपुर नगरमित्रका सहकारी संस्थाहरूको अनुगमन

भक्तपुर नगरपालिकाको सहकारी संस्था अनुगमन समितिका पदाधिकारीहरूबाट भनपा वडा नं. १ स्थित विभिन्न सहकारी संस्थाहरूको कार्तिक २८ गते अनुगमन गऱ्यो । सहकारी संस्थाहरूको अनुगमनको क्रममा सहकारी संस्थाहरूमा सञ्चालक समितिका अध्यक्ष र कर्मचारीरुले संस्थाको नगद रकम आफ्नो व्यक्तिगत फाइदाको लागि प्रयोग गरेको, संस्थाबाट ऋण प्रवाह गर्दा नियमानुसार गर्नुपर्ने कुनै पनि प्रक्रिया पूरा नगरी ऋण प्रवाह गर्ने गरेको, संस्थाको नियमानुसार राख्नुपर्ने हिसाब किताबहरू नराखेको र मागेको समयमा हिसाव किताब देखाउन नसकेको आदि बेथितिहरू देखापरेको बताइएको छ ।

सहकारी संस्थाको अनुगमन समितिका पदाधिकारीहरूबाट नियमानुसार हिसाब किताब राख्नुपर्ने, बिना प्रक्रिया ऋण प्रवाह गर्न नहुने, मागेको समयमा हिसाब किताब देखाउन सकिने गरी बस्नुपर्ने, हिसाब किताब राख्न नजानेमा कर्मचारीरुलाई तालिम दिनुपर्ने, संस्थाको सञ्चालक समिति र लेखा समितिमा बस्ने पदाधिकारीहरूले संस्थाको विषयमा बस्ने पदाधिकारीरुले संस्थाको विषय चासो लिएर काम गर्नुपर्ने, समयमा साधारण सभा गर्नुपर्ने, मासिक प्रतिवेदन बुझाउनुपर्ने इत्यादि सुझाव दिइयो ।

त्यस्तै सहकारी संस्थामा समस्याहरू हुनासाथ सम्बन्धित पदाधिकारीबीच छलफल गरी समाधान गर्नुपर्ने सुझाव दिइयो ।

संक्षेपमा

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका शिक्षिकाहरूको भेला

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा भक्तपुर नपाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान भक्तपुरमा कार्यरत शिक्षिकाहरूको भेला मङ्सिर १ गते सम्पन्न भयो । सोही क्रममा नगर प्रमुख प्रजापतिले ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागका नवनियुक्त विभागीय प्रमुख इश्वरी डंगोललाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभएको थियो ।

नास द्यः पुनःनिर्माण सम्पन्न

भक्तपुर नपा वडा नं. १० मा अवस्थित नास द्यः मन्दिर पुनःनिर्माण कार्य सम्पन्न भएको छ ।

स्थलगत निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नास द्यः मन्दिर पुनःनिर्माणअन्तर्गत कार्तिक २६ गते छाना छाउने कार्यको स्थलगत निरीक्षण गर्नुभयो । मन्दिर पुनःनिर्माण कार्यमा त्यहाँका स्थानीय जनताले जनश्रमदान गरेका थिए ।

गजुर प्रतिष्ठापन कार्यक्रम

भक्तपुर नगरपालिका वडा नं. १० मा अवस्थित नास द्यः को गजुर प्रतिष्ठापन कार्यक्रम मङ्सिर ४ गते भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

भगवती मन्दिरको छाना छाउने कार्य निरीक्षण

भक्तपुर नपा वडा नं. ८ माहेश्वरी घाटस्थित भगवती मन्दिर पुनःनिर्माणअन्तर्गत स्थानीय जनताको सहभागितामा छाना छाउने कार्य भयो । उक्त कार्यको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मङ्सिर १ गते स्थलगत निरीक्षण गर्नुभयो ।

'भक्तपुर' मासिक र 'ख्वप पौ' नियमित पढौं ।

लक्ष्मीनरसिंह मन्दिरको पुनःनिर्माण सुरु

मूर्ति स्थानान्तरण

भक्तपुर नपा वडा नं. ४ गःहिटीमा अवस्थित लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माणको लागि लक्ष्मीनरसिंह मूर्ति स्थानान्तरण कार्य कार्तिक २८ गते सरोकारवालाहरूको उपस्थितिमा विविधपूर्वक सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मन्दिर क्षेत्रको स्थलगत निरीक्षण गर्नेक्रममा मन्दिर पुन:निर्माणको लागि भइरहेको काठका कामको अवलोकन गर्नुभयो ।

लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणका क्रममा पुरातात्त्विक अवशेष भेटिए

भक्तपुर नपा वडा नं. ४ ग:हिटीको लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माणकालागि मन्दिर भट्काउने क्रममा पुरातात्त्विक अवशेषहरू भेटिएको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण र त्यहाँ फेलापरेका अवशेषहरूको मंसिर ९ गते स्थलगत निरीक्षण गर्नुभयो ।

सुनवल नपाका जनप्रतिनिधि भक्तपुर नपामा

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसंग सुनवल नपाका जनप्रतिनिधिहरुको एक टोलीले कार्तिक २८ गते भेट गऱ्यो । उक्त भेटमा आ-आफ्ना नपाका गतिविधिबारे अनुभवको आदान-प्रदान भएको थियो ।

सिलाइ तालिमका प्रशिक्षार्थीहरूसँग भेटघाट

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपाले प्रदान गरेको सिलाइ तालिमका प्रशिक्षार्थीहरूसँग कार्तिक २९ गते भेट गर्नुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालबाट लाभ उठाउनु होस् ।

विविध समाचार

इन्जिनियरिङ कलेजको वार्षिक उत्सव सम्पन्न

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ** (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २० औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १३ औँ वार्षिक उत्सव कार्यक्रम मङ्सिर १५ गते कलेज प्राङ्गणमा भव्यताका साथ सम्पन्न भयो ।

वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि

gf/fo0fdfg lahS5F/flxt

बिजुक्छेँले विद्यार्थीहरूले ज्ञान र चिन्तनलाई निरन्तरता दिनुपर्ने विचार व्यक्त गर्नुहुँदै विद्यार्थीहरूले देश र जनताको सेवा गर्ने भावनाले राजनीति गनुपर्ने बताउनुभयो ।

डाक्टर र इन्जिनियरहरूले राजनीति गर्दैनन् भन्दै बौद्धिक व्यक्तिहरूलाई राजनीतिबाट टाढा राख्न भ्रम फैलाइरहेको उल्लेख गर्नुहुँदै प्रमुख अतिथि बिजुक्छेँले राजनीतिबाट कोही पनि अछुतो नरहने र देशमा निःस्वार्थ सेवा गर्ने राजनीतिकर्मीको खाँचो रहेको स्पष्ट पार्नुभयो ।

उहाँले कार्ल मार्क्सको सिद्धान्तको चर्चा गर्नुहुँदै मार्क्सले 'पूँजीवादको ठाउँमा सर्वहारा वर्गको शासन सत्ता आउँछ' भनी उल्लेख गरेको र 'वर्ग सङ्घर्षको बारेमा पूँजीवादीहरूले पत्ता लगाएको हो' भन्नुभयो । 'पूँजीवादी राजनैतिक व्यवस्था ध्वस्त नगरी समाजवाद आउँदैन' भन्नुहुँदै उहाँले समाजवादी व्यवस्थामा उत्पादनका साधनहरू राष्ट्रियकरण हुने चर्चा गर्नुभयो ।

kl ;jfn

नेमकिपाका सचिव एवं सांसद **प्रेम सुवाल**ले समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यका साथ २३ वर्ष अगाडि ख्वप उच्च मावि, २० वर्ष अगाडि ख्वप इन्जिनियरिङ कलेज र १६ वर्ष अगाडि ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा सिटिभिटी अन्तर्गत नर्सिङ र सब-

इन्जिनियरिङ विषय अध्यापनको स्वीकृति लिई हाल ख्वप सर्कलका ७ ओटा कलेजहरू सञ्चालनमा रहेको चर्चा गर्नुहुँदै ७ वर्ष अगाडि मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय सञ्चालनको लागि ख्वप विश्वविद्यालयसम्बन्धी विधेयक दर्ता भइसकेको जानकारी दिनुभयो ।

उहाँले शासक दलहरू संसद्बाट एमसीसी पारित गरी नेपाललाई भारतको नवउपनिवेश बनाउन लागि परेको जानकारी दिनुहुँदै एमसीसीको विरोधमा नेपाल मजदुर किसान पार्टीले सडक र सदनमा निरन्तर आवाज उठाइरहको स्पष्ट पार्नुभयो ।

;lgn khfklt

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका सञ्चालक समितिका अध्यक्ष एवं भनपा प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने र २१ औँ शताब्दीका लागि योग्य नागरिक तयार गर्ने उद्देश्यले २ ओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउनुहुँदै ती कलेजहरूमा देशभरका झण्डै ६ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको जानकारी दिनुभयो ।

'समाजवादी व्यवस्थमा शिक्षा र स्वास्थ्य नि:शुल्क हुन्छ' भन्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाबाट सञ्चालित २ ओटै इन्जिनियरिङ कलेजबाट उत्तीर्ण विद्यार्थीहरूले देशको कुना काप्चामा पुगेर जनताको सेवा गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

'देशको विकासमा प्राविधिकहरूको ठूलो हात रहन्छ' भन्नुहुँदै उहाँले पैसाको लोभमा ठेकेदारको मिलेमतोमा कमजोर निर्माण गरी गुणस्तरहीन निर्माण कार्यले गर्दा पुलहरू भत्किएको उदाहरण दिनुहुँदै भक्तपुर नपाद्वारा सञ्चालित इन्जिनियरिङ कलेजहरूबाट उत्पादित जनशक्ति नपासँग जोडिएको हुँदा गलत प्रवृत्तिहरूबाट टाढा रही देशभर नमूनाको रूपमा प्रस्तुत हुन उत्प्रेरित गर्नुभयो ।

;7]b/fh uf]; f0{

बागमती प्रदेशका सभासद् **सुरेन्द्रराज गोसाईं**ले भनपाद्वारा सञ्चालित दुई ओटै इन्जिनियरिङ कलेजहरू नेपालकै उत्कृष्ट शैक्षिक गन्तव्यस्थलमध्ये एक रहेको चर्चा गर्नुहुँदै देश निर्माणको लागि ख्वप सर्कलका कलेजहरूले विद्यार्थीहरूको स्तर उकास्न गरेको प्रयासले जनताको शिक्षालयको रूपमा परिचय दिएको भनी प्रशंसा गर्नुभयो ।

उहाँले ख्वपको राजनैतिक, सांस्कृतिक र आर्थिक पहिचान बनाउनमा नेपाल मजदुर किसान पार्टीको योगदानलाई स्मरण गर्नुहुँदै विगतको इतिहासबाट नयाँ पुस्ताले सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

/hg hf]z

भनपा उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर पहल गरिरहेको उल्लेख गर्नुहुँदै शिक्षा नै विकासको आधार हो भन्नुभयो । उहाँले सर्वसाधारणको शिक्षाको पहुँच अभिवृद्धिको लागि नपाले गरिरहेको प्रयास र शिक्षाको आवश्यकताको विषयमा चर्चा गर्नुभयो ।

b]lk; fb e§/f0{

पूर्वाञ्चल विश्वविद्यालयका डिन प्रा.डा. देवीप्रसाद भट्टराईले पूर्वाञ्चल विश्वविद्यालयले गरिरहेको गतिविधिको बारेमा चर्चा गर्नुहुँदै भनपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज पहिलो समुदायमा आधारित कलेजको भएको उल्लेख गर्नुभयो । उहाँले पूर्वाञ्चल विश्वविद्यालयको नारा 'पूर्वाञ्चल विश्वविद्यालय जनसमुदायमा' रहेको समेत जानकारी दिनुभयो ।

lzjdtn lu/L

?bf|b]L zdf{

/fdnfn >]7

नेपाल इन्जिनियरिङ काउन्सिलका रजिष्ट्रार **शिवमंगल गिरी**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित २ ओटै इन्जिनियरिङ कलेजको परिणाम सन्तोषजनक रहेको उल्लेख गर्नुहुँदै इन्जिनियरिङ काउन्सिलको तर्फबाट पेशागत र गुणस्तर सुधारका लागि आवश्यक सहयोगको लागि प्रतिवद्धता जाहेर गर्नुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी **रुद्रादेवी शर्मा**ले नगरपालिकाबाट सञ्चालित कलेजहरूमा थोरै शुल्कबाट गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रशंसनीय रहेको उल्लेख गर्नुहुँदै ख्वपका विद्यार्थीहरू सबै क्षेत्रमा प्रतिस्पर्धी बनिरहेको उल्लेख गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **रामलाल श्रेष्ठ**ले सय वर्षपछिको भक्तपुरको अवधारणालाई मूर्त रूप दिन शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणलाई उच्च प्राथमिकता दिई भक्तपुर नगरपालिका अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै नगरभित्रका विद्यार्थीहरूको उच्च शिक्षा प्राप्तिको सहजताका लागि भनपाले शैक्षिक ऋण सहुलियत ब्याजदरमा प्रदान गर्दै आइरहेको बताउनुभयो ।

;hg dfs

;lgn bj fn

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले कलेजको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कलेजका शिक्षक नवराज बुढाथोकी र राजन जतिले संयुक्त रूपमा कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

सम्पदा संरक्षणमा योगदान गर्नेहरू

सम्मानित कार्यक्रमका प्रमुख अतिथि बिजुक्छँले सम्पदा संरक्षणमा योगदान गर्ने डकर्मी रामचन्द्र अवाल, सिकर्मी लक्ष्मीभक्त राजचल र लोहकर्मी काजीराम रंजितकारलाई तथा ख्वप माविमा दस वर्ष निरन्तर सेवा गरेका २२ जना शिक्षक तथा कर्मचारीहरूलाई सम्मान गर्नुभएको थियो ।

सङ्घीय सांसद प्रेम सुवाल र बागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले कलेजबाट आयोजित बास्केटबलका उत्कृष्ट खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो भने कलेज सञ्चालक समितिका अध्यक्ष एवं भनपा प्रमुख सुनिल प्रजापतिले आर्किटेक्चर, इलेक्ट्रीकल इन्जिनियरिङ, कम्प्युटर र सिभिल इन्जिनियरिङमा स्नातक तथा अर्बन डिजाईन एण्ड कन्जर्भेसन र अर्थक्वेक इन्जिनियरिङमा स्नातकोत्तर तह उत्तीर्ण गर्ने विद्यार्थीहरूलाई सम्झनाको चिनो प्रदान गर्नुभएको थियो ।

वार्षिकोत्सव कार्यक्रमको उद्घाटन कार्यक्रमको समापन पश्चात सांस्कृतिक प्रस्तुतिहरू पनि देखाइएको थियो ।

'पूँजीवादी झिलिमिली र प्रचारबाजीबाट जोगिऔँ'

– अध्यक्ष बिजुक्छेँ

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप कलेजमा शैक्षिक वर्ष २०७८/७९ मा स्नातकोत्तर तहअन्तर्गत एमए अर्थशास्त्र, एमए अङ्ग्रेजी र एमएस्सी वातावरण विज्ञान विषयमा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत एवम् अभिमुखीकरण कार्यक्रम मङ्सिर ११ गते भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले सामुदायिक संस्थालाई नियन्त्रण गर्ने र निजी संस्थालाई छुट दिने सरकारी नीति गलत रहेको धारणा राख्नुहुँदै भन्नुभयो, 'समाजवादउन्मुख संविधानमा टेकेर बनेको सरकारले पूँजीवादलाई प्रश्रय दिनु गलत छ ।'

फोहोर पानीमा नुहाएर सफा नभएजस्तै पूँजीवादी बन्दोबस्तको सरकारमा गएर समाजवाद नआउने उहाँले स्पष्ट पार्नुभयो ।

रामदेवजस्ता फकिर प्रयोग गरेर देशलाई पराधीन बनाउने कार्य नौलो नभएको चर्चा गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले जोगीको भेषमा गुप्तचरी गर्ने नीति चाणक्यमै उल्लेख भइसकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हतियार र युद्धका माध्यमबाट देश कब्जा गर्ने चलन पुरानो भइसक्यो । एकैपटक देश कब्जामा नलिई बरु गुप्तचर विभाग सक्रिय बनाएर त्यस देशको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई कब्जा गर्दै देशलाई उपनिवेश बनाइने प्रचलन अहिले बढेको छ ।'

'संरा अमेरिकाका बहुमत जनताले निर्वाचनमा भाग लिँदैनन् । त्यहाँ अल्पमतको मतबाट बहुमतको सरकार चल्दै आएको छ, पूँजीवादी झिलिमिली र प्रचारबाजीबाट जोगिएर हामी अगाडि बढ्नुपर्छ', उहाँले भन्नुभयो ।

विद्यार्थीलाई देशको परिस्थिति र देशभक्तिबारे शिक्षा दिनुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष रोहितले नयाँ पुस्तालाई देशभक्त बनाउननसके देश पछाडि पर्ने बताउनुभयो ।

ख्वप मावि/कलेज स्थापनाको समयमा विश्व बैंकको ऋण सहयोगमा निजी कलेज/विद्यालय खोल्न सुझाएको प्रसङ्ग विपरीत देश, जनता र समाजवादको पक्षमा नेमकिपाका जनप्रतिनिधिहरूले सामुदायिक शिक्षण संस्था स्थापना गरी हजारौँ सर्वसाधारण जनताका छोराछोरीलाई उच्च शिक्षा अध्ययन गर्ने अवसर दिइरहेका छन्, अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

कृषिमा आत्मनिर्भर हुनु जरूरी रहेको उल्लेख गर्नुहुँदै उहाँले वैदेशिक रोजगारको नाममा युवाहरू विदेश जाने नीतिले देशको विकास नहुने धारणा राख्नुभयो ।

चिन्तन र अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले नयाँ दर्शन र विचारधाराले संसारलाई नयाँ दिशानिर्देश गर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'संसारमा समाजवादको युग आउँछ र त्यसको नेतृत्व मजदुर वर्गले गर्नेछ भन्ने मार्क्सको सिद्धान्त चिन्तन र अनुसन्धानबाटै प्रमाणित भएको हो । यसर्थ चिन्तन, अध्ययन र अनुसन्धान जस्तोसुकै कठिन परिस्थितिमा पनि चालु राख्नुपर्छ ।'

संसार परिवर्तनशील भएकोले क्रान्ति अवश्यम्भावी भएको भनाइ उहाँले राख्नुभयो ।

पूँजीवादी व्यवस्थामा सबै जनता राजनीतिक रूपमा सचेत नहुने धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले राजनीतिमा भीडभन्दा विचार महत्त्वपूर्ण हुने बताउनुभयो ।

'निर्वाचन भनेको सिद्धान्तको लडाइँ हो । हरेक क्षेत्रमा व्यक्तिगत महत्वाकाङ्क्षाको आधारमा भागबन्डा र पद बाँडफाट हुनु गलत छ । पदको निम्ति झगडा गर्ने व्यवस्थाले देशलाई भड्खालोमा पुऱ्याउनेछ । राजनीतिक व्यक्तिहरू बौद्धिकरूपमा सक्षम र सबल भएनन् भने व्यक्तिमात्र होइन देश नै विदेशीको

कब्जामा पुग्नेछ', उहाँले भन्नुभयो ।

विद्यार्थी आफू जुन पद र ठाउँमा पुगे पनि देश र जनताको पक्षमा इमानदारीपूर्वक सेवा गर्ने भावना राख्नुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष बिजुक्छेंले देश अगाडि बढाउन नयाँ पुस्तालाई राम्ररी प्रशिक्षित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पूँजीवादी व्यवस्थामा हरेक कुरा नाफासँग जोडिने भएकैले सामुदायिक र सार्वजनिक संस्थाहरूप्रति सरकारको गलत दृष्टिकोण रहेको बताउनुभयो ।

स्थानीय तहले सञ्चालन गरेका कलेजहरूलाई निजी कलेजहरूको आँखाले हेर्नु गलत छ, उहाँले भन्नुभयो ।

भूगोल, इतिहास संस्कृति, राजनीतिशास्त्र–लगायतका विषयको महत्त्वलाई ध्यानमा राखी ती विषय पढ्ने विद्यार्थीलाई भक्तपुर नपाले छात्रवृत्तिको व्यवस्था गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

अर्थतन्त्र र व्यापारघाटाबारे चर्चा गनुहुँदै उहाँले देशको व्यापारघाटाको स्थिति डरलाग्दो भएको उल्लेख गर्नुभयो ।

सरकारमा गएका दल र तिनका नेतृत्व भारतपरस्त र विदेशी दलाल भएकै कारण परनिर्भरता बढेको धारणा प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

एमसीसी सम्झौता राष्ट्र हितविपरीत रहेकैले नेमकिपाले एमसीसीको विरोधमा देशव्यापीरूपमा विरोधसभा र प्रदर्शन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायका डीन प्रा.डा. **कुसुम शाक्य**ले १० जनाभन्दा कम विद्यार्थी सङ्ख्या रहेको विषयका कक्षाहरू अनलाइन माध्यमबाट सुरू गर्ने तयारी गरेको र त्रिविअन्तर्गत मानविकी सङ्कायमा ३४ ओटा विषयको अध्ययन गराइरहेको जानकारी दिनुभयो । भर्ना भएका विद्यार्थीले पढाइ पूरा नगरी छोड्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'शिक्षकले विद्यार्थीलाई अध्ययनमा प्रोत्साहित गर्नैपर्छ ।'

विद्यार्थी भर्नाको साथै पढाइको गुणस्तर वृद्धिमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै डीन शाक्यले हामीले गरेको मिहिनेत खेर नजाने बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य **रूपक जोशी**ले ख्वप कलेज स्थापनाका उद्देश्यहरूबारे जानकारी दिनुहुँदै शैक्षिक गुणस्तर वृद्धिमा कलेजले सधैँ जोड दिइरहेको बताउनुभयो । ख्वप मा.वि.का प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले स्नातकोत्तर तहको कार्यक्रम कलेजको प्रतिष्ठाको विषय भएको उल्लेख गर्नुहुँदै स्नातकोत्तर तहका विद्यार्थीले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा एमए तथा बीए इन्चार्ज कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

१०४ औँ महान् अक्टोबर समाजवादी क्रान्ति दिवसमा प्रवचन

किसानहरूबीच प्रवचन

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा १०४ औँ महान् अक्टोबर समाजवादी क्रान्तिको अवसरमा कार्तिक २६ गते नगरस्तरीय किसान भेला गरी प्रवचन कार्यक्रम भयो ।

उक्त प्रवचन कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सन् १९१७ को रुसी अक्टोबर समाजवादी क्रान्ति सफल पारी कामदार वर्गको सत्ता कायम गरिएको विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'सामन्त, पूँजीपतिहरूको जग्गा बिनामुआब्जा राष्ट्रियकरण गरियो । विदेशी कलकारखाना, बैंक राष्ट्रियकरण गरियो । जार सरकारले लिएको ऋण नतिर्ने घोषणा गरियो । सरकारले शिक्षा, स्वास्थ्य निःशुल्क गऱ्यो । कृषि क्षेत्रमा यान्त्रिकीकरण गरी कृषि उत्पादनमा उल्लेख्य वृद्धि गरियो ।'

समाजवादी क्रान्ति सफल पार्न लेनिनको नेतृत्वमा बोल्सेविक पार्टी स्थापना गरी सङ्घर्षशील, इमानदार, अनुशासित कार्यकर्ताहरू तयार पारी व्यापक मजदुर, किसान, सैनिक र कामदार वर्गबीच सङ्गठन विस्तार गरी कामदार वर्गको राज्य स्थापना गरेको प्रस्ट पार्दै उहाँले कम्युनिस्ट कार्यकर्ताहरू जेल, नेल, कालापानी निर्वासनको पर्वाह नगरी लागेकै कारण अक्टोबर समाजवादी क्रान्ति सफल भएको थियो भन्नुभयो ।

पार्टीभित्रकै संशोधनवादी र आत्मसमर्पणवादीविरुद्ध सङ्घर्ष गरिएको स्मरण गराउनुहुँदै उहाँले विश्वका कामदार वर्गलाई समाजवाद नै पूँजीवादको विकल्प हो भन्ने कुरा बुझाउन सफल भएको पनि बताउनुभयो । उहाँले कम्युनिस्ट कार्यकर्ताहरू शत्रुको अगाडि कहिल्यै झुक्दैनन्, कम्युनिस्टहरूको स्वार्थ भन्नु नै देश र जनताको निःस्वार्थ सेवा गर्नु हो, त्यहीँ शिक्षा लिएर नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू लागिपरेका हुन् भन्नुभयो ।

देउवा सरकारले देश र जनताको हितमा भन्दा विदेशीको इसारामा काम गरिरहेको छ, केही महिनाको अन्तरालमा ३/३ पटक पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरी बहुमत कामदार जनताको ढाड सेक्ने काम गर्दै छ, सरकार अमेरिकी साम्राज्यवादको पिछलग्गू भएर एमसीसी जसरी भए पनि संसद्बाट अनुमोदन गराउन चाहन्छ । देशभक्त नेपाली जनता र नेपाल मजदुर किसान पार्टी सो सम्झौता खारेज गराउन आन्दोलनमा छन्, उहाँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एवम् नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र चवालले पूँजीपति वर्गले आफ्नो स्वार्थपूर्तिको लागि कमजोर राष्ट्रहरूमा आक्रमण गरी आफ्नो साम्राज्य कायम गरी उत्पादन भएका सामान बिक्री वितरण गर्न र बजार कब्जा गर्न युद्ध थोपरेको हुन्छ, युद्धबाट हारेका देशलाई आफ्नो साम्राज्य कायम गरी त्यहाँका कामदार वर्गलाई शोषण, दमन र अन्याय अत्याचार गरी प्राकृतिक श्रोत साधन कब्जा गरेको हुन्छ भन्नुभयो । उहाँले लेनिनको नेतृत्वमा बोल्सेविक पार्टीले सन् १९१७ मा अक्टोबर समाजवादी क्रान्ति सफल पारेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका सदस्य **उपेन्द्र सुवाल**ले समाजवादी अक्टोबर क्रान्तिबाट सिकेरै नेपालमा नेपाल मजदुर किसान पार्टीले निःस्वार्थरूपमा देश र जनताको हितमा लागिपरेको उल्लेख गर्दै एक दिन अवश्य समाजवादको विजय हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा निर्वाचित जनप्रतिनिधि **राजकृष्ण गोरा**ले भक्तपुर नगरपालिकाले गर्दै आएको गतिविधिबारे जानकारी दिनुभयो । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष **गंगाराम ज्याख्व**को सभापतित्वमा भएको कार्यक्रममा आयोजक समितिका सदस्यद्वय, **पूर्णगोपाल राजचल** र **कृष्णगोपाल चौगुठी**लगायतले महान् अक्टोबर समाजवादी क्रान्तिबारे आ-आफ्नो विचार राख्नुभयो ।

खलाँमा प्रवचन

नेपाल मजदुर किसान पार्टी भनपा ५ खलाँको आयोजनामा १०४ औँ महान् अक्टोबर समाजवादी क्रान्तिको अवसरमा अन्तरक्रिया तथा प्रवचन कार्यक्रम नेमकिपाका केन्द्रीय

सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा कार्तिक २७ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले अक्टोबर समाजवादी क्रान्तिको महत्त्वबारे जनतालाई सचेत र जानकार बनाउन देशव्यापी रूपमै नेमकिपाले यस विषयमा प्रवचन तथा अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गर्दै आएको बताउनुभयो ।

जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित बनाउन प्रकाशित पार्टी प्रकाशनहरूको नियमित अध्ययन तथा अन्तरक्रियामा जोड दिनुपर्ने बताउनुहुँदै समाजवादी देशहरूमा कम्युनिष्ट पार्टीको सदस्यता पाउनु आफैमा गर्वको विषय हुने बताउनुभयो ।

नेपालका नक्कली कम्युनिष्टले राजनीतिक व्यवस्थामाथि नै विकृति र विसङ्गतिहरू उत्पन्न गरिरहेको तर्फ पार्टी कार्यकर्ताहरू सजग हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले लेनिनवादी नीतिअनुसार नेमकिपाले प्रतिक्रियावादी सङ्घ संस्थाहरूमा गई क्रान्तिको तयारीका लागि निर्वाचनको उपयोग गरिरहेको बताउनुभयो ।

अनुशासित, विचारमा प्रतिबद्ध, शत्रुको अगाडि नझुक्ने र प्रगतिशील विचारधारा बोक्ने कम्युनिष्ट कार्यकर्ताहरूको विशेषता रहेको औँल्याउनुहुँदै प्रमुख प्रजापतिले समाजवादी व्यवस्था जनताको लागि स्वर्ग भएको बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य **राजेन्द्र चवाल**ले महान् अक्टोबर क्रान्तिको सफलताले विश्वका कयौँ देशहरूमा पनि क्रान्ति अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो । कम्युनिष्टहरूले पूँजीवादी सरकारमा गएर जनताको हितमा काम गर्ननसक्ने बताउनुहुँदै उहाँले सक्रिय र जुझारु क्रान्तिकारी कार्यकर्ताहरूको योगदानकै कारण अक्टोबर क्रान्ति सफल भएको चर्चा गर्नुभयो ।

कार्यक्रममा भनपा साविक वडा नं. ११ का सदस्य सत्यनारायण दिदियाले पार्टीको निर्देशनमा राजनीतिक कार्यकर्ताहरू जुनसुकै समयमा खटिन तयार हुनुपर्ने भन्नुहुँदै नेमकिपाको मुख्य उद्देश्य जनताको नि:स्वार्थ सेवा गर्ने रहेको बताउनुभयो ।

नेमकिपा ५ वडा खलाँका अध्यक्ष **बलराम सिबन्जार**ले लेनिनको नेतृत्वमा भएको अक्टोबर क्रान्तिले व्यापक कामदार जनताको हित भएको बताउनुहुँदै सही नेतृत्वले समाजमा आमूल परिवर्तन सम्भव हुने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा ५ खलाँका सचिव **केपी छुस्याकी**ले अक्टोबर क्रान्तिको महत्त्वबारे प्रस्तुतिकरण दिनुभएको थियो भने सदस्य **सर्जु फसिकवा**ले पनि बोल्नुभएको थियो ।

मजदुरहरूबीच प्रवचन

१०४ औँ अक्टोबर समाजवादी क्रान्ति दिवसको अवसरमा नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा कार्तिक ३० गते प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले शोषणमा आधारित पूँजीवादमा मानिसहरू पैसाको निम्ति जस्तोसुकै अपराध गर्न पछि नपर्ने बताउनुभयो । उहाँले आर्थिक समानता, योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, नि:शुल्क शिक्षा स्वास्थ्य बन्दोबस्त तथा उत्पादनका साधनहरू राष्ट्रियकरण समाजवादमा मात्र हुने भएकोले समाजवादी व्यवस्था कामदार वर्गको स्वर्ग हो भन्नुभयो ।

विदेशी सहयोगबिना भक्तपुर नपाले कोरोनाबाट नगरवासीहरूलाई बचाउन सञ्चालित ख्वप अस्पतालमा अक्सिजन प्लान्ट निर्माणमा जनताले गरेको आर्थिक सहयोग तथा सम्पदा पुन:निर्माणमा प्राप्त सहयोग र श्रमदान उदाहरणीय भएको चर्चा गर्नुहुँदै उहाँले भक्तपुर नगर खुला सङ्ग्रहालयको रूपमा देशी विदेशीहरूको आकर्षण केन्द्र बनेको उल्लेख गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय अध्यक्ष **राजेन्द्र चवाल**ले अक्टोबर समाजवादी क्रान्तिको महत्त्वबारे बताउनुहुँदै सङ्गठित र अनुशासित पार्टीले मात्र समाजको आमूल परिवर्तनमा भूमिका खेल्न सकिने हुनाले सङ्ख्याभन्दा

गुणस्तर महत्त्वपूर्ण हुने तर्क राख्नुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य **नारायणबहादुर दुवाल**ले लेनिनवादी नीतिअनुसार पूँजीवादी चुनाव उपयोग गर्दै आएको बताउनुहुँदै पुरानो पुस्ताले गरेका सङ्घर्ष र योगदानबाट सिक्दै नयाँ पुस्ता वैचारिक रूपमा सक्षम हुनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष **उपेन्द्र सुवाल**को सभापतित्वमा भएको कार्यक्रममा आयोजक समितिका **रमेश दुमरु, पञ्चरत्न सैंजु**लगायतले बोल्नुभएको थियो ।

अध्यक्ष बिजुक्छँबाट खोह दिप ध्वाखा र छिपा ताँ उद्घाटन

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ **नारायणमान बिजुक्छँ (रोहित)** ले भक्तपुर नपा वडा नं. ७ को मू दिपको ध्वाखा र छिपा ताँको मङ्सिर १६ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छँले जनताको सहयोगमा निर्मित खोह दिप ध्वाखा मौलिक, कलात्मक र निकै आकर्षक भएको बताउनुहुँदै सम्पदा संरक्षणमा भक्तपुरका जनताको अपनत्व र समर्पणभावको उच्च प्रशंसा गर्नुभयो ।

छिपा ताँसँगै रहेको उपचार पोखरीलाई पुनर्जीवन दिनुपर्नेतर्फ ध्यानाकर्षण गराउनुहुँदै अध्यक्ष बिजुक्छँले भक्तपुर नगरपालिकाले आफ्ना विकास निर्माणका सम्पूर्ण गतिविधि सफलतापूर्वक गुणस्तरीय ढङ्गले उपभोक्ता समितिमार्फत गरिरहेकोमा उपभोक्ता समिति खारेज गर्ने निर्णय ठेकेदार पोस्ने र जनताको भावना विपरीत भएको बताउनुभयो ।

शासक दलहरूको पूर्वाग्रही सोचकै कारण भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने स्वीकृति नपाएको भन्नुहुँदै अध्यक्ष बिजुक्छँले भक्तपुर नगरपालिकाले गरेको स्वायत्तताको अभ्यासबाट अरू स्थानीय तहहरूले पनि अनुसरण गर्न खोजिरहेको छ भन्नुभयो ।

उहाँले सुधारिएको शवदाह गृह र विद्युतीय शव दाहगृह निर्माणतर्फ पनि नगरपालिकाले पहल गर्नुपर्ने आवश्यकताबोध गराउनुहुँदै हनुमन्ते खोलाको सुधार र सरसफाइमा पनि विशेष ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले उपभोक्ता समितिमार्फत गरिने विकास निर्माणको भौतिक संरचना बलियो हुने, स्थानीय जनताको अपनत्व रहने, स्थानीय जनताले स्वयम्सेवी रूपमा श्रमदान गर्ने र कम लागतमा गुणस्तरीय निर्माण कार्य हुने बताउनुभयो ।

स्थानीय सीप, प्रविधि र परम्परागत निर्माण सामग्री प्रयोग गरी निर्माण गरिएका पाँचतले मन्दिर, भैरवनाथ मन्दिरलगायतका सम्पदाहरू ठूल्ठूला भूकम्पहरूबाट पनि जोगिएको भन्नुहुँदै उहाँले अहिले हामीले गर्ने निर्माणहरू पनि वर्षौं वर्ष टिक्ने गरी गुणस्तरीय निर्माणमा नगरपालिकाले जोडदिँदै आइरहेको बताउनुभयो ।

उहाँले भूकम्पबाट क्षतिग्रस्त नगरका १२० ओटा सम्पदामध्ये भक्तपुर नगरपालिकाले ११५ भन्दा बढी पुन:निर्माण तथा जीर्णोद्धार सम्पन्न गरिसकेको अवगत गराउनुहुँदै भक्तपुर नगरपालिकाले गरिरहेका हरेक गतिविधि देशभरका जनताले नियालिरहेकोमा अझ जिम्मेवार भएर काम गर्न हौसला मिलेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले घोषणापत्रअनुसार आफ्ना गतिविधिलाई अगाडि बढाउँदै आएको अवगत गराउनुहुँदै नगरका सबै वडाहरूमा घरदैलो नर्सिङ सेवा पनि सञ्चालनमा ल्याएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले हनुमानघाट पौराणिक, ऐतिहासिक र सांस्कृतिक हिसाबले महत्त्वपूर्ण ठाउँ भएको बताउनुहुँदै यस ठाउँको सुन्दरता र जीवन्तता कायम गर्न नियमित सरसफाइ गर्दै आइरहेको बताउनुभयो ।

खोह्र दिप ध्वाखा निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष **रत्नलाल साँध**ले ध्वाखाको दायाँ बायाँ सहायक द्वार र बीचमा मुख्य रहेको खोह्र दिप ध्वाखा निर्माणको लागि रु. ४९ लाख ९५ हजार ९ सय ७४ रूपैयाँभन्दा बढी आर्थिक सहयोग सङ्कलन भएकोमा कूल खर्च रु.४८ लाख ६९ हजार ८ सय ६५ रूपैयाँ रहेको र कार्य मूल्याङ्कन रु. ५७ लाख ९ हजार ४४० रहेको जानकारी गराउनुभयो ।

साथै छिपा ताँ निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष **लक्ष्मी रञ्जित**ले आयव्यय प्रस्तुत गर्नुहुँदै पुलको लगत इस्टिमेट रु.१ करोड ९८ लाख ४१ हजार २६६।८१ रहेकोमा कूल खर्च रु.१ करोड ७७ लाख ८ हजार ७३० रहेको र कार्य मूल्याङ्कन रु.२ करोड ९ लाख ९८ हजार ५१५।६० रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् खोह्र दिप ध्वाखा निर्माण उपभोक्ता समितिका अध्यक्ष **कृष्णगोविन्द खाइजु** र सचिव **कृष्णगोविन्द लाखा**ले ध्वाखा निर्माणमा १८० ओटाभन्दा बढी गुठियारहरूबाट आर्थिक सहयोग प्राप्त भएको र ध्वाखा निर्माणका क्रममा सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा छिपा ताँ निर्माण उपभोक्ता समितिका अध्यक्ष **रामेश्वर प्रजापति**ले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नारायणमान बिजुक्छेँ, विशेष अतिथि सुनिल प्रजापति र अतिथिहरूले ध्वाखा निर्माणमा सहयोग गर्नेहरूलाई प्रशंसा पत्र वितरण गर्नुभएको थियो ।

राष्ट्रिय जनगणना २०७८ सम्पन्न

देशको बाह्रौं राष्ट्रिय जनगणना सम्पन्न भएको छ ।

केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठ पत्रकार सम्मेलनमा एक वर्षपछि जनगणनाको रिपोर्ट निकाल्न सुरू गर्ने र दुई वर्ष भित्रमा जनगणनाको सम्पूर्ण क्रियाकलाप सम्पन्न गर्ने बताएका छन् । जनसङ्ख्याको प्रारम्भिक नतिजा तीन महिनाभित्र आउने महानिर्देशक श्रेष्ठले बताए ।

'मुख्य गणनाको सन्दर्भमा पास उपलब्ध भएको अवस्था रहेन । नरहेपछि हाम्रा साथीहरू मान्छे हिड्ने बाटो नै होइन, जङ्गल नै जङ्गलको बाटोमा तीन दिन लगाएर रुखका हाँगाहरू समातेर माथिसम्म पुग्नुभयो । तिङ्कर र छाङरुमा पनि सम्पन्न गर्नुभयो । बाटोबाट आफै फर्किन सक्ने अवस्था थिएन । उहाँहरूलाई हेलिकप्टरबाट सदरमुकाम खलंगा ल्याउने काम सम्पन्न गऱ्यौं,' महानिर्देशक श्रेष्ठले भने ।

केन्द्रीय तथ्याङ्क विभागले देशभरका सम्पूर्ण भु-भागमा जनगणना सम्पन्न गरिसकेको बताएको छ । लिपुलेक, कालापानी र लिम्पियाधुरालगायतका केही क्षेत्रहरूमा भने कुटनैतिक पहल गरी छिट्टै गणना सम्पन्न गर्ने जनाएको छ ।

भक्तपुरमा अध्यक्ष बिजुक्छेँबाट गणना आरम्भ

राष्ट्रिय जनगणना २०७८ कार्यक्रमअन्तर्गत मुख्य गणना कार्य कार्तिक २५ गतेदेखि देशैभरि आरम्भ भएको छ । सोही क्रममा भक्तपुर नगरपालिका क्षेत्रमा राष्ट्रिय जनगणना नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को घरपरिवारबाट शुभारम्भ भयो । स्थानीय जनगणना अधिकारी तुल्सीदेवी कोजूले अध्यक्ष बिजुक्छेँको घरपरिवारको विवरण सङ्लन गरी जनगणनाको आरम्भ गर्नुभएको हो ।

कार्यक्रममा पत्रकारहरूसँग कुराकानी गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले राष्ट्रिय स्तरका राजनीतिक नेताहरू, राष्ट्र प्रमुख, सरकार प्रमुख र सुरक्षा निकायका प्रमुखहरूको व्यक्तिगत विवरण र भौतिक विवरण राष्ट्रिय सुरक्षासँग समेत गाँसिएको विषय हुने भएकोले निजहरूको विवरणको गोप्यताबारे केन्द्रीय तथ्याङ्क विभाग संवेदनशील हुनुपर्ने बताउनुभयो । उहाँले यस्ता तथ्याङ्क सङ्कलन कार्य देशकै स्रोत र साधनबाट सम्पन्न गर्नुपर्ने र विदेशी सहयोगबाट यस्ता कार्यक्रम सञ्चालन गर्दा महत्त्वपूर्ण सूचनाहरू चुहावट भई देशलाई दीर्घकालीन नकारात्मक असर पर्नसक्ने हुँदा सो विषयमा सचेत हुनुपर्ने

आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँको घरपरिवारको जनगणना सङ्कलनपछि भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको घरपरिवारको पनि जनगणना सङ्कलन गरिएको थियो । जनगणना गर्ने गणकहरूलाई विवरणहरू उपलब्ध गराउँदै नगर प्रमुख प्रजापतिले यस्तो आवधिक जनगणना देशको योजना तयार पार्न, प्रदेश र सङ्घीय संसद्मा समानुपातिक प्रतिनिधित्व गराउन, भौतिक पूर्वाधार निर्माण गर्न र अत्यावश्यक सेवा सुविधा विस्तार गर्न अत्यन्त महत्त्वपूर्ण हुने भएकोले सम्पूर्ण नगरवासीहरूलाई घर-घरमा आउने गणकहरूलाई सही, सत्य र तथ्य विवरणहरू उपलब्ध गराउनुहुन आग्रह गर्नुभयो ।

जनगणना सङ्कलन गर्ने कार्यक्रममा जिल्ला जनगणना अधिकारी पृथ्वी विजयराज सिजापतिलगायत जिल्ला जनगणना कार्यालयका कर्मचारी तथा गणकहरूको उपस्थिति रहेको थियो ।

गणकहरूको तालिम तथा कार्यविभाजन

नेपालमा हरेक १०।१० वर्षमा राष्ट्रिय जनगणना हुने गरेको छ । राष्ट्रिय जनगणना २०७८ अन्तर्गत कार्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म जनगणना सम्पन्न भएको छ ।

यसक्रममा स्थानीय जनगणना कार्यालय भक्तपुरको आयोजनामा भक्तपुर नगरपालिका क्षेत्रमा खटिएका गणकहरूको

तालिम समापन तथा कार्यविभाजन कार्यक्रम कार्तिक २४ गते एक समारोहबीच सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा उक्त कार्यक्रम भएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले गणकहरूले जिम्मेवारीपूर्वक गरेको कामबाट राज्यलाई प्रत्यक्ष फाइदा पुग्ने बताउनुहुँदै राष्ट्रिय जनगणनाबाट प्राप्त भएका तथ्याङ्कबाट मुलुकको जनसङ्ख्या वृद्धि दर, बसाइँसराइ, सामाजिक, भाषाभाषी, आर्थिकलगायतका विवरणहरू उपलब्ध हुने बताउनुभयो ।

गणकहरूबाट हुने सानातिना गल्तीहरूबाट पनि देशलाई दीर्घकालीनरूपमा समस्या उत्पन्न गराउन सक्नेतर्फ सचेत पार्नुहुँदै प्रमुख प्रजापतिले व्यक्तिगत गोप्यता कायम राख्ने र सत्यतथ्य तथ्याङ्क उपलब्ध गराउन जनतालाई प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो ।

जनगणनामा खटिने गणकहरू सभ्य, सुसंस्कृत र अनुशासितका साथै उनीहरूमा स्थानीय भाषाको राम्रो जानकारी हुनुपर्ने भन्नुहुँदै उहाँले राष्ट्रिय जनगणनाले तीनै तहका सरकारलाई उपयुक्त तथ्याङ्क प्राप्त हुने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले राष्ट्रिय जनगणना कार्यक्रम निकै संवेदनशील विषय भएकोले गणकहरूले जिम्मेवारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने बताउनुहुँदै देशको लागि योजना बनाउन पनि यस कार्य अति आवश्यक भएको बताउनुभयो ।

केन्द्रीय तथ्याङ्क विभागका निर्देशक **महेशचन्द्र प्रधान**ले जनगणनाको महत्त्वबारे जनतालाई बुझाउन आवश्यक भएको बताउनुहुँदै सुरुका जनगणना वैज्ञानिक नदेखिए तापनि पछिल्ला दशकदेखि आधुनिक प्रविधि तथा शैली अपनाइएकाले तथ्याङ्क सङ्कलन विश्वसनीय हुँदै गएको प्रष्ट पार्नुभयो ।

जिल्ला गणना अधिकारी **पृथ्वी विजयराज सिजापति**ले वि.सं. १९६८ देखि जंगबहादुर राणाले नेपालमा व्यवस्थित र प्रणालीगत रूपले जनगणना गर्ने कामको थालनी

गरेको बताउनुहुँदै तथ्याङ्क सङ्कलनका क्रममा आवश्यक सहयोगको लागि जनप्रतिनिधिसँग आवश्यक समन्वय गर्न उहाँले मार्गनिर्देश गर्नुभयो ।

सोही कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले तथ्याङ्क सङ्कलन कार्यमा जनप्रतिनिधिको तर्फबाट आवश्यक सहयोगको लागि तत्पर रहेको बताउनुहुँदै गणकहरूले गर्ने तथ्याङ्क सङ्कलन गलत भएमा त्यसबाट सामाजिक प्रगतिमा समेत असर पुग्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् स्थानीय जनगणना समन्वय समितिका संयोजक **रामलाल श्रेष्ठ**ले जनगणनाको महत्त्वमाथि प्रकाश पार्नुहुँदै राष्ट्रिय जनगणना २०७८ सफल कार्यान्वयनको लागि सबैले आआफ्नो ठाउँमा सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुरमा बढ्दै पर्यटकको चहलपहल

दैनिक दुई हजारसम्म पर्यटक आउने भक्तपुर नगरपालिकाको ऐतिहासिक सम्पदा क्षेत्र झण्डै दुई वर्ष सुनसान बन्यो । विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसको महामारीले नराम्रोसँग असर पारेको नेपालको पर्यटन व्यवसायमा बल्ल आशा पलाउन थालेको हो ।लामो समयपछि विश्व सम्पदा सूचीमा सूचीकृत यहाँका सम्पदा अवलोकन गर्न विदेशी पर्यटकको आगमन बढेपछि पर्यटन व्यवसायमा चहलपहल बढेको छ । विदेशी पर्यटकको प्रमुख आकर्षण र गन्तव्य बन्दै आएको नगरपालिका क्षेत्रमा अहिले दैनिक ६० देखि ९० जनासम्म पर्यटक आउन थालेका हुन् ।

यहाँ आउनेमा भारतीय पर्यटक सबभन्दा बढी रहेकामा युरोपका पर्यटकको पनि आगमन बढ्न थालेको छ । नगरपालिकाको पर्यटन सूचना केन्द्रका प्रमुख गौतम लासिवाले पर्यटकबिना सुनसान बनेको भक्तपुरको सम्पदामा विदेशी पर्यटक देखिन थालेपछि रौनक बढेको बताए । पर्यटकको आगमन हुन थालेपछि नगरपालिकाले सुरक्षितरूपमा पर्यटन व्यवसाय सञ्चालन एवं पर्यटकलाई सुरक्षित राख्ने गरी योजना अगाडि सारेको छ ।

नगरपालिकाले पर्यटकलाई कोभिडबाट सुरक्षित रहने वातावरण बनाउन आवश्यक तयारी गरेको छ । होटल व्यवसायीसँग पनि पर्यटकलाई कोभिडबाट सुरक्षित राख्ने गरी व्यवस्थापन गर्न व्यवसायीसँग छलफल गर्दै आएको छ । यद्यपि, अहिले भक्तपुर आउने पर्यटक भने धेरैजसो दिनभरि घुमेर फर्कने गरेका छन् । रात बस्ने गरी आउने पर्यटक फाट्टफुट्टमात्रै भएकाले होटल व्यवसाय भने पूर्णरूपमा सञ्चालनमा आउन सकेको छैन ।

विदेशी पर्यटकबाट वार्षिक करिब रु २६ करोड राजस्व सङ्कलन गर्दै आएको नगरपालिकाले कोभिड महामारीका कारण दुई वर्ष यो नोक्सानी व्यहोर्नुपरेको छ । केन्द्रका प्रमुख लासिवाले भने, 'आर्थिक वर्ष २०७६/७७ मा करिब रु २६ करोड पर्यटन शुल्कबाट राजस्व सङ्कलन भएको थियो, कोरोनाका कारण पर्यटकको आगमन बन्द भएपछि आव २०७७/७८ मा जम्मा रु २९ लाखमात्रै पर्यटन शुल्क उठ्यो, चालु आ.व.मा भर्खर पर्यटक आउन थालेका छन् ।'

पर्यटन शुल्कबाट उठेको रकम नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा खर्च गर्दै आएको जानकारी दिँदै उनले कोरोना भाइरसको महामारीका कारण दुई वर्षमा करोडौँ नोक्सान व्यहोर्नुपरेको उल्लेख गरे । पर्यटन सूचना केन्द्रका प्रमुख लासिवाका अनुसार यस वर्ष साउन महिनामा २२८, भदौमा ३८०, असोजमा ९६४ र कात्तिकमा अहिलेसम्म एक हजार ९२३ पर्यटकको आगमन भइसकेको छ । पर्यटक आउने सङ्ख्या बढ्दै गएको छ ।

पहिलो लकडाउन अगाडिसम्म भक्तपुरमा दैनिक तीन हजार र वार्षिक दुई लाखभन्दा बढी पर्यटक भित्रिने गरेका थिए । नगरपालिकाले सार्क राष्ट्र तथा चीनका पर्यटकबाट प्रतिपर्यटक रु ५०० र अन्य राष्ट्रका पर्यटकबाट प्रतिपर्यटक रु एक हजार ५०० पर्यटन शुल्क सङ्कलन गर्दै आएको र यो नै मुख्य आयस्रोत रहँदै आएको छ । विगत वर्षमा यहाँ आउने पर्यटकमध्ये सबैभन्दा बढी चीनका र त्यसपछि भारत, अमेरिका, फ्रान्स,

स्पेनलगायत देशबाट आउने गरेका थिए। नगरपालिकाले पर्यटकसँग सेवा शुल्क उठाउन १४ स्थानमा काउन्टर स्थापना गरेको छ। नगरपालिकाले भूकम्पपछि भत्किएका सम्पदाको पुन:निर्माण गर्दै आएको छ भने कतिपय पुरिएका र गौण रहेको महत्त्वपूर्ण सम्पदाको पुन:निर्माण पनि थालेको छ। जसअन्तर्गत दूधपाटीस्थित भाजु पोखरी पुन:निर्माण भइरहेको छ भने नेपाली सेनाको क्याम्पभित्र लोप हुने अवस्थामा पुगेको रानीपोखरी पुन:निर्माण गरी नेपाली तथा विदेशी पर्यटकको अवलोकनका लागि खुला गर्ने तयारी छ।

नेपालमा अङ्ग्रेजी महिनाको अक्टोबरको अन्तिम, नोभेम्बर पूरै र डिसेम्बरका दुई हप्तालाई पर्यटकीय याम मानिँदै आएको छ। अक्टोबर र नोभेम्बरमा नेपाल आएका पर्यटक क्रिसमस मनाउन डिसेम्बरको अन्ततिर स्वदेश फर्कने गरेका छन्। केन्द्रका अनुसार विगतमा नेपाल भ्रमणमा आएका करिब ३५ प्रतिशत पर्यटक भक्तपुरको सम्पदा अवलोकनका लागि आउने गरेका र तीमध्ये धेरैजसोले यहाँ तीन/चार घण्टामात्रै बिताउने गरेका थिए।

पर्यटकको बसाइ लम्ब्याउन आवश्यक ठानेर नगरप्रमुख सुनिल प्रजापतिले व्यवसायीहरूसँग छलफल गर्दै विभिन्न योजना अगाडि सारेका थिए। कोरोनाका कारण पर्यटकको आगमन बन्द भएपछि त्यस्ता योजना पनि थाँती रहेका थिए। पर्यटकको आगमन बढ्न थालेपछि तीनलाई आकर्षित गर्न, बसाइ लम्ब्याउन र रात्रिकालीन पर्यटनलाई बढावा दिनेबारे कार्यक्रम ल्याउने योजना बनाइएको छ।

दुई वर्षपछि पर्यटकको आगमन बढेपछि पर्यटन व्यवसायमा आशा पलाएको पोटरी स्क्वायरका क्यूरो व्यवसायी विनोद प्रजापतिले बताए। विदेशी पर्यटकलाई आकर्षित गर्न सरकार र स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष योजना ल्याएमा थला परेको पर्यटन व्यवसायले पुन:जीवन पाउने उनको भनाइ थियो।

स्रोत : नागरिक दैनिक, २७ कार्तिक २०७८

राजनीतिक स्थिति तथा न्यायपालिकामा देखिएको सङ्कट विषयक विचार गोष्ठी

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सङ्घीय प्रतिनिधिसभाका सदस्य **प्रेम सुवाल**ले सर्वोच्च अदालतलगायत न्यायापालिकामा देखिएको बेथिति र जटिलताको लागि पटक पटक सरकारको नेतृत्व गरेका शासक दलहरू भएको बताउनुभएको छ।

कानून अध्ययन समाज नेपालद्वारा मङ्सिर ३ गते आयोजित 'वर्तमान राजनीतिक स्थिति र न्यायपालिकामा देखिएको सङ्कट' विषयक विचार गोष्ठी कार्यक्रममा बोल्दै उहाँले पूँजीवादी प्रजातन्त्रलाई असल सिद्ध गर्न दाबी गरिने शक्ति पृथकीकरणको सिद्धान्त पनि देशको घटनाक्रमले पढ्ने र पढाउने विषयमात्र भएको पुष्टि भएको बताउनुभयो।

सांसद सुवालले नेपालको संविधान २०७२ निर्माणका क्रममा संसदीय सर्वोच्चतालाई मानिएको तर हरेक राजनीतिक विवाद अदालतमा पुऱ्याउँदा र अदालतले पनि स्वीकार गर्दा र परमादेशहरू जारी गर्दा देशमा अदालतको सर्वोच्चता कायम हुन गएको छ भन्नुभयो। उहाँले राजनीतिक निर्णयहरूलाई अदालतले फैसलाको विषय बनाउन नहुने बताउनुहुँदै दलहरू कति सही र कति गलत त्यसको निर्णय जनताले चुनावमार्फत गर्नु र चुनावबाट नयाँ संसद् र सरकार बनाउनु नै प्रजातन्त्र भएको बताउनुभयो।

प्रधानन्यायाधीश र न्यायाधीशहरू शासक दलहरूको प्रभाव र दबाबमा परेको औँल्याउनुहुँदै उहाँले न्यायपालिका स्वतन्त्र भएको जतिसुकै दाबी गरिए पनि प्रधानन्यायाधीश र न्यायाधीशहरूको व्यवहारले त्यसलाई पुष्टि गर्न नसकेको बताउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले संविधान र कानून विपरीत गर्ने न्यायाधीशहरूको विरुद्ध महाअभियोग लगाउन शासक दलहरूलाई दबाब दिनुपर्ने बताउनुभयो।

न्यायाधीश नियुक्ति स्वतन्त्र नभएसम्म स्वतन्त्र न्यायपालिकाको कल्पना सम्भव नभएको बताउनुहुँदै उहाँले संविधानले संविधान र कानुनको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई दिएको प्रष्ट पार्नुभयो।

कानुन व्यवसायी र न्यायाधीशहरूले स्वतन्त्र न्यायपालिकाको छविलाई कायम राख्न संविधानअनुसार न्यायाधीशहरू नियुक्ति र बर्खास्ती गर्नेतर्फ ध्यान दिनुपर्ने

भन्नुहुँदै उहाँले संविधानबमोजिम प्रधानन्यायाधीश र परमादेश जारी गरी संसद् पुनःस्थापनाको फैसला गर्ने सबै न्यायाधीशहरूविरुद्ध महाअभियोग लगाउनेतर्फ लाग्नु नै आजको समस्याको निकास हो भन्नुभयो ।

विशेष अदालतका पूर्वअध्यक्ष **गौरीबहादुर कार्की**ले न्यायालय क्षेत्रको विकृति र विसङ्गतिको कारक न्यायाधीश नियुक्ति प्रक्रिया र प्रणाली भएको औँल्याउनुहुँदै प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको न्यायपालिकामा प्रवेश नै राजनीतिक दलका शीर्ष नेताहरूको दबाबबाट भएको बताउनुभयो ।

उहाँले संविधानमा कैयौँ त्रुटिपूर्ण र अस्पष्ट व्यवस्थाहरू रहेका र तिनले विवाद जन्माइरहेको औँल्याउनुहुँदै न्याय परिषद्, संवैधानिक परिषद् र संसदीय सुनुवाइको संवैधानिक प्रावधानमा व्यापक सुधार आवश्यक छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् कानुन अध्ययन समाज नेपालका अध्यक्ष अधिवक्ता **रामप्रसाद प्रजापति**ले न्यायपालिकाको संवैधानिक व्यवस्थाबारे प्रस्तुतिकरण गर्नुभएको कार्यक्रममा समाजका सदस्य अधिवक्ता **प्रकाश थुसा**ले न्यायपालिका भित्रको विकृति र हरिकृष्ण कार्की समितिको प्रतिवेदन तथा अर्का सदस्य अधिवक्ता **मनज ज्याख्व**ले कानुन व्यवसायीहरूको चालु आन्दोलनको अवस्था विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा कानुन अध्ययन समाज नेपाल भक्तपुरका अध्यक्ष **राजु कैटी**ले समाजबाट प्रकाशित अपिल वाचन गर्नुभएको थियो भने अधिवक्ता **अनिता जधारी**ले पनि बोल्नुभएको थियो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका सिभिल इन्जिनियरिङका विद्यार्थीहरुको अभिमुखीकरण

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानअन्तर्गत सिभिल इन्जिनियरिङमा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम मङ्सिर १० गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले जनताका छोराछोरीलाई सस्तोमा उच्च शिक्षाको अवसर दिने उद्देश्यले भक्तपुर नपाले सञ्चालन गर्दै आएको नर्सिङ कक्षालाई रोक्न खोज्नु शिक्षा मन्त्रालयको जनविरोधी र आपत्तिजनक निर्णय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, दुईओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरी हजारौँ विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने देशकै एकमात्र भक्तपुर नगरपालिका हो ।

जनताको माग र आवश्यकताअनुसार भक्तपुर नपाले ख्वप अस्पताल सञ्चालनमा ल्याई बिरामीहरूलाई स्तरीय सेवा प्रदान गर्दै आइरहेको उहाँले बताउनुभयो ।

पूँजीवादी समाजमा गरिब जनताको जीवनको कुनै अर्थ नहुने बताउनुहुँदै उहाँले नेपाल मजदुर किसान पार्टीले वैज्ञानिक समाजवादको पक्षमा आवाज उठाइरहेको बताउनुभयो ।

संयुक्त राज्य अमेरिकाको अनुदान र आर्थिक सहायताले कुनै पनि देश बन्दैन भन्नुहुँदै उहाँले एमसीसीको विरोध नेपालको आत्मनिर्भर अर्थतन्त्र र विकासको निम्ति भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य **रत्नसुन्दर लासिवा**ले भक्तपुर नपाबाट सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान नाफा नकमाउने उद्देश्यले स्थापना भएको सेवामुखी सामुदायिक शैक्षिक संस्था भएको बताउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थान सिभिल विभागका प्रमुख **रमेश सुवाल**ले नवआगन्तुक विद्यार्थीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्नुहुँदै कलेजको अनुशासन, मर्यादामा रही कर्तव्यनिष्ठ ढङ्गले अगाडि बढ्न शुभकामना दिनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका शिक्षक तथा कर्मचारी भेला

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कर्मचारीहरू मन, वचन र कर्मले इमानदार हुनुपर्ने बताउनुहुँदै संस्थाको आवश्यकताअनुसार नि:स्वार्थ रूपमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको कार्तिक २५ गतेको भेलामा बोल्नुहुँदै उहाँले कुनै पनि व्यक्ति वा संस्था राजनीतिबाट अलग हुन नसक्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका र नपाबाट सञ्चालित कलेजहरूको काम गर्ने शैलीको प्रशंसा आज देशव्यापी रूपमा भइरहेको बताउनुहुँदै उहाँले जनप्रतिनिधि र कर्मचारीहरूको अनुशासन र इमानदारिताले संस्थाहरूको दिगो विकास र प्रगति सम्भव भएको बताउनुभयो ।

एमसीसीमार्फत नेपालमा अमेरिकी सैनिकको घुसपैठ हुने खतरा बढेको बताउनुहुँदै उहाँले एमसीसीको विरोध गर्नु देशभक्त नागरिकहरूको कर्तव्य हो भन्नुभयो ।

शासक दलहरूकै कारण न्यायलय क्षेत्रमा विकृति आएको प्रसङ्ग जोड्नुहुँदै नगर प्रमुख प्रजापतिले प्रतिनिधिसभा पुन:स्थापना र परमादेशको आधारमा प्रधानमन्त्री नियुक्ति संविधानको भावना विपरीत भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**, उपप्राचार्य **रबिन्द्र फौंजु**लगायतले पनि बोल्नुभएको थियो ।

राष्ट्रिय वाणिज्य बैंकको कमलविनायक शाखा उद्घाटन

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले वि.सं. २०२२ साल माघ १० गते स्थापना भएको नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालित राष्ट्रिय वाणिज्य बैंक लि. कमलविनायक शाखा कार्यालयको मङ्सिर १४ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रममा प्रमुख प्रजापतिले सरकारको पूर्ण स्वामित्वमा स्थापित नेपालको दोस्रो पुरानो वाणिज्य बैंकले आगामी दिनहरूमा जनताको विश्वास जितेर जनउत्तरदायी र पारदर्शी ढङ्गले काम गर्ने विश्वास व्यक्त गर्नुहुँदै देशको अर्थतन्त्र विकासको लागि बैंकले उपयोगी कदमहरू चाल्दै जानेमा विश्वास व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्थाहरू राज्य व्यवस्थाको स्नायु केन्द्रको रूपमा रहने औँल्याउनुहुँदै यसको विकास र प्रगति गर्दै लानुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका र नपासँग सम्बन्धित कार्यालयहरू अधिकांशको आर्थिक कारोबार नेपाल सरकार स्वामित्वको नेपाल बैंकमार्फत गर्दै आइरहेको बताउनुभयो ।

नेपाल सरकारले केही अर्ब रुपैयाँको निम्ति आफ्नो स्वाभिमान बेच्न नहुने तर्क राख्नुहुँदै उहाँले एमसीसीको रकम हिन्द प्रशान्त अमेरिकी सैन्य रणनीतिअन्तर्गतको भएको हुँदा सम्पूर्ण देशभक्त नेपाली जनता एकजुट भएर एमसीसीको विरुद्धमा आवाज उठाउनुपर्नेमा जोड दिनुभयो ।

लामो समयदेखि सिंहदरबारभित्र भारतीय लगानी रहेको बैंकले मात्रै कारोबार गर्दै आएकोमा हाल पूर्ण सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकमार्फत कारोबार सुरु हुनु सकारात्मक कदम भएको बताउनुहुँदै विदेशी बैंकलाई पूर्ण रूपमा छुट दिए देशका अन्य बैंकहरू डुब्ने खतरा रहेको औँल्याउनुभयो ।

कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत **किरणकुमार श्रेष्ठ**ले बैंकले नेपालको ७७ ओटै

जिल्लाहरूमा आफ्नो शाखाहरू विस्तार गर्दै लाने उद्देश्य राखेको बताउनुहुँदै औद्योगिक, व्यापारिक तथा पूँजी बजार, कर्जालगायत अन्य क्षेत्रहरूमा ग्राहकहरूलाई विविध बैंङ्किङ सेवा पुऱ्याउँदै आएको बताउनुभयो । भक्तपुर नपाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिरहेको कार्यहरू प्रशंसनीय भएको उल्लेख गर्नुहुँदै भक्तपुरबाट अरू स्थानीय तहहरूले सिक्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले जनताको सेवाको निम्ति गरिएको शाखा विस्तारको व्यवसायिक सफलताको कामना गर्दै वित्तीय सङ्घ संस्थाहरू जनउत्तरदायी र जनताको विश्वास कार्यम गर्ने ढङ्गले सञ्चालित हुनुपर्ने बताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक प्रादेशिक प्रबन्धक **सोनी श्रेष्ठ**को सभापतित्वमा भएको उक्त कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **शिव मानन्धर**, नायब प्रमुख कार्यकारी अधिकृत **कविराज अधिकारी**, बैंकका **जितेन्द्रसिंह थापा**लगायतले बैंकको उद्देश्यहरूमाथि प्रष्ट पार्नुभएको थियो ।

चण्डेश्वरी अजिमा साकोसको साधारणसभा

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. ५ चासुखेलस्थित चण्डेश्वरी अजिमा बचत तथा ऋण सहकारी संस्था लि.को १४ औँ वार्षिक साधारणसभा कार्तिक २७ गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको स्वीकृतिबिना बागमती प्रदेश सरकारको स्वीकृतिमा सञ्चालित बहुउद्देश्यीय सहकारी संस्थालाई नगरभित्र सञ्चालन गर्न नदिने नीति लिएको बताउनुभयो ।

उहाँले अधिकांश सहकारी संस्थाहरूले बचत सङ्कलन गरी अनुत्पादक क्षेत्रमा लगानी गरिरहेको पाइएको बताउनुहुँदै सहकारी ऐनअनुसार सहकारी सञ्चालित छ वा छैन भनी नगरपालिकाले नियमन र अनुगमन गरिरहेको बताउनुभयो ।

संरा अमेरिकाले दिने ५५ अर्ब अनुदानसँगै अमेरिकी सैनिक नेपाल पस्ने खतरा बढेको बताउनुहुँदै उहाँले सहकारीकर्मीहरूले राष्ट्रघाती एमसीसीको विरोध गर्नुको औचित्यमाथि प्रष्ट पार्नुभयो ।

सहकारी संस्थाहरूले सामाजिक गतिविधिहरूमा पनि आफ्नो क्रियाशीलता बढाउनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपाले एनजीओ आइएनजीओलगायतका विदेशी संस्थाको सहयोगबिना विकास निर्माणका गतिविधि अगाडि बढाइरहेको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष **प्रेमगोपाल कर्माचार्य**ले सहकारी संस्था देश विकासको चौथो आधारस्तम्भ भएको बताउनुहुँदै ती संस्थाहरूले सामाजिक, शैक्षिक, सांस्कृतिक परिवर्तनमा आवश्यक भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक सदस्य **काजीबहादुर पन्च**ले अधिकांश सहकारी संस्थाका उपसमितिहरूबाट हुने गरेका गतिविधिमा कमी आएको औँल्याउनुहुँदै सहकारी सदस्यहरूलाई स्थानीय तहको स्वीकृतिबिना सञ्चालित सहकारी संस्थाहरूमा आबद्ध नहुन सचेत पार्नुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष **चिनियालाल माक**ले संस्थाका गतिविधिबारे प्रष्ट पार्नुहुँदै कोभिड महामारीबीच पनि संस्थाले जनतालाई सचेत पार्न विभिन्न अभियानहरू सञ्चालन गरेको बताउनुभयो ।

संस्थाका संस्थापक अध्यक्ष **नारायणप्रसाद त्वानाबासु** र उपाध्यक्ष **पूर्णगोपाल राजचल**ले पनि बोल्नुभएको उक्त कार्यक्रममा लेखा समितिका संयोजक **लक्ष्मीनारायण त्वानाबासु**ले आ.व. २०७७।७८ को प्रगति विवरण, कोषाध्यक्ष **सरिता त्वानाबासु**ले आ.व. २०७७।७८ को आय व्यय विवरण तथा आ.व. २०७८।७९ को वार्षिक अनुमानित बजेट र सचिव **नारायणकृष्ण माक**ले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

थालोछँ साकोसको साधारणसभा

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपा वडा नं. १० थालाछँस्थित थालाछँ बचत तथा ऋण सहकारी संस्था लि.को १४ औँ वार्षिक साधारणसभाको मङ्सिर ११ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

सभाको उद्घाटन गर्नुहुँदै उहाँले ऐतिहासिक र

सांस्कृतिक नगरी भक्तपुरको मौलिक पहिचान जोगाउन सके हाम्रो पहिचान जोगिने बताउनुभयो । उहाँले नयाँ पुस्ताको लागि यी सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु जरुरी रहेको बताउनुहुँदै भक्तपुर नपाले सम्पदा बस्ती संरक्षण गर्ने उद्देश्यले विभिन्न गतिविधि गर्दै आइरहेको बताउनुभयो ।

शैक्षिक विकासमा स्थानीय तहमा भक्तपुरलाई नमुनाको रूपमा धेरैले लिनथालेको भन्नुहुँदै उहाँले लामो समयदेखि भक्तपुर नगरपालिकाले जनताका छोराछोरीलाई सस्तो र सहज रूपमा गुणस्तरीय नर्सिङ शिक्षा प्रदान गर्दै आएकोमा शिक्षामन्त्रीको त्यसमा पूर्ण विराम लगाउने निर्णय आपत्तिजनक भएको बताउनुभयो ।

नेपाल कृषि प्रधान देश भएर पनि वर्षेनी अर्बौंको कृषिजन्य वस्तु विदेशी मुलुकबाट आयात गरिरहेको बताउनुहुँदै सरकारले रासायनिक मल कारखाना खोल्न प्रयत्न नगर्दा अर्बौंको रसायनिक मल विदेशबाट आयात गर्नुपरेको यथार्थ बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले वडाको विकास निर्माणका गतिविधिबारे जानकारी दिनुहुँदै वडाको आवश्यकताअनुसार विकास निर्माणका गतिविधिहरू अगाडि बढाउँदै आएको बताउनुभयो । भक्तपुर नपाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै आइरहेको चर्चा गर्नुहुँदै उहाँले युवाहरूलाई रोजगारी सिर्जनाको लागि सीपमूलक तालिम, गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि शैक्षिक ऋणको पनि व्यवस्था गर्दै आइरहेको बताउनुभयो ।

संस्थाका अध्यक्ष **रामकृष्ण सांगाछेँ**ले आर्थिक समृद्धिका लागि थालाछेँ सहकारी भन्ने संस्थाको मूल नाराका साथ अगाडि बढिरहेको यस संस्थाले समाजमा एकआपसमा आपसी सहकार्यको भावना जागृत गर्न एवम् आफूमा भएका विभिन्न सीप र ज्ञानलाई एकआपसमा सातासात गर्न प्रेरित गर्नको लागि प्रयत्नरत रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी लि.का कोषाध्यक्ष **कान्छाभक्त कोजु** र सिद्धिगणेश साकोसका कोषाध्यक्ष **इश्वरमान दुमरु**ले संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना मन्तव्य राख्नुभयो ।

सोही क्रममा थालाछेँ साकोसका सचिव **विश्वराम दुमरु**ले आ.व. २०७७।७८ को प्रगति प्रतिवेदन तथा आ.व. २०७८।७९ को भावी योजना तथा कार्यक्रम, कोषाध्यक्ष **कृष्णभक्त गैंडा**ले आर्थिक प्रतिवेदन तथा अनुमानित बजेट, लेखा सुपरीवेक्षण समितिका संयोजक **राधिका जती**ले आ.व. २०७७।७८ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष **वदनकेशरी प्रजापति** र सञ्चालक **जीवन वातांकछी**ले पनि बोल्नुभएको थियो ।

सोही अवसरमा प्रमुख अतिथि तथा अतिथिहरूले ज्येष्ठ नागरिक, एसईई उत्तीर्ण विद्यार्थी, असल बचतकर्ता तथा ऋणीहरूलाई सम्मान गरेका थिए ।

वागीश्वरी मावि/कलेज सञ्चिति कोषको पाँचौ साधारण सभा

वागीश्वरी माध्यमिक विद्यालय/कलेज सञ्चिति कोषको पाँचौं वार्षिक साधारण सभा मङ्सिर ४ गते सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले जीवनभर कमाएको इज्जत मान, प्रतिष्ठा सानो कमजोरीले केही समयमै समाप्त हुनसक्ने कुरामा सचेत पार्नुहुँदै सम्पूर्ण भक्तपुरवासीहरूको संयुक्त प्रयासले नै आज भक्तपुर नपा अरूको निम्ति नमुना हुन सफल भएको प्रस्ट

पार्नुभयो ।

भक्तपुरबाट एसईई परीक्षा उत्तीर्ण विद्यार्थीहरूको सङ्ख्या र कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या तुलना गर्दा भक्तपुरबाट उत्तीर्ण भएका विद्यार्थीहरूले उच्च शिक्षा अध्ययन गर्न भक्तपुरकै शैक्षिक संस्थाहरूलाई चयन गरेको आकलन गर्नुहुँदै भक्तपुरलाई शैक्षिक गन्तव्यको रूपमा स्थापित गर्ने भक्तपुरवासीको इच्छा बिस्तारै पूरा हुँदै गएको उहाँले बताउनुभयो ।

न्यून आय भएका सम्पूर्ण भक्तपुरवासीका छोराछोरीहरूलाई उच्च शिक्षाबाट वञ्चित हुन नदिन भक्तपुर नपालगायत अरू शैक्षिक संस्थाहरूले वार्षिक करोडौँ रुपैयाँ छात्रवृत्ति प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नपा ९ नं. वडाका अध्यक्ष **रबीन्द्र ज्याख्व**ले वागीश्वरीले व्यवस्था गरेको सञ्चिति कोषले वागीश्वरीलाई थप प्रगतिउन्मुख बनाउन उत्प्रेरकको भूमिका निर्वाह गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

वागीश्वरी सामुदायिक संस्था भएकोले समुदायसँगको अन्तरक्रिया अत्यावश्यक भएकोतर्फ इङ्गित गर्नुहुँदै विद्यार्थीहरूलाई स्थानीय संस्कृति, रहनसहनबारे जानकारी दिन शिक्षकहरूले चिन्तन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्यालयका प्रधानाध्यापक **कृष्णप्रसाद धन्छा**ले विद्यार्थीहरूको विकास शैक्षिक गतिविधिहरूबाट मात्र पूर्ण नहुने भएकोले विद्यार्थीहरूको सर्वाङ्गीण विकासको लागि शिक्षकहरूले अतिरिक्त क्रियाकलापलाई पनि ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

वागीश्वरी मावि तथा कलेजका संयोजक **ज्ञानसागर प्रजापति**ले जग नै भवनको प्राण हुने भएकोले विद्यालयको जग प्रावि तहमा विद्यार्थीहरूको सङ्ख्याको साथै गुणस्तर बढाउनतिर ध्यान केन्द्रित हुनुपर्ने बताउनुभयो ।

शिक्षण पेशा पैसाको प्यास मेटाउने पेशा नभइकन सम्मान, गौरवको पेशा भएकोले विद्यार्थी धेरै भएकोमा झर्को नमानी व्यवस्थित सेवा पुऱ्याउनतिर ध्यान जान आवश्यक छ भन्नुभयो ।

कोषका अध्यक्ष एवं वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले प्रस्तुत गर्नुभएको प्रतिवेदन रायसुझावसहित पारित गरिएको उक्त कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापकद्वय **कृष्णप्रसाद कर्माचार्य, उकेश सुवाल** तथा शिक्षिका **कविता प्रजापति, शर्मिला प्रजापति**ले पनि बोल्नुभएको थियो ।

विविध भाषा साहित्य समाजको प्रभातफेरी

विविध भाषा साहित्य समाजको आयोजनामा भएको प्रभातफेरी कार्यक्रमको नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्तिक १९ गते उद्घाटन गर्नुभयो ।

प्रभातफेरी कार्यक्रमपछि सभालाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले विविध भाषाको मञ्च एमसीसीको विरोधमा जनतालाई सचेत पार्ने मञ्च हुनुपर्ने बताउनुभयो ।

जलवायु परिवर्तन सम्बन्धी सम्मेलनबाट फर्केपछि प्रधानमन्त्री शेरबहादुर देउवाले आफू र प्रचण्डले निश्चित समयभित्र पास गर्छौँ भन्ने अभिव्यक्तिले नेका र माओवादी देशघाती भएको पुष्टि गरेको उल्लेख गर्नुभयो ।

उहाँले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले राम्रोसँग काम गर्न नसक्नु देश असफल हुने सङ्केत भएको प्रष्ट पार्नुभयो ।

प्रधानन्यायाधीशको राजिनामाको माग र न्यायालयप्रतिको अविश्वासले सर्वोच्च अदालतले संसद पुनःस्थापना गर्नु, परमादेश जारी गरी अदालतले प्रधानमन्त्री तोक्नु गलत भएको प्रमाणित भएको उहाँले भन्नुभयो ।

भागबन्डामा न्यायाधीश नियुक्ति गर्ने अवस्था रहेसम्म स्वतन्त्र न्यायपालिकाको कल्पना गर्न नसक्ने बताउनुहुँदै उहाँले दलको अनुकुलतामा अध्यादेश जारी गर्ने र संसद नाराबाजी मै अन्त्य गर्नेले शासक दलहरू असफल भएको पुष्टि गर्दछ भन्नुभयो ।

प्रभातफेरी कार्यक्रम नगदेशबाट शुरु भई बाहखा, चपाचो, बालकुमारी हुँदै बोडेमा टुङ्गिएको थियो । विभिन्न सांस्कृतिक टोलीहरू र सङ्घसंस्था तथा स्थानीयवासीहरूले भाग लिएका थिए ।

आयाम बुलेटिन समूहको शुभकामना

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा आयाम बुलेटिन समूहको आयोजनामा शुभ दीपावली, नेपाल संवत् ११४२ एवं छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम कार्तिक १८ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि प्रजापतिले इमानदारीपूर्वक देश र जनताको सेवा गर्नु नै राजनीति हो भन्नुहुँदै आयाम बुलेटिन विचारप्रधान पत्रिकालाई व्यापक जनतामाझ पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले देश परनिर्भरतातर्फ उन्मुख हुँदै गएको उल्लेख गर्नुहुँदै देशमा कृषि, जलस्रोत, पर्यटन, जङ्गलजस्ता प्राकृतिक स्रोत-साधनको सम्भाव्यत रहेको उल्लेख गर्नुभयो ।

प्रमुख अतिथि प्रजापतिले राजनीतिमा दलाल प्रवृत्ति भएका नेताहरू भएको कारण देशलाई उपनिवेश बनाउन लागिरहेको उल्लेख गर्नुहुँदै कार्यपालिका, व्यवस्थापिकाको साथसाथै अहिले न्यायपालिकाको विवाद उत्कर्षमा पुग्नु देश असफलतातर्फ धकेलिनुको सङ्केत हो भन्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइमा गरिरहेको कार्य अन्य स्थानीय तहहरूको लागि उदाहरणीय रहेको उल्लेख गर्नुहुँदै भनपाले उच्च शिक्षाको लागि भनपाले शैक्षिक ऋणको व्यवस्था गरेको र संस्कृति, राजनीतिशास्त्र, भूगोल, इतिहास र नेपालभाषामा उच्च तहसम्म अध्ययन गर्न चाहने नगरवासीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा विशिष्ट अतिथि **हरिशंकर मानन्धर**ले आयाम बुलेटिनको समीक्षात्मक टिप्पणी गर्नुहुँदै बुलेटिनले समेटेका विविध पक्षहरू सान्दर्भिक र समयानुकुल रहेको प्रतिक्रिया दिनुभयो ।

कार्यक्रममा नेमकिपा काभ्रे जिल्ला अध्यक्ष एवं केन्द्रिय वैकल्पिक सदस्य **कृष्णकुमार वैद्य**ले आयाम बुलेटिनको ४ दशक पुरानो इतिहासलाई उजागर गर्नुहुँदै बुलेटिनमा प्रगतिशील लेख रचनाहरू समावेश गराउनुहुने लेखकहरूलाई निरन्तरताको लागि आव्हान गर्नुभयो । उहाँले देशघाती एमसीसीको विरोध गर्नु देशभक्त नागरिक सबैको कर्तव्य हो भन्नुहुँदै अन्यायको विरुद्ध निरन्तर लागिरहनु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य **नारायणबहादुर दुवाल**ले नयाँ वर्षको शुरुवात सँगसँगै नयाँ कुराको जानकारी लिई समाजलाई प्रगतिशीलतातर्फ उत्थान गर्न सबैले प्रयास गर्नुपर्ने उल्लेख गर्नुभयो ।

भवानी जोशीको सभापतित्वमा भएको कार्यक्रममा काभ्रे युवा उद्यमी मञ्चका अध्यक्ष **सरोजकाजी श्रेष्ठ**, लेखक एवं साइकल अभियन्ता **नवराज केसी**, आयाम बुलेटिनका प्रेस संयोजक **राजेश मानन्धर**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा आयाम बुलेटिनमा लेख रचना उपलब्ध गराउने लेखकहरूलाई प्रमुख अतिथि प्रजापतिले मायाको चिनो प्रदान गर्नुभएको थियो भने लेखकहरूले साहित्यिक रचनाहरू वाचन तथा कलाकारहरूले सांस्कृतिक प्रस्तुति पनि देखाएका थिए ।

सी-बाइडेन वार्ता : व्यवहारमा रूपान्तरण हेर्ने प्रतिक्षामा अन्तर्राष्ट्रिय समुदाय

– हम्जा रिफत हुसेन

सी चिनफिङ र जो बाइडेनबीच सन् २०२१ को बहुप्रतिक्षित भर्चुअल वार्ताले धेरै थरी सन्देश प्रवाह गरेको छ । दुई नेताबीचको वार्ता गत मार्च महिनामा अलास्काको अन्कोरागमा

देखिएको रुखो कूटनीतिक व्यवहारभन्दा नितान्त फरक देखियो । शान्तिकामी र सौहार्द सम्बन्धका समर्थकहरूले चीन र संरा अमेरिकाबीचको वार्ताले दुई देशबीच बिनाद्वन्द्व सहकार्य सम्भव भएको देखाएको बताए ।

सौहार्दता र विश्व सुरक्षालाई क्षति पुग्न सक्ने कुनै पनि काम नगर्नु नै अगाडिको बाटो भएको स्पष्ट छ । त्यसो त राष्ट्रपति बाइडेनले 'विवेकमा आधारित मार्गचित्र' शब्दावली प्रयोग गरेर जलवायु परिवर्तन रोकथामजस्ता सहकार्य गर्न मिल्ने क्षेत्रमा आपसमा मिलेर जाने कुरा गरेका छन् । तथापि, दक्षिण चीन सागरमा चीनको कथित 'विस्तारवाद' का साथै ताइवान क्षेत्रमा केन्द्रित टिप्पणी राष्ट्रपति सीसम्म पुऱ्याइयो ।

संरा अमेरिकाको लागि यो समय आर्थिक सहकार्यको लागि असहज नीति समाधानमा ध्यान केन्द्रित गर्ने उपयुक्त समय हो । जस्तै चिनियाँ कम्पनीहरूलाई खराब प्रभाव पारेका समस्या समाधान गर्न जरुरी छ । त्यसो गर्दा रणनीतिक सहकार्यलाई व्यवहारमा रूपान्तरण गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय समुदायको लागि मङ्गलबार (नोवेम्बर) को बैठकले चीन संसारका सबै देशसँग शान्तिपूर्ण, व्यवस्थापन गर्न सकिने र स्वीकार्य सम्बन्ध बनाउन खोजिरहने देखाएको छ । बाइडेन सरकारसँगको निकटमा सीको सोचाइमा यो कुरा अभिव्यक्त भएको छ । सीले दुई देशबीच आपसमा द्वन्द्वभन्दा संवादको आवश्यकता भएकोमा जोड दिनुभयो । त्यसको अर्थ अमेरिकी राष्ट्रिय राजनीतिमा चीनलाई नाजायजरूपमा राक्षसीकरण गर्ने अति राष्ट्रवादी विचारमा फस्न नहुने उहाँको भनाइ हो । आपसमा संवादको कमीले दुवै पक्षको क्षमता र अहिलेसम्म प्राप्त उपलब्धिलाई न्यूनाङ्कन हुने जोखिम बढ्छ । फलतः ग्लास्गोमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त घोषणापत्रबाट लाभ उठाउन दुवै पक्ष चुक्नेछन् । कूटनीतिक संवेदनशीलता अपनाए विश्वव्यापी मुद्दालाई थप शान्तिपूर्ण ढङ्गले समाधान गर्न सकिने कुरा घामजत्तिकै छर्लङ्ग भइसकेको छ ।

भर्चुअल बैठकबाट आएका सकारात्मक सन्देशलाई मूर्त व्यवहारमा उतार्नु र चीनलाई वस्तुनिष्ठ कोणबाट हेर्ने काम अब संरा अमेरिकाको काँधमा आएको छ । पेइचिङप्रति खुलमखुला गलत व्यवहारको पहिलाको अमेरिकी नीतिले कसरी काम गरेन भन्ने कुरा मङ्गलबारको बैठकबाट पनि पुष्टि भएको छ । युद्धको दुन्दुभीबाट पर रहनुले नै भविष्यमा संवादलाई प्रवर्द्धन गर्नसक्छ ।

चीन-संरा अमेरिका सम्बन्धलाई फरक कोणबाट हेर्ने इमानदार प्रयासले चीनप्रति बाइडेनको मेलमिलापको अवधारणा असफल बनाउने धोखेबाजहरूलाई अझ उत्साहित गर्नसक्छ । त्यसको उल्टो राष्ट्रपति सीको भनाइमा बाइडेन सरकारसँगको सम्बन्धलाई परिभाषित गर्ने सन्दर्भमा चीनमा कति पनि अलमल नभएको देखियो । समस्याहरू समाधानको निम्ति विभिन्न क्षेत्रमा सहकार्य गर्दै गर्दा राज्यको सार्वभौमिकताको सम्मान गर्ने सिद्धान्त नै अघि बढ्ने मूल बाटो हुनुपर्छ ।

यो बैठक हुनु प्रशंसनीय कुरा हो । तर, लगातार चर्चाको विषय भएर पनि अनुपयुक्त देखिएको कुनै विषय थियो भने त्यो ताइवानको विषय थियो । दशकौँदेखि चीन-संरा अमेरिका सम्बन्धको मूल आधार बनेको एक चीन नीति वाशिङ्टन डीसीले बोली र व्यवहार दुवैमा अङ्गीकार गर्न राष्ट्रपति बाइडेन तयार भए । अर्कोतिर बाइडेन सरकारप्रति रिपलिकनहरूको दबाब स्वरूप जनसमर्थन ओरालो लागेको संरा अमेरिका अनेकन आन्तरिक विषयमा भने सी चिनफिङले आफ्नो भाषणमा एक शब्द पनि उल्लेख गरेनन् । त्यस्ता विषयलाई संरा अमेरिकाका आन्तरिक विषय मानियो । दुई नेताबीचको यो बैठकको मूल लक्ष्य भएका समस्याको समाधान गर्नु हो । आ-आफ्नो देशका आन्तरिक मामिलामाथि बहस गर्नुभन्दा तिनको सम्मान गर्नु हो । ताइवानको चीनमा पुनःएकीकरणको कुरा अपरिहार्य भएको निर्विवाद सत्य हो ।

यद्यपि, यस्ता संवादलाई गतिरोध तोड्ने घटना मान्न सकिन्छ । यदि परिपक्व कूटनीतिले काम गर्ने हो भने निर्मम व्यवहारकोठाउँ रणनीतिक सहकार्यले लिनेछ । यद्यपि, अहिले सबैको आँखा दुवै देशबाट संवादपछि मूर्त व्यवहारमा रूपान्तरण हुने-नहुनेमा केन्द्रित छ ।

(लेखक इस्लामाबाद नीति अध्ययन प्रतिष्ठानसम्बद्ध अनुसन्धानकर्ता हुनुहुन्छ ।)

स्रोत : सीजीटीएन/मजदुर

नेपाली अनुवाद : सुमन

भारतमा विवादित कृषि कानुन फिर्ता, किसानहरूको ठूलो जित

नयाँ दिल्ली, १९ नोभेम्बर (एएनआई) । भारतमा अति विवादमा परेका तीन कानुन सरकारले नोभेम्बर १९ मा फिर्ता लिएको छ ।

झन्डै एक वर्षअगाडि संसद्बाट पारित भएका तीन कानुनका विरूद्धमा वर्षभरि किसानहरूले आन्दोलन गरिरहेका थिए ।

आन्दोलनको क्रममा सयौँको मृत्यु भयो भने हजारौँ घाइते भए । तर पनि किसानहरूले आन्दोलन जारी राखेपछि प्रधानमन्त्री नरेन्द्र मोदीले तीनओटै कानुन फिर्ता लिइएको घोषणा गरेका छन् ।

राष्ट्रको नाममा सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भने, 'सबै जनालाई आज म यो अनुरोध गर्न चाहन्छु कि हामीले विवादमा परेका र विरोध भइरहेका कृषिसम्बन्धी तीनओटै कानुन फिर्ता लिने निर्णय गरेका छौँ ।'

उनको घोषणापछि कृषकहरूले खुसीयाली मनाएका छन् । उनीहरूको आन्दोलन गरेको सङ्गठनले यो घोषणालाई आफ्नो ठूलो जितको रूपमा लिइएको जनाएको छ । अरूले पनि विवादास्पद र विरोध भइरहेको कानुन फिर्ता लिने सरकारको निर्णयको स्वागत गरेका छन् ।

कृषकहरूको बसोबास धेरै रहेको पन्जाब र उत्तर प्रदेश राज्यमा हुन लागेको निर्वाचनलाई लक्षित गरेर प्रधानमन्त्री मोदीले किसानहरूलाई खुसी बनाउने गरी विवादास्पद कानुन फिर्ता लिएको घोषणा गरेको हो ।

हजारौँ किसानहरूले अघिल्लो वर्षको नोभेम्बरदेखि ती कानुनको विरोधमा राजधानी दिल्लीको सीमा क्षेत्रमा धर्ना दिइरहेका थिए । बेलाबेलामा उनीहरूले देशव्यापी कठोर आन्दोलनहरू पनि गरेका थिए ।

आन्दोलन चर्किँदै गएपछि आन्दोलनकारी र सरकारी पक्षका बीचमा पटकपटक वार्ता भए । तर ती सबै वार्ता विफल भएका थिए ।

वार्ताका क्रममा कृषकहरूले ती कानुनले कृषिमा निजी क्षेत्रको आगमन सहज बनाउने र त्यसले आफ्नो आयमा असर गर्ने बताउँदै आएका थिए भने सरकारको पक्षबाट वार्तामा बसेका मन्त्रीहरूले ती कानुन कृषकका लागि लाभदायक भएको दाबी गरेका थिए ।

कृषकहरूलाई यसको फाइदाबारे बुझाउने थुप्रै प्रयास गरिए पनि आफूहरू असफल भएकाले फिर्ता लिनु परेको सरकारी पक्षको भनाइ छ ।

सरकारी पक्षले कानुन फिर्ता लिए पनि कानुन ठीक नै रहेको दाबी गरिरहेकोले अहिले नै पूरै आन्दोलन फिर्ता लिन भने नसकिने कृषक नेता राकेश टिकैतले बताएका छन् ।

सरकारले फिर्ता लिने निर्णय गरे पनि संसद्बाट कानुन खारेज गरेपछि मात्रै आफ्ना आन्दोलनका कार्यक्रमहरू अन्त्य गर्ने उनले स्पष्ट पारे ।

झन्डै ४० कृषक सङ्गठनको छाता संस्था संयुक्त किसान मोर्चाले सरकारले अनुरोध गरे पनि विरोधबाट पछि हट्न अस्वीकार गरेको थियो । जाडोमा पानीको फोहरा र अश्रुग्यास सहँदै भारतीय किसानहरूले आन्दोलन गरिरहेका थिए ।

कृषकहरूले अत्यन्त जाडो र अत्यन्त गर्मीको बेलामा पनि कोरोना भाइरसको जोखिम मोल्दै निरन्तर आन्दोलन गरेका थिए । आन्दोलनको क्रममा ठन्डी, गर्मी र कोरोनाका कारण केही किसानहरूको मृत्यु भएको छ ।

विश्वमा कोभिड-१९ को स्थिति (मङ्सिर १५ गते)

क्र. सं.	देश, क्षेत्र र अन्य	सङ्क्रमित	निको भएका	मृत्यु	कार्तिक १५ मा
	विश्व	२६३,०५७,४७०	२३७,५८४,७४३	५,२३३,३४८	
१	संरा अमेरिका	४९,४२८,९१३	३९,२०५,९०२	८०३,०४५	१
२	भारत	३४,५९६,७७६	३४,०२८,५०६	४६९,२४७	२
३	ब्राजील	२२,०९४,४५९	२१,३२१,६३१	६१४,७५४	३
४	संयुक्त अधिराज्य	१०,२२८,७७२	९,०६२,५६१	१४४,९६९	४
५	रूस	९,६३६,८८१	८,३२९,२५३	२७५,१९३	५
६	टर्की	८,७९५,५८८	८,३२६,३८१	७६,८४२	६
७	फ्रान्स	७,६७५,५०४	७,१२४,९०१	११९,१३१	७
८	इरान	६,११७,४४५	५,८८३,४७०	१२९,८३०	८
९	जर्मनी	५,८८१,४२३	४,९३७,६००	१०२,१३७	१३
१०	अर्जेन्टिना	५,३३०,७४८	५,१९३,६९१	११६,५८९	९
११	स्पेन	५,१६४,१८४	४,९२३,१४०	८८,०५२	१०
१२	कोलम्बिया	५,०६९,६४४	४,९०९,५७२	१२८,५२८	११
१३	इटाली	५,०२८,५४७	४,७००,४४९	१३३,८२८	१२
१४	इन्डोनेसिया	४,२५६,४०९	४,१०४,६५७	१४३,८३०	१४
१५	मेक्सिको	३,८८७,८७३	३,२४५,२१९	२९४,२४६	१५
१६	पोलान्ड	३,५४०,०६१	३,०३८,४५१	८३,५८३	१६
१७	युक्रेन	३,४३८,३८१	२,९४६,०३२	८५,९७५	१७
१८	दक्षिण अफ्रिका	२,९६८,०५२	२,८४९,५५८	८९,८४३	१८
१९	फिलिपिन्स	२,८३२,७३४	२,७६८,३८९	४८,५४५	१९
२०	नेदरलान्ड	२,६४३,१७६	२,११२,६३८	१९,४१४	२२
२१	मलेसिया	२,६३२,७८२	२,५३७,२०४	३०,४२५	२०
२२	पेरू	२,२३६,३५१	अप्राप्त	२०१,१७६	२१
२३	चेक गणतन्त्र	२,१५०,०४२	१,८४७,६९६	३३,०६९	२५
२४	घाइलान्ड	२,१२०,७५८	२,०२५,७५४	२०,८२२	२४
२५	इराक	२,०८१,१७२	२,०४५,०२१	२३,८२०	२३
२६	क्यानाडा	१,७९२,५००	१,७३७,२४६	२९,६८७	२७
२७	रोमानिया	१,७७९,६६७	१,६८६,७५२	५६,५२९	२९
२८	बेल्जियम	१,७६६,०३५	१,३४०,९१६	२७,०१५	३१
२९	चिली	१,७६२,७५१	१,६४६,७०२	३८,३४६	२८
३०	जापान	१,७२७,३०४	१,७०८,०७९	१८,३६०	२६
३१	बंगलादेश	१,५७६,२८४	१,५४०,९६५	२७,९८१	३०
३२	इजरायल	१,३४३,६६०	१,३२९,८००	८,१९६	३२
३३	पाकिस्तान	१,२८५,२५४	१,२४२,३५४	२८,७३७	३३
३४	सर्बिया	१,२५४,८४५	१,१९३,२६५	११,६९१	३५
३५	भियतनाम	१,२३८,०८२	९८९,३४८	२५,२५२	४०
३६	स्वीडेन	१,२०४,८५९	१,१५८,४१३	१५,११९	३४
३७	अस्ट्रिया	१,१५९,९९५	१,००७,९०९	१२,४९२	४४
३८	पोर्तुगल	१,१४७,२४९	१,०७५,२३७	१८,४४१	३६
३९	हङ्ग गेरी	१,१०३,१०८	८८२,६५९	३४,५२१	४२
४०	स्विटजरलान्ड	१,००९,९००	८६१,५००	११,५४१	४१
४१	कजाख्स्तान	९७२,२९२	९३७,३८३	१२,७०३	३९
४२	स्युबा	९६२,४८६	९५३,३३७	८,३०४	३७
४३	जोर्डान	९५३,९४३	८८७,०७४	११,६०८	४३
४४	मोरोक्को	९४९,९१७	९३२,२९१	१४,७७९	३८
४५	ग्रीस	९३८,९०३	८४३,०५०	१८,१५७	४६
४६	जर्जीया	८४५,६४३	७८८,२०१	१२,०५४	४८
४७	नेपाल	८२१,३६६	८०२,९०९	११,५२६	४५
४८	संयुक्त अरब इमिरेटस	७४२,०४१	७३६,९३९	२,१४७	४७
४९	ट्युनिसिया	७१७,५७२	६९१,०३१	२५,३७३	४९
५०	बुल्गेरिया	६९५,०४७	५६१,४८५	२८,४५३	५१
५१	स्लोभाकिया	६८०,०८४	५५५,४४८	१४,४१८	६१
५२	लेबनान	६७०,६४६	६३३,२९९	८,७२५	५०
५३	बेलारूस	६५४,७१८	६४१,५७०	५,०८१	५३
५४	ग्वाटेमाला	६१७,९८४	६००,६२१	१५,९४३	५२
५५	क्रोएसिया	६०८,२०५	५६७,८६९	१०,८९९	६३
५६	अजरबैजान	५८८,२१८	५५४,७४९	७,८५६	५७
५७	आयरलान्ड	५७०,११५	४४१,४९३	५,६५२	६५
५८	कोस्टा रिका	५६६,८३९	५४८,०२०	७,२९९	५४
५९	श्री लंका	५६३,९८९	५२९,६६२	१४,३४६	५६
६०	साउदी अरेबिया	५४९,७५२	५३८,९१३	८,८३६	५५
६१	बोलिभिया	५३७,५५९	४९२,९२१	१९,१७१	५९
६२	इक्वेडर	५२६,८७०	४४३,८८०	३३,२५०	५८
६३	म्यानमार	५२२,४०२	४९७,२४९	१९,१०४	६०
६४	डेनमार्क	४८७,४०१	४०३,११८	२,८९५	७१
६५	पनामा	४७७,७४२	४६७,८२६	७,३६५	६२
६६	लिथुआनिया	४७०,२९८	४३५,७६८	६,७३७	६८
६७	पारागुए	४६३,०५८	४४५,७९३	१६,४७२	६४
६८	दक्षिण कोरिया	४५२,३५०	३९८,३२३	३,६५८	७४
६९	भेनेजुयला	४३१,२९६	४१८,४७२	५,१४४	६९
७०	प्यालेस्टिन	४३०,४४३	४२२,७८१	४,५३५	६६
७१	स्लोभेनिया	४२०,८९८	३७८,५३६	५,२२४	७९
७२	कुवेत	४१३,३६२	४१०,६२७	२,४६५	६७
७३	डोमिनिकन गणतन्त्र	४०७,२५१	३९९,८९६	४,२०४	७२
७४	उरूग्वे	३९९,६९५	३९१,४८९	६,१३१	७०
७५	मंगोलिया	३८२,०८२	३१३,२५६	२,००५	७६
७६	होन्डुरस	३७७,८८८	१२०,३०८	१०,४०३	७३
७७	लिबिया	३७२,६३६	३४५,९८६	५,४५६	७७
७८	इथियोपिया	३७१,५३६	३४९,०३७	६,७५५	७५
७९	मोल्डोभा	३६३,७७४	३६३,७७४	९,११९	७८
८०	मीश्र	३५८,५७८	२९७,५३६	२०,४७४	८०
८१	आर्मेनिया	३३८,५१८	३१७,१७५	७,५६७	८१
८२	ओमान	३०४,५५४	३००,००५	४,११३	८२
८३	बहराइन	२७७,६९०	२७५,९५३	१,३९४	८३
८४	बोलिया र हर्जगोभिना	२७५,०६५	१९२,२१८	१२,५८६	८५
८५	नर्वे	२६७,८४३	८८,९५२	१,०५४	९०
८६	सिंगापुर	२६४,७२५	२५१,५३३	७१८	९३
८७	केन्या	२५५,०८८	२४८,२१८	५,३३५	८४
८८	लात्भिया	२५३,६५९	२३६,९९७	४,१७९	८७
८९	कतार	२४३,४४७	२४०,७९१	६११	८६
९०	इस्टोनिया	२२२,५८४	२०२,१७४	१,७९८	९४
९१	उत्तर मेसेडोनिया	२१५,५८५	२००,००३	७,५८१	९२
९२	नाइजेरिया	२१४,२१८	२०७,३०४	२,९७७	८८
९३	अस्ट्रेलिया	२११,६५४	१९२,७४६	२,०११	९९
९४	अल्जेरिया	२१०,५३१	१४४,४५०	६,०७१	९१
९५	जाम्बिया	२१०,१६९	२०६,४०६	३,६६७	८९
९६	अल्बानिया	१९९,९४५	१८९,७८४	३,०९६	९७
९७	बोत्स्वाना	१९५,०६८	१९२,०४८	२,४१८	९५
९८	उज्बेकिस्तान	१९३,४२४	१९०,०२८	१,४०६	९६
९९	फिन्लान्ड	१८६,५३८	४९,०००	१,३३५	१००
१००	कीर्गीज्स्तान	१८३,४०४	१७८,३३२	२,७४९	९८
१०१	मोन्टेनेग्रो	१५७,३७६	१५२,४९५	२,३०७	१०३
१०२	अफगानिस्तान	१५७,२८९	१४०,५४९	७,३०८	१०१
१०३	मोजाम्बिक	१५१,५४८	१४९,५१४	१,९४१	१०२
१०४	जिम्बाबे	१३४,६२५	१२८,७४७	४,७०७	१०४
१०५	साइप्रस	१३४,४७३	१२४,३७०	५९७	१०८
१०६	घाना	१३०,९२०	१२९,०४२	१,२०९	१०५
१०७	नामिबिया	१२९,१८७	१२५,४८७	३,५७३	१०६
१०८	उगान्डा	१२७,५१२	९७,५३७	३,२४२	१०७

१०९	कम्बोडिया	१२०,१६०	११६,५२९	२,९४४	१०९
११०	एल साल्भाडोर	११९,८०३	१०२,९८२	३,७७६	११०
१११	क्यामरून	१०६,७९४	१०२,७१६	१,७९१	१११
११२	न्वान्डा	१००,३४९	४५,५२२	१,३४२	११२
११३	चीन	९८,८२४	९३,३२०	४,६३६	११३
११४	माल्दिभ्स	९१,६५०	८९,७७४	२५०	११५
११५	जमैका	९१,२४९	६२,६४२	२,३९२	११४
११६	लक्जम्बर्ग	८९,१८१	८३,९१९	८७५	११६
११७	सेनेगल	७३,९८७	७२,०९१	१,८८५	११७
११८	लावस	७३,७३८	७,३३९	१७०	१३२
११९	ट्रिनिडाड एन्ड टोबागो	७१,३६१	५८,३६३	२,१५८	१२२
१२०	अंगोला	६५,१६८	६३,२१४	१,७३३	११८
१२१	मलावी	६१,९१६	५८,८०७	२,३०६	११९
१२२	आइभोरि कोस्ट	६१,७२४	६०,७३९	७०४	१२०
१२३	रियुनियन	६१,१८८	५७,७८१	३८४	१२३
१२४	प्रजातान्त्रिक गणतन्त्र कंगो	५८,२३४	५०,९३०	१,१०७	१२१
१२५	ग्वाडेलौप	५५,१४७	२,२५०	७४६	१२४
१२६	फिजी	५२,५०६	५१,०३७	६९६	१२५
१२७	सुरिनाम	५०,८४८	२९,५७४	१,१६७	१२६
१२८	सिरिया	४८,१७०	२९,१७२	२,७४९	१२९
१२९	इस्वाटिनी	४६,६५६	४५,२४२	१,२४८	१२७
१३०	फ्रेन्च गीयाना	४६,०१४	११,२५४	३२७	१२८
१३१	फ्रेन्च पोलीनेसिया	४५,६०९	अप्राप्त	६३६	१३४
१३२	मार्टिनक्यू	४५,५०१	१०४	७१८	१३१
१३३	मडागास्कर	४४,३३०	४२,९१५	९६७	१३०
१३४	सुडान	४३,०८४	३२,९०५	३,१५९	१३३
१३५	माल्टा	३९,४३५	३७,३८६	४६८	१३६
१३६	मौरितानिया	३९,२६६	३७,५४६	८३२	१३७
१३७	क्याबो भर्ड	३८,३७०	३७,९५३	३४९	१३५
१३८	गुयाना	३७,८७४	३५,६५१	९९४	१३८
१३९	ग्याबोन	३७,३४२	३२,२९६	२७९	१३९
१४०	पपुआ न्यू गिनी	३५,१७९	३३,९८९	५४६	१४१
१४१	गिनी	३०,७७०	२९,७२५	३८७	१४०
१४२	बेलिज	३०,४३१	२८,७६८	५७८	१४२
१४३	तान्जानिया	२६,२७०	अप्राप्त	७३०	१४३
१४४	टोगो	२६,२६५	२५,९१५	२४३	१४४
१४५	बार्बाडोस	२५,३१६	२२,०२९	२२९	१५४
१४६	हैटी	२५,१७५	२१,२६२	७३८	१४६
१४७	बेनिन	२४,८५०	२४,५४६	१६१	१४५
१४८	सेशेल्स	२३,१९७	२२,५९०	१२५	१४८
१४९	सोमालिया	२३,०१६	१२,०४६	१,३२७	१५०
१५०	बहामाज	२२,७९१	२१,६०९	६७१	१४७
१५१	लेसोथो	२१,७७९	१३,६८९	६६२	१४९
१५२	मौरिसियस	२१,५४३	१९,७१६	४५५	१५५
१५३	माथोते	२०,९७३	२,९६४	१८५	१५१
१५४	बुरुन्डि	२०,४१५	७७३	३८	१५२
१५५	टिमोर लेस्टे	१९,८२२	१९,६९७	१२२	१५३
१५६	कंगो	१८,९७०	१२,४२१	३५४	१५६
१५७	च्यानल टापू	१८,१८२	१५,९०७	१०३	१६९
१५८	आइसलान्ड	१७,८९४	१६,३१८	३५	१६५
१५९	माली	१७,४३४	१५,१६१	६०६	१६१
१६०	कुरासाओ	१७,४०१	१७,११९	१७८	१५८
१६१	निकारागुआ	१७,२५४	४,२२५	२१०	१५९
१६२	अन्डोरा	१७,१८५	१५,९५५	१३१	१६३
१६३	ताजिकिस्तान	१७,०९५	१६,९६६	१२४	१५७
१६४	ताइवान	१६,६०१	१५,६०८	८४८	१६०
१६५	अरूबा	१६,३५४	१५,९९४	१७४	१६२
१६६	बुर्किना फासो	१६,०००	१५,३४५	२८६	१६४
१६७	बुनइ	१५,०५८	१४,४५१	९७	१६८
१६८	इक्वेटोरियल गिनी	१३,५९२	१३,३४३	१७५	१६७
१६९	जिबौटी	१३,५०४	१३,२९३	१८६	१६६
१७०	सेन्ट लुसिया	१३,०००	१२,६०७	२८०	१७०
१७१	दक्षिण सुडान	१२,७५८	१२,४६३	१३३	१७१
१७२	हङ कङ	१२,४३७	१२,१३३	२१३	१७२
१७३	न्यू क्यालेडोनिया	१२,१२९	११,५९१	२७६	१७४
१७४	न्यु जीलान्ड	११,७२३	५,६७१	४४	१७९
१७५	केन्द्रीय अफ्रिकी गणतन्त्र	११,७०८	६,८५९	१०१	१७३
१७६	आइल अफ मान	११,३३९	१०,५२२	६६	१७७
१७७	यमन	१०,००४	६,८८७	१,९५०	१७६
१७८	गाम्बिया	९,९८९	९,६३८	३४२	१७५
१७९	इरिट्रिया	७,३५८	७,०९६	६०	१७८
१८०	जिब्राल्टर	७,२४८	६,६९८	९८	१८३
१८१	केमान आइलान्ड	७,०७४	२,९९०	५	२०४
१८२	नाइजर	७,००७	६,६१३	२५९	१८१
१८३	गिनी बिसाउ	६,४४०	६,२७१	१४८	१८२
१८४	सिएरा लियोन	६,४०२	अप्राप्त	१२१	१८०
१८५	डोमिनिका	६,०२८	५,६१५	३८	१९०
१८६	सान मारिनो	५,९७९	५,६१०	९३	१८७
१८७	ग्रेनाडा	५,८९७	५,६२४	२००	१८४
१८८	लाइबेरिया	५,८२४	५,५२३	२८७	१८५
१८९	बर्मुडा	५,७४८	५,६०९	१०६	१८६
१९०	सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स	५,५२५	४,९९१	७४	१८९
१९१	चाड	५,१०५	४,८७४	१७५	१८८
१९२	लिक्टेन्स्टाइन	४,६३३	४,२०६	६१	१९६
१९३	सिन्ट मार्टन	४,५८८	४,४८८	७५	१९१
१९४	कोमोरोस	४,५०८	४,२९८	१५०	१९२
१९५	एन्टिगुआ एन्ड बर्बुडा	४,१४१	४,०१८	११७	१९३
१९६	सेन्ट मार्टिन	३,९४९	१,३९९	५६	१९४
१९७	मोनाको	३,७६७	३,५८५	३६	१९७
१९८	साओ टोम एन्ड प्रिन्सिप	३,७३१	३,६७५	५६	१९५
१९९	फैरोए टापू	३,६२६	३,१५३	१३	२०३
२००	टर्क्स एन्ड कैकोस	३,०९६	३,०२१	२४	१९८
२०१	क्यारिबियन नेदरलान्ड	२,९३८	२,६६०	२२	२०२
२०२	सेन्ट किट्स एन्ड नेभिस	२,७८६	२,७३८	२८	२००
२०३	ब्रिटिस भर्जिन टापू	२,७६५	अप्राप्त	३८	१९९
२०४	भुटान	२,६४०	२,६२३	३	२०१
२०५	सेन्ट बार्थ	१,६०१	अप्राप्त	६	२०५
२०६	ग्रीनलान्ड	१,४५६	१,१५६		२०७
२०७	अन्गिला	१,३८६	१,२७३	३	२०६
२०८	क्वाइमन्ड प्रिन्सेस	७१२	६९९	१३	२०८
२०९	वालिस एन्ड फुटुना	४४५	४३८	७	२०९
२१०	फकलान्ड टापू	७९	अप्राप्त		२११
२११	मकाओ	७७	७७		२१०
२१२	सेन्ट पीरे मिक्वेलोन	५९	३२		२१३
२१३	मोन्टसेराट	४४	४१	१	२१२
२१४	भेटिकन सिटी	२७	२७		२१४
२१५	सोलोमन टापू	२०	२०		२१५
२१६	पश्चिमी सहारा	१०	८	१	२१६
२१७	एमएस जान्डाम	९	७	२	२१७
२१८	पलाउ	८	८		२१८
२१९	भनौतु	६	३	१	२१९
२२०	मार्शल टापू	४	४		२२०
२२१	समोआ	३	३		२२१
२२२	सेन्ट हेलेना	२	२		२२२
२२३	माइक्रोनेसिया	१	१		२२३
२२४	टोंगा	१		१	
	जम्मा	२६३,०५७,४७०	२३७,५८४,७४३	५,२३३,३४८	
	कार्तिक १५ सम्म जम्मा	२४७,४६४,०४२	२२४,१४७,४०५	५,०१४,९८५	
स्रोत	WORLDOMETERE	मिति : २०७८।०८।१५, समय : ११:४५ (GMT 06:00)			

Khwopa Hospital

An Undertaking Of Bhaktapur Municipality

2078 Kartik Report

Age Group	Number	In Percentage
0-9	929	7.09
10-19.	882	6.73
20-59	8637	65.89
≥60	2660	20.29
Total	**13108**	**100.00**

Services	Number	In Percentage
Emergency	503	3.84
General	2743	20.93
Insurance	9862	75.24
Total	**13108**	**100**

District	Number	In Percentage
Khotang	1	0.01
Bhojpur	1	0.01
Bharatpur	1	0.01
Sindhuli	1	0.01
Dhading	1	0.01
Banke	1	0.01
Rukum	1	0.01
Baitadi	1	0.01
Dailekh	1	0.01
Ramechhap	2	0.02
Jumla	2	0.02
Lalitpur	2	0.02
Ramechap	2	0.02
Rukum	2	0.02
Surkhet	2	0.02
Salyan	2	0.02
Nuwakot	3	0.02
Dolkha	3	0.02
Sindhupalchowk	6	0.05
Kathmandu	13	0.10
Madhyapur Thimi	30	0.23
Kavrepalanchok	40	0.31
Achham	66	0.50
Suryabinayak	532	4.06
Changu	1721	13.13
Bhaktapur	10671	81.41
Total	13108	100.00

Department	Number	In Percentage
CHRP- Respiratory Medicine	4	0.03
N/a	11	0.08
Psychiatric	32	0.24
Physiotherapy	116	0.88
General Surgery OPD	177	1.35
Paediatric	187	1.43
Laboratory	350	2.67
Dermatology	363	2.77
ENT	367	2.80
Internal Medicine	458	3.49
Obs. & Gynaecology	516	3.94
Emergency Ward	1096	8.36
Dental	1104	8.42
Orthopedic	1915	14.61
General OPD	6412	48.92
Total	**13108**	**100.00**

Followup	Number	In Percentage
No	11646	88.85
Yes	1462	11.15
Total	**13108**	**100.00**

घरदैलो नर्सिङ सेवा सुरु

भक्तपुर नपाले सञ्चालन गरेको घरदैलो नर्सिङ सेवा मङ्सिर १६ गतेदेखि पुनः सुरु भएको ख्वप अस्पतालले जनाएको छ ।

कोभिड-१९ को महामारीको कारण उक्त सेवा स्थगित भएको थियो ।

९ वर्ष काम लाग्ने क्यालेन्डर

यहाँ इश्वी संवत्को एउटा क्यालेन्डर दिइएको छ जुन विभिन्न ९ वर्षको (शुरु सन् १८०४ र अन्तिम २०४०) तारिख हेर्न सकिन्छ । यस पात्रोले निम्न सन्को लागि काम दिन्छ –

१८०४, १८३२, १८६०, १८८८, १९२८, १९५६, १९८४, २०१२, **२०४०**

January							February							March							April						
S	M	T	W	T	F	S	S	M	T	W	T	F	S	S	M	T	W	T	F	S	S	M	T	W	T	F	S
1	2	3	4	5	6	7				1	2	3	4					1	2	3	1	2	3	4	5	6	7
8	9	10	11	12	13	14	5	6	7	8	9	10	11	4	5	6	7	8	9	10	8	9	10	11	12	13	14
15	16	17	18	19	20	21	12	13	14	15	16	17	18	11	12	13	14	15	16	17	15	16	17	18	19	20	21
22	23	24	25	26	27	28	19	20	21	22	23	24	25	18	19	20	21	22	23	24	22	23	24	25	26	27	28
29	30	31					26	27	28	29				25	26	27	28	29	30	31	29	30					

May							June							July							August						
S	M	T	W	T	F	S	S	M	T	W	T	F	S	S	M	T	W	T	F	S	S	M	T	W	T	F	S
		1	2	3	4	5						1	2	1	2	3	4	5	6	7				1	2	3	4
6	7	8	9	10	11	12	3	4	5	6	7	8	9	8	9	10	11	12	13	14	5	6	7	8	9	10	11
13	14	15	16	17	18	19	10	11	12	13	14	15	16	15	16	17	18	19	20	21	12	13	14	15	16	17	18
20	21	22	23	24	25	26	17	18	19	20	21	22	23	22	23	24	25	26	27	28	19	20	21	22	23	24	25
27	28	29	30	31			24	25	26	27	28	29	30	29	30	31					26	27	28	29	30	31	

September							October							November							December						
S	M	T	W	T	F	S	S	M	T	W	T	F	S	S	M	T	W	T	F	S	S	M	T	W	T	F	S
						1		1	2	3	4	5	6					1	2	3							1
2	3	4	5	6	7	8	7	8	9	10	11	12	13	4	5	6	7	8	9	10	2	3	4	5	6	7	8
9	10	11	12	13	14	15	14	15	16	17	18	19	20	11	12	13	14	15	16	17	9	10	11	12	13	14	15
16	17	18	19	20	21	22	21	22	23	24	25	26	27	18	19	20	21	22	23	24	16	17	18	19	20	21	22
23	24	25	26	27	28	29	28	29	30	31				25	26	27	28	29	30		23	24	25	26	27	28	29
30																					30	31					

स्रोत : Mirror, April, 1984

नगरपालिका नगरवासीको आफ्नो संस्था हो ।

नगरको विकासमा सबैले सघाऔं ।

हाम्रो स्वास्थ्य

औषधि किन्दा ध्यान दिनुपर्ने कुराहरू

– निश्छल जोशी

हामी सबैले नियमित रूपमा फार्मेसीबाट औषधि किनिरहेकै हुन्छौँ । सामान्य अरू उपभोग्य सामानहरू खरिद गर्दा हामीले धेरै कुराको ज्ञान लिने गरेको भए पनि औषधिजस्तो संवेदनशील कुरा किन्दा हामीले केही पनि ध्यान नदिएको पाइन्छ । औषधि किन्दा धेरै कुरामा ख्याल गर्न आवश्यक छ । विशेषगरी औषधि किन्दा निम्न ६ ओटा विषयमा ध्यान दिनुपर्ने हुन्छ ।

१. फार्मेसीको लाइसेन्स हेर्नुहोस्

यो सबैभन्दा महत्त्वपूर्ण पाटो हो । अहिले पनि नेपाली बजारमा धेरै फार्मेसीहरू लाइसेन्सबिना गैर कानुनी रूपमा सञ्चालित पाइएको छ । त्यस्ता फार्मेसीबाट औषधि खरिद गर्दा न्यून गुणस्तरको तथा नेपालमा दर्ता नै नभएका औषधि बेच्ने सम्भावना हुन्छ । गैरकानुनी रूपमा नेपाल भित्रिएका गुणस्तर नभएका औषधि ती फार्मेसीले बेच्ने खतरा रहन्छ ।

२. धेरै डिस्काउन्ट पाइने र ज्यादै सस्तो औषधिको प्रलोभनमा नपर्नुहोस्

तपाईँलाई कुनै पनि फार्मेसीले अत्यन्तै भारी डिस्काउन्टमा औषधि बिक्री गरिरहेको छ भने त्यसको गुणस्तर न्यून हुनसक्छ । औषधि सुलभ दरमा बिक्री गर्ने फार्मेसीबाट खरिद गर्दा सबैभन्दा उपयुक्त हुन्छ ।

३. फार्मासिस्टको उपलब्धता

योग्य र रजिस्टर्ड फर्मासिस्ट उपलब्ध फार्मेसीबाट औषधि खरिद गर्नुपर्दछ । यसरी एउटा औषधि विज्ञ भएको फार्मेसीमा तपाईँको औषधि अथवा रोगसम्बन्धी प्रश्न गर्न तथा उचित औषधिको बारेमा काउन्सेलिङ लिन सकिन्छ । जसले गर्दा तपाईँलाई औषधि सेवन र रोग व्यवस्थापनको विषयमा आत्मविश्वास पनि बढ्छ ।

४. प्रेस्किप्सन माग्ने फार्मेसीबाट औषधि किन्नुहोस्

बिनाप्रेस्किप्सन आफूखुसी औषधि प्रयोग गर्दा शरीरमा हानि हुनसक्दछ । जुन फार्मेसीले तपाईँसँग प्रेस्किप्सन माग्दछ, उक्त फार्मेसीले त्यस्ता कुरालाई मध्येनजर गरेको हुन्छ । त्यस्ता फार्मेसीबाट सधैँ औषधि खरिद गर्दा तपाईँले उच्च गुणस्तरको साथै उपयुक्त औषधि प्राप्त गर्नु हुनेछ ।

५. बिल माग्नुहोस्

तपाईँले कुन औषधि कहिले र कहाँबाट खरिद गर्नु भएको भन्ने कुराको प्रमाण भनेकै बिल हो । त्यसैले औषधि किन्दा एउटा उपभोक्ता भएको हकले बिल सधैँ माग्ने गर्नुहोस् ।

६. औषधि लिनुअघि निम्न कुराहरूमा दोहोरो जाच गर्नुहोस्

- औषधिको जेनेरिक नाम
- औषधिको डोज
- एक्स्पाइरी मिती – प्रयोग गर्ने विधि
- उत्पादकको नाम र ठेगाना

(फर्मासिस्ट जोशी म्याग्नस फर्मा प्रा.लि.को प्रोडक्ट म्यानेजमेन्ट डिपार्टमेन्टमा कार्यरत छन् ।)

–स्वास्थ्यखबर

हार्दिक समवेदना

जन्म : विसं १९९६ कार्तिक १६ निधन : विसं २०७८ मङ्सिर १३

भक्तपुर नपा वडा नं. १ (साविक १७) का पूर्व वडाअध्यक्ष लक्ष्मीनारायण राजलवटकी ममतामयी माता **मिश्री राजलवट**को दुःखद निधनमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

भक्तपुर नगरपालिका परिवार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (२५)

परिच्छेद–१५

विविध

१०२. स्थानीय कानून बनाउने : (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(३) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) र (२) बमोजिम बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम बनाएको कानून गाउँपालिका तथा नगरपालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम कुनै कानून प्रकाशन नभएसम्म त्यस्तो कानून लागू हुने छैन ।

१०३. सिफारिस गर्न सक्ने : प्रचलित कानूनले कुनै विषयमा सिफारिस गर्नको लागि कुनै निकाय तोकेकोमा बाहेक अन्य जुनसुकै विषयमा सिफारिस गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

१०४. सम्पत्ति, दायित्व तथा बजेटको स्थानान्तरण : नेपाल सरकारका विषयगत मन्त्रालयले संविधान र यस ऐन बमोजिम गाउँपालिका तथा नगरपालिकालाई प्राप्त अधिकारलाई आधार मानी यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र आफू मातहतका निकायहरूको सङ्गठनात्मक संरचना पुनरावलोकन गरी गाउँपालिका वा नगरपालिकाको कार्य जिम्मेवारी अनुसार सम्बन्धित निकायको नाममा रहेको सम्पत्ति, दायित्व तथा बजेट सम्बन्धित गाउँपालिका वा नगरपालिकामा स्थानान्तरण हुने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१०५. प्रदेश समन्वय परिषद् : (१) प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न एक प्रदेश समन्वय परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका पदाधिकारीहरू रहनेछन्:-

(क) मुख्य मन्त्री – संयोजक

(ख) प्रदेश सरकारका मन्त्रीहरू – सदस्य

(ग) प्रदेशको प्रमुख सचिव – सदस्य

(घ) प्रदेश सरकारका सचिवहरू – सदस्य

(ङ) प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख – सदस्य

(च) प्रदेशभित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख – सदस्य

(छ) सचिव, प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालय – सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा मन्त्रालयका पदाधिकारी तथा विज्ञलाई पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(५) उपदफा (२) बमोजिमको परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०६. सहयोग गर्नु पर्ने : (१) नेपाल सरकार तथा प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) गाउँपालिका तथा नगरपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया प्रारम्भ हुने समय अगावै सङ्घीय सरकार र प्रदेश सरकारको बजेट सीमा र राष्ट्रिय तथा प्रदेशको प्राथमिकता, मापदण्डसहितको मार्गदर्शन उपलब्ध गराउने,

(ख) गाउँपालिका तथा नगरपालिकाको अधिकारक्षेत्रको विषयसँग सम्बन्धित समानान्तर कार्यालय खारेज गरी गाउँपालिका तथा नगरपालिकाको विषयगत इकाई वा शाखाको क्षमता विकास गर्ने,

(ग) विषयगत मन्त्रालयको अधिकारक्षेत्र भित्रका गाउँपालिका वा नगरपालिकामा कार्यान्वयन हुने योजना गाउँपालिका वा नगरपालिकाको समन्वयमा सञ्चालन गर्ने,

(घ) नेपाल सरकार वा प्रदेश सरकारको अधिकारक्षेत्रभित्रका कुनै योजना गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने देखिएमा गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाई सो योजनाको लागि छुट्याइएको बजेट र अन्य स्रोत समेत

त्यस्तो गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउने,

(ङ) नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकाको लागि आवश्यक नमूना कानूनको ढाँचा तयार गरी उपलब्ध गराउने,

(च) गाउँपालिका तथा नगरपालिकाको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने,

(छ) गाउँपालिका तथा नगरपालिकाको सशक्तीकरण गर्न अन्य आवश्यक काम गर्ने ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारले जिल्ला समन्वय समितिको अधिकारक्षेत्र सम्बन्धी विषयमा कार्य गर्न सो समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१०७. वडा अध्यक्षको उपनिर्वाचन सम्बन्धी व्यवस्था : वडा अध्यक्षको पदावधि एक वर्षभन्दा बढी बाँकी रहेको अवस्थामा कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा रिक्त पदको पूर्ति गरिनेछ ।

१०८. जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी व्यवस्था : जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद संविधानको धारा २२० को उपधारा (६) बमोजिम रिक्त भएमा सोही धाराको उपधारा (३) बमोजिम निर्वाचन गरी पूर्ति गर्नु पर्नेछ ।

(धारा २२०, (६) देहायको कुनै अवस्थामा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद रिक्त हुनेछः-

(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख वा सदस्यले प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा ।

(३) जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।)

१०९. शपथ : (१) अध्यक्ष तथा प्रमुखले आफ्नो कार्यभार सम्हाल्नु अगावै निर्वाचित भएको सात दिनभित्र अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला न्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

(२) उपाध्यक्ष, उपप्रमुख, वडा अध्यक्ष र सभाका सदस्यले अध्यक्ष वा प्रमुखले शपथ लिएको सात दिनभित्र सम्बन्धित अध्यक्ष वा प्रमुख समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

(३) जिल्ला समन्वय समितिका प्रमुखले आफ्नो कार्यभार सम्हाल्नु अगावै निर्वाचित भएको सात दिनभित्र सम्बन्धित जिल्ला न्यायाधीश समक्ष तथा जिल्ला समन्वय समितिको उपप्रमुख र सदस्यले जिल्ला समन्वय समितिको प्रमुखले शपथ लिएको सात दिनभित्र सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

११०. सम्पत्ति विवरण पेश गर्ने : (१) सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण प्रचलित कानूनले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको सम्पत्तिको विवरण सम्बन्धित स्थानीय तहले अभिलेख राखी तीस दिनभित्र प्रदेश सरकार समक्ष पठाउनु पर्नेछ ।

